# नेपाली साहित्यमा हाम्रो सिर्जना पत्रिकाको योगदान

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**

**कुलराज ढकाल**

शैक्षिक सत्र ०६३-०६५
त्रि.वि. दर्ता नं. ६-१-२०-१४४-९७
रोल नं. ५५/०६३

**नेपाली विभाग**

वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

सन् २०१३/वि.सं. २०६९

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र कुलराज ढकालले **नेपाली साहित्यमा हाम्रो सिर्जना पत्रिकाको योगदान** शीर्षकको शोधकार्य मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७०/०१/०४
१७ अप्रिल २०१३

प्रा.डा. नारायणप्रसाद खनाल
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत, स्नातकोत्तर तह (एम.ए.) नेपाली द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको यो शोधपत्र मैले श्रद्धेय एवं सम्मानित गुरु प्रा.डा. नारायणप्रसाद खनालज्यूको निर्देशनमा तयार पारेको हुँ । आफ्नो अमूल्य समय दिएर शोधनिर्देशन गरिदिनु भएकोमा सर्वप्रथम म उहाँप्रति श्रद्धाभावका साथ हार्दिक कृतज्ञता-ज्ञापन गर्दछु ।

प्रस्तुत **नेपाली साहित्यमा हाम्रो सिर्जना पत्रिकाको योगदान** विषयमा शोधकार्य गर्न स्वीकृति प्रदान गर्नु भएकोमा नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर चितवनका वर्तमान नेपाली विभागका प्रमुख प्रा.डा. नारायणप्रसाद खनालप्रति कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा आवश्यक सामग्रीहरू प्रदान गर्नुहुने **हाम्रो सिर्जना**का सम्पादक/प्रकाशक डी.आर. पोखरेलप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधकार्यमा प्राज्ञिक सुझावदिनु हुने आदरणीय गुरु प्रा.डा. गणेशप्रसाद खरालका साथै सहप्राध्यापक होमनाथ सापकोटा, भवनाथ सडौला, उपप्राध्यापक धनेश्वर भट्टराई लगायत नेपाली विभाग अन्तर्गतका सम्पूर्ण गुरुवर्गप्रति आभार प्रकट गर्दछु । वीरेन्द्र वहुमुखी क्याम्पसका कर्मचारी सहायक प्रशासक शिवप्रसाद पोखरेलप्रति पनि आभार प्रकट गर्दछु ।

जीवनमा सदा असल कर्म गर्न प्रेरणा दिँदै कठिन आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गरेर आफ्नो अमूल्य श्रम र पसिना खर्चिएर मेरो अध्ययनलाई यहाँसम्म पुऱ्याउन प्रेरणा दिनुहुने माताश्री गङ्गादेवी ढकालप्रति आजन्म ऋणी छु । मेरो शैक्षिक प्रगतिको लागि रचनात्मक सहयोग गरेर लेखनकार्यलाई हरपल साथदिने धर्मपत्नी गोमा पोखरेल (ढकाल) प्रति धेरै आभारी छु । शोधपत्र शुद्ध र सफा टङ्कण गरेर विशेष सहयोगं पुऱ्याउनुहुने मेरा अनन्य मित्र एवं कालिका कम्प्युटर सर्भिस नारायणगढका महेश पौडेलप्रति आभारी छु ।

अन्त्यमा **नेपाली साहित्यमा हाम्रो सिर्जना पत्रिकाको योगदान** शीर्षकको यो शोधपत्र आवश्यक मूल्याङ्कनको लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग भरतपुर समक्ष पेस गर्दछु ।

मिति : २०७०/०१/०२
१५ अप्रिल २०१३

..............................

**कुलराज ढकाल**
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अप्र. | अप्रकाशित |
| आई.ए. | इन्टरमिडियट अफ आर्ट्स |
| आई.एन.जि.ओ. | इन्टरनेशनल नन गभर्न्मेन्ट अर्गनाइजेसन |
| एन.जि.ओ. | ननगभर्न्मेन्ट अर्गनाइजेसन |
| एम.ए. | मास्टर अफ आर्टस् |
| एस.एल.सी. | स्कुल लिभिङ्ग सर्टिफिकेट |
| गा.वि.स. | गाउँ विकास समिति |
| चौ.सं. | चौँथो संस्करण |
| छै.सं. | छैठौं संस्करण |
| डी.आर. | डिल्लीराम |
| दो.सं. | दोस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नं. | नम्बर |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पाँ.सं. | पाँचौं संस्करण |
| पृ. | पृष्ठ |
| प्र.ले.स. | प्रगतिशील लेखक सङ्घ |
| बि.ए. | ब्याचलर अफ आर्टस् |
| बि.एस्सी. | ब्याचलर अफ साइन्स |
| बि.एस्सी (एजी.) | ब्याचलर अफ साइन्स (एग्रिकल्चर) |
| वि.सं. | विक्रम संवत् |

# विषयसूची

**परिच्छेद : एक**

**शोधपरिचय**


१.१ विषय परिचय १

१.२ समस्याकथन २

१.३ शोधकार्यका उद्देश्यहरू २

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता ५

१.६ शोधकार्यको सीमाङ्कन ५

१.७ सामग्री सङ्कलन विधि ६

१.८ सैद्धान्तिक ढाँचा र शोधविधि ६

१.९ शोधपत्रको रूपरेखा ६


**परिच्छेद : दुई**

**नेपाली साहित्यमा साहित्यिक पत्र-पत्रिकाको सङ्क्षिप्त इतिहास**


२.१ पृष्ठभूमि ८

२.२ नेपाली भूमिबाट प्रकाशित साहित्यिक पत्रिकाहरू ९

२.३ नेपाली साहित्यका सन्दर्भमा चितवनका साहित्यिक पत्र-पत्रिकाको स्थिति १६

२.४ चितवनका साहित्यिक पत्र-पत्रिकाको प्रकाशन र गतिविधि १७

२.५ निष्कर्ष २२


**परिच्छेद : तीन**

**हाम्रो सिर्जनामा प्रकाशित सामग्रीहरूको अनुक्रमणिका**


३.१ हाम्रो सिर्जनामा प्रकाशित सामग्रीहरूको अनुक्रमणिका २३

 ३.१.१ कविता २३

 ३.१.२ कथा/लघुकथा २७

 ३.१.३ लेख/निबन्ध/संस्मरण/विचार २८

३.१.४ समालोचना/समीक्षा/पुस्तक परिचय ३५

३.१.५ लोकसाहित्य ४२

३.१.६ अनुवादसाहित्य, विश्वसाहित्य, भाषा, संस्कृति र पत्रसाहित्य ४३

३.१.७ कलाचर्चा, व्यक्तिव्यक्तित्व, भेटवार्ता, अन्तर्वार्ता, पाठक प्रतिक्रिया ४४

३.१.८ सम्पादकीय ४६

३.१.९ सम्पादकहरूको विवरणात्मक सूची ४७

३.१.९.१ प्रधान सम्पादक ४७

३.१.९.२ सह-सम्पादक ४७

३.१.९.३ सम्पादक/प्रकाशक ४७

३.१.९.४ व्यवस्थापक ४८

३.१.९.५ सल्लाहकार ४८

३.१.१० हाम्रो सिर्जना अनुसन्धानमूलक साहित्यिक-सांस्कृति त्रैमासिक पत्रिकाको एघारौं अङ्कका सल्लाहकार, सम्पादक, व्यवस्थापक आदिको विवरण ४९

३.२ निष्कर्ष ५०

## परिच्छेद : चार

## हाम्रो सिर्जना पत्रिकामा प्रकाशित रचनाहरूको विश्लेषण

४.१ हाम्रो सिर्जना पत्रिकामा प्रकाशित कविताहरूको विश्लेषण ५२

४.१.१ विषय प्रवेश ५२

४.१.२ कविताको वस्तुविश्लेषण ५४

४.१.३ कविताको भाषाशैलिय विश्लेषण ६३

४.१.४ निष्कर्ष ६९

४.२ हाम्रो सिर्जना पत्रिकामा प्रकाशित कथा/लघुकथाहरूको विश्लेषण ७०

४.२.१ विषय प्रवेश ७०

४.२.२ कथा/लघुकथाहरूको विश्लेषण ७१

४.२.३ निष्कर्ष ७५

४.३ हाम्रो सिर्जना पत्रिकामा प्रकाशित लेख/निबन्धहरूको विश्लेषण ७६

४.३.१ विषयप्रवेश ७७

४.३.३ लेख/निबन्ध/संस्मरण/विचारहरूको विश्लेषण ७८

४.३.३ निबन्धको भाषशैलीय विश्लेषण ९५

४.३.४ निष्कर्ष ९५

४.४ हाम्रो सिर्जना पत्रिकामा प्रकाशित समालोचना विधाको विश्लेषण ९६

४.४.१ विषय प्रवेश ९७

४.४.२ समालोचनात्मक लेखहरूको विश्लेषण ९८

४.४.३ समालोचनात्मक लेखहरूको स्वरूपगत प्रकार १०९

४.४.४ निष्कर्ष ११५

४.५ हाम्रो सिर्जना पत्रिकामा प्रकाशित लोकसाहित्यको विश्लेषण ११६

४.५.१ विषयप्रवेश ११७

४.५.२ लोकसाहित्यिक लेखहरूको विषयवस्तुगत विश्लेषण ११७

४.६ हाम्रो सिर्जना पत्रिकामा प्रकाशित अन्तर्वार्ता, विश्वसाहित्य र अन्य सन्दर्भहरूको विश्लेषण ११८

४.६.१ विषयप्रवेश ११९

४.६.२ विविध सन्दर्भहरूको विश्लेषण १२०

४.६.२.१ अन्तर्वार्ता १२०

४.६.२.२ व्यक्ति-व्यक्तित्व १२१

४.६.२.३ अनुवादसाहित्य र विश्वसाहित्य १२२

४.६.२.४ संस्कृतिपरक लेख १२२

४.६.२.५ भाषिक लेख १२३

५.६.२.६ चित्रात्मकता १२४

४.६.३ विशेषाङ्कको महत्त्व १२४

४.६.४ सम्पादकीयमा अभिव्यक्त उद्देश्य १२५

४.६.५ निष्कर्ष १२६

**परिच्छेद : पाँच**

**उपसंहार** १२८

**सन्दर्भग्रन्थ सूची** १३३

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक
# शोधपरिचय

## १.१ विषय परिचय

कुनै पनि भाषासाहित्यलाई समृद्ध र धनी बनाउन पत्रपत्रिकाहरूको विशिष्ट भूमिका रहेको हुन्छ । भाषा र साहित्यलाई निरन्तर उर्ध्वगामी एवं समुन्नत अवस्थामा पुऱ्याउन गहन भूमिका खेल्ने भएकाले पत्रपत्रिकाको आफ्नै विशेष महत्त्व रहेको हुन्छ । यसै परिप्रेक्ष्यमा चितवनको विशिष्ट साहित्यिक लेखन र प्रकाशनलाई विभिन्न पत्रपत्रिकाहरूले विशेष योगदान दिएको देखिन्छ । नेपाली साहित्यको समुत्थान गर्ने ध्येयले प्रकाशित हुने चितवनका विभिन्न पत्रपत्रिकामध्ये **हाम्रो सिर्जना** पनि एक हो । यस पत्रिकाले नेपाली साहित्यको क्षेत्रमा लाग्नेहरूलाई आमपाठक सामु पहिचान गराउँदै विशेष योगदान दिँदै आएको छ । २०५२ सालदेखि **सिर्जना** नामले प्रकाशित हुँदै आएको यस पत्रिकामा आजसम्म पर्यटन, आदिवासी, आमनिर्वाचन, जडिबुटी, सिंचाइ लगायतका बाह्रवटा विशेषाङ्कहरू प्रकाशित भइसकेका छन् तर **हाम्रो सिर्जना** भने वि.सं. २०६२ सालदेखि विधिवत् रूपमा दर्ता भई वर्तमान स्वरूपमा आइपुगेको छ । पत्रकार एवं साहित्यकार डी.आर. पोखरेलद्वारा सम्पादित-प्रकाशित **हाम्रो सिर्जना**को सल्लाहकारमा धर्म डंगोल, लीलानाथ सुवेदी र हरिहर खनाल छन् । प्रधान सम्पादक गणेशप्रसाद खराल, सह-सम्पादक विष्णुप्रसाद घिमिरे रहेका छन् । अनुसन्धानमूलक साहित्यिक-सांस्कृतिक त्रैमासिक **हाम्रो सिर्जना** पत्रिकाले अनेक आरोह-अवरोह पार गर्दै ११ औं अङ्क आनन्ददेव भट्ट अभिनन्दन अङ्कको रूपमा प्रकाशन गरेको छ भने यसै अङ्कदेखि अतिथि सम्पादक नारायणप्रसाद खनाल रहेका छन् । **हाम्रो सिर्जना** २०६८ सम्म एघार अङ्क प्रकाशित भएको त्रैमासिक पत्रिका हो । वर्तमानमा यो एक उत्कृष्ट तथा विशिष्ट पत्रिकाको रूपमा देखा परेको छ । **हाम्रो सिर्जना** पत्रिकाले अनुसन्धानप्रधान लेख र साहित्यका विविध विधाहरूलाई समेटेको छ । साहित्यिक उन्नयनका दृष्टिले **हाम्रो सिर्जना**ले राष्ट्रिय पत्रिकाको रूपमा ख्याति प्राप्त गरेको छ । यस पत्रिकामा समीक्षा, समालोचना, राजनीति, कविता, संस्मरण, लेख, निबन्ध, व्यक्ति-व्यक्तित्व, कथा,

मोफसलका समाचार जस्ता साहित्यिक विधालाई समेटेको छ । यस पत्रिकाले अनुसन्धानप्रधान लेखका साथै नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदान निकै गहकिलो रहेकाले यो पत्रिका आफैँमा अध्ययन गर्न लायक छ । अनुसन्धेय रहेको यस पत्रिकाको अध्ययन-अनुसन्धान आजसम्म हुन नसकेकाले यसैलाई प्रस्तुत अध्ययनको विषय बनाइएको छ र **नेपाली साहित्यमा हाम्रो सिर्जना पत्रिकाको योगदान** शीर्षक चयन गरिएको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधकार्यमा नेपाली साहित्यमा पत्रपत्रिकाको स्थितिको साथै चितवनको साहित्यिक पत्रपत्रिकाको अवस्था एवम् नेपाली साहित्यमा **हाम्रो सिर्जना** पत्रिकाले पुऱ्याएको योगदानबारेमा विशेष चर्चा गर्नु यस शोधकार्यको मुख्य समस्या हो । यसै समस्यासँग गाँसिएर प्रस्तुत अध्ययनका निम्नलिखित कुरा पहिल्याउनु यसका अन्य समस्याहरू रहेका छन्-

क) नेपाली साहित्यमा पत्रपत्रिकाको स्थिति कस्तो छ ?

ख) चितवनको साहित्यिक पत्रपत्रिकाको अवस्था कस्तो छ ?

ग) **हाम्रो सिर्जना** पत्रिकामा कुन-कुन विधाका कस्ता-कस्ता रचनाहरू छन् ?

घ) नेपाली साहित्यमा **हाम्रो सिर्जना** पत्रिकाको योगदान कस्तो छ ?

यिनै समस्याहरूमा केन्द्रित रही शोधकार्य तयार गरिएको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरू

नेपाली साहित्यमा **हाम्रो सिर्जना** पत्रिकाले पुऱ्याएको योगदान पत्ता लगाउनु नै प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य हो । यस पत्रिकाले नेपाली साहित्यका विभिन्न विधाको विकासमा के-कस्तो योगदान पुऱ्याएको छ भन्ने कुरा निर्धारण गर्नु प्रस्तुत शोधकार्यको अर्को मुख्य उद्देश्य रहेको छ । यसै गरी नेपाली साहित्यमा पत्रपत्रिकाको स्थिति र चितवन जिल्लाबाट प्रकाशित पत्रपत्रिकाको स्थिति तथा चितवन जिल्लाबाट प्रकाशित पत्रपत्रिकाबारे सामान्य जानकारी गराउनु पनि यस शोधपत्रको उद्देश्य हो । प्रस्तुत शोधकार्यका मुख्य उद्देश्यहरू बुँदागत रूपमा यसप्रकार रहेका छन् -

क) नेपाली साहित्यको विकासमा पत्रपत्रिकाको स्थितिबारे प्रकाश पार्नु ।

ख) चितवनका साहित्यिक पत्रपत्रिकाको अवस्थाबारे जानकारी गराउनु ।

ग) **हाम्रो सिर्जना** पत्रिकामा प्रकाशित विभिन्न विधाका रचनाबारे विवरण दिनु र विधागत रूपमा रचनाहरूको विश्लेषण गर्नु ।

घ) नेपाली साहित्यमा **हाम्रो सिर्जना** पत्रिकाको योगदान पत्ता लगाउनु ।

यिनै उद्देश्यहरूमा केन्द्रित रही यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको विकासमा साहित्यिक पत्रपत्रिकाको योगदान महत्त्वपूर्ण छ । चितवनबाट प्रकाशित पत्रिकाको पनि त्यतिकै योगदान देखिन्छ तर ती पत्रिकाहरूको अद्यावधिक अध्ययन हुन सकेको छैन । त्यसमा पनि राष्ट्रिय साहित्यिक पत्रिकाको योगदानका बारेमा विशेष अध्ययन हुन सकेको छैन र विशिष्ट पहिचान बनाएको **हाम्रो सिर्जना** पत्रिकाको योगदानका बारेमा पनि कुनै अध्ययन-विश्लेषण भएको पाइएको छैन । यस पत्रिकाले के-कस्तो स्थान राख्दै आएको छ भन्ने बारेका केही पूर्वकार्यलाई कालक्रमिकरूपमा यसप्रकार प्रस्तुत गरिएको छ -

क) **हाम्रो सिर्जना**, अङ्क-१, वर्ष-१, २०६२ वैशाख अङ्कको सम्पादकीयमा साहित्य र संस्कृतिको वर्तमान सन्दर्भमा यो पत्रिका उभिएको छ र कहाँ उभिनु पर्ने हो भन्ने कुराको खोजी नै पत्रिकाको अभीष्ट प्राप्ति हो भनिएको छ ।[१]

ख) **हाम्रो सिर्जना** अनुसन्धानमूलक साहित्यिक-सांस्कृतिक त्रैमासिक पत्रिका, अङ्क-२, वर्ष-१, २०६२ को संस्कृतिमूलक लेखमा बिलाउँदै गएको श्रव्य साहित्य, असारेगीतका स्वरहरू मार्फत् लोक-संस्कृति सल्लाकाउने असारेगीतको प्रकारगत विभाजन गर्दै असारे गीतका स्वरहरूको शोध गरिएको छ ।[२]

ग) **हाम्रो सिर्जना** अङ्क २, वर्ष २, २०६३ अङ्कको समीक्षा-समालोचना *हाम्रो सिर्जनाका दुई पुष्प : एक अवलोकन* शीर्षकमा समालोचक नारायणप्रसाद

---

[१] *सम्पादकीय,* **हाम्रो सिर्जना**, अङ्क-१, वर्ष-१, २०६२ वैशाख ।

[२] *सम्पादकीय,* **हाम्रो सिर्जना**, वर्ष १, अङ्क २, २०६२, पृ. भूमिका ।

खनालद्वारा **हाम्रो सिर्जना** अङ्क १ र २ का विधागत संरचनाका प्रकार र तिनले साहित्यमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ ।[३]

घ) **हाम्रो सिर्जना** अङ्क ३, वर्ष २, २०६३ को भेट अन्तर्वार्तामा **हाम्रो सिर्जना** त्रैमासिकका लागि भाषाविद् बालकृष्ण पोखरेलसित हरिहर खनालको अन्तरङ्ग कुराकानीमा नेपाली साहित्यको श्रीवृद्धि गर्न सुधार गर्न नचाहनेसित पानी बाराबार गर्नुको साटो आफ्नो गिलासको पानी चाख्न बाध्य तुल्याउनु पर्छ भनिएको छ ।[४]

ङ) रामबाबु घिमिरेसितको भेटवार्ता **हाम्रो सिर्जना** अङ्क ४, वर्ष २, २०६३ मा साहित्यिक पत्रिका अनि नियमितता धेरै कठिन कार्य हो र यो सदा बाँचिरहन टिमवर्क (Team work) मा आश्रित रहन्छ भनिएको छ ।[५]

च) नेपाली साहित्यको क्षेत्रमा कमी देखिएको समालोचना साहित्यलाई विकास गर्दै लाने उद्देश्य लिइएको अनुमान यस पत्रिकाको सम्पादकीय अध्ययन गर्दा थाहा हुन्छ भन्ने कुरा चन्द्रबहादुर उलकले उल्लेख गरेका छन् ।[६]

छ) चितवनको साहित्यिक पत्रकारिताको सङ्क्षिप्त रूपरेखा **हाम्रो सिर्जना** अङ्क ८ र ९, असोज २०६६ को सम्पादकीयमा नेपालमा पत्रकारिताको आरम्भ साहित्यिक पत्रकारिताबाट नै भएको र साहित्यको यस भूमिलाई अगाडि बढाउने पूर्वाधारका रूपमा पत्रपत्रिकाहरू नै रहेका छन् भनिएको छ ।[७]

ज) **हाम्रो सिर्जना** त्रैमासिक चितवनले आफ्नो वर्ष ६, २०६६ को एघारौं अङ्कलाई आनन्ददेव भट्ट अभिनन्दन अङ्कका रूपमा प्रकाशित गरेर उनको ठूलो कदर गर्न सकेको र तत्कालीन नेपाली समाजमा व्याप्त निर्दलीयताको विरुद्धमा दोस्रो जनआन्दोलनताका लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चमा पङ्क्तिबद्ध भएर उनीसँगै हिँडेको वैरागी काइँलाले व्यक्त गरेका छन् ।[८]

---

[३] नारायणप्रसाद खनाल, *हाम्रो सिर्जनाका दुई पुष्प : एक अवलोकन,* **हाम्रो सिर्जना**, वर्ष-१, अङ्क २, २०६३, पृ. १५ ।

[४] *सम्पादकीय,* **हाम्रो सिर्जना**, वर्ष २, अङ्क ३, २०६३, पृ. भूमिका ।

[५] *सम्पादकीय,,* **हाम्रो सिर्जना**, वर्ष-२, अङ्क ४, २०६३, पृ. भूमिका ।

[६] चन्द्रबहादुर उलक, *हाम्रो सिर्जना ५-६ अध्ययन गर्दा,* **श्रमिक**, २८ जेठ २०६५, पृ. २ ।

[७] *सम्पादकीय,* **हाम्रो सिर्जना**, अङ्क-८ र ९, वर्ष-१, २०६६ वैशाख ।

[८] वैरागी काइँला, *शुभकामना,* **हाम्रो सिर्जना**, वर्ष-६, पूर्णाङ्क ११, फागुन २०६६, पृ. भूमिका ।

झ) चितवनबाट दैनिक रूपमा प्रकाशन हुने **चितवन पोष्ट**मा रविकिरण निर्जीवले वीरेन्द्र कलेजका पूर्व प्रिन्सिपल, स्रष्टा, चिन्तक र राजनीतिक व्यक्तित्व, निर्भीक, स्वाभिमानी, व्यवहारवादी, विद्वान्, प्रस्टवादी भट्टलाई पत्नी सुशीला भट्टसहित भव्यरूपमा अभिनन्दन र सम्मानका साथ हाम्रो सिर्जना परिवारले आनन्ददेव भट्ट विशेषाङ्क प्रकाशन गरेको उल्लेख गरेका छन् ।[९]

यसरी **हाम्रो सिर्जना** पत्रिकाले नेपाली साहित्यमा पुऱ्याएको योगदानको सामान्य चर्चा-परिचर्चा गरिनु बाहेक विस्तृत अध्ययन-अनुसन्धान तथा शोध हुन सकेको छैन ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

साहित्यिक पत्रिका नै पाठकसमक्ष विधागत साहित्यिक रचना पुऱ्याउने सञ्चार माध्यम हुन्, शैक्षिक क्रियाकलापमा सघाउ पुऱ्याउने पाठ्यसामग्री पनि सञ्चार गर्ने पत्रपत्रिका नै हुन् । उत्कृष्ट रचना दिएर राष्ट्रिय साहित्य निर्माणमा सहयोग पुऱ्याउने पनि पत्रपत्रिका नै हुन् । त्यसैले **हाम्रो सिर्जना** नामक पत्रिका पनि अङ्क १ देखि ११ सम्म प्रकाशित भइसकेकोले उल्लेखित हरेक क्षेत्रमा सहयोग पुऱ्याउन सक्षम छ, त्यसैले **हाम्रो सिर्जना** पत्रिकाको महत्त्व स्पष्ट छ । चितवनबाट नेपाली साहित्यको विकासमा अग्रणी स्थान हासिल गर्न सफल यस साहित्यिक पत्रिकाको बारेमा शोध गर्नु औचित्यपूर्ण देखिन्छ । यस शोधकार्यबाट अन्य शोधकर्ता तथा **हाम्रो सिर्जना**का विविध पक्षमा जानकारी राख्न चाहने जोसुकैका लागि पनि मार्ग प्रशस्त हुने हुँदा प्रस्तुत शोधकार्य गर्नु औचित्यपूर्ण र उपयोगी रहने छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तावित अनुसन्धान नेपाली साहित्यमा **हाम्रो सिर्जना** पत्रिकाको मूल समस्याको समाधानमा केन्द्रित रहेको छ । यस क्रममा नेपाली साहित्यमा पत्रपत्रिका र चितवनको सन्दर्भ प्रस्तुत गरी अङ्क एकदेखि एघारसम्म प्रकाशित रचनाहरूको विधागत वर्गीकरण गर्दै

[९] रविकिरण निर्जीव, *आनन्द-सुशीला उत्सव,* **चितवन पोष्ट,** वर्ष-१५, अङ्क-२०१, २०६८ चैत्र ४, पृ. २ ।

तिनको अध्ययन गरी निष्कर्ष प्रस्तुत गरिएको छ । यो शोधकार्य **हाम्रो सिर्जना** पत्रिकाकै अध्ययनमा आधारित भएकोले अन्य विषयवस्तुको अध्ययन गरिएको छैन ।

## १.७ सामग्री सङ्कलन विधि

यस शोधकार्यको सामग्री सङ्कलनमा पुस्तकालयीय विधिको अधिक उपयोग गरिएको छ र शोधसँग सम्बन्धित विषयका पुस्तक तथा पत्रपत्रिकाबाट आवश्यक सामग्री एवं तथ्य सङ्कलन गरिएको छ । यसका साथै **हाम्रो सिर्जना** पत्रिकाको अध्ययन गर्ने क्रममा पत्रिकासँग सम्बन्धित प्रकाशक-सम्पादक एवम् पाठकहरूसँग सोधपुछ गरी सामग्री सङ्कलन गरिएको छ ।

## १.८ सैद्धान्तिक ढाँचा र शोधविधि

प्रस्तुत अध्ययन कार्यका लागि विभिन्न स्रोतबाट सङ्कलित समग्रीको वर्गीकरण र विश्लेषण गर्ने क्रममा प्रायः विवरणात्मक, व्याख्यात्मक र वर्णनात्मक पद्धति अपनाइएको छ भने कतै विश्लेषणात्मक पद्धति पनि प्रयोग गरिएको छ । तथ्यको विश्लेषण गर्दा आगमनात्मक विधि अपनाइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सुगठित रूप दिनका लागि निम्नलिखित विभिन्न परिच्छेदमा विभाजन गरिएको छ :

**परिच्छेद एक : शोधपरिचय**

यस परिच्छेदमा शोधशीर्षक, प्रयोजन, विषय परिचय, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, सीमाङ्कन, शोधविधि, शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**परिच्छेद दुई : नेपाली साहित्यमा साहित्यिक पत्रपत्रिकाको सङ्क्षिप्त इतिहास**

यस परिच्छेदमा पृष्ठभूमि, नेपाली भूमिबाट प्रकाशित साहित्यिक पत्रिकाहरू, नेपाली साहित्यका सन्दर्भमा चितवनका साहित्यिक पत्र-पत्रिकाको स्थिति, चितवनका साहित्यिक पत्र-पत्रिकाको प्रकाशन र गतिविधि र अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद तीन : हाम्रो सिर्जना पत्रिकामा प्रकाशित विधागत रचनाको विवरण**

यस परिच्छेदमा **हाम्रो सिर्जना** पत्रिकाको अङ्क १ देखि एघारसम्म प्रकाशित सामग्रीहरूको अनुक्रमणिका अन्तर्गत कविता, कथा/लघुकथा, लेख/निबन्ध/संस्मरण/विचार, समालोचना/समीक्षा/पुस्तक परिचय, लोकसाहित्य, अनुवाद-साहित्य, विश्वसाहित्य, भाषा, संस्कृति र पत्रसाहित्य, कलाचर्चा, व्यक्तिव्यक्तित्व, भेटवार्ता, अन्तर्वार्ता, पाठक प्रतिक्रिया, सम्पादकीय, सम्पादकहरूको विवरणात्मक सूचीका साथै अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद चार : हाम्रो सिर्जना पत्रिकामा प्रकाशित रचनाहरूको विश्लेषण**

**हाम्रो सिर्जना** पत्रिकाले नेपाली साहित्यमा पुऱ्याएको योगदानको चर्चा गर्दै प्रकाशित रचनाहरूको विवरण दिँदै विधापरक अध्ययन-विश्लेषण गरिएको छ । साथै हाम्रो सिर्जना पत्रिकामा प्रकाशित कविताहरू, कथा/लघुकथाहरू, लेख/निबन्धहरू, समालोचना विधा, लोकसाहित्य, अन्तर्वार्ता, विश्वसाहित्य र अन्य सन्दर्भहरूको विश्लेषणका साथै अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद पाँच : उपसंहार**

यस परिच्छेदमा शोधपत्रको उपसंहार प्रस्तुत गरिएको छ ।

यसरी शोधकार्यको अग्रभाग तथा सन्दर्भसामग्रीसूची र परिशिष्टसहित अन्तिम भाग समावेश गरेर साङ्गोपाङ्ग शोध प्रतिवेदन प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# नेपाली साहित्यमा साहित्यिक पत्र-पत्रिकाको सङ्क्षिप्त इतिहास

# परिच्छेद : दुई

# नेपाली साहित्यमा साहित्यिक पत्र-पत्रिकाको सङ्क्षिप्त इतिहास

## २.१ पृष्ठभूमि

कुनै पनि राष्ट्रको भाषा-साहित्यको उन्नति र विकासका लागि पत्र-पत्रिकाको प्रकाशनले उल्लेखनीय भूमिका खेलेको हुन्छ । भाषा-साहित्यको विकास र राष्ट्र विकासको बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । विभिन्न पत्र-पत्रिकाको प्रकाशनसँग नेपाली साहित्यमा नयाँ-नयाँ मोडहरू र प्रवृत्तिहरू देखिँदै आएका छन् भने विभिन्न साहित्यिक रचनाहरूका आधारमा नै पत्र-पत्रिकाहरूले आफ्नो साहित्यिक मूल्य स्थापित गरेका छन् ।

नेपाली पत्र-पत्रिकाको प्रारम्भिक बिन्दु खोज्दै जाने हो भने साहित्यिक गतिविधिको पृष्ठभूमिबाट नै पत्र-पत्रिकाको जन्म भएको हो । नेपाली भाषा-साहित्यका विकासका निम्ति अत्यन्त महत्त्वपूर्ण स्थानका रूपमा रहँदै अएको बनारसमा नेपाली युवा साहित्यकारहरूले सञ्चालन गरेको साहित्यिक गतिविधिहरूबाट नै पत्र-पत्रिकाको पृष्ठभूमि तयार भएको हो । 'बनारसमा सञचालित साहित्यिक गतिविधिहरूलाई प्रकाशनको मौका प्रदान गर्ने उद्देश्यले मोतिराम भट्टको सम्पादनमा वि.सं. १९४३ सालमा बनारसमा नेपाली भाषामा **गोर्खा भारत जीवन** पत्रिकाको प्रकाशन आरम्भ भएको हो'[१] भनिएको छ । यसलाई नै हालसम्मको अध्ययनका आधारमा नेपाली भाषाको सबैभन्दा पुरानो पत्रिका मानिएको छ । यसरी प्रवासी भूमिबाट आरम्भ भएको नेपाली पत्रिका प्रकाशनको परम्परा प्रवासका विभिन्न भू-भागहरूमा विस्तारित हुँदै नेपालभित्र पनि आरम्भ भयो र विभिन्न अप्ठ्यारा अवस्थाहरू पार गर्दै धर्मराउँदै भए पनि चलिरहेको देखिन्छ । त्यसपछि विभिन्न समयमा परिष्कृत र परिमार्जित हुँदै र समयसमयमा नवीन मोड लिँदै अहिलेसम्म पनि विभिन्न पत्र-पत्रिकाहरूको प्रकाशनको शृङ्खला जारी छ । यहाँ स्वदेशी भूमिबाट प्रकाशित नेपाली पत्र-पत्रिकाहरूको नाम कालक्रमका अधारमा प्रस्तुत गरिएको छ ।

---

[१] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** ललितपुर : साझा प्रकाशन, २०६३, पृ. ११९ ।

## २.२ नेपाली भूमिबाट प्रकाशित साहित्यिक पत्रिकाहरू

नेपालबाट प्रकाशित साहित्यिक पत्रिकाहरूको सूचिलाई यसप्रकार देखाइएको छ :-

| **पत्रिकाको नाम** | **थालनीवर्ष (वि.सं.)** | **सम्पादक** |
|---|---|---|
| सुधा सागर | १९५६ | नरदेव मोतिकृष्ण |
| गोरखापत्र | १९५८ | नरदेव मोतिकृष्ण |
| शारदा | १९९१ | ऋद्धिबहादुर मल्ल |
| उद्योग | १९९२ | सूर्यभक्त जोशी |
| साहित्य स्रोत | २००४ | हृदयचन्द्र सिंह प्रधान |
| आँखा | २००५ | देवीप्रसाद रिमाल |
| नेपाली शिक्षा | २००५ | बुद्धिसागर शर्मा र शेषराज शर्मा |
| आवाज | २००७ | सिद्धिचरण क्षेष्ठ |
| जागरण साप्ताहिक | २००७ | हृदयचन्द्रसिंह प्रधान |
| झन्कार | २००८ | तारिणीप्रसाद कोइराला |
| महिला मासिक | २००८ | कुमारी कामक्षा र अन्य |
| सेवा | २००८ | श्यामप्रसाद शर्मा |
| आह्वान | २००९ | केशवलाल कर्माचार्य र शरदचन्द्र |
| जागृति | २००९ | शारदाप्रसाद उपाध्याय |
| झिल्को | २००९ | नारायणप्रसाद बासकोटा |
| नेपाली संस्कृति | २००९ | ईश्वर बराल |
| प्रतिभा | २००९ | कुन्तीदेवी शर्मा |
| विद्यार्थी | २००९ | भारतप्रसाद धिताल र अन्य |
| कोपिला | २०१० | शेखरबाबु मानन्धर र अन्य |
| जनचेतना | २०१० | हृदयचन्द्रसिंह प्रधान |
| डाँफेचरी | २०१० | धर्मराज थापा |
| परोपकार | २०१० | दिल्लीबहादुर नेपाली |
| प्रगति | २०१० | नारायणप्रसाद बासकोटा |
| संस्कृत सन्देश | २०१० | योगी नरहरिनाथ |
| जनसाहित्य | २०११ | यादवप्रसाद पन्त |

| | | |
|---|---|---|
| समाज दैनिक | २०११ | पशुपतिदेव पाण्डे |
| कर्मवीर (साप्ताहिक) | २०१२ | रामचन्द्रबहादुर सिंह |
| देशसेवा | २०१२ | अनङ्गकेशरी उपाध्याय |
| मानव जागृति | २०१२ | हरिभक्ति प्रधान |
| नवनिर्माण | २०१२ | वासुदेव शशी |
| नेपाल सन्देश | २०१२ | बुद्धिराज शर्मा काफ्ले |
| विकास | २०१२ | केशवराज पिंडाली |
| सन्देश | २०१२ | गणेशलाल मानन्धर |
| इन्द्रेनी | २०१३ | ईश्वर बराल |
| इन्साफ | २०१३ | केदारनाथ शर्मा |
| दियालो | २०१३ | तारिणीप्रसाद कोइराला |
| धरती | २०१३ | भवानी भिक्षु र ईश्वर बराल |
| प्रेरणा | २०१३ | विजयराज शर्मा |
| भ्याली | २०१३ | प्रमोद शमशेर |
| समय | २०१३ | मणिकलाल श्रेष्ठ |
| संयुक्त प्रयास | २०१३ | कलानाथ अधिकारी |
| सही सन्देश | २०१३ | जनकमान श्रेष्ठ |
| कल्पना | २०१४ | तारिणीप्रसाद अधिकारी |
| गोरेटो | २०१४ | डिल्लीबहादुर श्रेष्ठ |
| जनमत | २०१४ | योगेन्द्रराज श्रेष्ठ 'शङ्कर' |
| जनता | २०१४ | गणेशलाल मानन्धर |
| नयाँ समाज | २०१४ | पशुपतिदेव पाण्डे |
| नवयुग | २०१४ | देवीप्रसाद अधिकारी |
| प्रौढशिक्षा | २०१४ | ईश्वरीप्रसाद श्रेष्ठ |
| फिलिङ्गो | २०१४ | कमलप्रसाद घिमिरे |
| बाछिटा | २०१४ | ध्रुवचन्द्र गौतम |
| भूगोलपार्क | २०१४ | मङ्गलमान नेपाली |
| राष्ट्रिय प्रज्ञा सन्देश | २०१४ | मणिकलाल श्रेष्ठ |

| | | |
|---|---|---|
| रेडियो दर्पण | २०१४ | रेडियो नेपाल |
| शान्ति | २०१४ | केशवलाल कर्माचार्य |
| केटाकेटी | २०१५ | नरेन्द्रप्रसाद रेग्मी |
| ज्ञान विकास | २०१५ | सूर्यप्रसाद श्रेष्ठ |
| जनकल्याण | २०१५ | काजीमान कन्दङवा |
| दीपशिक्षा | २०१५ | जुलुम श्रेष्ठ |
| नयाँमोड | २०१५ | राधेश्याम भट्ट |
| लोकमञ्च | २०१५ | विजयनाथ शास्त्री |
| लोकदूत | २०१५ | गोविन्द वियोगी |
| लोकतन्त्र | २०१५ | भेषराज शर्मा |
| विकास | २०१५ | सत्यमोहन जोशी |
| स्वास्नीमान्छे | २०१५ | शशिकला शर्मा |
| चिराग | २०१६ | वासु पासा |
| नेपाली | २०१६ | कमलमणी दीक्षित |
| साहित्य | २०१६ | श्यामप्रसाद शर्मा |
| सिर्जना | २०१६ | शिवगोपाल रिसाल |
| इन्दु | २०१७ | के.पी. शैल |
| कविता | २०१७ | सिद्धिचरण श्रेष्ठ |
| दर्पण | २०१७ | गोपाल रिमाल |
| पालुवा | २०१७ | कृष्णप्रसाद पराजुली र अन्य |
| रूपरेखा | २०१७ | वासुदेव रिसाल |
| सोझोबाटो | २०१७ | लक्ष्मण शास्त्री |
| आँचल | २०१८ | किरण खरेल |
| आनन्द | २०१८ | भिखारी शर्मा |
| निर्देशन | २०१८ | राजेन्द्र शर्मा |
| रचना | २०१८ | रोचक घिमिरे र नरेश बासकोटा |
| खुड्किलो | २०१९ | शिवप्रसाद पराजुली |
| च्यौराली | २०१९ | त्रि.वि.मा. अध्ययनरत विद्यार्थीहरू |

| | | |
|---|---|---|
| बालपत्रिका | २०१९ | रामचन्द्र न्यौपाने |
| मुकुट | २०१९ | पुरुषोत्तम बस्नेत |
| राप्ती सन्देश | २०१९ | रामलोचन सिंह |
| सिंहनाद | २०१९ | ठाकुरप्रसाद पराजुली |
| हिमानी | २०१९ | केदारमान व्यथित |
| अरुणोदय | २०२० | चेतोनाथ शर्मा आचार्य |
| आत्म विकास | २०२० | छविलाल शर्मा |
| आरोग्य | २०२० | लेखनाथ अधिकारी |
| नयाँ संसार | २०२० | नरेन्द्रविक्रम पाण्डे |
| बिहान | २०२० | कमलप्रसाद घिमिरे |
| भानु | २०२० | भवानीप्रसाद घिमिरे |
| युवक | २०२० | शैलेन्द्रकुमार शर्मा |
| रत्नश्री | २०२० | मदनदेव भट्टराई |
| राजमार्ग | २०२० | सत्यमोहन जोशी |
| दैलो | २०२१ | प्रेमनारायण प्रेमी |
| आरती | २०२१ | हरिशङ्कर अमात्य |
| तुवाँलो | २०२१ | प्रेम कोइराला |
| फूलपाती | २०२१ | बालकृष्ण पोखरेल |
| अर्पण | २०२२ | मञ्जुरत्न शाक्य |
| कल्पना | २०२२ | इन्दुप्रसाद श्रेष्ठ र अन्य |
| नवकुञ्ज | २०२२ | शान्तलाल मुल्मी |
| बालक | २०२२ | प्रेमकुमार कसजू |
| सगुन | २०२२ | माधव भण्डारी |
| पीपल | २०२३ | संस्कृत छात्र पुस्तकालय |
| युगभाषा | २०२३ | केदार शर्मा ढकाल |
| नेरावि | २०२४ | कृष्णप्रसाद पराजुली |
| पञ्चामृत | २०२५ | वासुदेव शर्मा |
| मधुपर्क | २०२५ | गोरखापत्र संस्थान |

| | | |
|---|---|---|
| अभिव्यक्ति | २०२७ | नगेन्द्रराज शर्मा |
| कलियुग | २०२७ | रामकुमार पाण्डे |
| जस्केलो | २०२७ | बाबुराम सापकोटा |
| जयन्ती | २०२७ | तुलसीनाथ ढुङ्गेल |
| नौलो नेपाली | २०२७ | खेम कोइराला 'बन्धु' |
| प्रज्ञा | २०२७ | सामूहिक सम्पादक |
| सञ्चय | २०२७ | वासु शशी |
| सामग्री | २०२७ | कृष्णप्रसाद पौडेल र अन्य |
| सुस्केरा | २०२७ | रामचन्द्र भट्टराई |
| आँखा | २०२८ | लक्ष्मण खरेल |
| भानु | २०२८ | भवानी घिमिरे |
| रहस्य | २०२८ | मुरलीप्रसाद खरेल |
| किरण | २०२९ | रमेशकुमार प्रधान |
| मिर्मिरे | २०२९ | नेपाल राष्ट्र बैंक |
| विदेह | २०२९ | वासु रिमाल यात्री |
| सङ्कल्प | २०२९ | कुन्ता शर्मा |
| सपना | २०२९ | विजय कार्की |
| शुभकामना | २०२९ | रत्नबहादुर पवन |
| दमन | २०३० | ध्रुवकुमार सुमन |
| पारिजात | २०३० | तीर्थ खरेल |
| सृजना | २०३१ | - |
| अनुभूति | २०३४ | - |
| दीपिका | २०३४ | हरिशङ्कर अमात्य |
| झिसमिसे | २०३५ | रघु पन्त |
| दीपज्योति | २०३५ | ज्ञानेन्द्रराज पोखेल |
| नौलो साहित्य | २०३५ | जागृतप्रसाद भेटवाल |
| उपहार | २०३६ | कवीन्द्रबहादुर अमात्य |
| उषा | २०३६ | सामूहिक |

| | | |
|---|---|---|
| कविता | २०३६ | सामूहिक |
| जुरेली | २०३६ | अनिता तुलाधर |
| तन्नेरी | २०३६ | विदुर गौतम |
| लाँकुरी | २०३६ | जितेन्द्रराज पोखरेल |
| अङ्कुर | २०३७ | लेखनाथ ज्ञवाली |
| उपकार | २०३७ | शिवगोपाल रिसाल |
| कल्याण | २०३७ | ऋषिहर्ष बज्राचार्य |
| कोङ्पी | २०३७ | घल राई |
| रैबारे | २०३७ | गिरिराज जोशी |
| वाङ्मय | २०३७ | त्रि.वि., नेपाली केन्द्रीय विभाग |
| समष्टि | २०३७ | कृषि विकास बैङ्क |
| अक्षलोक | २०३८ | सिद्धीश्वरमान श्रेष्ठ |
| जुही | २०३८ | प्रदीपमणि रेग्मी |
| गरिमा | २०३९ | साझा प्रकाशन |
| साँग्रिला | २०३९ | विजय चालिसे |
| रश्मि | २०४० | घनश्याम कँडेल |
| अस्मिता | २०४५ | कृष्णचन्द्र, सुसन मास्के र अञ्जु क्षेत्री |
| समकालीन सहित्य | २०४७ | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| जनसाहित्य | २०४८ | हरिहर खनाल |
| शिक्षा गौरव | २०४८ | - |
| गोधूलि | २०४९ | कृष्णप्रसाद पराजुली |
| ब्रह्मपुत्र | २०५० | रञ्जन अधिकारी |
| यथार्थ कुरा | २०५१ | चूडामणि रेग्मी |
| सुनगाभा | २०५१ | गोविन्दराज विनोदी |
| उद्बोधन | २०५२ | दामोदर ज्ञवाली |
| प्रलेस | २०५२ | - |
| नवमाध्यम | २०५२ | - |
| पृथ्वी वाङ्मय | २०५२ | - |

| | | |
|---|---|---|
| सगर | २०५२ | वीरगन्ज |
| कोशेढुङ्गा | २०५३ | - |
| नेपाली वाङ्मय | २०५३ | - |
| रजस्थल | २०५३ | विश्वप्रेम अधिकारी |
| हाम्रो प्राङ्गण | २०५४ | - |
| अवलोकन | २०५५ | - |
| प्रतिबोध | २०५५ | - |
| साहित्यिक अभियान | २०५५ | - |
| मानश्री | २०५६ | - |
| वाणी | २०५७ | - |
| शब्दाङ्कुर | २०५७ | - |
| नोवल | २०५८ | - |
| प्रज्ञापराग | २०५८ | - |
| मातृभूमि | २०५९ | - |
| अक्षर | २०६० | |
| कालचक्र | २०६० | |
| अन्तर्बोध | २०६१ | |
| रङ्गसाहित्य | २०६१ | |
| सेतो कागज | २०६२ | |
| अस्मिता | २०६३ | |
| नवमाधुरी | २०६३ | सरस्वती शर्मा 'जिज्ञासु' |
| धवलप्रभात | २०६३ | - |
| शारदा (पुनः प्रकाशन) | २०६३ | - |
| लेखक | २०६४ | नेपाली लेखक सङ्घ |

हाल प्रकाशित भइरहेका साप्ताहिक तथा दैनिक पत्रिकाहरू **हिमालय टाइम्स, स्पेसटाइम दैनिक, हाम्रो समाचारपत्र, राजधानी, अन्नपूर्ण पोष्ट, कान्तिपुर, देशान्तर, दृष्टि, प्रकाश** आदि थुप्रै समाचारमूलक पत्रिका भए पनि यिनमा साहित्यिक लेख रचनाहरू पनि प्रकाशित भएका देखिन्छन् । यसरी सुरुदेखि हालसम्म प्रकाशित भएका पत्र-पत्रिकाहरूले नेपाली साहित्यको विकासमा उल्खनीय योगदान गरेका छन् ।

## २.३ चितवनका साहित्यिक सङ्घ संस्थाहरुको स्थिति

चितवनको साहित्यिक फाँटमा पनि सामूहिक प्रयासबाट संस्थागत रूपमा नेपाली साहित्यको विकासको लागि अनेक प्रयासहरू भएका छन् । चितवनमा सिर्जनात्मक गतिविधिको प्रादुर्भाव सँगसँगै साहित्यिक सङ्घसंस्थाको स्थापना भएको देखिन्छ । यद्यपि औपचारिक रूपमा २०२२/२०२३ सालदेखि मात्र साहित्यिक गतिविधिमा क्रियाशीलता देखिन थालेको भए विभिन्न समयदेखि संस्थागत रूपमा साहित्यिक भेटघाटका कार्यक्रमहरू भएको बुझिन्छ र ती विभिन्न संस्थाहरूबाट साहित्यिक पत्रिका प्रकाशित भएको पाइन्छ । यसरी साहित्यिक पत्रिका प्रकाशन गर्ने चितवनमा हालसम्म जन्मेका साहित्यिक सङ्घसंस्थाको नाम लिनुपर्दा प्रमुख रूपमा हाल क्रियाशील निम्नलिखित संस्थाहरूलाई लिन सकिन्छ :-

| क.सं | सङ्घसंस्थाहरू | स्थापना वर्ष (वि.सं.) |
|---|---|---|
| १ | प्रगतिशील लेखक सङ्घ, चितवन | २००८ |
| २ | नारायणी पुस्तकालय | २०१६ |
| ३ | नारायणी कलामन्दिर | २०१८ |
| ४ | चितवन साहित्य समिति | २०३९ |
| ५ | साहित्य सङ्गम, चितवन | २०४४ |
| ६ | चितवन साहित्य परिषद | २०४५ |
| ७ | अन्नपूर्णा परिवार | २०४६ |
| ८ | समर्पण नाट्य समूह | २०४६ |
| ९ | शहीद नारायण दहाल साहित्य परिषद् | २०४७ |
| १० | सगरमाथा साहित्य समाज | २०४८ |
| ११ | गुराँस नाट्य समूह | २०५० |
| १२ | माडी साहित्य समिति | २०५० |
| १३ | साहित्य सुधा कुञ्ज | २०५० |
| १४ | चितवन वाङ्मय प्रतिष्ठान | २०५१ |
| १५ | पल्लव साहित्य प्रतिष्ठान | २०५२ |
| १६ | वाल्मीकि साहित्य सदन | २०५७ |
| १७ | हाम्रो मझेरी साहित्य प्रतिष्ठान | २०५७ |
| १८ | मध्यक्षितिज वाङ्मय प्रतिष्ठान | २०६३ |

यी विभिन्न साहित्यिक संस्थाहरुमध्ये थोरै मात्र हाल सक्रिय रहेका छन् भने केही संस्थाहरु विलीन भइसकेका छन् ।

## २.४ चितवनका साहित्यिक पत्र-पत्रिकाको प्रकाशन र गतिविधि

नेपालभूमिबाट नेपाली भाषामा पत्रपत्रिका तथा पुस्तकहरू प्रकाशन हुन थाले तापनि चितवनबाट बिसौं शताब्दिसम्ममा पत्रिका लेखनको कुनै प्रयास भएन । चितवन तराई प्रदेशअन्तर्गत पर्ने भएकोले बिसौं शताब्दिभर औलोको कारण चितवनमा स्थानीय थारू, बोटे तथा अशिक्षित समुदायको अत्यन्त पातलो वस्ती मात्र थियो । चितवनको साहित्यिक सुरुवात वि.सं. २०११ पूर्व भएको पाइँदैन । समथर हरियाली वनजङ्गलले ढाकेको चितवन उपत्यकामा वि.सं. २०११ मा रापतीदुन विकास योजना थालनी भयो । विकासको लहर स्वरूप रापती दुन विकास योजना लागू भए पश्चात् र विस्तारै नेपालबाट औंलो उन्मूलन हुन थालेपछि चितवनमा विभिन्न स्थानबाट शिक्षित मानिसहरू समेत यहाँ बसाइँसराइँ गरी आउन थाले भने शिक्षाको थालनी पनि यहाँ हुन थाल्यो । सूचना र सञ्चारको विकास हुने क्रममा चितवन जिल्लाबाट पनि विभिन्न जानकारीमूलक तथा सूचनामूलक पत्रपत्रिकाहरू प्रकाशन हुन थालेको पाइन्छ । नेपाली भाषाले बोलचाल, सरकारी कामकाज र लेख्यरूपमा विस्तारै विकसित हुने मौका पायो । चितवन भूमिबाट पनि सूचनामूलक, साहित्यिक सांस्कृतिक पत्रपत्रिकाहरू प्रकाशित हुन थाले ।

वि.सं. २०११ मा राप्तीदून विकास योजनाको थालनी भए पश्चात् मात्र चितवन जिल्लाले हरेक क्षेत्रमा आफ्ना पाइला चालेको देखिन्छ । यसभन्दा पूर्व चितवनको पहाडी क्षेत्रमा चेपाङ जाति र तराई क्षेत्रमा थारू जातिको बसोबास रहँदै आएको देखिन्छ । यसपछि वि.सं. २०२० सालपछि आएर मात्र चितवन जिल्लामा विभिन्न गतिविधिहरू सञ्चालन हुन थाले । साहित्यिक गतिविधिका रूपमा हेर्ने हो भने २०२२ सालमा चितवनमा भएको राष्ट्रव्यापी साहित्य सम्मेलन र २०२४ सालको राष्ट्रिय प्रजातन्त्र दिवसका उपलक्ष्यमा जिल्लास्तरीय साहित्य गोष्ठीको आयोजनाले चितवनलाई साहित्यिक रूपमा पाइलो टेकाएको देखिन्छ । **दोभान** साहित्यिक पत्रिकाको जन्म भएपछि विशुद्ध साहित्यिक पत्रिकाहरूको सङ्ख्या आजसम्म पचासभन्दा बढी देखिएको छ । साहित्येतर भईकन पनि साहित्यिक विद्याहरूलाई प्रशस्त र प्रमुख स्थान दिएर प्रकाशित भएका पत्रिका धेरै छन् तापनि यहाँ

विशुद्ध साहित्यिक पत्रिकाहरूलाई मात्र अध्ययनको विषय बनइएको छ । प्रकाशनक्रमनुसार चितवनका साहित्यिक पत्रिकाहरू यसप्रकार रहेका छन्-[२]

| **पत्रिकाको नाम** | **प्रकाशन वर्ष** | **सम्पादक/प्रकाशक** | **प्रयास** |
|---|---|---|---|
| चितवनको चिनो | २०२१ | गोविन्दप्रसाद भट्टराई | संस्थागत |
| वेणी | २०२२ | चितवन मा.वि. | संस्थागत |
| दोभान | २०२५ | नौजना साहित्यकार | सामूहिक |
| नौलो राँको | २०२६ | नौलो राँको प्रकाशन | संस्थागत |
| छहरो | २०२७ | जनज्योति पुस्तकालय | संस्थागत |
| तिर्सना | २०२७ | नारायणी पुस्तकालय | संस्थागत |
| नयाँ गोरेटो | २०२७ | चित्रवन युवा क्लव | संस्थागत |
| मारुनी | २०२८ | नारायणी कला मन्दिर | संस्थागत |
| चितवनको सन्देश | २०२९ | चितवन मा.वि. | संस्थागत |
| हाम्रो पुरुषार्थ | २०२९ | किरण पुस्तकालय, गुल्मी | संस्थागत |
| बालकुमारी | २०३२ | बालकुमारी मा.वि. | संस्थागत |
| साक्षात्कार | २०३४ | अद्वैत संस्था, चितवन | संस्थागत |
| दिव्यज्योति | २०३५ | आदर्श मा.वि., दिव्यनगर | संस्थागत |
| जाँगर | २०३६ | हरिहर खनाल | व्यक्तिगत |
| इन्द्रकमल | २०३७ | चिरञ्जीवि नेपाली | व्यक्तिगत |
| नौलो समाज | २०३७ | दियालो परिवार | संस्थागत |
| श्रमकण | २०३७ | राइनो क्लब | संस्थागत |
| आरन | २०३८ | अनिल सिग्देल | व्यक्तिगत |
| ऋचा | २०३८ | गङ्गाराम श्रेष्ठ | व्यक्तिगत |
| गोधूलि | २०४० | प्रेमविनोद नन्दन र अनिल सिग्देल | व्यक्तिगत |
| कविता कुसुम | २०४१ | ने.जु.रे.स. बालमाविद | संस्थागत |
| विवेक | २०४१ | वीरेन्द्र बहुमुखी क्याम्पस | संस्थागत |

[२] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण**, चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२, पृ. १२५ ।

| | | | |
|---|---|---|---|
| दियालो | २०४३ | दियालो परिवार | संस्थागत |
| वन्दना | २०४४ | शहीद स्मृति क्याम्पस | संस्थागत |
| श्रद्धासुमन | २०४४ | वीरेन्द्र शुभ राज्याभिषेक | संस्थागत |
| अरुणोदय | २०४५ | अरुणोदय मा.वि. | संस्थागत |
| कर्म सन्देश | २०४५ | कर्मचारी मिलन केन्द्र | संस्थागत |
| अन्नपूर्णा | २०४६ | कृ.प.वि.सं., रामपुर | संस्थागत |
| अन्वेषण | २०४७ | अन्वेषण प्रकाशन | संस्थागत |
| जनआवाज | २०४७ | जनआवाज प्रकाशन | संस्थागत |
| राष्ट्रसन्देश | २०४७ | राष्ट्र सन्देश प्रकाशन | संस्थागत |
| वागीश्वरी | २०४७ | चितवन साहित्य परिषद | संस्थागत |
| सम्प्रेषण | २०४७ | रामबाबु घिमिरे | व्यक्तिगत |
| जनसाहित्य | २०४८ | हरिहर खनाल | व्यक्तिगत |
| पाइला र प्रवाह | २०४८ | सगरमाथा साहित्य समाज | व्यक्तिगत |
| प्रेरणा | २०५० | पत्रकारिता समूह वी.ब.क्या. | सामूहिक |
| उपहार | २०५१ | रामबाबु पौडेल र श्रीभद्र अधिकारी | व्यक्तिगत |
| मधूलिका | २०५१ | चितवन वाङ्मय प्रतिष्ठान | संस्थागत |
| सुनगाभा | २०५१ | गोविन्दराज विनोदी र गणशेखर शर्मा | व्यक्तिगत |
| सत्यदीप | २०५१ | सत्यसाई केन्द्र | संस्थागत |
| सृष्टि | २०५१ | सृष्टि प्रकाशन | संस्थागत |
| अभिनव प्रस्तुति | २०५२ | बालकुमारी कलेज, शारदानगर शाखा | संस्थागत |
| पल्लव | २०५२ | सीताराम कोइराला | संस्थागत |
| समाज दर्पण | २०५२ | देव आदर्श युवा क्लब | संस्थागत |
| समुन्नत | २०५२ | द रेयुकाई नेपाल, पार्वतीपुर | संस्थागत |
| सिर्जना | २०५२ | पर्यावरणीय सेवा केन्द्र | संस्थागत |
| नव प्राञ्जली | २०५६ | - | - |
| बाडुली | २०५६ | - | - |
| हाम्रो मझेरी | २०५७ | हाम्रो मझेरी साहित्य प्रतिष्ठान | संस्थागत |
| आदर्श | २०५८ | - | संस्थागत |

| | | | |
|---|---|---|---|
| उडान | २०५८ | - | संस्थागत |
| पल्लवी सन्देश | २०५८ | - | संस्थागत |
| मृगतृष्णा | २०५८ | गोविन्दराज विनोदी | संस्थागत |
| सौदामिनी | २०५८ | सुरेन्द्र अस्तफल | सामूहिक |
| हाम्रो नयन | २०५८ | - | सामूहिक |
| गन्तव्य | २०५९ | - | - |
| चितवन साहित्य | २०५९ | - | संस्थागत |
| छाँगा छहरा | २०५९ | - | संस्थागत |
| दीपज्योति | २०५९ | - | संस्थागत |
| नवचेतना | २०५९ | - | संस्थागत |
| नवसर्जक | २०५९ | - | सामूहिक |
| निकुञ्ज | २०५९ | - | सामूहिक |
| प्राञ्जली | २०५९ | - | व्यक्तिगत |
| मधुश्री | २०५९ | कृष्णा अभिलाषी | व्यक्तिगत |
| सिरेटो | २०५९ | - | - |
| चेतना | २०६० | - | व्यक्तिगत |
| छहारी | २०६० | - | सामूहिक |
| अभिलाषा | २०६१ | - | सामूहिक |
| रत्नबाटिका | २०६१ | - | सामूहिक |
| शान्ति पुञ्ज | २०६१ | - | सामूहिक |
| अभिव्यञ्जना | २०६२ | अभिव्यञ्जना साहित्य प्रतिष्ठान | संस्थागत |
| आभा | २०६२ | - | - |
| कैलाश | २०६२ | - | संस्थागत |
| गुराँस | २०६२ | - | - |
| प्रभात सिर्जना | २०६२ | - | - |
| मितेरी | २०६२ | - | - |
| युवा आवाज | २०६२ | - | - |
| सरोजिनी | २०६२ | - | - |
| सिराइचुली | २०६२ | - | संस्थागत |
| हाम्रो सिर्जना | २०६२ | डी.आर. पोखरेल | संस्थागत |

| | | | |
|---|---|---|---|
| स्रष्टा | – | मदन मोहन जोशी र सरिता तिवारी | संस्थागत |
| चितवन टाईम्स् स्मारिका | २०६३ | वि.वि. भट्ट | |
| रजत स्मारिका | २०६३ | लायन्स क्लब अफ, नारायणगढ | संस्थागत |
| सिराइचुली | २०६३ | दुर्गानारायण भुसाल | |
| सोभेनियर | सन् २००३ | रोटरी क्लब अफ नारायणी मिड टाउन | संस्थागत |
| चौतारी स्मारिका | २०६४ | प्रेस चौतारी, चितवन | संस्थागत |
| प्रलेस, चितवन | २०६४ | प्रगतिशील लेखक सङ्घ | संस्थागत |
| रामेश्वर स्मारिका | २०६४ | रामेश्वर पुस्तकालय तथा वाचनालय भरतपुर | संस्थागत |
| सञ्जीवनी | २०६४ | भरतपुर अस्पताल | संस्थागत |
| सेब्स रजतजयन्ती स्मारिका | २०६४ | चितवन इङ्गलिस आमावि, भरतपुर | संस्थागत |
| गणतान्त्रिक कविता | २०६५ | गणतान्त्रिक महोत्सव समिति, चितवन | संस्थागत |
| मध्यक्षितिज | २०६५ | मध्यक्षितिज साहित्य प्रतिष्ठान | संस्थागत |
| शान्तिदीप स्मारिका | २०६५ | महाबौद्ध गुम्बा, चितवन | संस्थागत |
| सोभेनियर | सन् २०१० | रोटरी एण्ड रोट्र्याक्ट क्बल अफ रत्ननगर | संस्थागत |
| कृषि अभियान स्मारिका | २०६६ | रत्ननगर महोत्सव कृषि प्रबर्द्धन समिति | संस्थागत |
| सिराइचुली | २०६६ | हरिप्रसाद दुवाल | व्यक्तिगत |
| कृषि तथा पर्यटन स्मारिका | २०६७ | मध्यमाञ्चल व्यापार मेला/चितवन महोत्सव | संस्थागत |
| चरैवेति | २०६७ | लालबहादुर क्षेत्री, रमेशकुमार श्रेष्ठ, गणेशप्रसाद शर्मा | संस्थागत |
| प्रभात स्मारिका | २०६७ | प्रभात महिला बचत तथा ऋण सहकारी संस्था, भरतपुर | संस्थागत |
| रजत स्मारिका | २०६७ | स्मल हेभन स्कुल, नारायणगढ/ कल्याणपुर | संस्थागत |

माथि उल्लिखित पत्र-पत्रिकाहरूमध्ये कतिपय पत्रिकाहरू एक दुई अङ्क प्रकाशित भएर इतिहास बनिसकेका छन् भने कतिपय पत्रिकाहरू आवधिक, अद्यावधिक र नियमित देखिन्छन् ।

## २.५ निष्कर्ष

साहित्यको विकासमा पत्र-पत्रिकाको योगदान अत्यन्त महत्त्वपूर्ण हुन्छ । नेपाली साहित्यमा १९५६ को **सुधासागर**देखि लिएर वर्तमानसम्म र चितवन जिल्लाको सन्दर्भमा २०२२ को **चितवनको चिनो** तथा २०२५ को **दोभान**देखि वर्तमानसम्म आइपुग्दा पत्र-पत्रिकाहरूले विशेष योगदान पुऱ्याएका छन् । तिनीहरूको सङ्ख्यात्मक र गुणात्मक बृद्धि पनि भएको छ । चितवनको सन्दर्भमा केही पत्रिकाहरू एक दुई अङ्क प्रकाशित भएर इतिहासमा बिलाएका छन् भने कुनै पत्रिका जेनतेन थामिएका छन्, ती पनि नियमित छैनन् । चितवनवाट प्रकाशित साहित्यिक पत्रिकाहरूमा **वागीश्वरी**, **सम्प्रेषण, मधूलिका**, **पल्लव**, **हाम्रो सिर्जना** लगायत केही पत्रिकाहरू नियमित देखिन्छन् भने एक दुई अङ्क वा दुईचार अङ्क प्रकाशित भएर बन्द हुने पत्रिकाको सङ्ख्या अत्यन्त ठूलो छ । कुनै दुई पानाका मात्र साना हवाईपत्रिका पनि निस्केका छन् भने कुनै पत्रिकाहरू पछिलो समयमा गजलप्रधान पनि देखिएका छन् । समग्रमा भन्नुपर्दा चितवनको साहित्यिक पत्रकारितालाई संस्थागत गर्ने प्रयास भएको छ र यस सन्दर्भमा **हाम्रो सिर्जना** अग्रगामी गतिका साथ अनुसन्धानमूलक र साहित्यिक सांस्कृतिक लेख-रचनाहरू प्रकाशनका साथ अघि बढ्दै रहेको छ ।

# परिच्छेद : तीन

# हाम्रो सिर्जनामा प्रकाशित सामग्रीहरूको अनुक्रमणिका

# परिच्छेद : तीन

# हाम्रो सिर्जनामा प्रकाशित विधागत रचनाहरूको विवरण

## ३.१ हाम्रो सिर्जनामा प्रकाशित सामग्रीहरूको अनुक्रमणिका

वि.सं. २०६२ सालदेखि प्रकाशित हुन थालेका **हाम्रो सिर्जना**ले आफ्ना आठौं वर्षको यात्रा अवधिमा के, कस्ता र कति सामग्रीहरू प्रकाशन गरी पाठकहरू समक्ष पुऱ्याएको छ भन्ने कुरालाई प्रस्ट पार्नु नै प्रस्तुत परिच्छेदको मूल अभिप्राय रहेको छ । **हाम्रो सिर्जना**को प्रारम्भदेखि पूर्णाङ्क ११ सम्मका अङ्कहरूमा प्रकाशित साहित्यका विधाहरू कविता, गीत, गजल, निबन्ध, कथा, समालोचना, अन्तर्वार्ता आदि विविध सम्पूर्ण सामग्रीहरूलाई विधागत वर्गीकरण गरी लेखकका नामको वर्णानुक्रमअनुसार लेखक, रचनाको शीर्षक, वर्ष/अङ्क, प्रकाशन वर्ष एवं पृष्ठ सङ्ख्या समेत राखेर देखाइएको छ । यहाँ राखिएका ती सामग्रीहरूलाई कथा, लघुकथा, लेख, निबन्ध, संस्मरण, समालोचना, समीक्षा, पुस्तक परिचय, लोक साहित्य, विचार, अनुवाद साहित्य, विश्व साहित्य, भाषा संस्कृति र पत्र साहित्य, कलाचर्चा, व्यक्ति-व्यक्तित्व, भेटवार्ता, अन्तर्वार्ता, पाठक प्रतिक्रिया, सम्पादकीय समेत सात खण्डमा राखेर विवरण तयार गरिएको छ । प्रस्तुत अनुक्रमणिका तयार पार्दा पत्रिकाको अङ्कानुक्रमलाई कायम गरी त्यसमा लेखकका नामको वर्णानुक्रमलाई नै मूलआधार बनाइएको छ ।

## ३.१.१ कविता

**हाम्रो सिर्जना** पत्रिकाका एकदेखि एघार अङ्कसम्म प्रकाशित कविताहरूको सूची यसप्रकार रहेको छ :

| क्र. सं. | कविको नाम | शीर्षक | वर्ष /अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | चेतकान्त चापागाई | नववर्षप्रति | १/१ | २०६२ | ३ |
| २ | धनराज गिरी | गजल | १/२ | २०६२ | २७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | नमूना शर्मा | चाहना | १/१ | २०६२ | ५७ |
| ४ | निरञ्जन पोखरेल (बाल प्रतिभा) | चुरोट | १/१ | २०६२ | ८ |
| ५ | पोषराज पौडेल | छेपारो | १/२ | २०६२ | ३७ |
| ६ | बालकृष्ण थापा | निम्तो | १/१ | २०६२ | २१ |
| ७ | मातृका पोखरेल | यस पटक दशैंमा | १/१ | २०६२ | १६ |
| ८ | रामहरि श्रेष्ठ | आमाको आर्तनाद | १/१ | २०६२ | ३ |
| ९ | अनन्त मुस्कान | गजल | २/३ | २०६३ | १८ |
| १० | केशवराज आमोदी | गजल | २/३ | २०६३ | १२ |
| ११ | के.पी. ढकाल | एकता नै शक्ति हो | २/४ | २०६३ | १५ |
| १२ | गिरिजा अधिकारी | म यथार्थ लेख्छु | २/३ | २०६३ | २० |
| १३ | चूडा ढकाल | तीन ध्रुवीय (हाइकु) | २/३ | २०६३ | १८ |
| १४ | चेतकान्त चापागाई | सन्काहा साँढे | २/४ | २०६३ | १५ |
| १५ | चूमरे | तिमीलाई सलाम | २/४ | २०६३ | २५ |
| १६ | तेजविलास अधिकारी | हाइकु | २/४ | २०६३ | ४७ |
| १७ | निरञ्जन पोखरेल | लोकतन्त्र | २/४ | २०६३ | ४७ |
| १८ | प्रज्वल दाहाल | नव आस | २/४ | २०६३ | ३४ |
| १९ | रामशरण 'प्रयास' | युगको आह्वान | २/४ | २०६३ | २९ |
| २० | सुधा भट्टराई | गजल | २/४ | २०६३ | ४७ |
| २१ | श्यामदास वैष्णव | स्वाङ | २/४ | २०६३ | ४७ |
| २२ | हरिगोविन्द लुइटेल | प्राइभेट कवि | २/३ | २०६३ | ३२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | अष्टदेव खनाल | फेरि आयो वसन्त | ३/५ र ६ | २०६४/०६५ | ४९ |
| २४ | केशवराज आमोदी | आजको परवेश र मेरो परिधि | ३/५ र ६ | २०६४/०६५ | ४९ |
| २५ | निरञ्जन पोखरेल | बलिदान | ३/५ र ६ | २०६४/०६५ | ५४ |
| २६ | पोषराज पौडेल | आयो सुनामी ठुलो | ३/५ र ६ | २०६४/०६५ | ४६ |
| २७ | बाबुराम पाण्डे | आमाको नाममा शिविर बाट छोराको चिठी | ३/५ र ६ | २०६४/०६५ | ४७ |
| २८ | भूपिन व्याकुल | शब्दका सुरुङहरू | ३/५ र ६ | २०६४/०६५ | ५० |
| २९ | लोकनाथ पोखरेल | अघि बढौं | ३/५ र ६ | २०६४/०६५ | ५३ |
| ३० | श्यामदास वैष्णव | अमर सम्भना | ३/५ र ६ | २०६४/०६५ | ५१ |
| ३१ | ईश्वरी ओभा | कविवर तिम्रो सपना | अङ्क ७ | २०६५ | ४२ |
| ३२ | गोर्खे साइँलो | गजल | अङ्क ७ | २०६५ | ६४ |
| ३३ | प्रेम कँडेल | गजल | अङ्क ७ | २०६५ | ५६ |
| ३४ | बालकृष्ण थपलिया | गजल | अङ्क ७ | २०६५ | ४५ |
| ३५ | भानुभक्त पौडेल | गजल | अङ्क ७ | २०६५ | १५ |
| ३६ | रेखा सुवेदी | आकाशको खोजीमा | अङ्क ७ | २०६५ | ४३ |
| ३७ | सामना पहाड | लेखिन बाँकी हामी | अङ्क ७ | २०६५ | १६ |
| ३८ | ईश्वरी ओभा | ओर्लन्छु सुस्तातिर | अङ्क ८ र ९ | २०६६ | ३ |
| ३९ | कपिल अज्ञात | मुक्तक (सिर्जना, डर) | वर्ष, ४ अङ्क २, पूर्णाङ्क १० | २०६६ माघ | ३८ |
| ४० | कृष्ण सुवेदी 'निराकार' | जुन जोगी आए पनि कानै चिरेका | वर्ष, ४ अङ्क २, पूर्णाङ्क १० | २०६६ माघ | ३ |
| ४१ | कृष्ण क्षेत्री | म बाँच्न खोज्दैछु | वर्ष, ४ अङ्क २, पूर्णाङ्क १० | २०६६ माघ | ३३ |
| ४२ | किसानप्रेमी | गजल | वर्ष, ४ अङ्क २, पूर्णाङ्क १० | २०६६ माघ | ३८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४३ | गंगा अभिलाषी गहतराज | वेदना | वर्ष, ४ अङ्क २, पूर्णाङ्क १० | २०६६ माघ | ४ |
| ४४ | गोविन्दराज विनोदी | मान्छेहरू | वर्ष, ४ अङ्क २, पूर्णाङ्क १० | २०६६ माघ | ३ |
| ४५ | ढाकाराम लामिछाने | गजल | अङ्क ८ र ९ | २०६६ | २९ |
| ४६ | पूर्णबहादुर अधिकारी | यात्रारत जङ्गेपिलरहरू | वर्ष, ४ अङ्क २, पूर्णाङ्क १० | २०६६ माघ | २५ |
| ४७ | बाबुराम पाण्डे | पुनर्जन्मको रहस्य | अङ्क ८ र ९ | २०६६ | २६ |
| ४८ | पोषराज पौडेल | आकाश र मन | अङ्क ८ र ९ | २०६६ | ५८ |
| ४९ | रमेश प्रभात | क्षतविक्षत अक्षरहरू | अङ्क ८ र ९ | २०६६ | ५१ |
| ५० | रामहरि श्रेष्ठ | नवीन नेपाल | अङ्क ८ र ९ | २०६६ | ५९ |
| ५१ | लोकनाथ पोखरेल | कविता | वर्ष, ४ अङ्क २, पूर्णाङ्क १० | २०६६ माघ | ३१ |
| ५२ | श्यामबहादुर भावुक | विभेद | अङ्क ८ र ९ | २०६६ | ६३ |
| ५३ | गोविन्दराज विनोदी | आनन्ददेव भट्टज्यू प्रति | पूर्णाङ्क ११ | २०६८ | २०५ |
| ५४ | देशबन्धु अधिकारी | शिक्षक | पूर्णाङ्क ११ | २०६८ | २११ |
| ५५ | पद्मपाणि 'विरक्ति' | श्रद्धा-सुमन | पूर्णाङ्क ११ | २०६८ | ४०९ |
| ५६ | रामबाबु सुवेदी | आनन्द भट्ट | पूर्णाङ्क ११ | २०६८ | २०६-७ |
| ५७ | श्यामबहादुर भावुक | जुम्लाका आनन्ददेव भट्ट | पूर्णाङ्क ११ | २०६८ | २०८-१० |
| ५८ | Samyak and Nibu | Big Hugs | पूर्णाङ्क ११ | २०६८ | २११ |

साहित्यिक विकासमा योगदान पुऱ्याउन नेपाली भाषामा प्रकाशन हुने **हाम्रो सिर्जना** साहित्यिक-सांस्कृतिक त्रैमासिक पत्रिका अङ्क १ देखि ११ सम्ममा विभिन्न विधाका विधागत

लेख-रचनाहरु प्रकाशित भएका छन् । उक्त लेख-रचनाहरुमध्ये यस पत्रिकामा कविता विधाले पनि प्रमुख स्थान ओगटेको छ । अङ्क १ वर्ष १ देखि अङ्क ११ सम्ममा अन्ठाउन्नवटा कविताहरु प्रकाशित भएका छन् । यस पत्रिकामा प्रकाशित कविताहरु छोटा मुक्तक, हाइकु, गजल र लघुकविता रहेका छन् । यहाँ प्रकाशित कविताहरु स्थापित स्रष्टा तथा नवप्रतिभाहरु समेतलाई स्थान दिइएको छ । कविताहरुको मूल आशय विशुद्ध साहित्यिक समृद्धिमा टेवा पुगोस भन्ने रहेको छ । कुनै कविता जातीय संस्कृतिको माध्यमबाट माथि उठी युगीन चेतना देखाइएको छ भने कुनै युद्ध बोकेर देश द्वन्द्वमा होमिएको प्रसङ्ग समेत उल्लेख गरिएको छ ।

### ३.१.२ कथा/लघुकथा

**हाम्रो सिर्जना** पत्रिकाका अङ्क एकदेखि एघारसम्म प्रकाशित कथा/लघुकथाहरूको सूची यसप्रकार रहेको छ :-

| क्र.सं. | कथाकारको नाम | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | हरिहर खनाल | ओखती | १/१ | २०६२ | २२-२५ |
| २ | शारदा कोइराला | बुद्धिप्रसाद र ऊ | १/२ | २०६२ | ३८-४१ |
| ३ | घनश्याम ढकाल | पर्खदा पर्खदै (ल.क.) | २/३ | २०६३ | १७ |
| ४ | चूडामणि रेग्मी | चामे र गौँथली: अर्को अध्याय | | | |
| ५ | धनराज गिरी | एकरात आतङ्कवादीसँग | २/४ | २०६३ | ३१-३४ |
| ६ | पूर्णबहादुर अधिकारी | बिदाइ | २/४ | २०६३ | ३५-३६ |
| ७ | रोहिणी विलास लुइँटेल | उपहार | २/४ | २०६३ | ७-८ |
| ८ | कुसुम ज्ञवाली | अर्को अवतार (ल.क.) | अङ्क ५ र ६ | २०६४/०६५ | ५३ |
| ९ | धनराज गिरी | ज्याला अर्थात् स्वर्णपदक (ल.क.) | अङ्क ५ र ६ | २०६४/०६५ | ५४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | बालकृष्ण थपलिया | चुनावपछि (ल.क.) | अङ्क ५ र ६ | २०६४/०६५ | ५२ |
| ११ | धनराज गिरी | किन होला ? | (ल.क.) अङ्क ७ | २०६५ | ४१ |
| १२ | पूर्णबहादुर अधिकारी | निर्मला | अङ्क ७ | २०६५ | ३४-३६ |
| १३ | कपिल लामिछाने | गरिबी उन्मूलन (ल.क) | २/४ पूर्णाङ्क १० | २०६६ | ३४ |
| १४ | किरण बुर्लाकोटी | एकैछिन (ल.क.) | अङ्क ८ र ९ | २०६६ | ६० |
| १५ | धनराज गिरी | आँखा | अङ्क ८ र ९ | २०६६ | २३-२५ |
| १६ | धनराज गिरी | माघ १० गते | अङ्क ८ र ९ | २०६६ | ४१-४६ |
| १७ | रुद्र ज्ञवाली | विखण्डन | २/४ पूर्णाङ्क १० | २०६६ | २६-२९ |

साहित्यका विविध विधाहरुमध्ये कथा विधा आख्यान विधाअन्तर्गत पर्ने प्राचीन र लोकप्रिय विधा हो । **हाम्रो सिर्जना** पत्रिका सांस्कृतिक, खोजमूलक एवं सांस्कृतिक पत्रिका भएकोले यसमा कथा विधालाई बढी प्राथमिकता दिइएको छैन । यस पत्रिकामा अङ्क १ देखि ११ अङ्कसम्ममा १७ वटा कथा लघुकथाहरु प्रकाशित भएका छन् । यसमा कथाकार धनराज गिरीका चारवटा, पूर्णबहादुर अधिकारीका दुईवटा र अन्य कथाकारका एउटा-एउटा कथा प्रकाशित भएका छन् । छोटो बसाइमा पढेर सिध्याउन सकिने र रोचक एवं जिज्ञासु भाव पैदा गराउने भएकोले साहित्यिक उत्थानमा कथाको छुट्टै महत्व रहेको छ ।

### ३.१.३ लेख/निबन्ध/संस्मरण/विचार

**हाम्रो सिर्जना** पत्रिकाको अङ्क एकदेखि एघारसम्म प्रकाशित लेख/निबन्ध/संस्मरण /विचारहरूको सूचि यसप्रकार रहेको छ :-

| क्र.सं. | निबन्धकार | शीर्षक | वर्ष/अङ्क | प्रकाशनवर्ष | पृ. |
|---|---|---|---|---|---|
| १ | डी.आर. पोखरेल | चीनका महान् स्रष्टा | १/२ | २०६२ | १-४ |
| २ | डी.आर. पोखरेल | महापण्डित राहुल साँकृत्यान | १/१ | २०६२ | १-३ |
| ३ | भक्तबहादुर नेपाली | श्यामप्रसाद : व्यक्ति एक व्यक्तित्व अनेक | १/१ | २०६२ | ४-८ |
| ४ | मोदनाथ मरहट्ठा | जनताका सच्चा कवि केवलपुरे किसान | २/३ | २०६३ | १-४ |
| ५ | रविकिरण निर्जीव | एउटा ठुलो फाँटको खलेगह्रो | १/२ | २०६२ | ५-९ |
| ६ | होमर श्रेष्ठ | मेरो स्मृतिमा जर्मन भाषा | १/१ | २०६२ | २६-३१ |
| ७ | खेमनाथ कोइराला | पारिजात : स्मृतिका सन्दर्भमा एक टिपोट | २/३ | २०६३ | १३-१६ |
| ८ | डी. आत्रेय | एक अथक साहित्य साधक : चूडामणि | २/२ (पू.अं. ४) | २०६३ | १/३ |
| ९ | सूर्यबहादुर खड्का 'बिखर्ची' | मेरो रमाइला साथी : चूडामणि रेग्मी | २/२ (पू.अं. ४) | २०६३ | ५ |
| १० | कपिल अज्ञात | ज्योतिष विज्ञान | अङ्क ५ र ६ | २०६४/०६५ | ६२-६६ |
| ११ | नारायणप्रसाद श्रेष्ठ | प्रदूषणको खतरामा | अङ्क ५ र ६ | २०६४/०६५ | ६७ |
| १२ | पोषराज पौडेल | सम्झनाका तरेलीमा : कवि कृष्णसेन इच्छुक | अङ्क ७ | २०६५ | ३१-३३ |
| १३ | मधु पोखरेल | शव्द चित्रमा मनकामना साहित्यिक यात्रा | अङ्क ५ र ६ | २०६४/०६५ | ५८-६१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | इन्द्र रेग्मी | 'म मरेपनि मर्ने छैन माया बन्दीपुरको' | अङ्क ७ | २०६५ | ३७-४० |
| १५ | धर्मराज डंगोल | म, इटनोबोटानी र मेरो यात्रा | अङ्क ७ | २०६५ | ६५-६६ |
| १६ | डी.आर. पोखरेल | भैरहवा भ्रमणको झल्को | पूर्णाङ्क १० | २०६६ | ४२-४३ |
| १७ | पूर्णबहादुर अधिकारी | मृत्यु शिक्षा | अङ्क ८ र ९ | २०६६ | ४७-५० |
| १८ | बाबुराम पाण्डे | प्रजातन्त्र सेनानी अङ्ग्रेजबाबु श्रेष्ठ | पूर्णाङ्क १० | २०६६ | ३९-४१ |
| १९ | रह शर्मा | अमेरिकी दूतावाससँगको तीतो अनुभव | वर्ष ४, अङ्क २, पूर्णाङ्क १० | २०६६ | ३०-३१ |
| २० | रामबाबु घिमिरे | मनका पीरका कुरा | अङ्क ८ र ९ | २०६६ | २७-२९ |
| २१ | विजय खरेल | भान्जो र हाम्रो अर्थव्यवस्था | पूर्णाङ्क १० | २०६६ | ३२-३३ |
| २२ | आत्माराम ओझा | उच्च प्रतिभावान् राष्ट्रिय व्यक्तित्व आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | २१३-२१८ |
| २३ | इन्द्र रेग्मी | भट्टजीका बारेमा थपकुरा | अङ्क ११ | २०६८ | २१४-२१८ |
| २४ | कमल दीक्षित | चित्त बुझ्ला ? | पूर्णाङ्क ११ | २०६८ | १-३ |
| २५ | कमलराज रेग्मी | सफल-असफल | पूर्णाङ्क ११ | २०६८ | ४-७ |
| २६ | काशीनाथ अधिकारी | राजनीतिमा आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | १७५-१७९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | कृष्णप्रसाद पण्डित | वीरेन्द्र बहुमुखी क्याम्पस र श्री आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | २१९-२२१ |
| २८ | कृष्णकुमार श्रेष्ठ | आनन्ददेव भट्ट सरबारे केही अनुभव | अङ्क ११ | २०६८ | २२२-२२३ |
| २९ | घनश्याम ढकाल | आनन्ददेव भट्ट : सहकार्य र अनुभूति | अङ्क ११ | २०६८ | १८१-१८४ |
| ३० | धनराज गिरी | मनका कुरा महागुरुसित | अङ्क ११ | २०६८ | २२४-२२७ |
| ३१ | नरबहादुर खाँड | राजनीतिक चेतनाको मुहान आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | १८५-१९० |
| ३२ | नारायणप्रसाद खनाल | प्रेरक अनुप्रेरक व्यक्तित्व : आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | २२८-२३४ |
| ३३ | पुष्पराज जमरकट्टेल | भट्ट सरसँग गाउँ घुम्दाको आनन्द | अङ्क ११ | २०६८ | २३५-२३७ |
| ३४ | पूर्णबहादुर अधिकारी | मेरो प्रेरणाका स्रोत भट्ट सर | अङ्क ११ | २०६८ | २४१-२४३ |
| ३५ | पोषराज पौडेल | आनन्ददेव भट्ट मेरो स्मृतिमा | अङ्क ११ | २०६८ | २३८-२४० |
| ३६ | मोदनाथ प्रश्रित | आनन्ददेव भट्टको जीवनयात्रा | पूर्णाङ्क ११ | २०६८ | १५-२१ |
| ३७ | लक्ष्मीभक्त उपाध्याय | कमरेड भट्ट कम्युनिष्ट | अङ्क ११ | २०६८ | १९१-१९४ |
| ३८ | लीला उदासी | एक दिन मात्र भेटेका आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | १९५-२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९ | शिव रेग्मी | बौद्धिक एवम् चिन्तनशील निबन्धकार आनन्ददेव भट्ट | पूर्णाङ्क ११ | २०६८ | १२-१३ |
| ४० | हरि सापकोटा | मेरो सम्झना आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | २०१-२०३ |
| ४१ | रमाकान्त सापकोटा | मैले नचिनेका भट्ट सर | अङ्क ११ | २०६८ | २४४-२४९ |
| ४२ | रमा घिमिरे | सम्झनाको दुई शब्द | अङ्क ११ | २०६८ | २५० |
| ४३ | रामचन्द्र नेपाल | मैले नचिनेका प्रा. भट्ट | अङ्क ११ | २०६८ | २५१-२५३ |
| ४४ | रेशमलाल श्रेष्ठ | गुरुप्रति एक गैर चेलाको तर्फबाट अभिनन्दन | अङ्क ११ | २०६८ | २५४-२५५ |
| ४५ | रेशम बिरही | पश्चिमबाट अदाएको सूर्यले तताएको चितवन | अङ्क ११ | २०६८ | २५६-२६१ |
| ४६ | सरस्वती रिजाल | भट्ट सरसँगका केही प्रसङ्गहरू | अङ्क ११ | २०६८ | २६२-२६४ |
| ४७ | श्यामप्रसाद शर्मा | साथी आनन्ददेव-२ | अङ्क ११ | २०६८ | २६५-२६८ |
| ४८ | सुशीला भट्ट (खरेल) | सम्झनाहरू | अङ्क ११ | २०६८ | २६९-२७४ |
| ४९ | सोमनाथ घिमिरे | आनन्ददेव भट्टसँगको सम्पर्क र सानिध्यको ४४ वर्ष | अङ्क ११ | २०६८ | २७५-२८० |
| ५० | हंसपुरे सुवेदी | मेरो परिचय-परिधिमा भट्टज्यू | अङ्क ११ | २०६८ | २८१-२८५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५१ | हरिहर खनाल | मेरा साहित्यिक गुरु आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | २८६-२९१ |
| ५२ | राम विनय | प्रगतिशील यात्रामा | अङ्क ११ | २०६८ | २९२-२९९ |
| ५३ | बाबुराम पाण्डे | चितवनको शैक्षिक पृष्ठभूमि र भट्टसरको योगदान | अङ्क ११ | २०६८ | ३००-३१० |
| ५४ | अच्युत घिमिरे | प्रस्ट विचार बोल्ने स्रष्टा आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | ३११-३१३ |
| ५५ | अर्जुनदेव भट्ट | निरन्तर परिश्रमले बनाएको मान्छे - आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | ३१४-३१७ |
| ५६ | कृष्णदेव भट्ट | ठुल्दाजु आनन्ददेव भट्ट : मेरो आखामा | अङ्क ११ | २०६८ | ३१८-३१९ |
| ५७ | केदारप्रसाद आचार्य | उदारणीय व्यक्तित्व : आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | ३२०-३२१ |
| ५८ | केदारनाथ खनाल | आकर्षक व्यक्तित्वका धनी : प्रा आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | ३२२-३२३ |
| ५९ | कमल गुरागाई | सधैँ निर्भीक आनन्ददेव भट्ट : अलिकति शब्दमा | अङ्क ११ | २०६८ | ४००-४०५ |
| ६० | कालीप्रसाद सुवेदी | मेरो मानसगुरु आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | ३६३-३६४ |
| ६१ | खेमनाथ कोइराला | आनन्ददेव भट्ट : एक श्रेद्धय व्यक्तित्व | अङ्क ११ | २०६८ | ३२४-३२५ |
| ६२ | जगत श्रेष्ठ | प्रखर व्यक्तित्वका धनी आनन्ददेव भट्टको के बयान गरूँ खै ? | अङ्क ११ | २०६८ | ४०६-४०८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६३ | जनकराज भट्ट | आनन्ददेव भट्ट : एक आदर्श व्यक्तित्व | अङ्क ११ | २०६८ | ३२६-३२७ |
| ६४ | प्रेमविनोद नन्दन | उत्प्रेरक व्यक्तित्व | अङ्क ११ | २०६८ | ३२८-३२९ |
| ६५ | पुण्यप्रसाद खरेल | विचार र व्यवहारमा एकरूपताको सतीसाल | अङ्क ११ | २०६८ | ३३०-३३४ |
| ६६ | बालकृष्ण थापा | टाढाका आनन्दमनका देव आनन्ददेव | अङ्क ११ | २०६८ | ३३५-३३८ |
| ६७ | भीमदेव भट्ट | दाजु आनन्ददेव भट्टबारे दुई शब्द | २०६८ | २०६८ | ३३९-३४२ |
| ६८ | मुक्तिनाथ अधिकारी | आनन्ददेव भट्ट र छोटो स्मरण | अङ्क ११ | २०६८ | ३८१-३८३ |
| ६९ | रमेश गोर्खाली | बौद्धिकताका आदर्श : निर्भीक बुद्धिवेत्ता आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | ३४३-३४५ |
| ७० | रविकिरण निर्जीव | खरो मिजासका 'झर्रो' आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | ३४६-३४७ |
| ७१ | रह शर्मा | आदर्श व्यक्तित्व आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | ३४८-३५० |
| ७२ | रोचक घिमिरे | आनन्ददेव भट्ट : अनुकरणीय व्यक्तित्वका धनी | अङ्क ११ | २०६८ | ३५१-३५४ |
| ७३ | लीलानाथ सुवेदी | हाम्रा आनन्ददेव भट्ट हाम्रो शिक्षा र राजनीति | अङ्क ११ | २०६८ | ३५-३५६ |
| ७४ | विष्णुकुमार श्रेष्ठ | सम्झनाको एक थोपा | अङ्क ११ | २०६८ | ३७० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७५ | सिर्जना शर्मा | मेरो साहित्यिक प्रेरणाका स्रोत दाजु आनन्ददेव भट्ट | अङ्क ११ | २०६८ | ३५७-३६० |
| ७६ | श्यामजी अतिथि | आनन्दसँग एक वर्ष | अङ्क ११ | २०६८ | ३७१-३६४ |
| ७७ | शान्ता मानवी | सुशीला भट्टजीसँग केही क्षण | अङ्क ११ | २०६८ | ३८३-३८८ |

नेपाली गद्य साहित्यको प्राचीन रुप निबन्ध लेखन हो । **हाम्रो सिर्जना** साहित्यिक-सांस्कृतिक त्रैमासिक पत्रिकामा निबन्ध विधालाई सबैभन्दा बढी स्थान दिइएको छ । अन्य विधागत लेख-रचनाहरुलाई भन्दा निबन्ध विधाअन्तर्गत लेख-रचनाहरु बढी प्रकाशित छन् । यस पत्रिकाको अङ्क १ देखि ११ अङ्कसम्ममा विभिन्न लेखकहरुका सतहत्तरवटा लेख-रचना तथा निबन्धहरु प्रकाशित भएका छन् । यसमा डी.आर. पोखरेलको चारवटा, रविकिरण निर्जीवको दुईवटा, पूर्णबहादुर अधिकारीका दुईवटा तथा अन्य निबन्धकारका एउटा-एउटा निबन्धहरु उल्लेख गरिएको छ । निबन्धले नेपाली साहित्यको निबन्धगत विधाको विकासमा मद्दत पुऱ्याएको छ ।

### ३.१.४ समालोचना/समीक्षा/पुस्तक परिचय

**हाम्रो सिर्जना** पत्रिकाको अङ्क एकदेखि एघारसँम्मा प्रकाशित समालोचना/समीक्षा/पुस्तक-परिचय आदिको सूचिलाई यसप्रकार प्रस्तुत गरिएको छ :

| **क्र.सं.** | **समालोचकको नाम** | **शीर्षक** | **वर्ष/अङ्क** | **प्रकाशन वर्ष** | **पृ.** |
|---|---|---|---|---|---|
| १ | अनिरुद्ध तिमसिना | नेपाली सिहित्यमा 'तेस्रो आयाम' : एक सिर्जनात्मक आन्दोलन | १/१ | २०६२ | ९-२१ |
| २ | खेमनाथ कोइराला | नेपाली उपन्यासको सयवर्ष : एक चर्चा | १/१ | २०६२ | ६४-६९ |
| ३ | खेमनाथ कोइराला | साहित्यकार गोपालप्रसाद रिमाल | १/२ | २०६२ | ३३-३७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | गणेशप्रसाद खराल | थारू बालगीतको सङ्क्षिप्त रूपरेखा | १/१ | २०६२ | ५८-६३ |
| ५ | जगदीशचन्द्र भण्डारी | नारायणमान बिजुक्छे अर्थात् हरिबहादुर श्रेष्ठका कथाहरूको पर्यवेक्षण | १/२ | २०६२ | २५/२८ |
| ६ | पूर्णबहादुर अधिकारी | कथाकारका रूपमा युद्धप्रसाद मिश्र | १/१ | २०६२ | ५३-५५ |
| ७ | पूर्णबहादुर अधिकारी | डा. नरेन्द्र चापागाई स्मृतिग्रन्थभित्र रुमल्लिँदा | १/२ | २०६२ | ४४-४५ |
| ८ | भवनाथ सडौला | कृष्णचन्द्रसिंह प्रधान : निबन्धयात्रा र प्रवृत्ति | १/२ | २०६२ | २९-३२ |
| ९ | विष्णुप्रसाद सापकोटा | बुद्धिप्रसाद रिमाल | १/२ | २०६२ | ४२-४३ |
| १० | डी.आर. पोखरेल | पूर्वाञ्चलको नयाँ आख्यान 'दोसाँधको घाम' पढेपछि | २/४ | २०६३ | ३७-४६ |
| ११ | धर्मराज डङ्गोल, प्रेम भण्डारी, विष्णु अधिकारी, इन्द्र चौधरी र सुसन गुरुङ्ग | पश्चिम चितवनका वनस्पति : सर्वेक्षण तथा विश्लेषण | २/३ | २०६३ | ३३-४० |
| १२ | नारायणप्रसाद खनाल | 'हाम्रो सिर्जना' का दुई पुष्प : एक अवलोकन | २/३ | २०६३ | २७-३१ |
| १३ | भागवतशरण न्यौपाने | मानवता र मुक्तिका कवि गोपाल जोशी : एक विहङ्गावलोकन | २/३ | २०६३ | ५-९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | हरिहर सविता | साहित्य र दर्शनको अन्तः सम्बन्ध | २/४ | २०६३ | २७-२९ |
| १५ | अनिल श्रेष्ठ | 'मर्स्याङ्दी' खण्डकाव्यले उठाएको सौन्दर्यबोध | ५ र ६ | २०६४/६५ | ३५ |
| १६ | गणेशप्रसाद खराल | कवि बमबहादुर थारू र 'आँसुका थोपाहरू' वनकाव्य : एक चिनारी | ५ र ६ | २०६४/६५ | २९-३२ |
| १७ | चूडामणि रेग्मी | डी.आर. लाई सम्झिएर घोत्लिँदा र 'खुल्ला आकाशतर्फ' पढ्दा लागेका कुरा | ५ र ६ | २०६४/६५ | ३३ |
| १८ | डी.आर पोखरेल | पराजुलीका अन्तर्वार्ताभित्र चाहार्दा | ५ र ६ | २०६४/६५ | ५-१ |
| १९ | धनेश्वर भट्टराई | पारिजातको साहित्यिक यात्रा : मोड र प्रवृत्ति | ५ र ६ | २०६४/६५ | १७-२४ |
| २० | धर्मराज डङ्गोल | थारू भाषामा बिरुवाको नामाकरण : एक चर्चा | ५ र ६ | २०६४/६५ | ४३-४५ |
| २१ | नारायणप्रसाद खनाल | कारुणिक कवि चेतकान्तको 'आँसुको चिनो' शोक-काब्य : एक चर्चा | ५ र ६ | २०६४/६५ | २५ |
| २२ | बद्रीविशाल भट्टराई | गफाडीका गफमाथि, हावादारीका हरफ | ५ र ६ | २०६४/६५ | ६९-७० |
| २३ | भवनाथ सडौला | कृष्णप्रसाद पराजुली : जीवनी र व्यक्तित्व | ५ र ६ | २०६४/६५ | १२-१६ |
| २४ | कपिल अज्ञात | रविकिरण निर्जीवको नैबन्धिक आयाम | ७ | २०६५ | २०-२४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | केशवराज आमोदी | 'प्रेरणा' को प्रस्तुति : एक विहङ्गम दृष्टि | ७ | २०६५ | ४४-४५ |
| २६ | डी.आर. पोखरेल | 'सम्झनामा भारतीय जेल' : पढ्नैपर्ने कृति | ७ | २०६५ | २५-३० |
| २७ | धनेश्वर भट्टराई | 'महत्ताहीन' उपन्यासमा विघटित मानवीय मूल्य र वीभत्स चित्रहरू | ७ | २०६५ | १७-१९ |
| २८ | मणिराम शर्मा | कवि राजकृष्ण कँडेलको 'सम्झनाका छलहरू' एक अनुशीलन | ७ | २०६५ | ४६-५२ |
| २९ | रविमोहन सापकोटा | संविधानसभाको निर्वाचन र सञ्चारकर्मीहरूको भूमिका | ७ | २०६५ | ६७-७२ |
| ३० | उपेन्द्र 'पागल' | आत्मस्वीकृतिका विकर्ण बिम्बहरू ! | ८ र ९ | २०६६ | ५२-६५ |
| ३१ | गङ्गाप्रसाद अधिकारी | 'अवशिष्ट यात्रा' उपन्यासभित्र झर्रोको खोजी | १० | २०६६ | ८-१० |
| ३२ | चूडामणि रेग्मी | झटारो नेपाली आन्दोलन र यसका उपलब्धि | १० | २०६६ | ५-७ |
| ३३ | डी.आर. पोखरेल | चितवनको साहित्यिक पत्रकारिताको सङ्क्षिप्त रूपरेखा | ८ र ९ | २०६६ | ४-८ |
| ३४ | धनेश्वर भट्टराई | डी.आर.को 'पारिजातको साहित्यिक मूल्याङ्कन : एक विश्लेषण | ८ र ९ | २०६६ | ३०-३४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | नारायणप्रसाद खनाल | 'सुलोचना' को सेरोफेरोमा देवकोटाको भाषिक चिन्तन | १० | २०६६ | ११-१५ |
| ३६ | पूर्णप्रसाद अधिकारी | मोफसल साहित्यिक पत्रकारीता संगोष्ठीको संक्षिप्त समीक्षा | ८ र ९ | २०६६ | १८-२२ |
| ३७ | विष्णुप्रसाद सापकोटा | समालोचना विनाको माधवीको समालोचना | ८ र ९ | २०६६ | ९-१७ |
| ३८ | कपिलदेव लामिछाने | वैचारिक तुलिकामा ओमर खैय्याम र आनन्ददेव भट्ट | ११ | २०६८ | ४७-५६ |
| ३९ | काशीनाथ अधिकारी | राजनीतिमा आनन्ददेव भट्ट | ११ | २०६८ | १७५-१७९ |
| ४० | कृष्णप्रसाद घिमिरे | आनन्ददेव भट्टको निबन्धयात्रा र फुटकर निबन्धको समीक्षा | ११ | २०६८ | ५७-६४ |
| ४१ | खनाल मेघनाथ (बन्धु) | गुराँसलाई सुम्सुम्याँउदा | ११ | २०६८ | ६५-६९ |
| ४२ | गङ्गाप्रसाद उप्रेती | सहकार्यमा प्रतिबिम्बित आनन्ददेव भट्टको पहिचान | ११ | २०६८ | ७१-८३ |
| ४३ | घनश्याम ढकाल | आनन्ददेव भट्ट : सहकार्य र अनुभूति | ११ | २०६८ | १८१-१८४ |
| ४४ | जीवेन्द्रदेव गिरी | आनन्ददेव भट्टको '९७ सालमा जागृति र क्रान्तिको स्वर | ११ | २०६८ | ८४-९५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४५ | झाँक्रीखोले | 'पागल र हामी बौलाहाहरू' | ११ | २०६८ | ९६-१०८ |
| ४६ | तेजविलास अधिकारी | व्यवहारिक समालोचना : भट्टको वैचारिक चेतको आलोक | ११ | २०६८ | १०९-१११ |
| ४७ | देवीचरण भण्डारी (सरोज) | 'स्वतन्त्रता र कम्युनिष्टहरू' का सन्दर्भमा केही कुरा | ११ | २०६८ | ३९४-३९९ |
| ४८ | देवीप्रसाद सुवेदी | आनन्ददेव भट्टको समालोचनामार्गको रेखाङ्कन : हाम्रा प्रतिभाहरू | ११ | २०६८ | ११२-११८ |
| ४९ | धनेश्वर भट्टराई | '९७ साल' मा अभिव्यक्त चेतनाका रूपहरू : एक विश्लेषण | ११ | २०६८ | ११९-१२३ |
| ५० | नरबहादुर खाँड | राजनीतिक चेतनाको मुहान आनन्ददेव भट्ट | ११ | २०६८ | १८५-१९० |
| ५१ | पुष्करराज भट्ट | भट्टको 'नमस्कार' निबन्धमा वर्गीयता | ११ | २०६८ | १२४-१२८ |
| ५२ | पूर्णप्रसाद अधिकारी | गुरूप्रसाद मैनाली व्यक्ति र कृति : सङ्क्षिप्त आँकलन | ११ | २०६८ | १२९-१३३ |
| ५३ | भवनाथ सडौला | व्यवहारिक समालोचना : एक छोटो चर्चा | ११ | २०६८ | ३९८-३९३ |
| ५४ | भागवतशरण न्यौपाने | चियोचर्चा केही चिठीपत्रहरूको | ११ | २०६८ | ३६५-३६९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५५ | महादेव अवस्थी | आनन्ददेव भट्टको समालोचना पद्धति : प्रतिभा पहिचानका सन्दर्भमा | ११ | २०६८ | १३५-१४१ |
| ५६ | रमेश शुभेच्छु | समय साहित्य कृतिमा आनन्ददेव भट्ट | ११ | २०६८ | १४३-१४६ |
| ५७ | लक्ष्मीभक्त उपाध्याय | कमरेड भट्ट कम्युनिष्ट निर्माण गर्ने मिसिन | ११ | २०६८ | १९१-१९४ |
| ५८ | लीला उदासी | एक दिन मात्र भेटेका आनन्ददेव भट्ट | ११ | २०६८ | १९५-२०० |
| ५९ | वासुदेव अधिकारी | डायरी पठनमा देखापरेको प्रश्नचरो | ११ | २०६८ | १४७-१५१ |
| ६० | वीरबहादुर चन्द | आनन्ददेव भट्टको सर्वोत्कृष्ट कृति 'जगत्को सृष्टि र सञ्चालन प्रक्रिया' | ११ | २०६८ | १५२-१५३ |
| ६१ | विष्णुप्रसाद घिमिरे | भट्टसरको नेपाली र नेपालका अन्य भाषाहरू माझको सम्बन्धलाई नियाल्दा | ११ | २०६८ | १५४-१५९ |
| ६२ | सरोज ओली | केही आत्मपरक निबन्धहरू एक विवेचना | ११ | २०६८ | १६०-१६८ |
| ६३ | सुधा त्रिपाठी | निरन्तर क्रान्तिको एउटा नाम आनन्ददेव भट्ट | ११ | २०६८ | १६९-१७४ |
| ६४ | शान्ता मानवी | सुशीला भट्टजीसँग केही क्षण | ११ | २०६८ | ३८४-३८८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६५ | हरि सापकोटा | मेरो सम्फनामा आनन्ददेव भट्ट | ११ | २०६८ | २०१-२०३ |
| ६६ | हरिहर सबिता | भट्टसरसँगको संस्मरण प्र.ले.स. भित्र आँखा घुमाउँदा | ११ | २०६८ | ३७५-३८० |

समालोचनात्मक लेखहरुको सूचीमा हाम्रो सिर्जना पत्रिका विशेष रुपमा चर्चित छ । यस पत्रिकामा सैद्धान्तिक, प्रायोगिक, कृतिपरक, विश्लेषणात्मक तथा नवीन किसिमका समालोचनात्मक लेख-रचनाहरु प्रकाशित छन् । समालोचनात्मक लेखहरुलाई विशेष स्थान दिइएको छ । पत्रिका नै खोजमूलक तथा अनुसन्धानात्मक भएकोले समीक्षा, समालोचनालाई विशेष स्थान दिइएको छ । यस पत्रिकाको अङ्क १ देखि ११ सम्ममा छैसट्ठीवटा समालोचनात्मक लेख-रचनाहरु प्रकाशित भएका छन् । यसमा पूर्णबहादुर अधिकारीका चारवटा, नारायणप्रसाद खनालका तिनवटा, धर्म डङ्गोलका तिनवटा, धनेश्वर भट्टराईका चारवटा, डी.आर. पोखरेलका चारवटा, चूडामणि रेग्मीका दुईवटा, गणेशप्रसाद खरालका दुईवटा, भागवतशरण न्यौपानेका दुईवटा, भवनाथ सडौलाका दुईवटा, खेमनाथ कोइरालाका दुईवटा, विष्णुप्रसाद सापकोटाका दुईवटा, हरिहर सबिताका दुईवटा तथा अन्य स्रष्टाका एउटा-एउटा समालोचनात्मक लेखहरु प्रकाशित भएका छन् । यहाँ प्रकाशित समीक्षा, समालोचनात्मक लेखहरुले नेपाली साहित्यको विकासमा उल्लेखनीय टेवा पुऱ्याएको छ ।

### ३.१.५ लोकसाहित्य

**हाम्रो सिर्जना** पत्रिकाको अङ्क एकदेखि एघारौं अङ्कसम्म प्रकाशित लोकसाहित्यिक सामग्रीहरूको सूचीलाई यसप्रकार देखाइन्छ :-

| **क्र.सं.** | **रचनाकारको नाम** | **शीर्षक** | **अङ्क** | **प्रकाशन वर्ष** | **पृ.** |
|---|---|---|---|---|---|
| १. | गणेशप्रसाद खराल | थारू जनजीवनमा प्रचलित केही महत्त्वपूर्ण उखानहरू | २ | २०६२ | १३-१६ |
| २ | मोदनाथ मरहट्टा | बिलाउँदै गएको श्रव्यसाहित्य, असारे गीतका स्वरहरू | २ | २०६२ | ४६-४८ |

**हाम्रो सिर्जना** पत्रिकामा लोकसाहित्यिक लेखहरुलाई पनि स्थान दिइएको छ । यस पत्रिकाको अङ्क २, २०६२ मा गणेशप्रसाद खरालको *थारू जनजीवनमा प्रचलित केही महत्त्वपूर्ण उखानहरु* र मोदनाथ मरहट्टाको *बिलाउँदै गएको श्रव्यसाहित्य असारे गीतका स्वरहरु* गरी जम्मा दुईवटा लेखहरु प्रकाशित गरिएको छ ।

## ३.१.६ अनुवादसाहित्य, विश्वसाहित्य, भाषा, संस्कृति र पत्रसाहित्य

**हाम्रो सिर्जना** पत्रिकाको अङ्क एकदेखि एघारसम्म प्रकाशित अनुवादसाहित्य, विश्वसाहित्य, भाषा र संस्कृति, पत्रसाहित्य सम्बद्ध सामग्रीहरूको सूचीलाई यसप्रकार देखाइन्छ :-

| क्र.सं. | रचनाकारको नाम | शीर्षक | अङ्क | प्रकाशन वर्ष | पृ. |
|---|---|---|---|---|---|
| १ | कमला साँकृत्यायन | शरद साहित्यका केही नारी पात्रहरू | १ | २०६२ | ४७-५२ |
| २ | तेजेश्वरबाबु ग्वंगः | भक्तपुरका सांस्कृतिक सम्पदामा बिम्ब | २ | २०६२ | ११-१२ |
| ३ | भक्तबहादुर नेपाली | इच्छापत्र | २ | २०६२ | २०-२४ |
| ४ | गणेशप्रसाद खराल | थारू र नेपाली भाषाका केही द्वित्वशब्द | ४ | २०६३ | १७-१९ |
| ५ | बाबुराम पाण्डे | जितिया पावनीको कथा | ४ | २०६३ | ४९-५६ |
| ६ | विष्णुप्रसाद घिमिरे | चितवनका बोटे जातिको संस्कारपद्धति | ३ | २०६३ | २१-२६ |
| ७ | विष्णुप्रसाद घिमिरे | नेपालीहरूको महान चाड बडादशैं | ४ | २०६३ | ९-१० |
| ८ | विष्णुप्रसाद घिमिरे | चितवनका केही पुरातात्त्विक महत्त्वका स्थानहरू | ५ र ६ | २०६४/ २०६५ | ३६-४२ |
| ९ | विष्णुप्रसाद घिमिरे | दुर्गा पूजा : शक्ति उपासनाको प्रतीक | ७ | २०६५ | ५५-५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | बाबुराम पाण्डे | थारू समुदायका चाडपर्वहरू | ७ | २०६५ | ६०-६१ |
| ११ | गणेशप्रसाद खराल | नोन बोए के कहनी (नुन छरेको कहानी) | ८ र ९ | २०६६ | ६२ |
| १२ | गणेशप्रसाद खराल | भाषा, समाज र संस्कृति | ७ | २०६६ | ६२-६४ |
| १३ | गितु गिरी | लुम्बिनीको पुरातात्त्विक अवस्था | १० | २०६६ | १६-२४ |
| १४ | धर्मराज डङ्गोल र रूपक डङ्गोल | थारू गुराउ, परम्परागत ज्ञान र संरक्षणको बाटो | १० | २०६६ | ३५-३८ |
| १५ | विष्णुप्रसाद घिमिरे | चितवन उपत्यकाका प्रमुख जनजातिहरू | ८ र ९ | २०६६ | ३५-४० |

**हाम्रो सिर्जना** पत्रिकामा अनुवाद साहित्य, विश्वसाहित्य, भाषा संस्कृति र पत्रसाहित्य सम्बद्ध लेखहरु पनि प्रकाशित भएका छन् । यस पत्रिकाको अङ्क १ देखि ११ सम्ममा पन्ध्रवटा अनुवाद साहित्य तथा विश्वसाहित्य सम्बद्ध लेखहरु प्रकाशित भएका छन् । यस पत्रिकामा विष्णुप्रसाद घिमिरेका पाँचवटा, गणेशप्रसाद खरालका दुईवटा, बाबुराम पाण्डेका दुईवटा तथा अन्य स्रष्टाका एउटा-एउटा लेख-रचनाहरु प्रकाशित भएका छन् । यी लेखहरुले नेपाली साहित्यमा विशेष योगदान पुऱ्याएका छन् ।

### ३.१.७ कलाचर्चा, व्यक्तिव्यक्तित्व, भेटवार्ता, अन्तर्वार्ता, पाठक प्रतिक्रिया

**हाम्रो सिर्जना** पत्रिकाको अङ्क एकदेखि एघारसम्म प्रकाशित विविध सामग्रीहरूको सूचीलाई यसप्रकार देखाइएको छ :-

| क.सं. | लेखकको नाम | शीर्षक | अङ्क | प्रकाशन वर्ष | पृ. |
|---|---|---|---|---|---|
| १ | बालकृष्ण थापा | मोफसलको साहित्य ओझेलमा परेको छ, तर कमजोर छैन | २ | २०६२ | ९ |
| २ | लता ज्ञवाली | पाठक प्रतिक्रिया | २ | २०६२ | ५१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | कुन्ता शर्मा (वार्तानायक) | कुन्ता शर्मासँग भेटवार्ता | ३ | २०६३ | १९ |
| ४ | रामबाबु घिमिरे (वार्तानायक) | निबन्धकार रामबाबु घिमिरेसितको भेटवार्ता | ४ | २०६३ | २१-२३ |
| ५ | हरिहर खनाल | हाम्रो सिर्जना त्रैमासिकका लागि भाषाविद् प्रा. बालकृष्ण पोखरेलसित हरिहर खनालको अन्तरङ्ग कुराकानी | ३ | २०६३ | १०-११ |
| ६ | हाम्रो सिर्जनाको तर्फबाट | राधिका रायासित सङ्क्षिप्त भेट | ४ | २०६३ | ११ |
| ७ | दुःखी साहिँली 'संगीता' | मैले गरेको माया बेकार भो | ५ र ६ | २०६४/२०६५ | ५५-५७ |
| ८ | हाम्रो सिर्जनाको तर्फबाट | मोफसल समाचार | ५ र ६ | २०६४/२०६५ | ७१ |
| ९ | भवनाथ सडौला, केदारनाथ खनाल डीआर. पोखरेल | अवधारणा-पत्र | ७ | २०६५ | ७१-७२ |
| १० | हाम्रो सिर्जनाको तर्फबाट | हाम्रो सिर्जना त्रैमासिक पत्रिकालाई क. रोहितको अन्तर्वार्ता | ७ | २०६५ | ९-१५ |
| ११ | आनन्ददेव भट्ट | आफू पुरस्कृत भएपछि | ११ | २०६८ | ४११-४१३ |
| १२ | हरिहर खनाल | हाम्रो सिर्जना त्रैमासिकका लागि वरिष्ठ साहित्यकार श्री आनन्ददेव भट्टसित अर्का साहित्यकार हरिहर खनालले गरेको कुराकानी | ११ | २०६८ | २३-४६ |

**हाम्रो सिर्जना** पत्रिकाको अङ्क १ देखि ११ सम्ममा कलाचर्चा, व्यक्ति-व्यक्तित्व, भेटवार्ता, अन्तर्वार्ता, पाठक प्रतिक्रिया आदि स्तम्भकै रुपमा प्रकाशित भएका छन् । यस पत्रिकामा अङ्क १ देखि ११ सम्ममा बाह्रवटा यस्ता साहत्यिक लेख-रचनाहरु प्रकाशित भएका छन् । तिनीहरुमध्ये **हाम्रो सिर्जना**को तर्फबाट तिनवटा, हरिहर खनालका दुईवटा तथा अन्य स्रष्टाका एउटा-एउटा लेख-रचनाहरु रहेका छन् । यस्ता साहित्यिक सांस्कृतिक लेखहरुले नेपाली साहित्यको विकासमा टेवा पुगेको छ ।

### ३.१.८ सम्पादकीय

**हाम्रो सिर्जना** पत्रिकामा अङ्क एकदेखि एघारसम्म विभिन्न सम्पादकीय लेखहरूले **हाम्रो सिर्जना** त्रैमासिक पत्रिकाको लक्ष्य तथा उद्देश्यका बारेमा प्रस्ट पार्ने काम गरेका छन् । वरिष्ठ साहित्यकार एवं पत्रकार डी.आर. पोखरेलले सम्पादकीयमा विविध साहित्यिक जानकारी दिएका छन् । यस पत्रिकाका विभिन्न अङ्कमा लेखिएका यस्ता सन्दर्भलाई प्रकाशनको क्रमअनुसार तल उल्लेख गरिएको छ :-

| क्र.सं. | शीर्षक | अङ्क | प्रकाशन वर्ष | पृ. |
|---|---|---|---|---|
| १ | सिर्जना सुन्दर हुन्छ | १ | २०६२ | ख |
| २ | वर्तमानको आवश्यकता : सिर्जनशील एकता | २ | २०६२ | ख |
| ३ | सङ्घर्ष र सिर्जना | ३ | २०६३ | ख |
| ४ | सम्पादकीय | ४ | २०६३ | ख |
| ५ | सम्पादकीय | ५ र ६ | २०६४/२०६५ | ख |
| ६ | मोफसलका आवाजहरू | ७ | २०६५ | २ |
| ७ | मोफसलको साहित्य | ८ र ९ | २०६६ | २ |
| ८ | साहित्यिक क्षेत्रको यो अवस्था | १० | २०६६ | २ |
| ९ | सम्पादकीय | ११ | २०६८ | च-छ |

साहित्यिक पत्रिका **हाम्रो सिर्जना**को प्रत्येक अङ्कमा सम्पादकीय लेखहरु रहेका छन् । **हाम्रो सिर्जना**को अङ्क ४, ५, ६ र ११ मा *सम्पादकीय* शीर्षकमा र अङ्क एकमा *सिर्जना सुन्दर हुन्छ,* अङ्क दुईमा *वर्तमानको आवश्यकता सिर्जनशील एकता,* अङ्क तीनमा *सङ्घर्ष र सिर्जना,* अङ्क सातमा *मोफसलका आवाजहरु,* अङ्क आठ र नौमा *मोफसलको साहित्य*

तथा अङ्क दशमा *साहित्यिक क्षेत्रको यो अवस्था* शीर्षकमा सम्पादकीय लेख-रचनाहरु प्रकाशित गरिएको छ । सम्पादकीय लेखहरुले पत्रिकाको कुशल सुरुवात गरेको पाइन्छ ।

## ३.१.९ सम्पादकहरूको विवरणात्मक सूची

**हाम्रो सिर्जना** त्रैमासिक पत्रिकाको अङ्क एकदेखि अङ्क एघारसम्म प्रकाशित यस पत्रिकाको सम्पादन व्यवस्थामा लगभग एकरूपता नै देखिन्छ । अङ्क एघार २०६८ सम्म **हाम्रो सिर्जना** त्रैमासिक पत्रिकाको प्रधानसम्पादकमा गणेशप्रसाद खराल रहेका छन् । यसै गरी सह-सम्पादकमा विष्णुप्रसाद घिमिरे रहेका छन् । यसको सम्पादक/प्रकाशकमा वरिष्ठ साहित्यका तथा पत्रकार डी.आर. पोखरेलले गरेका छन् । यसको सम्पादन, व्यवस्थापन आदिको सम्पूर्ण विवरणात्मक सूची यहाँ उल्लेख गरिएको छ ।

### ३.१.९.१ प्रधान सम्पादक

पुस्तक वा पत्रपत्रिकाको व्यवस्थित ढङ्गले सम्पादन गर्न तयार गरिएको व्यक्ति वा समूहलाई सम्पादक भनिन्छ । सम्पादकहरुको प्रमुखलाई प्रधान सम्पादक भनिन्छ । प्रधान सम्पादकले कुनै पनि पुस्तक वा पत्रपत्रिकाहरुको प्रकाशन व्यवस्था सामग्री उपलब्ध गराउने, उपलब्ध सामग्रीमध्ये कुन सामग्रीको प्रकाशन गर्ने भन्ने कार्य गर्दछ । **हाम्रो सिर्जना** त्रैमासिक पत्रिकाको अङ्क एकदेखि एघार अङ्कसम्मका प्रकाशित पत्रिकाहरूमा प्रधान-सम्पादकमा गणेशप्रसाद खराल रहेका छन् ।

### ३.१.९.२ सह-सम्पादक

**हाम्रो सिर्जना** त्रैमासिक पत्रिकाको अङ्क एकदेखि अङ्क एघारसम्मका प्रकाशित पत्रिकाहरूमा सह-सम्पादकमा विष्णुप्रसाद घिमिरे रहेका छन् ।

### ३.१.९.३ सम्पादक/प्रकाशक

**हाम्रो सिर्जना** त्रैमासिक पत्रिकाको अङ्क एकदेखि अङ्क एघारसम्मका प्रकाशित पत्रिकाहरूमा सम्पादक/प्रकाशकमा डी.आर. पोखरेल रहेका छन् ।

### ३.१.३.४ व्यवस्थापक

साहित्यिक पत्रिकाको प्रकाशन पश्चात् पाठकसामु पुऱ्याउन बजारसँग समन्वय गराउने व्यक्ति, समूह वा संस्थालाई व्यवस्थापक भनिन्छ । **हाम्रो सिर्जना** पत्रिकाको अङ्क एकदेखि एघारसम्मका व्यवस्थापकहरु यसप्रकार रहेका छन् :-

| क्र.सं. | व्यवस्थापकको नाम | वर्ष | अङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १. | गोपी श्रेष्ठ (वितरक) सविता बुक स्टल | १ | १ | २०६२ |
| २ | गोपी श्रेष्ठ (वितरक) सविता बुक स्टल | १ | २ | २०६३ |
| ३ | गोपी श्रेष्ठ (वितरक) सविता बुक स्टल | २ | ३ | २०६३ |
| ४ | बाबुराम पाण्डे | २ | ४ | २०६३ |
| ५ | श्रीमती लक्ष्मी पोखरेल | ३ | ५ र ६ | २०६४/२०६५ |
| ६ | बाबुराम पाण्डे | ४ | ७ | २०६५ |
| ७ | श्रीमती लक्ष्मी पोखरेल | ५ | ८ र ९ | २०६६ |
| ८ | बाबुराम पाण्डे | ५ | १० | २०६६ |
| ९ | श्रीमती लक्ष्मी पोखरेल | ७ | ११ | २०६८ |

**हाम्रो सिर्जना** पत्रिकाको व्यवस्थापकहरुमा अङ्क एकदेखि तीनसम्म गोपी श्रेष्ठ (वितरक) सबिता बुक स्टल रहेका छन् भने अङ्क चारदेखि एघारसम्म बाबुराम पाण्डे र लक्ष्मी पोखरेल रहेका छन् । कुशल व्यवस्थापनले मात्र आर्थिक रुपमा पत्रिकालाई सम्पन्न र संस्थागत गर्न सकिन्छ ।

### ३.१.९.५ सल्लाहकार

पत्रपत्रिकाको प्रकाशनदेखि व्यवस्थापनसम्म आइपुग्दा र पाठकसामु पुग्दा समेत पत्रिकाका सम्बन्धमा एउटा अभिभावकको भूमिका निर्वाह गर्न तयार गरिएको व्यक्ति वा समूहलाई सल्लाहकार वा सल्लाहकार समिति भनिन्छ । **हाम्रो सिर्जना** पत्रिकाको अङ्क एकदेखि एघारसम्मका सल्लाहकारहरु यसप्रकार रहेका छन् :-

| क्र.सं. | सल्लाहकारको नाम | वर्ष | अङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १. | धर्म डंगोल | १ | १ | २०६२ |
| २ | लीलानाथ सुवेदी | १ | २ | २०६३ |

| | | | | |
|---|---|---|---|---|
| ३ | हरिहर खनाल | २ | ३ | २०६३ |
| ४ | धर्म डंगोल | २ | ४ | २०६३ |
| ५ | लीलानाथ सुवेदी | ३ | ५ र ६ | २०६४/२०६५ |
| ६ | हरिहर खनाल | ४ | ७ | २०६५ |
| ७ | धर्म डंगोल | ५ | ८ र ९ | २०६६ |
| ८ | लीलानाथ सुवेदी | ५ | १० | २०६६ |
| ९ | चूडामणि रेग्मी | ७ | ११ | २०६८ |
| | धर्म डङ्गोल | | | |
| | मोदनाथ प्रश्रित | | | |
| | लीलानाथ सुवेदी | | | |
| | हरिहर खनाल | | | |

**हाम्रो सिर्जना** पत्रिकाको अङ्क एकदेखि दससम्मका सल्लाहकारहरुमा धर्म डङ्गोल, लीलानाथ सुवेदी र हरिहर खनाल रहेका छन् । एघारौं अङ्कमा चूडामणि रेग्मी र मोदनाथ प्रश्रित सल्लाहकारमा थपिनु भएको छ । यसरी पत्रिकालाई सही मार्ग डोहोऱ्याउन सल्लाहकारहरुले ठूलै भूमिका खेलेको पाइन्छ ।

## ३.१.१० हाम्रो सिर्जना अनुसन्धानमूलक साहित्यिक-सांस्कृति त्रैमासिक पत्रिकाको एघारौं अङ्कका सल्लाहकार, सम्पादक, व्यवस्थापक आदिको विवरण

**हाम्रो सिर्जना** पत्रिकाले एघारौं अङ्क आनन्ददेव भट्ट विशेषाङ्कको रुपमा प्रकाशन गरेको छ । यस अङ्कको छुट्टै महत्त्व र विशेषता रहेको छ । वरिष्ठ साहित्यकार, शिक्षाविद् एवं राजनीतिज्ञ भट्टको उच्च मूल्याङ्कन गर्दै यो अङ्क प्रकाशन गरिएको छ । यस विशेषाङ्क प्रकाशनको लागि सल्लाहकार, सम्पादक, व्यवस्थापक आदि यसप्रकार रहेका छन् :-

सल्लाहकार

चूडामणि रेग्मी
धर्म डङ्गोल
मोदनाथ प्रश्रित
लीलानाथ सुवेदी
हरिहर खनाल

प्रधान सम्पादक

गणेशप्रसाद खराल

अतिथि सम्पादक

नारायणप्रसाद खनाल

सह-सम्पादक

विष्णुप्रसाद घिमिरे

उप-सम्पादक

भवनाथ सडौला

सहायक सम्पादक

धनेश्वर भट्टराई

सम्पादक/प्रकाशक

डी.आर. पोखरेल

व्यवस्थापक

बाबुराम पाण्डे

श्रीमती लक्ष्मी पोखरेल

शुद्धाशुद्धि

अभि भण्डारी

एघारौं अङ्कका सल्लाहकारमा अन्य अङ्कमा भन्दा दुई सदस्यीय थप गरी पाँच सदस्यीय सल्लाहकार समूह रहेका छन् । प्रधान सम्पादक गणेशप्रसाद खराल रहेका छन् भने अतिथि सम्पादकमा नारायणप्रसाद खनाल, उप-सम्पादक भवनाथ सडौला तथा सहायक सम्पादक धनेश्वर भट्टराई रहेका छन् । पत्रिकाको कुशल प्रकाशन र लेख रचनाहरुको स्तरीय निर्धारण तथा छनौटमा सम्पादकको उल्लेखनीय भूमिका रहने भएकोले र सम्पादक/प्रकाशक डी.आर. पोखरेलको लगनशीलताले गर्दा यस पत्रिकाको महिमा तथा आवश्यकता दिनानुदिन बढ्दै गइरहेको महशुस गरिएको छ ।

## ३.२ निष्कर्ष

**हाम्रो सिर्जना** चितवनबाट वि.सं. २०६२ सालदेखि प्रकाशित हुन थालेको विशुद्ध अनुसन्धानमूलक साहित्यिक-सांस्कृतिक त्रैमासिक पत्रिका हो । प्रकाशनकालदेखि नै यस पत्रिकाले साहित्यका विविध विधाहरूमा लेख-रचना प्रकाशित गरी नेपाली साहित्यको उत्थानमा टेवा पुऱ्याउँदै आएको छ । अङ्क एकदेखि एघारसम्ममा आइपुग्दा **हाम्रो सिर्जना** पत्रिकाका विभिन्न अङ्कहरूमा साहित्यका विविध विधाहरू कविता, गीत, गजल, निबन्ध, कथा, समालोचना, लोकसाहित्य, कलाचर्चा, विश्वसाहित्य, अन्तर्वार्ता आदिका सम्पूर्ण

सामग्रीहरूलाई वर्णानुक्रममा व्यक्त गरिएको छ । त्यहाँ राखिएका ती सामग्रीहरूको समालोचना, कथा, लघुकथा, लेख, निबन्ध, संस्मरण, विचार, समीक्षा, पुस्तक परिचय, लोकसाहित्य, अनुवाद साहित्य, विश्वसाहित्य, भाषा संस्कृति, पत्र साहित्य, कलाचर्चा, व्यक्ति-व्यक्तित्व, भेटवार्ता, अन्तर्वार्ता, पाठक प्रतिक्रिया, सम्पादकीय समेत प्रत्येकको बेग्लाबेग्लै खण्डमा चर्चा गरिएको छ ।

**हाम्रो सिर्जना** पत्रिकामा अङ्क एकदेखि एघारसम्ममा विभिन्न राष्ट्रिय, क्षेत्रीय तथा नवप्रतिभाहरूका उनान्साठीवटा कविताहरू प्रकाशित गरिएका छन् । यस पत्रिकामा प्रकाशित कविताहरू देशप्रेम, प्रकृतिप्रेम, व्यङ्ग्य, राष्ट्रवादी भावना आदिले भरिएका छन् । यस पत्रिकाको अङ्क एकदेखि एघारसम्ममा आइपुग्दा विभिन्न कथाकारका सत्रवटा कथा, लघुकथाहरू प्रकाशित छन् । यसै गरी कथाकारका सत्रवटा कथा, लघुकथाहरू प्रकाशित छन् । यसै गरी सतहत्तरवटा लेख, निबन्ध, संस्मरण, विचार जस्ता लेख रचनाहरू प्रकाशित छन् । अङ्क एकदेखि एघारसम्ममा सतसट्ठीवटा समालोचना, समीक्षा, पुस्तक परिचय जस्ता समालोचनात्मक लेख रचनाहरू प्रकाशित छन् । **हाम्रो सिर्जना** अनुसन्धानमूलक साहित्यिक-सांस्कृतिक त्रैमासिक पत्रिका भएकोले शोधखोज तथा समीक्षा, समालोचनात्मक लेख रचनाहरू विशेष महत्त्वका साथ प्रकाशन गरिँदै आएको छ ।

**हाम्रो सिर्जना** पत्रिकाको अङ्क २, २०६२ को पृष्ठ १३-१६ मा र अङ्क २, २०६२ को पृष्ठ ४६-४८ मा थारू जनजीवनमा प्रचलित केही महत्वपूर्ण उखानहरू लेखक गणेशप्रसाद खराल र बिलाउँदै गएको श्रव्यसाहित्य, असारे गीतका स्वरहरू मोदनाथ मरहट्टाद्वारा लिखित लोकसाहित्यिक लेख प्रकाशित छन् । यसै पत्रिकामा कलाचर्चा, व्यक्ति-व्यक्तित्व, भेटवार्ता, अन्तर्वार्ता, पाठक प्रतिक्रिया आदि सामग्रीहरूको उल्लेख गरिएको छ । प्रत्येक अङ्कका सम्पादकीय लेखहरूको सूची तय गरिएको छ । सम्पादकहरूको विवरणात्मक सूचीमा प्रधान सम्पादक, सहसम्पादक, सम्पादक/प्रकाशक, व्यवस्थापक, सल्लाहकार आदि सबैको नामावली प्रत्येक अङ्क र वर्षअनुसार उल्लेख गरिएको छ । अङ्क एघारका सल्लाहकार, सम्पादक, व्यवस्थापक आदिको अलग्गै उल्लेख गरिएको छ । एघारौं अङ्कका समालोचक नारायप्रसाद खनाल अतिथि सम्पादकको रूपमा रहेका छन् ।

यसरी **हाम्रो सिर्जना** पत्रिकाको अङ्क १, २०६२ देखि अङ्क ११, २०६८ सम्ममा आइपुग्दा प्रकाशित साहित्यका विभिन्न विधाका लेख रचनाहरू के कति छन् ती सबैको एकिन गरिएको छ ।

# परिच्छेद : चार

# हाम्रो सिर्जना पत्रिकामा प्रकाशित रचनाहरूको विश्लेषण

# परिच्छेद : चार

# हाम्रो सिर्जना पत्रिकामा प्रकाशित रचनाहरूको विश्लेषण

## ४.१ हाम्रो सिर्जना पत्रिकामा प्रकाशित कविताहरूको विश्लेषण

**हाम्रो सिर्जना** पत्रिकामा अङ्क एक २०६२ देखि अङ्क एघार २०६८ सम्ममा प्रकाशित कविता, गीत, गजलहरूको चर्चा गरिएको छ, जस अन्तर्गत विभिन्न शीर्षक तथा उपशीर्षकहरू रहेको छ । विषय प्रवेशमा कविताको शाब्दिक अर्थ र कविताको परिचय गराइएको छ । अन्य शीर्षकहरू कविताको वस्तुविश्लेषण, कविताको भाषाशैलीय विश्लेषण र निष्कर्ष रहेका छन् । कविताको वस्तु विश्लेषण शीर्षकमा **हाम्रो सिर्जना** पत्रिकामा अङ्क एकदेखि एघार अङ्कसम्ममा प्रकाशित सबै कविता, गजल, मुक्तक, गीत आदिको सङ्क्षिप्त चर्चा गरिएको छ ।

### ४.१.१ विषय प्रवेश

कवि शब्द वर्णन गर्नु भन्ने अर्थ बुझाउने **'कव्'** धातुमा **'इ' (इन्)** प्रत्यय वा **'कु'** धातुमा 'अ' (अव्) 'इ' प्रत्यय लागेर बनेको हो । साहित्यका विभिन्न विधामध्ये कविता विधा एक पुरानो विधा हो । यस शब्दले काव्य सिर्जना गर्ने व्यक्तिलाई पनि बुझाउँछ । मानव सभ्यताको विकासक्रममा भाषाको सम्प्राप्तिसँगै प्राचीन लोकगीत, लोकगाथा र गाथाचक्रका क्रमिक शृङ्खला हुँदै कविताको प्रारूप विकसित भएको हो । भाषिक श्रव्य-शृङ्खला हुँदै कविताको प्रारूप विकसित भएको हो । भाषिक श्रव्यकलाका रूपमा गीतगाथा मार्फत कविताको प्रारूप जन्म भएको मानिन्छ ।[१] पूर्वीय साहित्यमा सर्वप्रथम भरतमुनिले कविताको परिभाषा दिएका छन् । उनका अनुसार- गूढशब्दार्थहीन कोमल र ललित विन्यासयुक्त सुबोध, सङ्गीतात्मक र रसात्मक रचना नै काव्य हो ।[२] अरिस्टोटलले- आदर्शको प्रतिनिधित्व रूप कविता हो भनेका छन् ।[३] मानवीय संवेदनालाई सशक्त बनाउने

---

[१] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) **नेपाली कविता** भाग ४, ललितपुर : साझा प्रकाशन, २०४६, पृ. १-४ ।

[२] खगेन्द्रप्रसाद लुइटेल र अन्य, **नेपाली कवि र कविता,** काठमाडौं : विभुञ्जभु प्रकाशन, २०५८, पृ. ३ ।

[३] पूर्ववत्, पृ. ३-४ ।

कविताविधाका आधारभूत अभिलक्षणलाई मोटामोटी लयात्मक अन्तर्विकास, विधागत आयामविस्तार र धारा परिवर्तनजस्ता पक्षहरू रहेको देखिन्छ ।[४]

नेपाली कविताका सन्दर्भमा कवि सुवानन्ददासद्वारा लेखिएको 'पृथ्वीनारायण शाह' शीर्षकको कविता नै नेपालीको हालसम्मको प्राप्त पहिलो कविता हो ।'[५] वर्तमान अवस्थामा नेपाली कविताले झन्डै साढे दुई शताब्दी लामो यात्रा पार गरिसकेको छ । विभिन्न युग, मोड र धाराहरूलाई छिचोलेर यसले वर्तमान आधुनिक समसामयिक युगमा प्रवेश गरेको छ ।

कविले मनको भाव कविताका माध्यमद्वारा व्यक्त गर्दछ । उसले फुटकर कविताका माध्यमबाट सर्वप्रथम पत्रिकामार्फत आफ्ना अभिव्यक्ति प्रकाशन गर्दछ । यस दृष्टिले साहित्यमा पत्र-पत्रिकाको योगदान अत्यन्त महत्त्वपूर्ण देखिन्छ । कविता प्रकाशन गर्ने क्रममा **हाम्रो सिर्जना** त्रैमासिक पत्रिकाले नेपाली साहित्यलाई ठूलो गुन लगाएको छ । पहिलो अङ्क २०६२ बाट नै कविताहरू प्रकाशन हुन थालेर २०६८ सालसम्म नै यस पत्रिकामा कविताहरू प्रकाशित छन् । यस अवधिमा प्रतीकात्मक संरचनामा लेखिएका साठीवटा फुटकर कविता, गीत, गजलहरू प्रकाशित भएका छन् । देश अस्थिर राजनैतिक अवस्थामा गुज्रिएकोले त्यस समयमा लेखिएका कविताहरूमा तत्कालिन परिस्थितिको चित्रण पाइएको छ । यसमा रहेका विशेष कविताहरूमा पूर्णबहादुर अधिकारीको *यात्रारत जङ्गेपिलरहरू,* बालकृष्ण थापाको *निम्तो,* गिरिजा अधिकारीको *म यथार्थ लेख्छु,* रामशरण *प्रयासको युगको आह्वान,* बाबुराम पाण्डेको *आमाको नाममा शिविरबाट छोराको चिठी,* केशवराज आमोदीको *आजको परिवेश र मेरो परिधि,* भानुभक्त पौडेलको *म पढाउँछु,* सामना पहाडको *लेखिन बाँकी हामी,* ईश्वरी ओझाको *ओर्लन्छु सुस्तातिर,* रामहरि श्रेष्ठको *नवीन नेपाल,* श्यामबहादुर भावुकको *जुम्लाका आनन्ददेव भट्ट जस्ता* कविताहरू प्रभावपूर्ण छन् । यहाँ भएका कवितामा सरलताको चित्रण मानवीय प्रवृत्तिको रहस्य उद्घाटन, राष्ट्रियताबोधको अभिव्यक्ति, मानवीय पीडा, व्यथा, मातृभूमिप्रतिको अगाध प्रेमको अभिव्यक्ति आदि रहेका छन् भने भ्रष्ट नेताको चरित्रचित्रण, असल व्यक्तिको चर्चा तथा जहाँतहीँ मानवताको तिलाञ्जलि दिइएकाले अस्मिताको खोजी गर्नुपर्ने जस्ता कुराहरू पनि व्यक्त गरिएका छन् ।

---

[४] मुक्तराज उपाध्याय, **नेपाली साहित्यमा अभिव्यक्ति पत्रिकाको योगदान,** काठमाडौं : अभिव्यक्ति छापाखाना, २०५१, पृ. ३१ ।

[५] ऐजन ।

## ४.१.२ कविताको वस्तुविश्लेषण

**हाम्रो सिर्जना** पत्रिकामा विविध भाव र विषयवस्तुका कविताहरू छन् । तिनमा अनन्त मुस्कानको **गजल** (वर्ष २, अङ्क ३, २०६३) शीर्षकको गजलमा गरिखाने दुई हात भएकोले कसैको निगाह नचाहिने र आफ्नै पराले छाप्रो भएकोले कसैको गगनचुम्बी महल नचाहिने कुरा व्यक्त गरिएको छ । उक्त गजलमा दुःख कर्म गरी नङ्ग्रा खियाउनेलाई कसैको बिगाह/हेक्टर जग्गा नचाहेर आफ्नै केही फोगटाहरू नै काफी भएको कुरा मार्मिक ढङ्गमा व्यक्त गरिएको छ । त्यस्तै अष्टदेव खनालको *फेरि आयो वसन्त* (अङ्क ५ र ६, २०६४/०६५) शीर्षकको कवितामा सरर हावा चल्दै, पुष्पराज फुल्दै, चहुर हरियो बन्दै, लालीगुराँस फुल्दै र माहुरीको भुन-भुनसँगै घुम्दै फिर्दै धरणी तलमा फेरि वसन्त आएको कुरा व्यक्त गरिएको छ । त्यसरी नै ईश्वरी ओझाको *कविवर तिम्रो सपना* कवितामा कविवर गोपालप्रसाद रिमालको भविष्यवाणी सत्य साबित हुन पुगेको कुरालाई वर्तमान नेपालको परिवेशसँग तुलना गरिएको छ । नेपाली आमाका सन्तानहरू जो नेपालका रोल्पा, रुकुम जस्ता विकट र द्वन्द्वग्रस्त क्षेत्रमा बसेका छन्, जो हुकुमी शासकको रूपमा छोटे राजा बन्दैछन् ती सबैको सत्यमा साथ र असत्यमा घात गर्दै कवि रिमालको सपना साकार भएको कुरालाई सुगठित रूपमा व्याख्या गरिएको छ । त्यस्तै उनकै *ओर्लन्छु, सुस्तातिर* (अङ्क ८ र ९, २०६६) देशभक्ति भावले भरिपूर्ण भएको कविता हो । यस कवितामा कवि ओझाबाट सुस्तामाथिको भारतीय मिचाहा र हेपाहा प्रवृत्तिको व्यवहारलाई नेपालीहरूले सहन सक्दैनन् भनी दुःखेसो पोख्दै देशभक्तिले सबैलाई पूर्ण गराएर त्यस्ता हेपाहा तथा मिचाहाको अत्याचारको भण्डाफोर गर्न आफू सुस्तातिर ओर्लेको र श्रोता-पाठकले के हेरेर बस्दै छन् भन्ने प्रश्न राख्दै सबैलाई राष्ट्रप्रेमको भावनाले ओतप्रोत गराएको छ ।

कपिल अज्ञातको मुक्तक (वर्ष ४, अङ्क २, पूर्णाङ्क १०, २०६६) मा *सिर्जना* र *डर* गरी दुईवटा मुक्तकहरू छन् । *सिर्जना* मुक्तकमा कल्पनाको भरमा र शब्दको रटानमा मात्र संविधान नबन्ने र संविधानमा रहेका शब्दले मात्र के गर्न सक्छ भनी सिर्जनात्मक कार्य गर्न सबैलाई आग्रह गरिएको छ । उनकै मुक्तक *डर*मा विश्वासघाती र छलकपट गर्नेको कुनै भर नभएझैं सत्पथको यात्रीलाई अँध्यारो तथा भूतप्रेतको, त के कुरा ईश्वरकै पनि डर नहुने कुराको चर्चा गरिएको छ । त्यस्तै किसानप्रेमीको *गजल* (वर्ष ४, अङ्क २, पूर्णाङ्क ४, २०६३) मा स्वाभीमानीहरू आफ्नो छातीभरि नेपाल बोकेर बाटो खोज्दैछन् भने जाली, फटाहा, नरपिपासुहरू यहाँ सोझा, गरीब तथा लाटा नेपालीहरू फँसाउन खोज्दैछन् भन्ने

कुरा व्यङ्ग्यात्मक रूपमा उल्लेख गरिएको छ । त्यसै गरी के.पी. ढकालको *एकता नै बल हो* (वर्ष २, अङ्क २, पूर्णाङ्क ४, २०६३) शीर्षकको कवितामा शान्तिको सुख दीप सधैँ बाली रहेर जनताका माझ एकता बज्रझैँ कसिलो बन्दै जान सके नेपालीबीचको सद्भाव बढ्दै जाने र त्यस्तो एकताको सुनामीलाई कसैले पनि रोक्न नसक्ने हुनाले सबै सधैं एकताको सूत्रमा बाँधिन आग्रह गरिएको छ ।

केशवराज आमोदीको *आजको परिवेश र मेरो परिधि* (अङ्क ५ र ६, २०६४/०६५) कवितामा जताततै कथित छुटको नाममा लुट, सफाको नाम बेचेर फोहर, नैतिक आदर्शको भजन रटेर चरम शोषण एवं जहाँतहीँ कालैकालोले घेरिएको कुरा व्यक्त गरिएको छ । उनकै गजल (अङ्क-३, वर्ष २, २०६३) मा मानिस मानिसबाटै असुरक्षित भएको, साँढेको जुधाइको मार बाच्छाले खेप्नुपरेको र साधु स्वयं चोरको सिको गरिरहेकोले जताततै असुरक्षा, अन्याय, अत्याचार, चोरी, डकैती, हत्या, हिंसा आदि बढ्दै गएको कुरा प्रस्तुत गजलमा उल्लेख गरिएको छ । त्यसै गरी कवि कृष्ण सुवेदी 'निराकार' (वर्ष ४, अङ्क २, पूर्णाङ्क १०, २०६६) मा *जुन जोगी आए पनि कानै चिरिएका* कवितामा नेपालमा परिवर्तनको नाममा आन्दोलन भयो, लोकतन्त्र आयो, संविधान सभाको चुनाव भयो, पुरानो नेपाल आयो, नयाँ नेपाल भयो, पहिले जस्तै चक्काजाम, असुरक्षा, अशान्ति, बाटो बन्द, आर्थिक मन्दी, लोडसेडिङ्ग आदिले गर्दा देशमा जो कोही सत्तामा पुगे पनि केही परिवर्तन नहुने र निहित स्वार्थमा केन्द्रित रहने भएकोले 'जुन जोगी आए पनि कानै चिरेका' उखान सत्यसाबित हुने गरी व्याख्या गरिएको छ ।

कृष्णा क्षेत्रीको *म बाँच्न खोज्दैछु* (वर्ष ४, अङ्क २, पूर्णाङ्क १०) मा समयको प्रचण्ड आँधीले हुऱ्याउन खोज्दा पनि आफूले हार्न जान्दै नजानेको, सङ्घर्षका अनेकन घात-प्रतिघातले पनि आफू नतर्केको, इतिहास आफैसँग नफर्केको र अझै वसन्त भै आफू बाँच्न खोजेको भाव व्यक्त गरिएको छ । त्यसरी नै पदमपोखरी-४, मकवानपुरका गिरिजा अधिकारीको गद्यलयमा लेखिएको *म यथार्थ लेख्छु* (अङ्क ३, वर्ष २, २०६३) मा दुःखमा आत्तिएर र सुखमा मात्तिएर आफूले रचना गर्न नसकेको अनि काल्पनिक किंवदन्तीमा र मनगढन्ते आकासे गगनचुम्बी महलहरूको महत्त्वाकाङ्क्षी हावादारी गफ नलेखेर आफ्ना झुपडीहरूको बारेमा लेखेर स्वयं खरो यथार्थ लेखिरहेको भाव प्रस्तुत कवितामा उल्लेख गरिएको छ । कवि अधिकारीको यस कवितामा सङ्घर्षीका सङ्घर्ष लेख्ने, घायलका चोटका बारेमा लेख्ने, विधवाको आँसुको बारेमा लेख्ने, बालकको चित्कार लेख्ने, कसैको चुल्हो नबले

बलेन भनेर लेख्ने र कसैले नेपाली एवं समस्त प्राणीमात्रलाई हेपे भने 'सावधान' भनेर लेख्ने तथा यथार्थ र वस्तुपरक कुराहरूमात्र आफ्नो रचनाको मूल आधार बनाउने कुरा व्यक्त गरिएको छ । त्यसै गरी गोविन्दराज विनोदीको आनन्ददेव भट्टज्यूप्रति (पूर्णाङ्क ११, २०६८, आनन्ददेव भट्ट अभिनन्दन अङ्क) मा कवि विनोदीले आनन्ददेव भट्ट एक अथक साधक, भाषासेवी, समाजसेवी, राजनीतिज्ञ, अध्येता, अध्यापक, मिठो बोल्ने, आलोचक-समालोचक तथा एक सबल राष्ट्रप्रेमी व्यक्तित्वको रूपमा चित्रित गर्दै भट्टसरकै गुणगान गाइएको छ ।

कवि विनोदीकै *मान्छेहरू* (वर्ष ४, अङ्क २, पूर्णाङ्क १०, २०६६) मा मानिसहरूको गलत तौर-तरिकाको व्याख्या गरिएको छ । वर्तमानका सभ्य तथा विकसित भनिएको मानिसबाटै बेथिती जन्मिएर हुर्किएको र त्यस्तो बेथितीले संसारै ढाक्न लागेको कुरा व्यक्त गरिएको छ । मान्छेहरू आफै पकाएर आफूचाहिँ डकार्ने गरी पुनःपुनः खान्छन् तर भोकाएकाहरू खानै नपाई भोकै फर्किन्छन् । यहाँको रीत र जीवनप्रति नै उल्टो भएको कुरामा कवि आमोदी दुःखी भएको र मान्छेको अहङ्कारवाद सोचबाट टाढा रहनेभन्दा त्यसैको अनुसरण गरेको कुरा यस कवितामा व्यक्त गरिएको छ । त्यसै गरी गोर्खे साइँलोको *गजल* (अङ्क ७, २०६५) मा कवि विकट हिमाली नयाँ पहाडी भू-धरातलमा जन्मिएर त्यहीँको माटोमा उभिएका खाद्यपदार्थ खाएर हुर्किएको बढेको कुरा उल्लेख गरिएको छ । उनको गजलमा पाखा र पखेरो नाच्दै सिन्कीको अनि ढिँडोको भरमा बाँचेको कुरा उल्लेख गरिएको छ । हिमाली तथा विकट पहाडी भू-बनोट भएको ठाउँमा बसोबास गर्नेहरूको जीवनशैलीको रोचक ढङ्गमा उल्लेख गरिएको छ ।

गङ्गा अभिलाषी गहतराजको *वेदना* (वर्ष ४, अङ्क २, पूर्णाङ्क १०, २०६६) कवितामा कवि अभिलाषीबाट अति धेरै माया र सद्भाव व्यक्त गर्दा पनि निष्ठुरी मायालुले त्यसको कुनै पर्वाहै नगरी बेवास्ता गरेकोमा यस कवितामार्फत् आफ्नो मनको बह गद्यशैलीमा प्रस्तुत गरिएको छ । उक्त कवितामा कवि धेरै सहनशील, आफ्नी मायालुको निम्ति सदा त्यागी र अनुकूल वातावरणको तयारीमा लागेको तर उनी निष्ठुरी बनेको र एकदिन कविको सच्चाप्रेम र स्वच्छन्द विचारलाई बुझेर अवश्य चिन्नेछौं र मेरो भावनाको कदर गर्नेछौ भन्ने मनोभाव व्यक्त गरिएको छ । त्यसै गरी चुमरेको *तिमीलाई सलाम* (वर्ष २, अङ्क २, पूर्णाङ्क ४, २०६३) मा एक महान् व्यक्तित्व झापाका द्रोणाचार्यको निधनमा व्यक्त गरिएको समवेदनामा कविले मृतात्माको चिरशान्तिको कामना गर्दै समस्त शवयात्री, मृतकका परिवारजन एवम् आफन्तजन र सबैजनहरूप्रति धैर्यधारणा गर्ने शक्ति मिलोस् भन्ने

कामना गरिएको छ । चेतकान्त चापागाईंको *सन्काहा साँढे* (वर्ष २, अङ्क २, पूर्णाङ्क ४, २०६३) मा मात्तिएर हिँडेको सन्काहा साँढेले गर्ने र गर्न सक्ने उपद्रोहरूको उल्लेख गर्दै त्यसबाट बँच्न सबैलाई आग्रह गरिएको छ । साँढेले खेती देख्नै हुँदैन, चौथाइ खान्छ भने बाँकी खुरले खोस्रेर तथा सिङ्ले उधिनेर फाल्छ । खेतबारीको बोटबिरुवा मासेर नाङ्गै बनाइदिन्छ । यसरी सन्काहा साँढेको अत्याचारीबाट बच्न र त्यसलाई तह लगाउन प्रस्तुत कवितामा सबैसँग आग्रह गरिएको छ । उनकै *नववर्ष पनि* (वर्ष एक, अङ्क १, २०६२) मा पुरानो वर्षको विभिन्न पीडाको अनुभव व्यक्त गर्दै ती अतीतका समस्याहरू र वेदनाहरूलाई नववर्षले कुल्चिएर फाल्न र बगाउन किन सक्दैन भन्ने भाव व्यक्त गरिएको छ । सारा जीवनका उषा सुमधुर विषालु बन्दै गएका छन् । आफ्नै अनुहार आज दिलका वैरी स्वरूप भएका र आँसुले कति दिन नुहाउनु, गला रेटेर जा भनिएको छ । त्यस्तै ढाकाराम लामिछानेको गजल (अङ्क ८ र ९, २०६६) मा हातका रेखाहरू भेटिएर पनि संयोगले मान्छे भएको रगतको टाटा नभएर तिमीले नपत्याएको तथा भित्रभित्र जलेर भत्भती पोलेर पनि बाहिर सित्तल छरेको मान्छे हुँदा मनभित्र जतिसुकै वेदना र पीडाहरूको सागर भएर पनि मानिस बाहिरी संसारमा खुसी नै देखिनुपर्छ भन्ने भाव व्यक्त गरिएको छ ।

तेजविलास अधिकारीको *हाइकु* (वर्ष २, अङ्क २, पूर्णाङ्क ४, २०६३) मा कवि अधिकारीले देशमा गलत तरिकाले शासन गर्ने पद्धति बसेको, राजनीति केवल सत्ता हत्याउने खेलको रूपमा मात्र प्रयोग भएको, लोकतन्त्रको नाम भजेर पनि मुलुकमा आमूल परिवर्तन नभएको र अविरल बग्ने नदीनालाहरू पनि प्रदूषणको सिकार बनेकोमा यहाँ को, के पवित्र छन् भनी प्रश्न गरिएको छ । त्यसै गरी देशबन्धु अधिकारीको *शिक्षक* (अङ्क ११, २०६८) मा कवि एक स्वाभिमानी, लब्धप्रतिष्ठ र बौद्धिक क्षेत्रको व्यक्तित्व शिक्षक भएको र शिक्षक भएर गर्ने गरिने कार्यहरू चर्चा गर्दै शिक्षाका पुञ्ज आदरणीय गुरुवर्गप्रति नेपाल जस्तो गरिब र भद्रगोलतन्त्र भएको मुलुकमा हेयको दृष्टिले हेरिएको छ । शिक्षक कसैको गुलाम र सलाम गरेर केही पाउने आशा नगरी मात्र आफ्नो पसिनाको कमाइमा निर्भर व्यक्तित्व भएको कुरा व्यक्त गरिएको छ । धनराज गिरीको *गजल* (अङ्क २, वर्ष १, २०६२) मा मानिसको बचावट गर्ने नाउँमा दिनानुदिन मानिसलाई नै मारिएको फूल सजाउने भन्दै फूलका डाली भाँच्ने मानिसलाई दास बनाएर राँगा, गोरु जसरी जोतेर यस धर्तीमा दानवको रूप लिएर ती दानवी दाह्रा-नङ्ग्राहरू सोझा निमुखा जनहरूलाई कोपरेको र चिथोरेको कुरा व्यक्त गरिएको छ ।

नमूना शर्माको *चाहना* (अङ्क-१, वर्ष-१, २०६२) मा आफ्नी आमासँग आफूलाई लागेको र आफ्नो एउटैमात्र चाहना जसरी हिमालमा लालीगुराँस र मधेसमा टाँकी फूलले ती ठाउँहरू हँसाएको उल्लेख छ । त्यसरी नै सबै मानिसले एक आपसमा मिलेर मायाँ गाँसेर बस्न सकून् भनिएको छ । हिमखण्डको हिउँले आफ्नै स्वाभिमान बोकेर त्यहाँका पाखा-पखेरामा डाँफे र मुनाल नाचेको र त्यहाँ विशुद्ध नेपालीपनको गीतका स्वरहरू घन्केको सुन्न पाऊँ भन्ने चाहना व्यक्त गरिएको छ । निरञ्जन पोखरेलको *चुरोट* (अङ्क ५ र ६, २०६४/०६५) मा वर्तमान परिवेशमा व्याप्त स्वार्थी राजनीतिज्ञहरूप्रति व्यङ्ग्य गरिएको प्रस्तुत कवितामा देशले रगत मागे उसलाई बलि चढाऊ र सबैको जयन्ती पारेर तक्मा चाहिँ स्वार्थी, भ्रष्ट व्यक्तिलाई देऊ भन्दै निहित स्वार्थको लिप्सामा कुर्चीमा टाँसिएर बलिदानी व्यक्ति सालिक ढालेर आफ्नो सालिक बनोस् भन्दै अहोरात्र भ्रष्टाचार, अन्याय र अत्याचार गर्ने आफू खाँटी राष्ट्रसेवक बनेर देशलाई बन्धक बनाई केही शेष बाँकी नराखेको व्यङ्ग्य व्यक्त गरिएको छ । निरञ्जन पोखरेलकै *लोकतन्त्र* (वर्ष-२, अङ्क-२, पूर्णाङ्क ४, २०६३) मा लोकतन्त्रको स्थापनापछि राजतन्त्र खत्तम भएको, जनताको बाहुबल हतियारधारी सत्ताभन्दा ठूलो हुन्छ र यही बलले लोकतन्त्रको स्थापना भएर श्री ५ को सरकारको सट्टा नेपाल सरकार भएको कुरा अभिव्यक्त गरिएको छ ।

पदमपाणी विरक्तिको *श्रद्धा-सुमन* (अङ्क ११, २०६८) मा आनन्ददेव भट्टको व्यक्तित्व र उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको बारे चर्चा गरिएको छ । आनन्ददेव भट्ट पश्चिम बैतडीमा जन्मिएर कर्णाली र पाल्पामा हुर्केका, झापा, धरान तथा चितवनमा आफ्नो कार्यक्षेत्र बनाएका एक लेखक, प्राध्यापक, मार्गदर्शक, राजनीतिज्ञ, स्पष्ट वक्ता, श्रमजीवी, निर्भीक र खरो मिजासका भएको कुरा व्यक्त गरिएको छ । त्यसै गरी पूर्णबहादुर अधिकारीको *यात्रारत जङ्गे पिलरहरू* (वर्ष ४, अङ्क २, पूर्णाङ्क १०, २०६६) मा नेपालीहरू सत्ता लिप्सामा केन्द्रित राजनीतिक लडाइँ लडिरहेका बेला कालापानीबाट, टनकपुरबाट पूर्वतिर, सुस्तातिरबाट, सोमेश्वरतिरबाट, पर्साबाट र विराटनगरतिरबाट उत्तरतिर र मेचीतिरबाट, पशुपति नगरतिरबाट पश्चिमतिर जङ्गे पिल्लरहरू भारतीय मिचाहा तथा हेपाहा प्रवृत्तिबाट सार्ने क्रम जारी रहेको कुरा व्यक्त गरिएको छ । पोषराज पौडेलको *छेपारो* (अङ्क-२, वर्ष १, २०६२) मा एउटा गरीब टोकरीवाला केटो फराकिलो सडकमा 'आलु, भण्टा, गाँजर, प्याज' भन्दै चिच्याइरहेको बेलामा ठूलो कुकुरले उक्त केटालाई टोक्दा ड्युटीमा रहेको प्रहरीले कुकर कस्को हो र किन छाडा छोडेको भनी गाली गर्दा

सामन्तवादमा केन्द्रित शैलीमा यो इन्स्पेक्टरको घर हो, सुनिनस् प्रहरी तैँले ! भनी उल्टै ड्युटीमा रहेको प्रहरीलाई गाली गरेको र उक्त प्रहरीले पनि सहर्ष स्वीकार गरी इन्स्पेक्टर साहेबको घर भएको र त्यस घरमा पालिएको कुकुर छाडै छोड्दा पनि केही फरक नपर्ने देखिएकोले यहाँ ठूलाबडालाई चयन र सानालाई ऐन बन्न पुगेको कुरा व्यक्त गरिएको छ । पोषराज पौडेलकै *आयो सुनामी ठूलो* (अङ्क ५ र ६, २०६२) मा नववर्षको नयाँ आगमनसँगै राजनीतिक परिवर्तनको क्रान्तिमा होमिँदा कैयौँ नेपालीको रगतका भलहरू बगेको छ । जनतामा स्वतस्फूर्त उर्लेको जनलहरलाई प्रतिगामी सरकारले छेक्न सकेन र मानव-सिन्धु नै मुलुकमा ठूलो सुनामी आयो र त्यही सुनामीले देशमा विद्यमान कुरीतिहरूलाई बढारेर लैजाने भाव व्यक्त गरिएको छ। उनकै *आकाश र मन* (अङ्क ८ र ९ २०६६) मा आफूलाई खुला आकासमा रम्न मन पर्ने तर त्यहाँ पुग्नको लागि सङ्घर्ष गर्नुपर्ने कुरा व्यक्त गरिएको छ । त्यस्तै प्रज्वल दाहालको *नवआस* (वर्ष २, अङ्क २, पूर्णाङ्क ४, २०६३) गद्य कवितामा निस्पट्ट अँध्यारो कालरात्रीमा करोडौं आत्माहरू बिच कोही गायब हुँदै थिए । रातको सन्नाटामा एक्कासी अइया र उइया सुनिएको थियो । अपसकुनका सङ्केतहरू काँ-काँ गर्दै थिए । हावाको स्पर्शमा पनि यो हठात् मन आत्तिएको थियो । निरीह आवाजहरूले निरीहता प्रदर्शन गर्दागर्दै मुर्दाशान्तिलाई जन्म दिएको र वास्तविक परिवर्तन केही नभएको भाव व्यक्त गरिएको छ ।

प्रेम कँडेलको *गजल* (अङ्क ७, २०६५) मा राष्ट्रियता, स्वाभिमान र सुशासन गलेको बेला विस्तारवादको एम्बुसमा कति बेला परिने हो भन्ने कुराको चिन्ता व्यक्त गरिएको छ । बाबुराम पाण्डेको *आमाको नाममा शिविरबाट छोराको चिट्ठी* (वर्ष ३, अङ्क ५ र ६) मा आमा तिमी कल्पी कल्पी कति पीर मानी रहन्छ्यौ, मुटु गाँठो पारेर कति रुन्छ्यौ अब म छिट्टै घर फिर्ने बेला भयो भनी आमाको पोलिरहेको मन थम्थम्याउन खोजिएको छ । आफू देश र जनताको लागि लडेको र त्यसको मुक्तिका लागि बलिदानी दिन पछि नपरेको कुरा व्यक्त गरिएको छ । अब सबैले स्वतन्त्र ढङ्गले बाँच्न पाइनेछ । अब बालाई हलिया बस्न नपठाउनु, भाइबैनीहरू अर्काको सघौनीमा नगएर स्कुल जानेछन् । अरूको नजरमा अपमानित आफ्ना हजुरबुबा हजुरआमा अब चौतारीमा आराम साथ बसेर सुख-शान्तिको सास फेर्न  पाउने छन् भन्ने भाव व्यक्त गरिएको छ । कवि बाबुराम पाण्डेकै *पुनर्जन्मको रहस्य* (अङ्क ८ र ९, २०६६) मा जीवन जतिसुकै मूल्यवान् र महत्त्वको भए पनि तमाम लालसा, मनोरथहरू सबै क्षणिक मात्र हुन्, जीवन त एक सरस पानीको फोका जस्तै हो र

वेद, पुराणका आध्यात्मिक महाज्ञानका मनगढन्ते उडानहरूले उद्वेलित र कौतूलहलपूर्ण बनिरहेको जिज्ञासु मनमा वास्तविक पुनर्जन्मको रहस्य जन्म र मृत्युको खेलको रूपमा चलिरहेछ भन्ने कुरा व्यक्त गरिएको छ ।

बालकृष्ण थपलियाको *गजल* (अङ्क ७, २०६५) मा जनआन्दोलनको क्रममा नेता तथा अगुवा कार्यकर्ता र आम जनसमुदायसँग एउटै रङ्ग, एउटै नारा र एउटै विचार भए तापनि जब नेताहरू सत्ताको कुर्सीमा पुग्छन् तब जनताका समस्या, राष्ट्रिय आवश्यकता तथा हिजो गरेको वाचा चटक्क बिर्सिएर एवं जनतासँग रगतको होली खेलेर बाँचेका नेताहरू सत्तारूपी कुर्सीमा पुगेर अन्धो बनेको कुरालाई व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरिएको छ । त्यसै गरी बालकृष्ण थापाको *निम्तो* (वर्ष १, अङ्क १, २०६२) गद्यकवितामा राजनीति र भातनीतिमा निम्तो आवश्यकता परे तापनि साहित्यिक सिर्जना र सर्जकहरूको जमघटहरूमा बिना निम्तो पनि गइन्छ । साहित्य सिर्जनाको भावनात्मक मेलमा त परकाहरूलाई मात्र निम्तो पठाइन्छ, नजिककाहरू त स्वतः आउने आशा गरिएको हुन्छ भन्ने भाव व्यक्त गरिएको छ । भानुभक्त पौडेलको *म पढाउँछु* (अङ्क ७, २०६५) गद्य कवितामा कविले अझै पनि थोत्रा पुराना किताब पढाएको, पुरानो इतिहास घोकाएको, नशा-नशामा नैतिक शिक्षा पढाएको, ऋणलाई धन, झोपडीलाई महल, गरिबलाई कुबेरको कथा र नाङ्गोलाई वस्त्रालङ्कार पढाएको, असत्यलाई सत्य, खोक्रोलाई पूर्ण, अशान्तिलाई शान्ति, महङ्गीमा सस्तो, आधुनिकतामा पुरातन, भोको पेटलाई व्यञ्जन, प्रजातन्त्र नहुँदा लोकतन्त्र र गणतन्त्रका कुरा, पुरानो नेपाललाई नयाँ नेपाल पढाएको कुरा प्रकट भएको छ । आफूले जथाभावी पढाएको र त्यो पनि गल्ती पढाएको भनी तीखो व्यङ्ग्य प्रहार गरिएको छ । त्यसै गरी भूपिन व्याकुलको *शब्दका सुरुङ्हरू* (अङ्क ५ र ६, २०६४/६५) गद्य कवितामा जीवनले घातक हमला गरेका बेला शब्दका सुरुङ्हरूभित्र छिर्ने विचार व्यक्त गरिएको छ । त्यसै गरी उनकै गजल (अङ्क ७, २०६५) मा नित्य पवित्र गङ्गा मानेर पूजा गरेको कोशी नदीले सर्पले डसेझैं घरैभित्र पसेपछि छातीभित्र छुरा धसेझैं भैरहेको र आफ्नो जिन्दगीका सारा इच्छा-आकाङ्क्षाहरू क्षतविक्षत भएको, निगाहमा बाँच्न कति गाह्रो हुँदो रहेछ भन्ने कुरा स्वयं सङ्कटमा फसेपछि मात्र थाहा हुँदो रहेछ भन्ने कुरा व्यक्त गरिएको छ ।

मातृका पोखरेलको *यसपटक दशैंमा* (वर्ष १, अङ्क २, २०६२) मा यसपटक दशैंमा आफ्नो कर्मथलोबाट जन्मथलोतर्फ चाड मनाउन घर जाने क्रममा बाटामा ढाक्रेदाइहरूलाई भेटेको, उनीहरूको अनुहारमा देश देखेको, ढाक्रेदाइहरूले देशको अवस्था भएको भाव व्यक्त

गरिएको छ । प्रस्तुत गद्यकवितामा निम्नवर्गीय नेपालीहरूमा देश मोहको भावना छताछुल्ल भएको कुरा समेत व्यक्त गरिएको छ । त्यस्तै रमेश प्रभातको *क्षतविक्षत अक्षरहरू* (अङ्क ८ र ९, २०६६) गद्य कवितामा अक्षम्य अपराध गर्छ, एउटा नालायक अक्षर तर निरपराध सजाय भोग्दछन् भर्खरै लेखिएका प्रकाशित हुन बाँकी ती मसिना अक्षरहरू भन्ने कुरा व्यक्त गरिएको छ । त्यसै गरी रामबाबु सुवेदीको *आनन्द भट्ट* (अङ्क ११, २०६८) मा जुम्लाको खलङ्गा बजारमा जन्मिएर पाल्पाको तानसेनमा हुर्किएका नेपाली साहित्यका प्रखर स्रष्टा एवं राजनीतिक वृत्तका वामपन्थी उत्पादक प्राज्ञ आनन्ददेव भट्टको व्यक्तित्वको व्याख्या गरिएको छ ।

रामशरण 'प्रयास' को *युगको आह्वान* (वर्ष २, अङ्क २, पूर्णाङ्क ४, २०६३) को गद्य कवितामा अब उठ, अब उठेर आफ्नो मात्र काम गर्ने होइन यो त समाजको लागि लड्ने बेला हो भनिएको छ । यसै क्रममा कवि 'प्रयास' सबैले आह्वान गरेका छन्, तिमी मुठ्ठी कसेर उठ, दारा किटेर उठ, मन सिएर उठ, तिमी आफू एक्लै होइन सबैलाई लिएर उठ भन्छन् । ओडारमा लुकेर, सागरमा पौडेर, परिवर्तनको रापले सबैलाई पोलिदेऊ, नबुझ्नेकालाई बुझाइदेऊ, सारा जनहरू र तिनीहरूका मनहरू लिएर आत्मशुद्धिको अमृत पिएर अघि बढेमा गरीबहरू नाँच्न र भोकाहरू बाँच्न पाउँछन् भनिएको छ । यसै गरी रामहरि श्रेष्ठको *नवीन नेपाल* (अङ्क ८ र ९, २०६६) मा नवीन नेपालभित्र आफै हराएको हो कि माटो हराएको हो भनी प्रश्न गरिएको छ । कवि देशभित्र हराएर देशको माटो खोजिरहेको प्रसङ्ग उल्लेख गरिएको छ । नवीन नेपालका सत्तासीन व्यक्तिहरू कुर्ची र पैसाको मोहमा फसेर जतिसुकै वेदना र दर्दका आँसु बगाउँदा पनि कुर्चीमा निदाएर मग्न छन् । चेलीहरूको अस्मिता लुटिरहँदा, बुबाहरूको जन्मथलो गुमाइरहँदा, दुस्मनले घर भत्काइरहँदा पनि कुर्चीमा आसीन सत्तासीनहरू गौरवान्वित हुँदै तिनै शत्रुसँग शीर झुकाउँदै मुर्दासरह बाँचेको बहाना गर्दैछन् भन्ने भाव व्यक्त गरिएको छ । रामहरि श्रेष्ठकै *आमाको आर्तनाद* (वर्ष १, अङ्क १, २०६२) मा मध्यरातमा छलेर निद्रा भगाई अनायास कतैबाट एक बृद्ध माता आएर कविका आँखाभरि पोखिएर, मथिलङ्गभरि खनिएर, हृदयभरि रोएको कराएको र असह्य वेदनाले छाती पिटेर बारम्बार मेरो देश खोई, मेरो भूमि खोई, मेरो देशको निशाना खोई, मेरा प्यारा सन्ततिहरू खोई, मेरा आस्थाका प्रतिबिम्बहरू खोई भनी अति करुणामयी स्वरले एक वृद्ध माताको आर्तनाद पुकार गरिएको छ ।

रेखा सुवेदीको *आकासको खोजीमा म* (अङ्क ७, २०६५) मा मुटु थर्काउने भीमकाय ज्वारहरू नृशंसकारी भाटाहरू टेक्दै खुड्किलाहीन सिंढीहरू उक्लिदै जिउँदो आकाशको खोजीमा रातो समुद्रमाथि कोलम्बस बनी जहाज खियाइरहेका भन्ने भाव व्यक्त गरिएको छ । त्यसै गरी लोकनाथ पोखरेलको *अघि बढौं* (वर्ष ३, अङ्क ५ र ६, २०६४/०६५) नेपाली राष्ट्रिय झन्डा लिएर सहिदको मर्म उचाल्दै सबै धर्म, सबै जाति, सबै भाषाभाषी मिलेर आइलाग्ने माथि जाइलाग्ने स्वाभिमानी नेपाली एकताको मालामा बाँधिएर देशलाई महान् बनाउन अघि बढ्नुपर्छ भनिएको छ । लोकनाथ पोखरेलकै *कविता* (वर्ष ४, अङ्क २, पूर्णाङ्क १०, २०६६) मा रातोकोट लगाएर बाहिरै बस्छु भन्दा पनि कालोकोट लगाएर भित्रै छिरेको राम्रा मिठा कुरा गर्ने आफ्नो बानी अब गिरेको भान गर्दै बाहिर बसेर विरोधमात्र गर्न छोडेर सँगै मिलेर आफू पनि शासन सत्ताकै वरिपरि जे-जसरी भए पनि पुग्नैपर्ने भाव व्यक्त गरिएको छ । त्यसै गरी प्राज्ञ श्यामदास वैष्णवको *अमर सम्झना* (अङ्क ५ र ६, २०६४/०६५) कवितामा अधमहरू चम्केको बेलामा यहाँ विविध खराब कार्य हुने गरेको, पैसाको आडमा इच्छा बेचिएको तथा इज्जत-हुर्मत किनबेच भएको, निर्लज्जहरू गम्केको बेला इतिहास उधिनिएको, निगाहवादले महत्त्व पाउँदा इमान जमान सबै मरेको जस्तो क्षणिक ठूलो-बडोपनमा देखिए तापनि स्वाँठहरूको भरमा कोही कोही ठूलो हुन सक्तैन, दलाली गरेर तथा पराइको सम्मान गरेर कोही पनि ठूलो नबन्ने कुराको भाव व्यक्त गरिएको छ । मान्छेलाई अधम भनिएको छ । मान्छेले मान्छेलाई नठगी कोही सम्पन्न हुँदैन र बलियो मान्छेले निर्धो मान्छेलाई नमारी कोही विजयी कहलिन्न भन्ने विचार व्यक्त गरिएको छ । कवि वैष्णवकै *स्वाङ* (वर्ष २, अङ्क ४, २०६३) व्यङ्ग्य कवितामा मीठो खान मन नलाग्दा नलाग्दै पनि वरिपरिकाहरूले 'खा खा' भनेर ठूलो बनिदिएको, आफ्नो इच्छा भन्नु केही नभएको तर समर्थकहरूले जे-जस्तो बनाउन खोज्यो, जे-जसरी नचाउन खोज्यो त्यही बनेर स्वाद पारिदिएको सन्दर्भ उल्लेख गरिएको छ ।

श्यामबहादुर भावुकको *विभेद* (अङ्क ८ र ९, २०६६) मा धनीहरूले कमाएको धन भोज र खेलमा फाल्दछन् भने गरीबहरूले कमाएको पेटको जल्दो भोक मेटाउन पनि नपुगेको, गाउँमा मात्र नभएर सहरहरूमा पनि गरीब शोषणमा परेको कुरा उल्लेख गरिएको छ । उक्त कवितामै धनीका छोराछोरी विदेशमा पढाएकोमा गरीबका छोराछोरी घाँस दाउरामा नै भुलेको तथा धनीकै दासतामा गरीबहरूको जिन्दगी बितेको छ । गरीब महिलामाथि जतातत्तै यौन शोषण भएको धनीलाई चैन र गरीबलाई ऐन जस्ता विविध

प्रकारका विभेद रहेको कुरा यस कवितामा उल्लेख गरिएको छ । श्यामबहादुर भावुककै *जुम्लाका आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) मा पुर्ख्यौली थलो बैतडी भएर जुम्लाको खलङ्गामा वि.सं. १९९२ असोजमा पिता जयदेव भट्ट र माता हिरादेवी भट्टको जेष्ठ सुपुत्रको रूपमा जन्मिएका आनन्ददेव भट्ट सानैदेखि पढाइमा तीक्ष्ण बुद्धिका भएको, पाल्पा र काठमाडौंको पद्मोदय हाईस्कुलबाट स्कुल शिक्षा पूरा गरेर भारतको पटना विश्व विद्यालयबाट अङ्ग्रेजी साहित्यमा एम.ए. र लण्डनबाट एम.एड. गरेका आनन्ददेव भट्टले जीवनको तेत्तिस वर्ष शिक्षण पेसामै व्यतीत गरेका, दुई दर्जन जति साहित्यिक कृतिहरूको रचना गरेका, राजनीतिक कार्यकर्ता उत्पादन कम्पनीको रूपमा वामपन्थी विचारधारमा कटिबद्ध प्रस्ट वक्ता, समाजसेवी तथा राष्ट्रसेवक भएको कुरा उल्लेख गरिएको छ ।

सामना पहाडको *लेखिन बाँकी हामी* (अङ्क ७, २०६५) गद्य कवितामा औंलामा एक चिम्टी नुन च्याप्ने आफ्नी आमाको विज्ञान, अस्मिता बेच्ने सुन्तलीको यथार्थता तथा जीवनदेखि अवाक् खालीदाको जीवनदर्शन जस्ता कुराहरू लेखिन बाँकी छ । बुद्ध जन्माउने जिजुमुमा, झोपडीमा गुम्सिएका जिउँदा कुमारीहरू, भट्टीमा अल्मलिएका सुन्तलीहरू, यत्रतत्र पुरुषत्वको दासतामा पिल्सिएका नारीहरू अब विन्ध्यवासिनी र मनकामना माताहरूले रामहरू परीक्षा लिइनुपर्छ र नारी जगत्को उत्थान गर्न तथा नयाँ नेपालको खाका कोर्न पटकौं पटक छुटाइएकोले उनीहरूको बारे अब बन्ने संविधानमा किटानीसाथ लेखिनुपर्दछ भन्ने भाव व्यक्त गरिएको छ । यसै गरी सुधा भट्टराईको *गजल* (वर्ष २, अङ्क ४, २०६३) मा परिवर्तनको आवाज लिएर सङ्घर्ष र हिंसाको छटपटीमा अल्झिएको हेलाँ माया रूपी चेतनाको दियो जलाउँदै थकित कवयित्रीलाई हँसाइदिए कसो होला भन्ने प्रश्न सोधिएको छ । हरिगोविन्द लुइँटेलको *प्राइभेट कवि* (वर्ष २, अङ्क ३, २०६३) गद्य कवितामा अबोध बालबालिकाका भावनाहरू व्यक्त गर्ने क्रममा उच्च ओहदामा आसीन व्यक्तिहरूले पद र पैसाको दुरूपयोग गरेर साहित्य सिर्जनाहरू किन्न प्राइभेट कवि राख्ने र तिनै प्राइभेट कविले दरबारिया कवि जस्तै दान र बक्सिसअनुसारको प्रशंसाका कविताहरू लेखिदिने छन् भन्ने भाव व्यक्त गरिएको छ ।

### ४.१.३ कविताको भाषाशैलीय विश्लेषण

**हाम्रो सिर्जना** पत्रिकामा रहेका अङ्क एकदेखि एघारसम्मका कविताहरूमा ज्यादै कलात्मक भाषा प्रयोग भएको छ । यहाँ लघुतम रूपका र लघुरूपका कविताहरू रहेका

छन् । केही कविका कविताहरू सामान्य खालका छन् । सामान्य खालका कविताहरूमा *कविता-षाडशी, प्रातःस्मरणीय* रहेका छन् भने विशिष्ट खालका केही कविताहरूमा बिम्ब, प्रतीक, अलङ्कार आदि प्रयोग भएका छन् । विशिष्ट कवितामा *सन्काहा साँढे, ओर्लन्छु सुस्तातिर, आयो सुनामी ठूलो* जस्ता कविताहरू पनि रहेका छन् ।

कविता विधाको मुख्य विधागत परिचायक स्वरूप तत्त्व लय विधान हो ।[६] **हाम्रो सिर्जना** पत्रिकामा गीतिलयमा रचिएका गीतहरू छन् भने शास्त्रीय छन्दमा लेखिएका कविताहरू पनि छन् । त्यस्तै पश्चिमी परम्पराका मुक्तक, हाइकुहरू पनि छन् । छन्दोबद्ध/बद्धलय तथा मुक्तलयमा लेखिएका कविताहरू नै यस पत्रिकामा समाविष्ट भएको पाइएको छ । कतिपय गद्य/गीत कवितामा गति, यति, लय मिलेका देखिन्छन् ।

प्रशस्त सीप पुऱ्याएर या साऱ्है राम्रो बनाएर लेखिएको भनिएको कथन भन्ने अर्थमा अलङ्कारको प्रयोग हुन्छ । यो शब्द "अलङ्क्रियते अनेन इति र आलङ्क्रियते असौं इति अलङ्कार"[७] भन्ने अर्थमा बनेको हो । कवितालाई शोभाबर्द्धक गराउने तत्त्वमा अलङ्कार पनि एक हो । **हाम्रो सिर्जना** पत्रिकामा थुप्रै कविताहरूमा अलङ्कारको प्रयोग भएको छ ।

**हाम्रो सिर्जना**मा रहेका कविता, गीत, गजलमा धेरै प्रतीकको प्रयोग भएको छ । हेर्दा बिम्ब र प्रतीक उस्तै लागे पनि यसमा धेरै अन्तर छ । "प्रतीकको अर्थमा निश्चितता र निर्दिष्टता हुन्छ ।"[८] प्रतीकलाई कविताबाट अलग्याउन सकिन्छ, तर प्रतीकको सौन्दर्य त्यहाँ रहँदैन । **हाम्रो सिर्जना**मा प्रतीकको प्रयोग भएका केही उदाहरणहरू तल दिइएको छ :-

उदारहण एक-

यहाँको रीत उल्टो छ, उल्टो जीवन पद्धति
तल हाँगा, जरा माथि यस्तै छ लोकको गति
माउ अञ्जान छन् नित्य, चल्ला जानिफकार छन्
खुकुरी सब भुत्ते छन्, कर्दका तीक्ष्ण धार छन् ।

(गोविन्दराज विनोदी, वर्ष ४, अङ्क २, पूर्णाङ्क १०, २०६६)

उदाहरण दुई-

मध्यरातमा मलाई छली
मेरी निदरी कतै भाग्छे

---

[६] वासुदेव त्रिपाठी, र अन्य (सम्पा.), **नेपाली कविता,** पूर्ववत् पृ. १८ ।

[७] विष्णुप्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५७, पृ. ७० ।

[८] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,** पूर्ववत, पृ. ४२ ।

अनायास कतैबाट

एक वृद्ध माता आउँछिन्

मेरानयनभरि खनिएर

रुन्छिन् कराउँछिन्

असह्य वेदनाले छाती पिट्छिन्

र बारम्बार भन्छिन्

मेरो देश खोइ ?

(रामहरि श्रेष्ठ, अङ्क १, वर्ष १, २०६२)

उदारहण तीन-

कहिलेकाही मेरै घरमा आइदिए कसो होला

परिवर्तनकारी गीत गाइदिए कसो होला ?

सङ्घर्षको कथा सिङ्गै रैछ जिन्दगी यो

आधा आकाश घाइते भाछ छाइदिए कसो होला ?

हिंसाबाट देशमुक्त कैले हुन्छ कुन्नि

शान्ति निर्माण गर्नलाई सघाइदिए कसो होला ?

अक्षरमा मायारूपी भावहरू अल्झेपछि

चेतनाको यौटा दियो जलाइदिए कसो होला ?

जीवनको पाना पल्टाई कहाँबाट हेर्ने होला

थकित छे 'सुधा' आज हँसाइदिए कसो होला ?

(सुधा भट्टराई, वर्ष २, अङ्क २, पूर्णाङ्क ४, २०६३)

उदाहरण चार-

कयौंले त सपना साँचेर बलिदानी दिए

बाचेका थियौं र पो मूल्य असुल्नु भो

भेटेपछि कुर्सी अन्धो हुन्छ भन्ने भूपि

सर्वोपरि त्यही ठानी त्यसैमा भुल्नुभो ।

(बालकृष्ण थपलिया, अङ्क ७, २०६५)

उदाहरण एकमा कवि गोविन्दराज विनोदीद्वारा रचित *मान्छेहरू* शीर्षकको कविताको कवितांशमा मानिसहरूको गलत तौरतरिकाको व्याख्या गर्दै वर्तमानका सभ्य तथा विकसित भनिएका मानिसबाटै बेथिति जन्मिएर हुर्किएको मौलाएको र त्यस्तो बेथितिले संसारै ढाक्न

लागेको उल्लेख गरिएको छ भने उदाहरण दुईमा रामहरि श्रेष्ठको *नवीन नेपाल* शीर्षकको कवितामा 'नविन नेपालभित्र आफैं हराएको हो कि माटो हराएको हो' भन्ने प्रतीकका रूपमा उल्लेख गरिएको छ । उदाहरण तीनमा बालकृष्ण थपलियाको *गजल* शीर्षकमा जनआन्दोलनको क्रममा नेता तथा अगुवा कार्यकर्ता र आमजनसमुदायसँग एउटै रङ्ग, एउटै नारा र एउटै विचार भएर पनि जब नेताहरू सत्ताको कुर्सीमा पुग्छन् तब जनताका समस्या, राष्ट्रिय आवश्यकता तथा हिजो गरेको बाचा चटक्क बिर्सिएर एवं जनतासँग रगतको होली खेलेर बाँचेका नेताहरू सत्तारूपी कुर्सीमा पुगेर अन्धो बनेको कुरालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । उदाहरण चारमा सुधा भट्टराईको गजलमा परिवर्तनको आवाजरूपी सङ्घर्ष र हिंसाको छटपटीमा अल्झिएको बेला माया रूपी चेतनाको दियो बालेर हँसाइदिए कसो होला भन्ने भाव व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

लक्ष्मणप्रसाद गौतमका अनुसार सर्जकका मानसपटलमा रहेको मानसिक तस्वीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो ।[९] वासुदेव त्रिपाठीका अनुसार कुनै पनि कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत अर्थ बिम्ब हो ।[१०] **हाम्रो सिर्जना**मा रहेका कविता, गीत, गजलमा थुप्रै बिम्बहरू प्रयोग भएका छन् । केही बिम्ब प्रयोग भएका कविताहरू तल दिइएका छन् :-

उदाहरण एक-

धनीहरू सधैं भोज गरी गरी कमाएको फाल्दछन्
गरिबहरू सधैं दुःख गर्दा पनि पेटमा आगो बाल्दछन्
गाउँमा मात्र छैन शहरमा पनि धनी शोषण गर्दछन्
जता गए पनि गरीब जनताहरू अन्यायमा पर्दछन् ।

सबैजसो धनी आफ्ना छोराछोरी विदेशमा पढाउँछन्
गरीब निमुखाको छोराछोरीलाई घाँस दाउरा कटाउँछन्
सामन्तीको जरा उखेलेर फाल्न यो देशमा खाँचो छ
गरीबको जीवन दासतामै बित्यो यति कुरा साँचो छ ।

(श्यामबहादुर भावुक, अङ्क ८ र ९, २०६६)

---

[९] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,** ललितपुर : साझा प्रकाशन, २०६०, पृ. १ ।

[१०] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता,** पूर्ववत् ।

उदाहरण दुई -

जति नारा जुलुस उठून् विश्वासघातीको कुनै भर हुन्न
छलकपट गर्नेको आफैभित्र पनि आफ्नो कुनै घर हुन्न
अँध्यारोको आड पाएर भूतप्रेत भई जतिसुकै तर्साउ
सत्यपथको यात्रीलाई दुनियाँ त ईश्वरकै पनि डर हुन्न ।

(कपिल अज्ञात, वर्ष ४, अङ्क २, पूर्णाङ्क १०, २०६६)

उदारहण तीन-

यसपटक दशैंमा घर जाँदा
मैले ढाक्रेहरूको अनुहारमा देश देखेँ
उनीहरूको जीवनमै देश भेटेँ
सत्य हो, नठाँटी भनेको
उनीहरूको सानो ढाकरमै देश देखेँ
बाटामा ढाक्रेदाइहरूले सोधे
भाइ देश कस्तो छ ?
मैले उनीहरूकै ढाकरपछि झुन्डेको
केही पकाउदाँ कमेरो माटोले टाल्नुपर्ने
सिलबरे भाँडो देखाउदै भनें
दाइ, देश तपाईकै भाँडो जस्तो छ
उनीहरूले निधार खुम्च्याएर भने
भाइ देश त टिठ लाग्दो पो रहेछ

(मातृका पोखरेल, अङ्क २, वर्ष १, २०६२)

उदारहण चार-

पाखा र पखेरो नाचेको मान्छे म
सिन्की र ढिडोले बाँचेको मान्छे म
आँटो र पिठो जे जस्तो पाए हुन्छ
मूला, नुन, बेथे चाहेको मान्छे म
धान्दै छु हिमाली गाई-गोरु गोठ
जन्मे छ भकारो टाँसेको मान्छे म
सेवा छ सधैंको गाई चौरी जात

मोही र दहीले साँचेको मान्छे म
नारेर सधैं गोरु खेतीको घाम
जोतेर हली मै दाँजेको मान्छे म ।

(गोर्खे साँहिलो, अङ्क ७, २०६५)

प्रस्तुत उदाहरण एकको कवितांश श्यामबहादुर भावुकको *विभेद* शीर्षकबाट लिइएको हो । यसमा धनीहरू विभिन्न अवैध तौरतरिकाबाट धन आर्जन गरेर कमाएको सम्पत्ति तडकभडकका खानपिन र भोज भतेरमा खर्च गर्दछन् भने गरीबहरू सधैं पसिना बगाउँदा पनि र अहोरात्र कृषि कर्ममा खट्दा जसोतसो पेटको भोकरूपी आगो निभाउन पनि सकेका छैनन् । धनी र गरीब बिचको असमानता, थिचोमिचो र शोषण गाउँमा मात्र नभएर सहरमा पनि व्याप्त छ । जहाँ जता गए पनि धनी वर्गबाट गरीब वर्ग शोषणमा परेको छ । धनीका छोराछोरी विदेशका महँगा स्कुलमा पढेका र गरीबका छोराछोरीले घाँस दाउरा काटेर जीवन व्यतीत गर्नुपरेको यथार्थ कुरालाई उक्त कविताले उल्लेख गरेको छ ।

उदाहरण दुईको मुक्तक *डर* कपिल अज्ञातको सिर्जना हो । उक्त मुक्तकमा विश्वासघातीको कुनै भर नहुने, त्यस्ताको जतिसुकै नारा जुलुस निकाले पनि र विरोध गरे पनि केही सफलता मिल्दैन भनिएको छ । छलकपट गर्ने कपटीहरूको निश्चित घर ठेगाना हुँदैन । तर सत्यमार्गमा हिँड्ने सज्जन वर्गको यात्रीलाई त अरूको त के कुरा ईश्वरकै पनि डर हुन्न भनिएको छ । यसरी नै उदाहरण तीनको मातृका पोखरेलको *यस पटक दशैंमा घर आउँदा* शीर्षकको कवितामा देशको अवस्था र गरीब परिश्रमी ढाक्रेदाइहरूको पकाएर खाने चुहिएको सिलबर खोतेलोको अवस्था उस्तै भएको उल्लेख गरिएको छ । उदाहरण चारको गोर्खे साइँलाको गजलमा आफू नेपाली पहाडको कुना कन्दरामा जन्मेर हुर्किएको मान्छेले त्यहींको स्थानीय उब्जनी अन्न, फलफूल, कन्दमूल खाएको, त्यहींको जीवनशैलीसँग परिचित भएको र जीवन कतिसम्मको सरल, सहज र दुःखपूर्ण हुन्छ भन्ने कुराको उल्लेख भएको छ ।

"कविको भावना, अनभूति, चिन्तन, संवेग आदिलाई अभिव्यक्त गर्ने सूक्ष्म प्रक्रियालाई दृष्टिबिन्दु भनिन्छ ।"[११] प्रथम पुरुष दृष्टिबिन्दु र तृतीय पुरुष दृष्टिबिन्दु गरी दुई किसिमका दृष्टिबिन्दु रहेका हुन्छन् । **हाम्रो सिर्जना**मा पनि यी दुवै दृष्टिबिन्दु प्रयोग गरेर कविता, गीत, गजलहरू रचना भएका छन् । *चुरोट, आमा, म यथार्थ लेख्छु, शब्दका*

[११] खगेन्द्रप्रसाद लुइँटेल र अन्य, **नेपाली कवि र कविता,** पूर्ववत् पृ. ८ ।

*सुरुङहरू* आदि कविताहरू प्रथम पुरुष दृष्टिबिन्दुमा र छेपारो, सन्काहा साँढेजस्ता कविताहरू तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग गरेर लेखिएका छन् ।

## ४.१.४ निष्कर्ष

**हाम्रो सिर्जना** पत्रिकामा रहेका अङ्क एकदेखि एघारसम्मका कवितामा विभिन्न किसिमका भाव र विचारहरू व्यक्त भएका छन् । कुनै कवितामा जातीय संस्कृतिको माध्यमबाट माथि उठी युगीन चेतना देखाइएको छ भने कुनैमा युद्ध बोकेर देश चक्रव्यूहमा होमिएको प्रसङ्ग उल्लेख गर्दै प्रजातन्त्र धराशायी अवस्थामा पुगेको देखाइएको छ । शक्तिसम्पन्न राष्ट्रले निर्दोष गरीब राष्ट्रप्रति र धनीवर्गले निरीह गरीब वर्गप्रति गरेको अमानुषिक व्यवहारप्रति प्रायश्चित गर्नुपर्ने र आपसी सद्भाव र समानताको आह्वान गरिएको छ ।

नारीमा हुने हीनताबोध र पुरुषमा हुने उच्चताबोध नै प्रकृति र पुरुषको समान अस्तित्वबोध भएमा जीवन सार्थक हुने, त्यसैले चैतन्यबोधको विकास हुनुपर्ने कुरा लक्षित गरिएको छ । गीत/गजलमा प्रायः जिन्दगीका गीतहरू, प्रणयको उत्कर्ष, निरीहता, प्रणयवेदना तथा प्रणयमूलक भावनाहरू व्यक्त छन् । कतिपय कविमा राष्ट्रप्रेमको भावना अभिव्यञ्जित छन् । मातृभूमिप्रतिको अगाधप्रेमको अभिव्यक्ति भाव पनि प्रकट भएका छन् । जस्तैः *ओर्लन्छु सुस्तातिर* कवितामा अगाध देशप्रेम प्रकट गरिएको छ । केही कविता अनन्त अभिलाषा, जन्मदिनको खुसियाली त कतै सपनाका कुरा पनि उल्लेख गरेर लेखिएका छन् । स्वार्थबाट माथि उठेर कुर्सीप्रतिको मोहमा नपरिकन देशको बारेमा चिन्तित बन्नुपर्ने कुराप्रति लक्षित गरिएका कविता पनि धेरै छन् । देशमा लोभी र पापीहरू भएकाले, नेताहरूको कुर्सीप्रतिको मोहले गर्दा विकृति, विसङ्गति, हत्या, हिंसाप्रति शान्तिको कामना गरिएका जनताले शान्तिसँग बाँच्न पाउने अधिकार हनन भएको, अधिकार सुरक्षित हुनुपर्ने भावहरू धेरैजसो कविता, गीत, गजलहरूमा व्यक्त भएका छन् । यसरी **हाम्रो सिर्जना**का कविताहरूमा विविध भावको अभिव्यक्ति पाइन्छ । **हाम्रो सिर्जना** पत्रिकामा प्रकाशित कविताहरूले देशप्रेम, शान्ति, प्रेम प्रणय, व्यङ्ग्य, अधिकार तथा कर्तव्यबोधका भावनाले व्यक्त गरिएको छ ।

## ४.२ हाम्रो सिर्जना पत्रिकामा प्रकाशित कथा/लघुकथाहरूको विश्लेषण

नेपाली साहित्यका विविध विधाहरूमध्ये कथा विधा पनि एक हो । साहित्यको कवितापछिको प्राचीन र लोकप्रिय विधा अन्तर्गत कथा पर्दछ । कथा गद्यात्मक हुन्छ । कथा विधा आख्यान विधा अन्तर्गत पर्दछ । एउटा छोटो बसाइँमा पढेर सकिने कथात्मक कृति नै कथा हो भन्ने कथाको परिभाषा दिने एडगर ऐलेन पोका अनुसार कथाको परिभाषा उल्लेख गरिएको छ । नेपाली कथाकालको विभिन्न चरणको अवस्थालाई उल्लेख गर्दै नेपाली कथाले विभिन्न मोड र प्रवृत्तिहरू पार गर्दै आधुनिककालको वर्तमानसम्म आइपुगेको छ । विभिन्न विषयवस्तुका कथ्य लेख तयार गर्दै कथा लेखिए तापनि तिनीहरू उपदेशात्मक, वर्णनात्मक तथा विवरणात्मक हुन्छन् । विभिन्न उपशीर्षकहरू रहेका छन् । विषय प्रवेशमा कथाको परिभाषा र विकासक्रमको चर्चा गरिएको छ । कथा, लघुकथाहरूको विश्लेषणमा **हाम्रो सिर्जना**मा अङ्क एकदेखि एघारौं अङ्कसम्मका कथा, लघुकथाले दिन खोजेको सन्देश उल्लेख गरिएको छ ।

### ४.२.१ विषय प्रवेश

साहित्यका विभिन्न विधाहरूमध्ये कथाविधा आख्यान विधाअन्तर्गत पर्दछ । नेपाली कथाले वि.सं. १९९१ देखि यता वर्तमान समयसम्म झन्डै आठ दशक लामो अवधिभित्र आफ्नो विषयगत स्वरूप ग्रहण गर्दै आएको देखिन्छ ।[१२] आधुनिक नेपाली कथालाई वर्तमान स्वरूपसम्म ल्याइपुऱ्याउनका निम्ति सिङ्गो विश्व परिवेशले पृष्ठभूमिको काम गरेको छ । सर्वप्रथम एडगर ऐलेन पोले कथाको परिभाषा दिएका छन् । एडगर ऐलेन पोका अनुसार कथा भनेको यस्तो कथात्मक कृति हो, जुन छोटो बसाइँमै पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन, यो आफैँमा पूर्ण हुन्छ ।[१३] लक्ष्मीप्रसाद देवकोटाको कथाको परिभाषाअनुसार- "छोटो किस्ता एउटा सानो आँखिझ्याल हो, जहाँबाट एउटा सानो संसार चियाइन्छ ... थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो ... यो जत्तिको समाजसुधारक र मनुष्यउपर प्रभावकारी कुरा उक्त छँदैछैन कि भन्ने जस्तो लाग्छ । यसैमा सबै रस निकाल्न सकिन्छ ... यसमा कला छ ... यसको ढङ्ग नाटकिय छ । चट्ट जीवनलाई

[१२] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** ललितपुर : साझा प्रकाशन, २०३४, पृ. १३१ ।
[१३] दयाराम श्रेष्ठ,, **नेपाली कथा** भाग-४, ललितपुर : साझा प्रकाशन, २०५७, पृ. ७ ।

एक दृश्यमा हुन्छ”[१४] भनेका छन् । नेपाली साहित्यले आधुनिक कालमा प्रवेश गरेपछि **शारदा, सुन्दरी, माधवी, गोर्खा संसार, गोरखापत्र** आदि पत्रिकाले नेपाली साहित्यको समृद्धिमा विशेष योगदान पुऱ्याउँदै आएका छन् । ती पत्रिकाहरूमध्ये वि.सं. २०६२ सालदेखि प्रकाशित **हाम्रो सिर्जना** पत्रिका पनि एक हो । प्रस्तुत **हाम्रो सिर्जना** पत्रिकाले पनि नेपाली साहित्यका विविध विधाहरूमध्ये कथाविधाको श्रीवृद्धिमा एउटा कोशेढुङ्गा साबित हुन पुगेको छ ।

**हाम्रो सिर्जना** पत्रिकामा अङ्क एकदेखि एघारसम्ममा जम्माजम्मी सत्रवटा कथाहरू प्रकाशित छन् । प्रकाशित सत्रवटा कथाहरूमध्ये सातवटा लघुकथा र दशवटा कथाहरू रहेका छन् । यहाँ ख्याति प्राप्त कथाकारदेखि नवप्रवेशीहरूका कथाहरू समेतलाई स्थान दिइएको छ । प्रायः कथाहरूमा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेका कथाहरू पाइन्छन् । **हाम्रो सिर्जना**मा प्रकाशित कथाहरूको वास्तविक धरातल समाज नै हो । समाजमा भए गरेका र समाजमै घटेका र घट्न सक्ने घटनाहरूलाई मूल विषयवस्तु बनाएर लेखिएका कथाहरू यहाँ समावेश गरिएका छन् । सामाजिक यथार्थवादी तथा मनोवैज्ञानिक कथाहरूलाई पनि समावेश उल्लेख गरिएको छ । संस्कार र मान्यतामा देखिने विकृति, विसङ्गति यहाँका कथामा व्यक्त गरिएका छन् ।

### ४.२.२ कथा/लघुकथाहरूको विश्लेषण

**हाम्रो सिर्जना** पत्रिकाका अङ्क एकदेखि एघारसम्म प्रकाशित कथाहरू विविध विषयवस्तुमा आधारित छन् । तीमध्ये कपिल लामिछानेको *गरिबी-उन्मूलन* (वर्ष ४, अङ्क २, पूर्णाङ्क १०, २०६६) शीर्षकको कथामा चरम गरिबीको चपेटामा परेका गरिबहरूको वस्ती र झुपडीमा पुगेर चुनावी अभियानको मुख्य नारा गरिबी उन्मूलन भनेर नेता चुनावको प्रचार प्रसारमा लागेको हुन्छ । गरिबी उन्मूलन भन्ने बित्तिकै कान ठाडाठाडा पारेर सबै गरिबहरू होस्टेमा हैंसे गर्दै नेतालाई चुनाव जिताउने अभियानमा लाग्दछन् । अत्यधिक बहुमतले उक्त नेताले चुनाव जित्दछ । चुनाव जितिसकेपछि एकडेढ बर्षजति उनी गाउँ जिल्ला फर्केनन् । त्यसपछि ठूलो तयारीका साथ डोजर, ट्रक, ट्रिपर, लोडर, लिफ्टर, मोटर गाडीहरू आएर नयाँ-नयाँ कर्मी, सिकर्मी, डकर्मी, प्राविधिक, इन्जिनियर, ओभर सियरहरूको घुइँचो देखेर अब गाउँमा विकास हुने भयो भन्ने हल्ला चल्दछ तर गाउँलेको अनुमान विपरीत ती गाडीहरू र प्राविधिकहरू त गरिबीका कारण निर्मित टहरा, झुप्रा पेलेर तथा गरीब बस्तीको अधिग्रहण गरेर उनीहरूको उठीवास लगाउनेमात्र होइन जो कोहीले विरोध

[१४] ऐजन ।

गरेमा बल प्रयोग गरी गोदगाद र ठोकठाक पारेर घाइते तुल्याएको, त्यहाँबाट गरीब हटाएको, हुनेखाने, कुरौटे, भरौटे तथा घुस्याहाहरू त्यहाँ बस्ने हुनाले गरिबहरूको त्यहाँबाट अन्त्य भएको व्यङ्ग्यात्मक भाव व्यक्त गरिएको छ । किरण बुर्लाकोटीको *एकैछिन* (अङ्क ८ र ९, २०६६) लघुकथामा राति आपतकालीन बत्ती बाल्दै र साइरन बजाउदै सिकिस्त बिरामी बोकेर हुइँकिएको एम्बुलेन्सलाई रोकेर एकैछिन पर्खनुहोस् भन्ने जस्ता शब्दहरू आन्दोलनकारीहरूबाट ठाउँ-ठाउँमा सुन्दै बाटो बदल्दै बिरामीलाई अस्पतालमा पु¥याइन्छ । अस्पतालमा विभिन्न कक्षमा विभिन्न व्यक्तिहरूबाट एकैछिन, एकछिन भन्दै उक्त बिरामीप्रति डाक्टरले समय दिन ढिलो भइसकेको र अन्त्यमा डाक्टर आएर सर्जन कक्षमा पु¥याउँदा उक्त बिरामीको मृत्यु भइसकेको हुन्छ । डाक्टरले पनि उपचारका क्रममा लागेको खर्च तिरेर एकैदिनमा लास निकाल्न सकिने कुरा उल्लेख गरिएको छ । कुसुम ज्ञवालीको *अर्को अवतार* (अङ्क ५ र ६, २०६४/०६५) लघुकथामा द्वन्द्वकालमा चर्किएको छापामार युद्धले एउटा ब्यारेक नै खाली पारेको र त्यस ब्यारेक नजिकै रहेको मन्दिरभित्रको निष्ठाको मूर्ति समेत उन्मादी शैलीमा टुक्राटुक्रा बनाएर फालिदिएको र उक्त मूर्तिको स्थानमा छापामारतर्फको सुप्रिम कमाण्डरको सालिक राखिएको र केही समयको सुनसान र तालाबन्दी पश्चात् खुलेको मन्दिरमा पुनः सुचारु भएको पूजाआजा तथा बली दिने कार्यमा समेत उक्त जुँगे कमाण्डरकै मूर्तिमा पूजापाठ तथा भोग दिइएकोमा अर्को अवतार धारण गरिएको व्यङ्ग्य गरिएको छ ।

घनश्याम ढकालको *पर्खदा पर्खदै* (वर्ष २, अङ्क ३, २०६३) लघुकथामा नेपाली जनमुक्तिको महान् कार्यसँगै जनयुद्धमा होमिएका रबिन र रचनाको वैधानिक बिहेको चर्चासँगै खुसी भएको रबिनको परिवारको खुसी बिहेको तयारीमा नै रबिन र रचनाको भिडन्तको क्रममा सुरक्षा कार्बाहीमा मृत्यु भएको खबर रेडियोबाट सुनेपछि रबिनका बाबुआमा बेहोस भएर ढलेका र रबिनकै प्रतीक्षामा पर्खंदापर्खंदै त्यस्तो सुन्नु र भोग्नु परेको कुरा उल्लेख गरिएको छ । वरिष्ठ साहित्यकार चूडामणि रेग्मीको *चामे र गौंथली : अर्को अध्याय* (वर्ष २, अङ्क ४, २०६३) कथामा लोग्ने स्वास्नीको झगडा बेला मौकामा भइरहने र त्यस्तो झगडा परालको आगो झैं अस्थायी रहने भनी व्याख्या गरिएकोमा प्रस्तुत *चामे र गौंथलीको अर्को अध्याय* कथामा चामेको उपद्रो पारिवारिक प्रमुख व्यक्तिको भन्दा नितान्त फरक र गैर जिम्मेवार भएर सधैं रक्सी खाई श्रीमती र छोराछोरीलाई पिट्ने गर्दछ ।

अति गर्नु अतिसार नगर्नु भन्ने भनाइलाई नाघेर चामेले स्वास्नी छोराछोरीलाई मात्र पिटेन उसले भाइलाई समेत हातपात गर्ने गरेको र चमेली मेलापात गएको, टि.भी. हेर्न

गएको तथा किनमेल गर्न गएकोमा समेत अभद्र ढङ्गले गाली गलौज गर्दै जाइलागेकोमा चमेलीले सहन नसकेको र सबै घरपरिवार र छरछिमेकीको सल्लाहमा चामेलाई प्रहरी चौकीमा लगेर बुझाउँदा गौथलीबाट प्रहरीसँगको अनुरोधमा 'चामेलाई थुन्न चाहिँ थुन्नु तर कुट्न चाहिँ नकुट्नु' भनेकोमा लोग्नेमाथिको स्वास्नीको मन कस्तो हुन्छ भन्ने कुरा व्यक्त गरिएको छ । धनराज गिरीको *एक रात आतङ्कवादीसँग* (वर्ष २, अङ्क ४, २०६३) कथामा कथाकार गिरी आतङ्कवादीबाट अपहरणमा पर्दछन् । अपहरण गरेर उनलाई अँधेरी रातमा धेरै टाढा पुऱ्याइन्छ । कथित आतङ्कवादीबाट हरेक पटक सम्मानित शब्द र मर्यादित व्यवहार गरिएको, डर र त्रासको भुमरीमा रुमल्लिएको अपहरित व्यक्तित्वलाई नडराउन आग्रह गरिएको र अपहरणकालमा जे देख्यो र भोग्यो त्यही लेख्न आग्रह गरिएकोमा कथाकार आतङ्कवादी भनिएकाहरू कति सरल र मानवतावादी हुँदारहेछन् भन्नेकुरा उल्लेख गरिएको छ । धनराज गिरीकै *ज्याला अर्थात् स्वर्णपदक* (अङ्क ५ र ६, २०६४/०६५) लघुकथामा नेपालमा विद्यमान नातावाद, कृपावादको चक्रव्यूहमा फँसेर कति तलसम्म गिरेर पुरस्कृत गर्ने जस्तो महान् कार्यमा पनि कति मनलाग्दी गरिँदोरहेछ भन्ने कुराको उजागर गरिएको छ । कथाकार धनराज गिरीकै *माघ १० गते* (अङ्क ८ र ९, २०६६) कथामा द्वन्द्वकालीन समयमा आलोचक र विरोधीहरूलाई एउटै चेम्बरमा हाल्नुपर्छ भन्ने आलाकाँचा कमरेडहरूको गलत रवैयालाई बुझक्कड, व्यावहारिक तथा पाका योद्धाहरूले कतिसम्मको त्याग गरेका छन् र आलोचक सन्जीवलाई बचाउन सही काम गरिएको भन्ने कुराको उद्घोष गरिएको छ । अन्ततोगत्वा योगीको भेषधारी सन्जीव विभिन्न व्यक्तित्वको सङ्गतले खारिएको ओजपूर्ण त्यागी व्यक्तिका रूपमा श्रीमती र छोरासँग अनायासै भेट हुँदा बेहोस भएको, कविता पनि बेहोस भएको र उपचारको क्रममा नर्सिङ्गहोममा भेटिएको सन्दर्भ उल्लेख गर्दै कथा संयोगान्तमा टुङ्ग्याइएको छ । उनकै *किन होला ?* (अङ्क ७, २०६५) लघुकथामा पुरुषहरू राम्रा भएकै कारण नारीप्रति कति आकर्षित हुन्छन् र उनीहरूको रूपको मोहमा परेर उनीहरूकै पक्षमा कतिसम्मको पक्षपात गर्न पछि पर्दैनन् भनिएको छ । यसैक्रममा विश्वास गरिएको भनिएको पुरुषपात्रले पनि सुन्दरीप्रतिको स्वार्थ प्रकट गरेकोमा किन होला भन्ने प्रश्न गरिएको छ । धनराज गिरीकै *आँखा* (अङ्क ८ र ९, २०६६) मा एउटा जेहेन्दार बालक आफ्नो घरको अनावश्यक किचलोका कारण पढाइमा खस्किएको जितमान अवैध कार्यमा संलग्न भएको र जङ्गली जनावरहरूको चोरी, सिकारी गर्ने तस्करहरू विरुद्ध चर्किएको विरोध ऱ्यालीमा सक्रिय जीवनले प्लेकार्ड बोकेर, जोडतोडले

नाराबाजी गरेको र घर फर्किंदा गैंडा तस्करलाई फाँसी दे लेखिएको प्लेकार्ड घरमा ल्याएर पालीको छानामा अड्काएको छ । गैंडा तस्करीमा लागेको जितमान त्यो रात गैंडाको 'खाग' लिएर आउँदा उसका आँखा त्यही प्लेकार्डमा जुध्छ । शङ्कास्पद जितमानले खागको पोको श्रीमतीलाई दिँदा भएको अन्तर्कलहको चर्चा गर्दै त्यसैको भोलिपल्ट हतियारधारी सशस्त्र प्रहरी र सेनाको जीपमा राखेर अपराधी जितमानलाई लागेको र त्यही क्रममा उसको श्रीमती र छोराले देखेको कुरा उल्लेख गरिएको छ । पूर्णबहादुर अधिकारीको *निर्मला* (अङ्क ७, २०६५) कथामा इच्छा विपरीतको विवाह बाध्यताको भएको र त्यो नटिक्ने उल्लेख गरिएको छ । दुई आत्माको मिलन भन्ने कुरा दृढ इच्छाशक्तिको उपज हो । कथाकारले इच्छाएको निर्मलासँग विवाह सम्पन्न हुँदा ठानिएको गौरव र सुखलाई व्यक्त गर्दै कथालाई अगाडि बढाउँदै श्रीमतीप्रति कोठाको सौन्दर्यवस्तुकै रूपमा नहेर्न र जीवनका दुःख र सुख छलफल र सहमतिबाट अनुभूति गर्न प्रेरणा मिलोस् भन्ने आशय व्यक्त गरिएको छ । पूर्णबहादुर अधिकारीकै *विदाइ* (वर्ष २, अङ्क ४, २०६२) कथामा आफ्नी छोरीको शैक्षिक उन्नति र प्रगतिको लागि एउटा बाबुले गरेको प्रयास एवं छोरीलाई पढाउन भनी विदेश पठाउँदाको बिदाइको घढीमा बाबुबाट प्रदर्शित व्यवहारको अनुभूति व्यक्त गरिएको छ ।

बालकृष्ण थपलियाको *चुनावपछि* (अङ्क ५ र ६, २०६४/०६५) लघुकथामा राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापना समावेशी सङ्घीयता, गास, बास, कपास, बिजुली, पानी, बाटो, शान्ति, सुरक्षा, विकास जस्ता सबैकुराहरू चुनावपछि, चुनावपछि भन्दै ठगिएको व्यङ्ग्य गरिएको छ । रुद्र ज्ञवालीको *विखण्डन* (वर्ष ४, अङ्ख २, पूर्णाङ्क १०, २०६६) कथामा राम्रो पारिवारिक सम्बन्ध स्थापना भएका दुई व्यक्तिबिचको सम्बन्धलाई कथित क्षेत्रीय तथा राजनीतिक गलत सोचाइका कारण उनीहरू बिचको त्यो घनिष्ट पारिवारिक सम्बन्धको विखण्डन भएको सन्दर्भलाई क्रमबद्ध रूपमा उल्लेख गरिएको छ । रोहिणीप्रसाद लुइँटेलको *उपधर* (वर्ष २, अङ्क २, पूर्णाङ्क ४, २०६३) कथामा अन्याय र अत्याचारको चरम पराकाष्ठाले सीमा नाघेको, कम्बोडियाली माथि अमेरिकीहरूको अत्याचारको उदाङ्गो पारिएको, अबोध भियतनामी बालबालिकामाथि कथित सुरक्षाफौजले आक्रमण गरी सयेन जस्ता बालकको शरीर क्षतविक्षत पारिएको र उनकी आमाले त्यो क्षतविक्षत शरीरका मासु र हड्डीका टुक्राहरू टिपेर पोको पारेको सन्दर्भलाई उल्लेख गर्दै त्यही मासुको पोको गुम्बामा प्रार्थना गर्नेहरूलाई उपहारको रूपमा दिइएको सन्दर्भलाई उक्त कथामा मूल विषय बनाइएको छ । यस्तै शारदा कोइरालाको *बुद्धिप्रसाद र ऊ* (वर्ष १, अङ्क २, २०६२) कथामा

विभिन्न प्रकारका लठैतहरूलाई व्यङ्ग्यात्मक रूपमा बुद्धिप्रसाद भनिएको छ । हाम्रो मुलुकमा विद्यमान चालचलनको पर्यायको रूपमा बुद्धि प्रदान नं. १, २, ३.... हरूले चोरी, डकैती, हत्या, हिंसा, अन्याय, अत्याचार, घुसखोरी, कालोबजारी, मानव बेचबिखन, सत्तालिप्सा जस्ता आपराधिक कार्य गरेर जेसुकै गर्न पनि पछि नहट्ने नीच व्यक्तिहरूको पाखण्डी स्वाभावलाई उनीहरूले स्वयंलाई जान्नेसुन्ने देखेकोमा बुद्धिप्रसाद भनिएको छ । ती मूर्खहरूलाई र त्यस्ता बुद्धिप्रसादको बारे लेखिरहेका कथाकारको बारेमा पनि अर्को कथाकारले तथा साहित्यकारले लेखेको सन्दर्भ उल्लेख गरिएको छ । हरिहर खनालको *ओखती* (वर्ष १, अङ्क १, २०६२) कथामा चितवनको टोपी सिराइचुलीको थुममा गरिबको प्रतिमूर्ति झ्यापुराम चेपाङ् खोरिया र कमाइ गर्ने जग्गाको उत्पादनबाट २/३ महिना पनि खान नपुग्ने भएपछि जङ्गली गिट्ठा भ्याकुर र कन्दमूलको भरमा परिवार पालिएको हुन्छ । परिवर्तनको संवाहक झ्यापुराम रुढिबादी कुसंस्कारको विरोध गर्छ । धामीको भनाइप्रति असहमति जनाएर वैज्ञानिक आधुनिक शैलीको डाक्टरी उपचार (ओखती) गर्न भरतपुर अस्पताल लैजाने र त्यसको लागि केही रूपयाँ पैसाको व्यवस्था रुकुमतिर कामको खोजीमा गएको छोराले पठाएपछि गर्ने कुरा व्यक्त गरिएको छ ।

### ४.२.३ निष्कर्ष

**हाम्रो सिर्जना** पत्रिकामा प्रकाशित अधिकांश कथा/लघुकथामा पद र सत्ताको लोभमा आजको मान्छे जे पनि गर्न सक्छ, जो भ्रष्ट छ, जो घुसखोरी छ, त्यही नै नैतिकवान्, क्रान्तिकारी, त्यागी, बलिदानी बन्ने आजको गलत परिपाटीलाई छर्लङ्ग पारिएको छ र कानुनी कारबाही गर्न खटिएका व्यक्ति स्वयम्मा भ्रष्ट भएको कुरा उल्लेख गरिएको छ । राष्ट्रनिर्माणको गहन अभिभारा लिई जनतालाई चरम गरिबीको गर्तबाट मुक्ति दिलाउने सङ्कल्प बोकेका नेताहरूको कृतघ्न व्यवहार र प्रतिशोध लिने निकृष्ट चरित्रप्रति व्यङ्ग्य पनि गरिएको छ । बौद्धिक, प्राज्ञिक व्यक्तिहरू भन्दा मन्दबुद्धिका व्यक्तिहरूले देश चलाउँदा देश दुर्गतितिर गएको कुरा देखाइएको छ । असल व्यक्ति तर खल्ती पीडित अर्थात् बेरोजगारी वर्गलाई आफ्नै अभिभावकदेखि अन्यले हेर्ने दृष्टिकोणका साथै सहरमुखी बन्ने आजको प्रवृत्तिप्रति लक्षित कथाहरू पनि रहेका छन् । बेराजगारीको समस्या एकातिर छ भने अर्कातिर तरल भावनामा बगेर आफू पीडित बनेर पनि अरूलाई सहयोग गर्नमा अत्यधिक खुसी हुने लेखक आफन्तहरूबाट, छिमेकीहरूबाट, हाकिमहरूबाट, कथित सहयोग

गर्नेहरूबाट, साथीहरूबाट आदिबाट ठगिएर आर्थिक अवस्था कमजोर भएकोमा लेखक एक्लो भएको पीडा सहेर जिउनुपर्ने आजको अवस्थाप्रति लक्षित गरी लेखिएका कथाहरू छन् । त्यस्तै सामान्य लेखकहरू आफ्नो सारगर्भित भाषण नेताबाट रेडियोमा सुन्दा प्रसन्न भएको कुरा व्यक्त गरिएको छ । यी सबै **हाम्रो सिर्जना** पत्रिकामा प्रकाशित कथाहरूमा घटना विषयवस्तु हुन् ।

नारीको छुट्टै अस्तित्व नभएकोले अरूको सहाराले परिचित हुनुपर्ने, सामाजिक मर्यादाको खोलभित्र नारीवर्गले भोग्नुपरेका आहत, पीडाको रहस्योद्घाटन गर्दै अन्यायको पराकाष्ठाले नारी विद्रोह बन्न सक्ने लक्षण, विवाह बन्धन जस्तो सांस्कारिक कर्म गरिसकेपछि पतिपत्नीमा धोकाको भावना रहनुहुन्न भन्ने भाव, कुरूपताकै कारणले कुनै नारी सुरक्षाभन्दा असुरक्षा खोज्नेजस्ता यौनमनोवैज्ञानिक कथाहरू पनि रहेका छन् । पैसावाल तथा धनी मान्छेहरूको गरिबप्रतिको सोचाइ/दृष्टिकोण पनि देखाइएको छ र व्यापारीहरू भौतिक सुखपूर्ण भएपछि परिवार सन्तुष्ट छ भन्ने ठान्दछन् र शरीरको प्रज्वलित तृष्णालाई आदर्शको खोक्रो सिद्धान्तले तृप्त पार्न नसक्ने भाव व्यक्त गरिएको छ । नागरिकहरूमा अनमेल, निराशा, पलायनवादी सोच, सामूहिक चेतनाको कमी, खुट्टा तान्ने प्रवृत्ति, काटमार गर्ने तथा आपसी कलह, द्वन्द्व गर्ने, कुरा काट्ने, ईर्ष्या गर्ने बानीप्रति लक्षित समसामयिकतालाई समेटिएका कथाहरू पनि **हाम्रो सिर्जना**मा रहेका छन् । यसप्रकार **हाम्रो सिर्जना** पत्रिकामा प्रकाशित सबै कथा/लघुकथाहरू युगजीवनको अभिव्यक्तिका दृष्टिकोणले प्रभावपूर्ण छन् ।

## ४.३ हाम्रो सिर्जना पत्रिकामा प्रकाशित लेख/निबन्धहरूको विश्लेषण

साहित्यका विविध विधाहरूमध्ये वर्तमानमा बढी फस्टाएको विधा निबन्ध विधा हो । निबन्ध गद्य साहित्यमा लेखिने साहित्यिक विधा हो । लघु आकारको साहित्यिक विधाअन्तर्गत निबन्ध पर्दछ । आत्मपरक र वस्तुपरक गरी दुई प्रकारका निबन्धहरू हुन्छन् । लेख, निबन्धहरूको विश्लेषण अन्तर्गत विषय प्रवेश, लेख, निबन्ध, संस्मरणहरूको विश्लेषण, निबन्धको भाषाशैलीय विश्लेषण र निष्कर्ष उपशीर्षकमा लेख निबन्धहरूको चर्चा गरिएको छ । लेख, निबन्ध, संस्मरण, विचारहरूको विश्लेषण शीर्षकमा **हाम्रो सिर्जना** पत्रिकामा प्रकाशित अङ्क एकदेखि एघारसम्म प्रकाशित लेख, निबन्धहरूको प्रत्येक चर्चा गरिएको छ ।

निबन्ध साहित्यको एक महत्वपूर्ण गद्य विधा हो । व्याकरणको नियमानुसार निबन्धको शाब्दिक अर्थ 'राम्ररी बाँध्नु' अथवा 'राम्ररी बाँधिएको रचना' भन्ने हुन्छ । निबन्धले साहित्यमा विधागत मान्यता चाहिँ पाश्चात्य साहित्यबाट पाएको हो । पूर्वीय साहित्यमा पनि निबन्धको आफ्नै विकासक्रम फेला पार्न सकिन्छ । नेपाली साहित्यमा निबन्धबारे सुगठित विचारले सजिएको लघुआयामको स्वतन्त्र गद्य रचनालाई नै निबन्ध मान्न सकिन्छ, जुन रचना उद्देश्यपूर्ण र विश्वसनीय हुन्छ भनिएको छ । निबन्ध निजात्मक वा परात्मक दुबै हुन सक्छन् । **हाम्रो सिर्जना** पत्रिकामा अङ्क एकदेखि एघार अङ्कसम्ममा प्रकाशित निबन्धहरूको यहाँ सङ्क्षिप्त चर्चा गरिएको छ ।

## ४.३.१ विषयप्रवेश

निबन्ध गद्यमा लेखिएको लघुआकारको साहित्यक विधा हो । निबन्धमा कुनै निश्चित विषयमा केन्द्रित रही लेखकका अनुभवहरूको नालीबेली स्वतन्त्ररूपले प्रस्तुत गरिएको हुन्छ । निबन्धमा लेखक तथा सर्जक शीर्षकको सीमित घेराभित्र आबद्ध रहेर आफ्नो असीमित विचारहरू व्यक्त गर्न सक्दछन् । 'नि' उपसर्ग लागेको 'बन्ध्' धातुमा 'धञ्' प्रत्यय लागेर बनेको व्युत्पन्न शब्द निबन्ध हो । सर्वप्रथम फ्रान्सेली साहित्यकार मिचेल डी मोन्तेनद्वारा निबन्धको विन्यास भएको हो । उनका अनुसार 'निबन्ध स्रष्टाको विशेष मनोदशामा सृजना हुने सङ्क्षिप्त आयतनको कृति हो । यो अपूर्ण र पूर्णताको सङ्गम बिन्दुमा टिकेको हुन्छ अर्थात् अपूर्णतामा पूर्णताको अन्वेषण गर्न प्रयत्न गरिने रचना हो, सूक्ष्म आयतनमा विराट्ता प्रतिबिम्बित गर्ने रचना विधा हो ।"[१५] भनिएको छ । लक्ष्मीप्रसाद देवकोटाले निबन्धलाई यसरी परिभाषित गरेका छन् भने रौंचिरा दर्शन होइन, न हो पाण्डित्य दर्शनको ठ्यासफू । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण र सम्मिश्रणको जरुरत छैन । यो एक धूर्त, बदमास ठिटो हो जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ, कतै कतै आनन्दले फुलेर हेर्छ तर घोरिँदैन । यो निबन्ध टेबिल गफ मात्र हो शास्त्र होइन । यो एउटा फुर्सदको मनोरञ्जन हो । यहाँ एउटा रसिलो, हँसिलो, गफाडी, चुट्किलो कुराकानी हो जसको नाम प्रबन्ध वा निबन्ध हो ।"[१६]

---

[१५] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध** भाग ३, काठमाडौं : पाठ्यसामग्री पसल, २०५६, पृ १ ।
[१६] ऐजन ।

निबन्धको वर्गीकरण आत्मपरक र वस्तुपरक गरी दुई प्रकारले गरिएको छ । आत्मपरक अन्तर्गत विचारात्मक, भावात्मक, वैयक्तिक र वस्तुपरक अन्तर्गत निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी वर्गीकरण गरिएको छ । वर्णनात्मक अन्तर्गत प्रलेख, लेख, जीवनी, यात्रा विवरण, शोधलेख, शोधप्रबन्ध, भूमिका आदि प्रशाखा देखाइएको छ । निबन्धमा विषयको बन्धन नरहने हुँदा लेखकले जुनसुकै विधालाई टिपेर पनि त्यसप्रतिको आत्म प्रतिपादनको एउटा सशक्त माध्यम रही आएको निबन्ध साहित्यको पुरानो र प्रमुख विधा हो ।"[१७] यस विधाको विकासका विभिन्न पत्र-पत्रिकाले गहन भूमिका खेल्दै आएका छन्, तीमध्ये **हाम्रो सिर्जना**ले पनि उल्लेखनीय योगदान पुऱ्याएको छ । यस पत्रिकाको एघारौं अङ्कलाई साहित्यकार 'आनन्ददेव भट्ट अभिनन्दन अङ्क' का रूपमा प्रकाशित गरिएको छ । यस विशेषाङ्कमा थुप्रै निबन्धहरू प्रकाशित छन् । त्यस्तै अन्य अङ्कमा पनि बेजोडका निबन्धहरू प्रकाशित छन् ।

निबन्धको विषय, शैली, प्रस्तुति र उद्देश्यका विविधताले गर्दा निबन्धका विभिन्न रूपहरू देखापरेका छन् । वर्णनात्मक, निजात्मक, विचारात्मक निबन्धजस्ता विविधताहरू नेपाली निबन्धका क्षेत्रमा देखापरेका छन् । यस पत्रिकाको प्रकाशनले यी सबैखाले निबन्धहरूको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

**हाम्रो सिर्जना**मा विधागत योगदानमा निबन्धले प्रमुख स्थान ओगटेको छ । लेख/निबन्ध/संस्मरण/विचारहरूलाई एउटै कोटिमा राखेर प्रकाशित गरिएको छ । ८ वर्षको प्रकाशन यात्रामा ७७ वटा लेख तथा निबन्धहरू प्रकाशित भएका छन् । यस पत्रिकामा आत्मपरक र वस्तुपरक दुवै खालका निबन्धहरू प्रकाशित भएका छन् । लेखकका निजी विचारहरूले पनि निबन्धमा स्थान पाएका छन् ।

### ४.३.३ लेख/निबन्ध/संस्मरण/विचारहरूको विश्लेषण

**हाम्रो सिर्जना**का विभिन्न अङ्कमा विभिन्न भावभूमि भएका विविध किसिमका निबन्धहरू छन् । तीमध्ये अच्युत घिमिरेद्वारा लिखित *प्रस्ट विचार बोल्ने स्रष्टा आनन्ददेव भट्ट* (अङ्क १०, २०६८) निबन्धमा साहित्यकार एवं राजनीतिज्ञ आनन्ददेव भट्टको जीवनी, व्यक्तित्व र विविध कृतिहरूको प्रकाशन आदिबारे उल्लेख गर्दै भट्ट प्रगतिवादी चेत भएका साहित्यका हुन् भनिएको छ । मार्क्सवादी दर्शनको गहिरो छाप बोकेका उनले आफ्ना

[१७] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध**, पूर्ववत्, पृ. १० ।

साहित्यिक, वैचारिक रचनाहरूका माध्यमबाट सामाजिक अन्याय, थिचोमिचो र अन्धविश्वासको विरोध बोल्दै गरिब निमुखा जनताहरूलाई सामाजिक शोषण, उत्पीडनबाट मुक्त गराउनुपर्छ भन्ने उद्घोष गरेका छन् । त्यस्तै अर्जुनदेव भट्टद्वारा लिखित निरन्तर परिश्रमले बनाएको मान्छे आनन्ददेव भट्ट (अङ्क ११, २०६८) मा आनन्नदेव भट्ट त्यागी, परिश्रमी, इमान्दार, निष्ठावान्, कर्तव्यपरायण एवं पदलोलुपताको प्रखर विरोधी एवम् विद्रोही स्वभावका व्यक्ति भएको कुरा उल्लेख गरिएको छ । पैतृक सम्पत्तिको कुनै हिस्सासम्म ग्रहण नगरेका आनन्ददेव भट्टले आफ्नै पिताश्रीकै अनुयायीकै रूपमा इमान्दारीता र परिश्रमी बनेको कुरा प्रस्तुत निबन्धमा उल्लेख गरिएको छ । त्यसै गरी आत्माराम ओझाद्वारा लिखित *उच्च प्रतिभावान् राष्ट्रिय व्यक्तित्व श्री आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) निबन्धमा साहित्यकार श्री आनन्ददेव भट्ट जस्ता स्रष्टाहरूको जनस्तरबाटै सधैं आवश्यकताको महसुस गरिने हुँदा उहाँ जस्ताको सधैँ श्रद्धा र सम्मान हुनुपर्दछ भन्ने कुरा व्यक्त गरिएको छ ।

साहित्यकार इन्द्र रेग्मीको *भट्टजीका बारेमा थपकुरा* (अङ्क ११, २०६८) शीर्षकको निबन्धमा भट्टजीका बारेमा लेख्ने हो भने पुस्तक मात्रका ठेलीका ठेली बन्नेछन् भन्दै साहित्यकार रेग्मीका अनुसार भट्ट कर्मठ, त्यागी, हठी, आक्रामक स्वभावका थिए भन्दै उनलाई सोदाहरण प्रस्तुत गरिएको छ । उदाहरण स्वरूप कारुणिक स्वरूपमा नारायणी राप्ती किनारमा वनभोज जाँदा अर्थशास्त्रका प्राध्यापक घनश्याम बहादुर सिंहको नुहाउने क्रममा डुबेर मृत्यु भएकोमा पछि कलेजमा आयोजित शोक सभामा बोल्ने क्रममा भट्टज्यू डाँको छोडेर रुनु भएको, हठी स्वरूपमा त्यही वीरेन्द्र कलेजबाट अन्यत्र जान स्थानान्तरणको प्रमाण-पत्र माग्न आएको र उक्त उद्दण्ड विद्यार्थीको स्थानान्तरण प्रमाणपत्रमा अनौठो कुराहरूको अतिरिक्त 'हिज क्यारेक्टर इज नट गुड' भनेर लेखिदिनु भएको सन्दर्भ उल्लेख गरिएको छ । भैरहवा-बाग्लुङ भ्रमणका क्रममा तिनाउ पारिको हाइस्कुलका प्रधानाध्यापकसँगको भेटघाट र कुराकानीमा भट्टसरले बलिन्द्रधारा आँसु खसालेकोमा मानिस हर्षमा पनि रुँदारहेछन् भन्ने कुरा व्यक्त गरिएको छ । साहित्यकार इन्द्र रेग्मीकै *मै मरे पनि मर्ने छैन माया बन्दीपुरको* (अङ्क ७, २०६८) शीर्षकको निबन्धमा प्राकृतिक धरोहरको केन्द्र बन्दीपुरमा आयोजित साहित्यिक स्रष्टाहरूको सम्मेलन गणतान्त्रिक स्रष्टा मञ्चको पहलमा २०६४ कार्तिक १७ गते तनहुँको बन्दीपुरमा भएको र उक्त कार्यक्रममा साहित्यकार रेग्मीको उपस्थिति, बन्दीपुरको भौगोलिक सांस्कृतिक विवरण एवं साहित्यिक कार्यक्रमको चर्चा गरिएको छ । उनले साहित्यिक कार्यक्रमको चर्चा गर्ने क्रममा रेशमलाल श्रेष्ठले आफ्नो

स्वागत गीतमा 'म मरे पनि मर्ने छैन माया बन्दीपुरको' भनेर सुमधुर स्वरमा गाउँदा बन्दीपुरेमात्र नभएर, उपस्थित सबै भावविभोर बनेका तथा चितवनकी नमुना शर्माले उठौं अब गणतन्त्र ल्याउन, अत्याचारी शासनलाई हटाउन" भन्दा सबै श्रोताहरू जुरुक्क-जुरुक्क उठेको सन्दर्भलाई उल्लेख गरेका छन् ।

कपिल अज्ञातद्वारा लिखित *ज्योतिर्विज्ञान* (अङ्क ५ र ६, २०६४/०६५) शीर्षकको निबन्धमा 'जन्माङ्ग तथा गोचरमा शनि र शनिको साढेसाती विचार' को सन्दर्भमा शनिको अर्को नाम शनैश्चर हो र यसका अन्य नामहरू असित, अर्कि, छायात्मज, सूर्यपुत्र, सौरी, पङ्ग, मन्त्र, तरणि, तनय, पातङ्गी, नील, कोण, क्रोड, दुःख आदि हुन् र यस ग्रहका विभिन्न अवस्थामा मानव जीवनमा पुऱ्याउने लाभ-हानिका बारे ज्योतिषीय विचार व्यक्त गरिएको छ । शनिका विविध पक्षको उल्लेख गर्दै साढेसातीको कष्ट र हानिप्रद स्थितिलाई निम्नलिखित पद्यबाट पनि बुझ्न सकिन्छ :-

आफन्तले विरोध गर्छन्, बैरी बन्छन् साथी,
घरगोठ रित्तो हुन्छ, मर्छन् घोडा हात्ती,
रोगब्याध लाग्छ धेरै, जान्छ, रूपयाँपैसा,
पर्छ धेरै मानसिक, कष्ट भाँति भाँति,
निद्रा मीठो नलागेर, खेल्छन् कुरा धेरै,
दुःखदायी आयो जब, शनि साढेसाती ।

निबन्धकार कमल गुरागाईको *सधैं निर्भीक आनन्ददेव भट्ट : अलिकति शब्दमा* (अङ्क ११, २०६८) शीर्षकको निबन्धमा प्राज्ञ आनन्ददेव भट्टकोको जीवनी चर्चा, व्यक्ति व्यक्तित्व र उनले नेपाली साहित्यमा पुऱ्याएको योगदान तथा उनका प्रकाशित कृतिहरूको चर्चा गरिएको छ । निबन्धकार गुरागाईंले प्राज्ञ भट्ट इमान्दार, स्वच्छ, सरल, न्यायप्रेमी, अन्याय-अत्याचारका विरोधी प्रखर वक्ता भएको कुरा उल्लेख गरिएको छ । वि.सं. २००९ सालदेखि २०१७ सालसम्म र २०५० सालदेखि २०६३ सालसम्म सक्रिय वामपन्थी राजनीतिमा संलग्न भई पार्टीकाम गरेको पाइन्छ । भ्रमणमा, अध्ययन र लेखनमा रुची राख्ने भट्ट प्राध्यापन, साहित्य लेखन र समाजसेवामा व्यस्त देखिने कुरा व्यक्त गर्नुभएको छ । साहित्यकार कमल दिक्षितको *चित्त बुझ्ला* (अङ्क ११, २०६८) शीर्षकको निबन्धमा भट्टसँगको चिनजानको प्रसङ्ग, सहयोगी भावना, राजनीतिक चेतना तथा साहित्यिक धरोहरको सन्दर्भ उल्लेख गरिएको छ । साहित्यकार दीक्षितको नेपाली साहित्य संसारभित्र चियाउने झ्याल नै त्यही

मदन पुरस्कार पुस्तकालय (मपुपु) को वेभसाइट भएको र कम्प्युटर खोलेर वेभभित्र छिर्दा लेखक आनन्ददेव भट्ट भनेर खोज्दा १३ वटा प्रविष्टि मात्र फेला परेकोमा आनन्ददेवका पुस्तकको सङ्ख्या त्यति मात्रै त होइन होला भन्ने लाग्दालाग्दै उनले अलक्टाकोररी अर्थात् सर्वरकम खोजे पनि उनको नामबाट २८ ओटा कृति देखा परेको कुरा उल्लेख गर्नुभएको छ ।

कमलराज रेग्मीद्वारा लिखित *सफल-असफल* (अङ्क ११, २०६८) शीर्षकको विशेष सन्देश लेखमा साहित्यिक स्रष्टा आनन्ददेव भट्टको साहित्यकला, उनका सृजनाहरू र व्यक्ति-व्यक्तित्वको चर्चा गरिएको छ । लेखक रेग्मीद्वारा जनता, समाज र राष्ट्रलाई योगदान दिने विद्वान्, साहित्यकार, समाजसेवी, कर्मशील व्यक्तिको समाजमा प्रशंसा हुन्छ, सम्मान हुन्छ र त्यस्ता व्यक्तित्वका धनी आनन्ददेव भट्ट हुन् भनी चर्चा गरिएको छ । त्यसै गरी कालीप्रसाद सुवेदीको *मेरा मानसगुरु आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको लेखमा भट्टसरको जीवनीचर्चा, कडा मिजासका सहयोगी र राजनीतिक व्यक्तित्वका धनी भएको कुरा उल्लेख गरिएको छ । साहित्य सिर्जनामा अनवरत लागिरहेका भट्टका कृतिहरूले नेपाली साहित्यको उठानमा ठूलो टेवा पुऱ्याएको उल्लेख गरिएको छ ।

काशीनाथ अधिकारीको *राजनीतिमा आनन्ददेव भट्ट* (अङक् ११, २०६८) शीर्षकको राजनैतिक विशेष लेखमा कामको सिलसिलामा कामबाट अवकाश लिएपछि मानिसहरू आरामको जीवन बिताउँछन् । एकनासको लामो हिँडाइ अन्त्य गरेर मज्जाले थकाइ मेटाउँछन् तर जीवनमा केही गर्ने हुटहुटी भएकाहरूले भने अवकाशको जीवनलाई हिँडाइबाट कुदाइमा बदल्दा रहेछन् । दौडिने अवस्था हुँदोरहेछ जागरुक आनन्ददेव भट्ट जस्ता व्यक्तिलाई भन्ने विचार व्यक्त गरिएको छ । त्यसैगरी घनश्याम ढकालको *आनन्ददेव भट्ट सहकार्य र अनुभूति* (अङ्क ११, २०६८) शीर्षकको राजनैतिक विशेष लेखमा निबन्धकार ढकालको आनन्ददेव भट्टसँगको परिचय भट्टकै कृतिहरू मार्फत भएको अवगत गराउँदै भट्टसर गलत तथा झुटो आश्वासन नदिने र उनले भनेको जेजसरी पनि पुरा गर्ने हठी र दृढ स्वभावका भएको कुरा उल्लेख गरिएको छ । निबन्धकार ढकालको कठोर राजनैतिक परिवेशमा समेत भट्टसरसँगको सामीप्यले निबन्धकारले दृढतामा उर्वरता प्राप्त गरेको कुरा समेत व्यक्त गरिएको छ ।

कृष्णदेव भट्टको *ठुल्दाजु आनन्ददेव भट्ट: मेरो आँखामा* (अङ्क ११, २०६८) शीर्षकको व्यक्ति व्यक्तित्व लेखमा आनन्ददेव भट्ट दाजुभाइको क्रममा सबैभन्दा जेठा सदस्य भएकाले

उनको परिवारमा जीवनका सबैजसो पक्षहरूमा दाजुको ठूलो सकारात्मक प्रभाव परेको उल्लेख गर्दै अग्रजले गर्नुपर्ने कर्तव्यबाट कहिल्यै विमुख नभएको कुरा उल्लेख गरिएको छ । प्रस्तुत निबन्धमा पैसा नचाहिने देशको प्रयत्न भएपनि, संसारमा जहाँ गए पनि जीवन चलाउन पहिलो कुरा पैसा नै चाहिँदो रहेछ । साधारणतः औपचारिक शिक्षा जति धेरै लिन सक्यो त्यत्ति राम्रो पैसा पाउने सम्भव भएकाले अनुकूल अनुसार बढीभन्दा बढी शिक्षा आर्जन गर्नु फलदायी रहेछ । तर, शिक्षाको मूल उद्देश्य चाहिँ जीवनसम्बन्धी ज्ञान हासिल गर्नु नै रहेछ । यो ज्ञान औपचारिक डिग्री वा सीप हासिल गरी रहुन्जेलसम्म मात्र उपलब्ध हुने होइन यो त जीवनपर्यन्त चलिरहने प्रक्रिया हो भन्ने भाव व्यक्त गरिएको छ । कृष्णकुमार श्रेष्ठको *आनन्ददेव भट्टसरको बारे केही अनुभव* (अङ्क ११, २०६८) शीर्षकको निबन्धमा कुशल प्रशासक आनन्ददेव भट्टको कार्यबाट आफ्ना पक्षका मात्र होइन विपक्षीहरू समेत प्रभावित हुन्थे र उहाँको निडरपनादेखि कायर भएर पछाडि कुरा काट्ने दोधारे मण्डले तथा विपक्षीहरू सरको अगाडि परेपछि कायर हुन्थे भन्ने कुरा उल्लेख गरिएको छ ।

केदारप्रसाद आचार्यको *उदाहरणीय व्यक्तित्व आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको व्यक्ति/व्यक्तित्व लेखमा मानिसको व्यक्तित्व उसले काम गरेका धरातलबाट निर्माण हुँदैजान्छ र आफू रहेको धरातलमा उभिएर राष्ट्रका निमित्त योगदान दिन सक्ने व्यक्तित्वले समाजका निमित्त महत्त्वपूर्ण योगदान दिएको हुन्छ एवं समाजमा रहेर गरेका कार्यहरूले व्यक्तित्वको उचाई थप्ने काममा बल गरिरहेको हुन्छ भन्ने कुरा व्यक्त गरिएको छ । निबन्धकार आचार्यले आनन्ददवे भट्ट प्रगतिशील लेखक सङ्घको केन्द्रीय अध्यक्ष भएकोमा राजनीतिको क्षेत्रमा नेकपा (एमाले) मा लामो समय नेतृत्व गर्दै आएको, बैतडीमा रहेर वामपन्थी विचार विस्तार गर्ने कार्यमा गरेको योगदान तथा आफ्नो कार्यकालमा सङ्गठनलाई चुस्तदुरुस्त र अनुशासित रूपमा परिचालन गरेको कुरा चर्चा गरिएको छ । त्यसै गरी निबन्धकार कृष्णप्रसाद पण्डितको *वीरेन्द्र बहुमुखी क्याम्पस र श्री आनन्ददेव भट्ट* ( अङ्क ११, २०६८) शीर्षकको निबन्धमा नेपालको मध्यवर्ती भू-भागमा रहेको चितवन जिल्ला, राजधानी प्रवेशको प्रवेशद्वारको रूपमा रहेको र यसै प्रवेशद्वारको गेटमा सञ्चालित वीरेन्द्र बहुमुखी क्याम्पसलाई वर्तमानको भौतिक, आर्थिक अवस्थासम्म ल्याइपुऱ्याउन चितवनका शिक्षाप्रेमी, सामाजसेवी, वुद्धिजीवीको सहयोगमा तत्कालीन प्रिन्सिपल आनन्ददेव भट्टले पुऱ्याउनुभएको योगदानको चर्चा गरिएको छ ।

डाक्टर खेमनाथ कोइरालाको *आनन्ददेव भट्ट : एक श्रद्धेय व्यक्तित्व* (अङ्क ११, २०६८) शीर्षकको निबन्धमा आनन्ददेव भट्ट गुरु पुस्ताको एक अग्रणी एक प्राध्यापनकर्मी,

एक चिन्तक, एक समाजसेवी, एक विद्रोही, एक राजनीतिकर्मी, एक सङ्गठक र एक कर्मठ विद्रोही भएको कुरा उल्लेख गरिएको छ । उनकै *पारिजात : स्मृतिका सन्दर्भमा एक टिपोट* (अङ्क ३, वर्ष २, २०६३) शीर्षकको निबन्धमा निबन्धकार कोइरालाको साहित्यकार पारिजातको परिचयसँगै सङ्घर्षमय जीवन, परिवर्तनमुखी चाहना, राजनीतिक व्यक्तित्व, साहित्यिक मान्यता, वैचारिकता, रचना वैशिष्ट्य, पारिजातका विचार आदि विविध शीर्षक उपशीर्षकमा विभाजन गरेर पारिजातको जीवनीचर्चा र उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको चर्चा गर्दै अथक साधक पारिजातको सम्मान गरिएको छ । कोइरालाले नौलो नेपालीमा पारिजातका पाँचवटा रचना प्रकाशित गरेको र ती निम्नानुसार रहेको उल्लेख गरिएको छ :-

क) एउटा मूल्याङ्कन स्वतन्त्रताको (नौ.नं. २.१, २०२८ वैशाख, पृ. १५-१६)

ख) पारिजातका साहित्यिक मान्यता, विवाद र खण्डन (नौ.नं. २.३, २०३०, वैशाख, पृ. ५)

उपर्युक्त रचनाहरू पारिजातको राल्फाबाट प्रगतिवादीमा मोडिन लागेको सङ्क्रमणकालीन प्रगतिवादमा झुकाउन रहेको अवस्थाका हुन् भन्ने उल्लेख गरिएको छ ।

केदारनाथ खनालको *आकर्षक व्यक्तित्वका धनी आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको लेखमा आकर्षक बौद्धिक व्यक्तित्वका धनी आनन्ददेव भट्टका बारेमा समालोचक कृष्णचन्द्रसिंह प्रधानले प्रगतिशील धारका मार्क्सवादी नेपाली समालोचनाको फाँटमा सँगै नारिएका एक हल समालोचक आनन्ददेव भट्ट र तारानाथ शर्मा र एकताका यी दुईको जोडीले चर्चाको शिखर चुमेको तर जोत्नेक्रममा जमिनभित्रको कुनै ढुङ्गा, रुखको जरा वा सारो ठाउँमा हलो अड्किदा जसरी हल पिराहा गोरु थुचुक्क बस्दा मेलोमात्र रोकिदैन सँगै नारिएको अर्को गोरुलाई पनि जुवाले तानेर उसको समेत बोझ एक्लै काँध थाप्नुपर्दा उभिनै गाह्रो पर्छ, ठीक यस्तै अवस्था छ आनन्ददेव भट्ट र ताना शर्माको भन्दै साहित्यको समालोचनाको क्षेत्रमा अग्रणी भूमिकामा आनन्ददेव भट्ट छन् भनिएको छ ।

निबन्धकार जगत श्रेष्ठको *प्रखर व्यक्तित्वका धनी आनन्ददेव भट्टको के बयान गरूँ खै* (अङ्क ११, २०६८) शीर्षकको लेखमा ७५ बर्षको उमेरमा दौडिरहेका आनन्ददेव भट्टको सामान्य शारीरिक अस्वस्थताका बाबजुद पनि साहित्य साधनामा सक्रियतापूर्वक लागिरहनु भएको सन्दर्भलाई उठाउँदै मानिसमा आ-आफ्नो विशेषता हुने र त्यस्ता विशेषतामा भट्टसर साह्रै व्यावहारिक विशेषतामा ख्याति कमाउनुभएको व्यक्ति हुनुहुन्छ भन्ने सान्दर्भिकता

उल्लेख गरिएको छ । यसै क्रममा जनकराज भट्टको *आनन्ददेव भट्ट : एक आदर्श व्यक्तित्व* (अङ्क ११, २०६८) शीर्षकको लेखमा बौद्धिकताका धनी आनन्ददेव भट्ट झुटा आश्वासन नदिने, पछाडि कुरा नकाट्ने, सबैलाई सम्मान गर्ने, आर्थिक पारदर्शिता अपनाउने जस्ता कैयौं गुणले युक्त भएको व्यक्तित्व भएको प्रसङ्ग उल्लेख गरिएको छ । वरिष्ठ साहित्यकार, समालोचक एवं पत्रकार डी.आर. पोखरेलको *महापण्डित राहुल सांकृत्यायन : एक परिचय* ( अङ्क १, वर्ष १, २०६२) शीर्षकको लेखमा भारतको उत्तरप्रदेश, आजमगढ जिल्लाको पन्ढहा कनौला ग्राममा ब्राह्मण परिवारमा वि.सं. १९५० (शनिबार ९ अप्रेल सन् १८९३) मा जन्मिएका केदारनाथ पाण्डे नै पछि 'राहुल' भएका हुन् र सांकृत्यायन उनको गोत्र भएको र महापण्डित समाजले प्रदान गरेको पदवी हो भनिएको छ ।

पत्रकार, समालोचक एवं निबन्धकार डी.आत्रेयको *एक अथक साहित्य साधक : चूडामणि रेग्मी* शीर्षको निबन्ध (अङ्क ४, २०६३) मा पूर्वाञ्चलका मोतीरामको उपाधिले विभूषित भएका र राष्ट्रिय प्रतिभा पुरस्कार, प्रेस काउन्सिल पुरस्कार, राष्ट्रिय शिक्षा पुरस्कार, महानन्द पुरस्कार, भैरव पुरस्कार, पत्रकारिता पुरस्कार लगायत १६ वटा राष्ट्रिय र स्थानीय तहका पुरस्कार र सम्मानहरूबाट सम्मानित साथै मदन पुरस्कार स्वर्ण वर्ष सम्मानद्वारा समेत सम्मानित भएका विभिन्न विधाका १८ वटा पुस्तकहरूका रचयिता, भाषाशास्त्री, झर्रोवादी आन्दोलनका प्रणेता, मेची क्याम्पसका सह-प्राध्यापक, हाल सत्तरी वर्षमा हिँडिरहेका एक अथक साहित्य साधक, नयाँ पुराना सबै साहित्यकार, कलाकार, पत्रकार, प्राध्यापकहरूका प्रेरणास्रोत चूडामणि रेग्मी भाषा साहित्य र शिक्षाको क्षेत्रमा परिचित नाम भएको कुरा उल्लेख गरिएको छ । डी.आर. पोखरेलकै *चीनका महान् स्रष्टा लु स्युन : एक परिचय* (अङ्क २, २०६२) शीर्षकको निबन्धमा चीनका महान स्रष्टा लु स्युन कसैको अगाडि मुन्टो नझुकाउने, चाकरी-चुक्ली र चाप्लुसीबाट मुक्त, साऱ्है इमान्दार, साऱ्है उत्साही, दृढ मनोबल भएका, चिनियाँ नवसंस्कृति र साहित्य फाँटका सर्वाधिक सही र स्वाभिमानी स्रष्टा भएको कुरा उल्लेख गरिएको छ । साहित्यकार तथा पत्रकार डी.आर. पोखरेलकै *भैरहवा भ्रमणको झुल्को* (अङ्क १०, २०६६) शीर्षकको लेखमा झापाका साहित्यकार चूडामणि रेग्मी (चूमरे) को साहित्यिक भ्रमणको क्रममा भैरहवा जाँदा गरिएका विविध साहित्यिक कार्यक्रमहरूलाई क्रमशः व्याख्या गरिएको छ । चूडामणि रेग्मी 'मोफसलका साहित्य राजदूत' नै हुन् भनिएको छ । उनले मोफसलमा धेरै साहित्यिक कार्यक्रमहरू चलाउँदै आएका र सोही कार्यक्रम चलाउने क्रममा विभिन्न लेखन्तेहरूलाई छाम्दै भैरहवाका लेखक

कपिल लामिछानेलाई उजिल्याउन झापाबाट चितवन आइपुगेको र *'भैरहवा भ्रमणको झल्को'* लेखको लेखकलाई पनि भैरहवा जान उक्साएको कुरा उल्लेख गरिएको छ ।

निबन्धकार धर्मराज डङ्गोलको *म, इथ्नोबोटानी र मेरो यात्रा* (अङ्क ७, २०६५) शीर्षकको निबन्ध/संस्मरणात्मक लेखमा *आँखीझ्यालबाट आफैलाई हेर्दा, मेरो विगत र वर्तमानबाट भविष्य निर्धारण मेरो कर्मथलो* उपशीर्षकमा डङ्गोलको अध्ययन-अध्यापनको क्रममा त्रि.वि. सेवा आयोग प्रवेशदेखि नेचुरल हिस्ट्री सोसाइटी नामको संस्थालाई जन्म दिँदै इटनोबोटानी क्षेत्रमा गरेको विविध अवस्थाको उल्लेख गरिएको छ । यसै गरी निबन्धकार धनराज गिरीको *मनका कुरा महागुरुसित* शीर्षकको निबन्धात्मक लेखमा आनन्ददेवका शिष्यहरू निबन्धकारका गुरुहरू भएकोले आफ्ना महागुरु भएको सन्दर्भ कोट्याउँदै मुलुकमा अराजकता, अस्थिरता, गुण्डागर्दी, गलत राजनीतिक क्रियाकलाप तथा गलत मनोभावनाले सक्रियता पाएकोमा त्यस्ता विविध समस्याको माफी/क्षमा गरिदिनुहुन बौद्धिकताका धनी आनन्ददेव भट्टसँग अनुनय विनय गरिएको छ । निबन्धकारले मनका कुरा पोख्ने क्रममा सम्भव भए आम एकता, त्यो नभए 'बाम एकता' होस् भनेका छन् । मान्छे मिल्न भनेर जन्मिएकै होइन । पहिला-पहिला अपराध शरण माग्दै राजनीतिको दैलोदैलोमा पुग्दथ्यो । अहिले त राजनीति नै अपराधको शरणमा गएझैं लाग्छ अपराधको राजनीतिकरण हो कि राजनीतिको अपराधीकरण हो केही बुझ्नै सकिँदैन भन्ने आशय प्रकट भएको छ । प्रतिभा पलायन, इमान पलायन, मानवता पलायन एवं कर्तव्यको मूल्य मान्यता नै पलायन भएको कुरा उक्त लेखमा अत्यन्त मार्मिक शब्दमा उल्लेख गरिएको छ । त्यसै गरी निबन्धकार नरबहादुर खाँडको *राजनीतिक चेतनाको मुहान आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको लेखमा एक साधकले कसरी राजनीतिक अनुयायीको रूपमा सफलता प्राप्त गरे भन्ने सन्दर्भ केलाइएको छ । मानव समाजमा विशिष्ट व्यक्तिहरूको पहिचानको क्षेत्र भिन्नभिन्न रहेको हुन्छ । कुनै पनि श्रेय प्राप्त गर्न एउटा न एउटा क्षेत्रमा दखल हुनैपर्छ । कुनै पनि क्षेत्रमा निष्ठापूर्वक काम गरेर आदर्श विचारलाई व्यवहारमा लागु गर्ने व्यक्तिहरू थोरै मात्र देखिन्छन् तथा भेटिन्छन्, ठूला-ठूला पदमा पुगेका राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सचिव, पार्टी प्रमुखहरूको सङ्ख्या धेरै ठूलो छ तर उनीहरूको बारेमा इतिहासका विद्यार्थीलाई थाहा छैन । जनताको हित र सेवामा समर्पित भएर लाग्नेहरू नै वास्तविक रूपमा जनताका मान्छे हुन्छन् भन्ने उपदेशात्मक राय प्रकट गरिएको छ । यस्ता जनताका मान्छेका रूपमा राजनीतिक चेतनाको मुहान आनन्ददेव भट्ट हुन् भनिएको छ ।

समालोचक नारायणप्रसाद खनालको *प्रेरक अनुप्रेरक व्यक्तित्व : आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको संस्मरण/लेख निबन्धमा निबन्धकारले अध्यापन क्षेत्रमा भोग्नु सहनुपरेका पीडाहरू उल्लेख गर्दै आनन्ददेव भट्टको विविध लेख रचनाहरूबाट प्रभावित भएर आफूभित्रका हीनताबोधलाई पैतालामुनि दबाइराख्ने दृढ अठोट र विश्वास प्राप्त भएको र सबैभन्दा कर्तव्य नै ठूलो हो र एउटा प्राध्यापकको कर्तव्य नियमित रूपमा उपस्थित भई पढाउनु नै हो अनि लेखन-पठन र अनुसन्धान बाहेक अरू सब कुरा गौण हुन् भन्ने दृढ भावना जागृत भएकाले भट्टसर नै निबन्धकार समालोचक खनालको प्रेरक व्यक्तित्व भएको कुरा उल्लेख गरिएको छ । यसै गरी पुण्यप्रसाद खरेलको *विचार र व्यवहारमा एकरूपताको सतीसाल* (अङ्क ११, २०६८) शीर्षकको संस्मरण, लेख-निबन्धमा आनन्ददेव भट्टको व्यक्तित्व चर्चा गरिएको छ र भनिएको छ महान् व्यक्तिहरू आफ्नो हानि र लाभसँग कुनै हिसाब लाउँदैनन् । हिसाब लाउने त समाजको लाभ र हानिकै हो । एउटा न्यायाधीशको छोरो, २०१६ सालमै अङ्ग्रेजी विषयमा एम.ए.पास गरेको, व्यक्तिगत सुख सुविधाका कुरामा धनसम्पत्ति आर्जनका कुरामा केन्द्रित हुने हो भने केको कमी हुन्थ्यो होला तर आनन्ददेव भट्टले आफूलाई त्यो बाटो कहिल्यै नहिँडाएर मुलुकमा हेपिएका, थिचिएका, पुरिएका, पसिना बगाएर भोकै-नाङ्गै बाँच्न विवश निर्धा मानिसहरूका पाखुरामा रगत कसरी भर्न सकिन्छ, तिनका मनमा कसरी समानतापूर्ण जीवन बाँच्ने सपना रोप्न सकिन्छ र कसरी सुखका दिन भित्र्याउने आँट गर्न सकिन्छ भनेर त्यसैको खोजीमा लागि रहेको कुरा उल्लेख गरिएको छ । त्यसै गरी पुष्पराज जमरकट्टेलको *भट्टसरसँग गाउँ घुम्दाको आनन्द* (अङ्क ११, २०६८) शीर्षकको संस्मरणात्मक लेखमा निबन्धकार जमरकट्टेल र आनन्ददेव भट्टका चितवनमा घुमेफिरेका दिनचर्याहरूको चर्चा गरिएको छ । यसमा भट्टसर बिदाको समयमा कक्षाकोठा तथा घरमा थुनिएर र कुँजिएर बस्ने व्यक्ति नभएर फुर्सदको दिन आफ्ना विद्यार्थी तथा तिनका बाआमा एवम् अभिभावक र बामपन्थी व्यक्तित्वहरूसँग भेटघाट, छलफल र सम्बन्ध बढाउन तथा बामविचार फिँजाउन गाउँ जान रुचाउने व्यक्तित्व हुनुहुन्थ्यो भन्ने सन्दर्भ उल्लेख गरिएको छ । पूर्णबहादुर अधिकारीको *मृत्यु शिक्षा* (अङ्क ८ र ९, २०६६) शीर्षकको संस्मरणात्मक लेखमा अध्यापन कार्यमा संलग्न भइरहेकै कार्यकक्षबाट रोबोर्ट रूपी सेनाहरूले कथित आतङ्ककारीको नाउमा पक्रिएर लगेका, ग्वान्टानामो बन्दीगृहमा पालको घरमुनि थुनेर राखेका, त्यस शिबिरमा कठोर यातना दिइएको, हुँदै नभएको र हुनै नसक्ने जस्तो कपोलकल्पित कुरा गरेर फँसाउन खोजिएको र हरेक प्रकारका यातनामा थकित र

गलित हुदै गएकोमा मृत्युशिक्षा मागिएको अत्यन्तै मार्मिक प्रसङ्ग उल्लेख गरिएको छ । निबन्धकार पूर्णबहादुर अधिकारीकै *मेरो प्रेरणास्रोत भट्टसर* (अङ्क ११, २०६८) शीर्षकको संस्मरण/लेख निबन्धमा व्यक्तिगत रूपमा निबन्धकारको कमै पहिचान भए तापनि भावनात्मक एवं विचारमा ज्यादै प्रभावित भएकोले परिचित हुने मिलेको कुरा उल्लेख गरिएको छ । साहित्य सङ्गम चितवनले भट्टसरको सम्मान गर्दा कुराकानीमा अधिकारीलाई उनले लेख्ने विधा कुन हो भनी सोधिएको थियो । त्यसको उत्तरस्वरूप कविता, निबन्ध, नियात्रा, कथा लेख्नेकुरा व्यक्त गरिएकोमा समालोचना लेख्न भनिएको थियो । समालोचना जतिको दीर्घजीवी अरू विधा हुँदैनन् र छोड्नु हुँदैन, समय त्यत्तिकै बर्बाद गर्नुहुन्न भन्ने सुझाव दिएका र भट्ट सर नै निबन्धकारको मार्गदर्शक भएको कुरा उल्लेख गरिएको छ ।

निबन्धकार प्रेमविनोद नन्दनको *उत्प्रेरक व्यक्तित्व आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको निबन्धमा आनन्ददेव भट्ट कवि, समालोचक, अनुवादक तथा प्रगतिशील लेखक, राजनैतिक क्रान्तिदर्शी चिन्तक, स्पष्टवक्ता सत्यका हिमायती उहाँको व्यक्तित्व हिजोभन्दा आज झन् परिपक्वतातिर उन्मुख हुनु भएको उल्लेख गरिएको छ । यसै गरी पोषराज पौडेलको *सम्झनाका तरेलीमा : कवि कृष्णसेन इच्छुक* (अङ्क ७, २०६५) शीर्षकको लेखमा महान् सहिद कृष्णसेन इच्छुकको संस्मरण ढिलो लेखिए तापनि उनी पानी जत्तिकै साहित्यमा प्रशस्त भएको, जसरी समुद्रको पानी जति झिके पनि सकिँदैन त्यसरी नै साहित्य लेखन कलामा उनी नरित्तिने र नथाक्ने व्यक्तित्व भएको कुरा उल्लेख गरिएको छ । इच्छुक कहिल्यै नमर्ने अजम्बरी सपना हो, विचारको सतिसाल हो । कमरेड कृष्णसेन इच्छुक नेपाली प्रगतिवादी साहित्यका एक नक्षत्र रहेको र उनले सङ्ख्यामा थोरै पुस्तक लेखेका छन् तर सारमा ती अथाह सागरजस्तै छन् भन्ने विचार व्यक्त गरिएको छ । उनकै *आनन्ददेव भट्ट मेरो स्मृतिमा* (अङ्क ११, २०६८) शीर्षकको लेखमा आनन्ददेव भट्ट बहुमुखी प्रतिभाका धनी भनिएको छ । कवि, प्राध्यापक, निबन्धकार, समालोचक, राजनीतिज्ञ, समाजसुधारक एवं बैद्धिकताका धनी भट्टले धेरै प्रगतिवादी रचना सिर्जना गरेर नेपाली प्रगतिवादी साहित्यिक भण्डारलाई समृद्ध पारेको कुरालाई चर्चा गरिएको छ । वरिष्ठ साहित्यकार एवं निबन्धकार बाबुराम पाण्डेको *प्रजातन्त्र सेनानी : अङ्ग्रेजबाबु श्रेष्ठ* (वर्ष ४, पूर्णाङ्क १०, २०६६) शीर्षकको व्यक्तित्व चर्चामा उनी अग्ला र गोरा भएकोमा अङ्ग्रेज नाम राखिएको, प्रजातन्त्रका सेनानी, कुशल लडाकु, बहुभाषी अङ्ग्रेजबाबु नेपालीहरू मात्र नभै संसारभरका

मानिसहरू सहृदयी, दीर्घायु तथा स्वस्थ रहून् भन्ने कामना गर्ने असल व्यक्तित्व हुन् भनिएको छ । बाबुराम पाण्डेकै *चितवनको शैक्षिक पृष्ठभूमि र भट्टसरको योगदान* (अङ्क ११, २०६८) शीर्षकको संस्मरण, लेख-निबन्धमा भट्टसरसँगका सम्झना र उहाँका सबल पक्षका शब्दहरू जति लेखे पनि कहिल्यै नसिद्धिने, नरित्तिने, अथाह ज्ञानको भण्डार, रोचक, रमाइला व्यक्ति, जति पढे पनि अधुरै रहने साहस, प्रेरणा र हौसलाका प्रतिमूर्ति भट्टसर चितवनका जनतामा सधैं ताजा सम्झनामा रहिरहने एउटा जीवन्त व्यक्तित्व भएको कुरा उल्लेख गरिएको छ । यसै गरी निबन्धकार बालकृष्ण थापाको *टाढाका आनन्द मनका देव आनन्ददेव* (अङ्क ११, २०६८) शीर्षकको लेखमा आनन्ददेव भट्टका बारे विभिन्न उपशीर्षकहरू प्रवेश, सुनेका कुरा, साक्षात्कारका आनन्ददेव भट्ट, साहित्यकार आनन्ददेव भट्ट, वामपन्थी राजनीति, आनन्ददेव भट्ट र राजनेताहरू एवम् आनन्ददेव भट्टसँगको अपेक्षामा उनका योगदानका बारे चर्चा गरिएको छ ।

निबन्धकार भक्तबहादुर नेपालीको *श्यामप्रसादः व्यक्ति एक व्यक्तित्व अनेक* (अङ्क १, २०६२) शीर्षकको लेखमा निबन्धकार नेपालीले श्यामप्रसाद शर्मालाई प्रजातन्त्रवादी जीवन उपयोगी साहित्य साहित्य लेख्ने, समयको महत्त्व बुझ्ने, रचना बासी नराख्ने, सादाजीवन उच्च विचार राख्ने, अति गोप्यवादी, विज्ञानमा विश्वास गर्ने, त्यागी तपस्वी, भुतभुत आगोजस्ता, राजनैतिक कार्यकर्ता, पत्रकार, नेता र प्रगतिशील साहित्यका महारथी बहुआयामिक व्यक्तित्व भएको कुरा उल्लेख गरिएको छ । त्यसै गरी भीमदेव भट्टको *दाजु आनन्ददेव भट्टबारे दुई शब्द* (अङ्क ११, २०६८) शीर्षकको लेखमा आनन्ददेव भट्टबाट सिकेका कुराहरूमा सद्विचार, सद्भाव, इमान्दारिता, कडा परिश्रम, कसैका अगाडि नझुक्ने र निबन्धकारलाई केही हदसम्म समाज र जनताबिच परिचित गराउने श्रेय उनका पिता न्यायधीश स्व. जयदेव भट्टपछि आनन्ददेव भट्टलाई जानेकुरा व्यक्त गरिएको छ । यसरी नै निबन्धकार मधु पोखरेलको *शब्द चित्रमा मनकामना साहित्यिक यात्रा* (अङ्क ५ र ६, २०६४/६५) शीर्षकको संस्मरणात्मक लेखमा 'यात्रा' आफैमा एउटा रोमाञ्चक शब्द हो अथवा मानव सभ्यतासँग गाँसिएको शब्द हो भनिएको छ । यसक्रममा एउटा साहित्यिक मण्डल गोरखाको मनकामना मन्दिरको साहित्यिक यात्राको थालनी गरेर साहित्यकारहरूमा नौलो आयामको थालनी गरिएको कुरा उल्लेख गरिएको छ । निबन्धकारद्वय माधवकुमार श्रेष्ठ र नारायणप्रसाद पण्डितको *नारायणी नदी प्रदूषणको खतरमामा* (अङ्क ५ र ६,

२०६४/०६५) शीर्षकको पर्यावरण लेखमा विगत केही बर्षदेखि नारायणी नदीमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भएका मानवीय क्रियाकलापहरूले गर्दा प्रदूषणको दबाब बढ्न थालेको कुरालाई उल्लेख गरिएको छ ।

वरिष्ठ साहित्यकार मोदनाथ प्रश्रितको *आनन्ददेव भट्टको जीवनयात्रा* (अङ्क ११, २०६८) शीर्षकको जीवनी चर्चामा आनन्ददेव भट्ट साहित्य, प्राध्यापन र राजनीतिक क्षेत्रमा जीवनको मूल्यवान् उमेर अर्पेका बहुचर्चित व्यक्तित्व, छरितो शरीर, युरोपेली काँटको गोरो अनुहार, हँसिलो, जोसिलो र रसिलो मिजास, उमेरले पचहत्तर काटिसके र पनि शरीर, वाणी कलमको जोस उस्तै, वक्तव्य कलामा गडगडाहट, बुलन्द आवाज सुन्दा तन्नेरी झैँ लाग्ने एक मूर्धन्य हस्ती हुन् भनिएको छ । त्यसै गरी मोदनाथ मरहट्ठाको *जनताका सच्चाकवि केवलपुरे किसान* (अङक ३, २०६३) शीर्षकको लेखमा नेपाली साहित्यको प्रगतिवादी धारामा जीवनपर्यन्त कलम चलाउने असी वर्ष नाघीसक्दा पनि जनताकै पक्षमा गीत-कविता सिर्जना गर्ने एउटा जीवित स्रष्टा केवलपुरे किसान हुन् भनिएको छ । त्यसै गरी रमानन्द सापकोटाको *मैले नचिनेको भट्ट सर* (अङ्क ११, २०६८) शीर्षकको लेखमा जीवनका अनेकौं मोडमा आएका कतिपय प्रतिकूलतालाई अनुकूलतामा बदल्न नसकेको कारण वा केही महत्त्वाकाङ्क्षा नराखेका कारण भट्ट सरले आफैसँग असन्तुष्टि नभए जस्तै यो विश्वव्यापी प्रक्रिया हो, सबैको जीवनमा यस्तै हुन्छ होला, ठूला-ठूला कुरा गर्नुको सट्टा सानो काम गर्ने, समाजलाई निःस्वार्थ रूपमा केही दिन खोज्ने, दिन नसकेमा आत्मचिन्तनमा नडुबी सरल र संयमित जीवन बिताउने भनी भट्ट सरले दिएको सन्देश ज्यादै मननीय छ भन्ने कुरा उल्लेख गरिएको छ । यसै गरी रमा घिमिरेको *सम्झनाका दुई शब्द* (अङ्क ११, २०६८) शीर्षकको लेखमा नेपालको सुदूरपश्चिम बैतडी जिल्लामा जन्म भई पढाइको यात्रा समाप्त गरी चितवन जिल्लामा पनि सेवा गर्ने अवसर प्राप्त गरेका ख्यातिप्राप्त व्यक्तित्वको बारेमा केही शब्द लेख्न पाउँदा निबन्धकार स्वयं खुसी भएको प्रसङ्ग उल्लेख गरिएको छ । यसै गरी रमेश गोर्खालीको *बौद्धिकताका आदर्श निर्भीक बुद्धिवेत्ता आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको लेखमा निबन्धकारको आनन्ददेव भट्टसँगको विभिन्न साहित्यिक शैक्षिक कार्यक्रमहरूमा प्रत्यक्ष परोक्ष भेटघाट तथा परिचय भएको र आधुनिक नेपाली बौद्धिकता, प्रगतिवादी धार र मार्क्सवादी चिन्तनका प्रमुख रहेको तथ्य खुलेको रहस्य उल्लेख गरिएको छ ।

समालोचक, कवि, निबन्धकार एवं बौद्धिकताका धनी रविकिरण निर्जीवको *एउटा ठूलो फाँटको खलेगरो आनन्ददेव भट्ट* (अङ्क २, २०६२) शीर्षकको लेखमा आनन्ददेव भट्ट चितवन रहँदा वीरेन्द्र कलेज, भरतपुरको प्राचार्य मात्र नबनेर चितवनमा मार्क्सवादी विचारको बीजारोपण, प्रगतिशील साहित्यको आरोपण र **प्रकाशपुञ्ज** साहित्यिक पत्रिकाको प्रकाशन जस्ता चेतनामूलक कार्यहरू गरिएको भट्टसर, बहुआयामिकताका धनी हुन् भनिएको छ । उनकै *खरो मिजासका झर्रो आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको लेखमा शीर्षक राख्दा केही सोचेर राख्नुपर्ने आफूमाथि आएको सुझावलाई शिरोधार्य गर्दै भट्टसरसँगको परिचय, सामीप्य र उनकै बारेमा सानो लेख बनाएर प्रस्तुत शीर्षक राखिएको कुरा उल्लेख गरिएको छ । त्यसै गरी रह शर्माको *अमेरिकी दूतावाससँगको तीतो अनुभव* (वर्ष ४, अङ्क २, पूर्णाङ्क १०, २०६६) शीर्षकको लेखमा अमेरिकाको दुई दुई पटक रसस्वादन गरेर फर्किसकेका शर्माको तेस्रो पटक भ्रमण गर्ने इच्छा जागेको, अमेरिकामा रहेको वाशिङ्टन च्याप्टर्स अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले आयोजना गरेको गोष्ठीमा सहभागी हुने जस्ता योजना बनाएर भिसाको लागि निवेदन दिदाँ विकसित र धनी मुलुकका कर्मचारीबाट भएगरेका कमजोरीहरू केलाउँदै समस्त भ्रमणप्रति नै नैराश्य जागेको कुरा उल्लेख गरिएको छ । त्यसरी नै रामबाबु घिमिरेको *मनका पीरका कुरा* (अङ्क ८ र ९, २०६६) शीर्षकको लेखमा निबन्धकार घिमिरेले पीरका प्रकारहरूमध्ये शरीर आत्माको डिफ्युजन पनि एउटा भएको, देशमा फ्युजनको चर्चा चलिरहेको बेला आत्मा र शरीरको डिफ्युजनको तरखर गरिरहेको र संसारभर हतियारको प्रचलन बढेकोमा निबन्धकारको उमेरका जनको तरखर गरिरहेको र संसारभर हतियारको प्रचलन बढेकोमा निबन्धकारको उमेरका कारण तालिम लिने मन नभएको तथा हतियार चलाउन जाने पनि सेन्ट्री बस्नु बाहेक अरू के सकिएला भन्ने विचार व्यक्त गरिएको छ । त्यसै गरी रामचन्द्र नेपालको *मैले चिनेका प्राध्यापक भट्ट* (अङ्क ११, २०६८) शीर्षकको लेखमा ऋषिमुनिद्वारा आर्जित एवं संरक्षित ज्ञान र पद्धति जसरी आजको जीवनको धरोहर बनेको छ त्यसरी नै जनताको पक्षमा न्याय र मुक्तिको पक्षमा उभिएर निरन्तर कलम चलाइरहने भट्टको लेखन कञ्चन छाँगो बनेर झरिरहून्, सिञ्चित र ऊर्जावान् बनिरहून् भन्ने जस्ता पुकारहरू व्यक्त गरिएको छ । रह शर्माको *आदर्श व्यक्तित्व आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको लेखमा मानवसभ्यताको विकासको सन्दर्भमा राज्यको उदयपश्चात् साहित्य र राजनीति

मानवसमाजका महत्त्वपूर्ण विषय मान्दै प्रगतिमुखी जीवनको कलात्मक अनुभूतिका रूपमा साहित्यलाई परिभाषित गर्नुहुने भट्टसरलाई चितवनवासीले शिक्षाप्रेमीको रूपमा स्विकार्लान् तर प्रगतिवादीहरूले भने शैक्षिक एवम् राजनैतिक व्यक्तिका रूपमा ग्रहण गर्दै आएको कुरा सर्वविदितै भएको कुरा चर्चा गरिएको छ ।

निबन्धकार राम विनयको *प्रगतिशील यात्रामा* (अङ्क ११, २०६८) शीर्षको संस्मरण लेख निबन्धमा विश्व समाजमा आएपछि मानिसले आफ्नो दृष्टिकोण बनाएको हुन्छ, सचेत मानिसले जीवनलाई कता डोऱ्याउने भनेर सपना देखेको हुन्छ, सपनालाई साकार पार्न अनेकन कठिनाइहरूसित जुझेर अगाडि बढिरहेको हुन्छ, विश्व दृष्टिकोण स्पष्ट भयो भने जीवन चलाउन सजिलो हुन्छ र सही वैज्ञानिक विश्वदृष्टिकोण भएका तथा सकारात्मक सोच र व्यवहार गर्ने आनन्ददेव भट्टजस्ता व्यक्तिले जस्तोसुकै अवस्थामा पनि हतोत्साही हुनु हुँदैन किनभने उसले त्यसको कारणलाई खोतल्ने, विश्लेषण गर्ने र संश्लेषण गर्न जानेको हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ । त्यसै गरी रेशमलाल श्रेष्ठको *गुरूप्रति एक गैरचेलाको तर्फबाट अभिनन्दन* (अङ्क ११, २०६८) शीर्षकको निबन्धात्मक लेखमा चितवनको विद्यार्थी जगत्मा मार्क्सवादको न्यानो घाम झुल्काउन मात्र होइन कि शिक्षारूपी उज्यालो ज्योति यहाँका युवाहरूसम्म पुऱ्याउन भट्टसरले जुन महान् शैक्षिक योगदान पुऱ्याउनुभयो । त्यसको सूक्ष्मरूपमा भने पनि ऋण तिर्न गरिएको यो सम्मान तथा अभिनन्दन कार्यक्रम ज्यादै न्यायोचित, सह्रनी लायक र प्रशंसनीय भएको कुरा उल्लेख गरिएको छ । रेशम विरहीको *पश्चिमबाट उदाएको सूर्यले तताएको चितवन* (अङ्क ११, २०६८) शीर्षकको लेखमा आनन्ददेव भट्टको व्यक्तित्व विद्वता, सरलता र जनतासँगको समीपको जीवनपद्धति मात्र होइन विचारमा कठोर तथा स्वाभिमानीपन र निर्भीकता पनि अर्को उल्लेखनीय जीवनदर्शनको रूपमा पाएको सन्दर्भ उल्लेख गरिएको छ । त्यसैगरी निबन्धकार रोचक घिमिरेको *आनन्ददेव भट्ट : अनुकरणीय व्यक्तित्वका धनि* (अङ्क ११, २०६८) शीर्षकको लेखमा जीवनको उत्तरार्धमा पुग्दा समेत पनि आनन्ददेवभट्टको सक्रियता युवावस्थाकै जस्तो पाइनु, उनलाई निम्ता गरिएका विभिन्न साहित्यिक कार्यक्रममा उपस्थित भइरहनु एवं भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा कार्यरत संस्था र सर्जकहरूलाई प्रेरित प्रोत्साहित गर्ने शैली अनुकरणीय भएको सन्दर्भ उल्लेख गरिएको छ । त्यसै गरी लक्ष्मीभक्त उपाध्यायको *कमरेड भट्ट कम्युनिष्ट उत्पादन निर्माण गर्ने मिसिन* (अङ्क ११, २०६८) शीर्षकको लेखमा नेपालमा

कम्युनिष्ट पार्टीको स्थापना कालदेखि नै राजनीतिमा स्पष्ट जनवादी गणतन्त्रको पक्षमा उभिएर बुर्जुवा शिक्षाको विरोध गर्दै सचेत क्रान्तिकारी वर्ग तथा कम्युनिष्ट उत्पादन गर्ने मिसिनको रूपमा आनन्ददेव भट्ट चर्चित रहेको उल्लेख छ । यसै गरी निबन्धकार लीलानाथ सुवेदीको *हाम्रो आनन्ददेव भट्ट : हाम्रो शिक्षा र राजनीति* (अङ्क ११, २०६८) शीर्षकको लेखमा आनन्ददेव भट्ट नेपालको राजनीति र शिक्षामा स्थापित एवं बहुचर्चित हुन् भने उनका सोच, विचार र व्यवहारको गतिविधि पनि शिक्षा र राजनीतिमा नै केन्द्रित हुदै आएको र महाविद्यालयीय एवं विश्वविद्यालयीय शिक्षादीक्षा, पाठ्यक्रम व्यवस्थापनमा उनको दायित्वका विषय बढ्दै आएकोमा प्रगतिशील राजनीति विशेष रहरको विषय बन्दै आएको छ भन्ने कुरा उललेख गरिएको छ । निबन्धकार लीला उदासीको *एकदिन मात्र भेटेका आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको लेखमा विश्व कम्युनिष्ट आन्दोलन र नेपाली कम्युनिष्ट आन्दोलनका ज्ञाता आनन्ददेव भट्ट राष्ट्रिय सम्पत्ति भएको एक प्रतिभावान् स्रष्टा, अरू स्रष्टा र प्रतिभाहरूका पथप्रदर्शक र नेता भएको प्रसङ्ग उल्लेख गरिएको छ । यसै गरी विजय खरेलको *भाञ्जो र हाम्रो अर्थव्यवस्था* (अङ्क १०, २०६६) शीर्षकको लेखमा हामीले मनाउने सबै चाडपर्वहरू जति सीमापारिबाटै किनेर परमधाम पुग्न खोज्ने हाम्रो वार्षिक बजेट त ७५% ले धर्मकर्म र चाडपर्वका क्रममा सबै सीमापारि नै प्रतिफलबिनै पुग्दो रहेछ भन्ने कुरा उल्लेख गरिएको छ । निबन्धकार एवं साहित्यकार विष्णुकुमार श्रेष्ठको *सम्झनाको एक थोपा* (अङ्क ११, २०६८) शीर्षकको लेखमा आनन्ददेव भट्ट चितवनको एकमात्र कलेज वीरेन्द्र इन्टरकलेजको प्रिन्सिपल/प्राचार्य भएर आएदेखि नै कडा मेहनतसाथ/ सङ्घर्षसाथ अध्यापन व्यवस्थापन कार्यमा लागेर अस्थायी कलेजलाई स्थायी बनाउन ठूलो योगदान पुऱ्याएको कुरा उल्लेख गरिएको छ । यसै गरी शान्ता मानवीको *सुशीला भट्टजीसँग केही क्षण* (अङ्क ११, २०६८) शीर्षकको लेखमा बौद्धिक, राजनीतिक व्यक्तित्व आनन्ददेव भट्टकी धर्मपत्नी सुशीला भट्टको जीवनसम्बन्धी परिघटनालाई विविध उपशीर्षकहरू पढाइ, विवाह, विवाहका तीन महिनामै पतिको गिरफ्तारी, साहित्यतर्फ प्रवेश, सुशीलाजीका नजरमा आनन्ददेव र निष्कर्षमा छुट्याएर मेडम भट्टका बारे उल्लेख गरिएको छ । यसै गरी निबन्धकार एवं लेखक शिव रेग्मीको *बौद्धिक एवं चिन्तनशील निबन्धकार आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको लेख/निबन्धमा आनन्ददेव भट्टका **केही आत्मपरक निबन्धहरू** नामक पुस्तकमा भूमिका लेख्ने अवसर प्राप्त भएको र उनी आफूभन्दा ठूला, अग्ला

व्यक्तिहरूको पुस्तकमा भूमिका लेख्न मान्ने गरेकोमा कमल दीक्षितका म.पु.पु.का पानाले त्यस्तो सङ्कोच हटेको प्रसङ्ग उल्लेख गर्दै भट्टसरले पुऱ्याउनुभएको साहित्यिक, राजनीतिक योगदानको चर्चा गरिएको छ ।

श्यामजी अतिथिद्वारा लिखित *आनन्दसँग एक वर्ष* (अङ्क १, २०६८) शीर्षकको निबन्धमा वीरेन्द्र इन्टरकलेजको प्रिन्सिपल पदमा आनन्ददेल भट्ट आउने सूचनाबाट प्रभावित आइ.ए. प्रथमवर्ष र द्वितीय वर्षका विद्यार्थीहरूको सकारात्मक विश्लेषण र बौद्धिक एवम् अनुभवी अध्यापक, प्रशासक भट्टसरले वीरेन्द्र कलेजको स्तरवृद्धिमा पुऱ्याएको योगदानको खुलेर प्रशंसा गरिएको छ । निबन्धकार श्यामप्रसाद शर्माद्वारा लिलित (आनन्ददेव भट्ट-२ अङ्क ११, २०६८) शीर्षकको संस्मरण लेख निबन्धमा निबन्धकार शर्मा र आनन्देदव भट्टको परिचय तथा विविध लेख रचनाहरूको टीका-टिप्पणी चिट्ठीहरूको माध्यम, साहित्यिक गोष्ठी, प्रलेसको सम्मेलन जस्ता कार्यक्रमहरूमा भएको कुरा उल्लेख गरिएको छ । सरस्वती रिजालद्वारा लिखित *भट्टसरसँगका केही प्रसङ्गहरू* (अङ्क ११, २०६८) शीर्षकको लेखमा भट्टसर निर्भीक, स्पष्टवक्ता र निष्पक्षी हुनुहुन्थ्यो भनिएको छ । उहाँको राजनैतिक विचारको प्रभाव कक्षाकोठामा कहिल्यै देखा परेन तर विद्यार्थीहरू भने पक्ष विपक्ष भएर लडाभाँती गर्दा भट्टसरले ती झगडालाई बीचमा बसेर सामना गरेको र न्याय दिने गरेको कुरा चर्चा गरिएको छ । त्यसै गरी सृजना शर्माको *मेरो साहित्यिक प्रेरणाका स्रोत दाजु आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको लेखमा आनन्ददेव भट्ट एक लगनशील, अनुशासित, जाँगरिलो व्यक्तिका रूपमा चिनिने र गर्मीको दिनहोस् वा जाडोको नित्य योग तथा व्यायाम गर्ने, साहित्यिक दार्शनिक तथा मानाव जीवनसँग प्रत्यक्ष सम्बन्धित विषयवस्तुका किताब पढ्ने, दैनिक तथा मासिक रूपमा प्रकाशित राष्ट्रिय पत्र-पत्रिका पढ्ने, राष्ट्रिय-अन्तर्राष्ट्रिय खबर सुन्ने, डायरी लेख्ने, दलित, महिला तथा निम्नवर्गका मानिसहरूप्रति सम्मान तथा विशेष सहानुभूति राख्ने, साहित्यिक तथा सामाजिक कार्यक्रममा उपस्थित हुने भट्ट सबैको प्रेरणा स्रोत भएको सन्दर्भ उल्लेख गरिएको छ ।

सुशीला भट्ट (खरेल) द्वारा लिखित *सम्झनाहरू* (अङ्क ११, २०३८) शीर्षकको लेखमा आनन्ददेव भट्टका साथ वैवाहिक जीवनमा बाँधिएकी उनीद्वारा भट्टसरका केही कमजोरीहरूमा वादविवाद असाध्य गर्नुपर्ने, जिद्धी गर्ने बानी, व्यक्तिहरूको स्वार्थ र द्वैध चरित्रलाई बुझ्ने क्षमता नहुनु, समाजको विकासको निम्ति श्रम र बुद्धि लगाउनुको सट्टा पार्टी सङ्गठनमा बढी ध्यान दिनु, बैतडीमा जनचेतना ल्याउनको निम्ति सैद्धान्तिक एवं वैचारिक रूपमा

प्रयत्नशील भए पनि प्रत्यक्ष व्यावहारिक काम गर्न नजानेको कुरा उल्लेख गर्दै भट्टका सबलताहरूमा रिसाइहाले पनि छिट्टै रिस मर्ने, उदार मनको, समताभावतिर निरन्तर अग्रसर हुने, लोभ-लालच हीन, सुख, समृद्धि, धन आर्जन, सञ्चय र भोगमा कमी ल्याउँदै असक्त नहुन प्रयत्नरत, मन, वचन र कर्मबाट सकभर अरूलाई पीडा नहोस् भन्ने ठान्ने, जे काम पनि इमान्दारीपूर्वक गर्ने, ठगठाग गरेको पटक्कै राम्रो नमान्ने, कर्तव्यबोध अनुसार मेहनती र सरल स्वभाव भएको, समाजमा सकेसम्म केही राम्रा काम गर्नुपर्छ भन्ने भावना भएको, आफूले ठीक ठानेको कुरामा मात्र अगाडि सर्ने र सक्रिय हुने कुराहरू उल्लेख गरिएको छ । सूर्यबहादुर खड्काद्वारा लिखित *मेरा रमाइला साथी : चूडामणी रेग्मी* (अङ्क ४, २०६३) शीर्षकको संस्मरण लेखमा निबन्धकारलाई त साहित्यकार रेग्मीको सम्झनाले बेला बखतमा यति सताउँछ कि सायद अघि बैंसमा एकैदिन प्रेमिकासँग भेट नहुँदा उनको सम्झनाले पनि 'बिखर्ची' लाई त्यति सताएको थिएन होला भन्ने भाव व्यक्त गरिएको छ । सोमनाथ घिमिरेद्वारा लिखित *आनन्ददेव भट्टसँगको सम्पर्क र सानिध्यको ४४ वर्ष* शीर्षकको लेखमा आनन्ददेव भट्ट आफ्नो समग्र जीवन शिक्षा सेवामा समर्पित भए पनि भट्टको व्यक्तित्व चर्चा हुँदा वाम राजनीतिक बुद्धिजीवी र प्रगतिशील साहित्य स्रष्टा एवं समालोचकका रूपमा नै बढी चर्चित हुने गरेको अनुभूति गरिएको सन्दर्भ उल्लेख गरिएको छ ।

हरि सापकोटाद्वारा लिखित *मेरो सम्झनामा आनन्देदव भट्ट* अङ्क ११, २०६८) शीर्षकको लेख निबन्धमा लामो समयदेखि शिक्षा क्षेत्रमा कार्यरत रहेको र समयानुकूल साहित्यको सिर्जना समेत गर्दै आएकोले २०४६ को राजनीतिक क्षेत्रमा ठोस भूमिकाको खोजी गरेको जस्तो अनुभूति हुन्थ्यो भट्टसरका त्यो बेलाका अभिव्यक्ति, गतिविधिहरू र क्रियाशीलतालाई अध्ययन गर्दा भन्ने कुरा उल्लेख गरिएको छ । यसै गरी साहित्यकार, समालोचक, पत्रकार एवं निबन्धकार हरिहर खनालद्वारा लिखित *मेरा साहित्यिक गुरु आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको लेखमा निबन्धकार खनालको साहित्य क्षेत्रको गुरु भएको चर्चा गर्दै लेखक/निबन्धकारको जीवनलाई एउटा आकार दिने काममा सदा उनलाई सघाउने आफ्नै मातापिता समान आदरणीय गुरु भट्टसरप्रति हार्दिकतापूर्वक आभार व्यक्त गरिएको छ । हंसपुरे सुवेदीको *मेरो परिचय परिधिमा भट्टज्यू* (अङ्क ११ २०६८) शीर्षकको लेखमा पद्य सिर्जनाबाट सुरु भएको भट्टज्यूको काव्ययात्रा पछिपछि झाङ्गिँदै गद्य फाँटतर्फ पनि विचरित भएर उहाँको यात्रा निबन्ध, रचना तथा समालोचना क्षेत्रमा समेत विस्तारित हुन पुगेको सन्दर्भ उल्लेख गरिएको छ । प्रायः भट्टसरका रचनाहरू निश्चल,

यथार्थ भावनाप्रेरित पाइन्छन् भने कवितामा चाहिँ विशेषतः राष्ट्रवादी धरातलमा मानवीय समवेदनामा विस्तारित, सुबोध र सरल छन् भनिएको छ ।

### ४.३.३ निबन्धको भाषाशैलीय विश्लेषण

**हाम्रो सिर्जना** पत्रिकामा लेखकका निजी विचार र अनुभवहरूको भावनात्मक प्रस्तुति भएका निबन्धहरू छन् । यस किसिमका निबन्धहरूलाई निजात्मक तथा आत्मपरक निबन्ध भनिन्छ । आनन्ददेव भट्ट अभिनन्दन अङ्क (अङ्क ११, २०६८) का धेरै निबन्धहरू आत्मपरक छन् । **हाम्रो सिर्जना** पत्रिकामा वस्तुपरक निबन्धहरू पनि छन् । जस्तै डी.आर. पोखरेलको *भैरहवा भ्रमणको झुल्को* यात्रा विवरणात्मक निबन्ध हो । त्यस्तै विचारात्मक लेखहरू प्रकट भएका रह शर्माको *अमेरिकी दूतावाससँगको तीतो अनुभव* जस्ता लेखहरू पनि प्रकाशित छन् । **हाम्रो सिर्जना** पत्रिकाका प्रायः सबै निबन्धहरू कलात्मक, आकर्षक, सुन्दर, प्रभावकारी र निजात्मक छन् र कैयौँ निबन्धहरूमा बौद्धिक शैली पाइन्छ ।

### ४.३.४ निष्कर्ष

नेपाली भाषाको भाषिक स्थिति, राजनैतिक तथा सांस्कृतिक परिवेशअनुसार निर्मित नेपाली गद्यको प्राचीन परम्परा नै नेपाली निबन्धको पृष्ठभूमि हो । सामाजिक बनोट अनुरूप विभिन्न समयमा आएको परिवर्तनको प्रभाव नेपाली निबन्धमा परेको देखिन्छ ।[१८] समसामायिकताको प्रभाव परेको देखिन्छ । यहाँ राष्ट्रिय ख्यातिप्राप्त लेखकदेखि लिएर नवप्रतिभाहरूलाई समेत स्थान दिइएको देखिन्छ । लेखकीय बौद्धिकताले पूर्ण निबन्धहरूदेखि लिएर भाव-संवेदनात्मक निबन्धहरू पनि देखिन्छन् । राष्ट्रिय ख्यातिप्राप्त निबन्धकार/समालेचक एवं कवि आनन्ददेव भट्ट अभिनन्दन विशेषाङ्क प्रकाशित गरिएको छ । **हाम्रो सिर्जना**मा भएका निबन्धमा समाजमा भए गरेका घट्ने घटनालाई वास्तविकतापूर्ण तरिकाबाट व्यक्त गरिएको छ । आनन्ददेव भट्ट पचहत्तर वर्ष पुगेको अवसरमा बहुमूल्य निधिको कदर गर्दै एघारौं अङ्क प्रकाशित गरिएकोमा यसमा प्रकाशित प्रायः सबै लेख-रचना भट्टको सामीप्यबाट प्राप्त अनुभव-अनुभूति व्यक्त गर्नुका साथै उनका व्यक्तित्वका बारेमा र उनले नेपाली साहित्य र राजनीतिमा पुऱ्याएको योगदानको पहिचान गराइएको छ ।

---

[१८] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, पूर्ववत्, पृ. १३० ।

**हाम्रो सिर्जना** पत्रिकाका निबन्धमा साहित्यिक स्रष्टाहरूलाई क्रियाशील बनाउन साहित्यिक सङ्घ-संस्थाको आहम् भूमिका रहने कुरा उल्लेख गरिएको छ र बिना अध्ययन लेखनकार्य अधुरो हुने कुरा व्यक्त गरिएको छ, साथै शुभकामना दिन सजिलो तर शुभेच्छा र सदाशयता प्राप्त गर्न गाह्रो भइरहेको अहिलेको विषम परिस्थितिको चित्रण गरिएको छ । कुनै निबन्धमा विदेशी सामानहरूको गलत प्रयोग र चाडपर्व मनाउने नाउँमा अनावश्यक रङरोगन, ध्वजापताका तथा बारुद पटका जस्ता फजुल सामग्रीहरूमा अरबौ रूपियाँ विदेसिएकोमा वर्तमान नेपाली संस्कृतिप्रति व्यङ्ग्य गरिएको छ भने कुनैमा प्राकृतिक स्वच्छता, हिमाली उच्चता तथा नेपालीपनाको बारेमा चर्चा गरिएको छ ।

कुनै निबन्धमा चितवन जिल्लाको सङ्क्षिप्त परिचय दिँदै यहाँको सम्पदा, भौगोलिक बनावट, धार्मिक, सामाजिक, सांस्कृतिक परम्पराहरूको उल्लेख गरिएको परिचयात्मक लेख पनि उल्लेख गरिएको छ । सत्ताकेन्द्रित राजनीतिले गर्दा आज हाम्रो देशका मान्छेमा संवेदनाशून्य र मानवताशून्य अवस्थाको सिर्जना भएको कुरा व्यक्त गरिएको छ । प्रजातन्त्र प्राप्तिपछि पनि जनताले भोग्नुपरेको दुःख, दर्द र सास्तीलाई साहित्यिक रूपमा चित्रण गरिएको छ । समग्रमा भन्नुपर्दा **हाम्रो सिर्जना** पत्रिकामा प्रकाशित नेपाली निबन्धहरूले नेपाली साहित्यको निबन्धको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको देखिन्छ ।

## ४.४ हाम्रो सिर्जना पत्रिकामा प्रकाशित समालोचना विधाको विश्लेषण

साहित्यको एउटा व्यापक र चर्चित अनि आधुनिक विधा अन्तर्गत समालोचना पर्दछ । विषयवस्तुको गुण दोषको जस्ताको तस्तै विश्लेषण गर्ने कार्य समालोचना अन्तर्गत गरिन्छ । साहित्यका विभिन्न विधाहरूलाई सही, सत्य ढङ्गले विशलेषण गरेर न्यायिक नापतौल गर्ने विधा नै समालोचनाले गर्दछ । **हाम्रो सिर्जना** पत्रिका खोज-अनुसन्धानमूलक र साहित्यिक-सांस्कृतिक भएकोले समालोचनात्मक लेख रचनाहरूलाई यस त्रैमासिक पत्रिकामा विशेष स्थान दिइएको छ । **हाम्रो सिर्जना** अङ्क एक २०६२ देखि अङ्क एघार २०६८ सम्मका विभिन्न अङ्कहरूमा गरेर जम्मा सतसठ्ठीवटा समालोचनात्मक लेखहरू रहेका छन् । समालोचना विधाको विश्लेषण शीर्षक अन्तर्गत उल्लिखित सबै समीक्षा, समालोचनाको सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ । साहित्यिक उत्थान र न्यायिक साहित्यिक न्यायका लागि समालोचना विधाको विशेष उल्लेखनीय भूमिका रहेको हुन्छ ।

### ४.४.१ विषय प्रवेश

समालोचना, आलोचना र समीक्षा लगभग एउटै शब्द हुन् । 'लोच' धातुमा 'आ' उपसर्ग र 'ल्युट' (अन) प्रत्यय लागेपछि स्त्री लिङ्गमा टाप् (आ) प्रत्यय जोडिँदा आलोचना र त्यसमा 'सम्' उपसर्ग थपिँदा समालोचना शब्द बन्छ । [१९] समालोचना शब्दको अर्थ कुनै पनि विषयको गुण र दोषको निष्पक्ष विवेचना गर्नु, आलोचना गर्नु, समीक्षा गर्नु हुन्छ ।[२०] साहित्यका विविध विधाहरूलाई नापतौल एवं व्यवस्था विश्लेषण र मूल्याङ्कन गर्ने समालोचना स्वयम् पनि साहित्यको एक प्रमुख विधा हो ।[२१] समालोचानाले कुनै साहित्यिक कृतिमा के-कति स्वायत्तता छ, स्वनिष्ठता छ, के-कति सङ्गति-विसङ्गति छ अनि के-कति प्रयोजनको प्रतिफल भएको छ भन्ने बताउँदछ । समालोचनामा कृतिको व्याख्या र मूल्याङ्कनपरक हुँदा यी दुबैमा सन्तुलन स्थापित हुन्छ ।[२२] साहित्यिक कृति वा रचनाको आफ्नो किसिमको मूल्य हुन्छ । समालोचनाको साहित्यिक कृतिमा गुण र दोषहरू केलाएर वास्तविक मूल्य निर्धारण गर्ने कार्य गर्दछ । समालोचनामा सबल तथा राम्रा पक्षहरू मात्र नरहेर सबल र दुर्बल दुवै पक्षको निष्पक्ष मूल्याङ्कन गर्नुपर्दछ । साहित्यकारका कृतिको सहृदयतापूर्वक गरिने व्याख्या र पूर्वाग्रह विहीन भएर त्यसबारे गरिने निर्णय समालोचना हो ।[२३] समालोचनालाई सैद्धान्तिक र व्यावहारिक गरी दुई तरिकाबाट वर्गीकरण गरिएको छ ।

साहित्यिक पत्रिकामा राखिने विभिन्न स्तम्भहरूमध्ये समालोचना पनि एक हो । **हाम्रो सिर्जना** पत्रिकामा समालोचनालाई विशेष महत्त्व दिइएको छ । यसमा रहेका समालोचनात्मक लेखहरूको योगदान विशेष महत्त्वको रहेको छ र यस पत्रिकाका समालोचकहरू प्रायः अनुसन्धाता भएकोले ती लेख बौद्धिकवर्ग तथा अनुसन्धानकर्तालाई विशेष सहयोगी हुने देखिन्छन् ।

**हाम्रो सिर्जना** पत्रिकाले नेपाली साहित्यमा समालोचनात्मक सामग्रीहरू प्रकाशित गरेर नेपाली सामालोचना क्षेत्रको उन्नति र प्रगतिमा महत्त्वपूर्ण योगदान दिएको छ । यहाँ विभिन्न समालोचकका समालोचनाहरू तथा समालोचनात्मक लेखहरू छन् । तीमध्ये कृतिपरक विश्लेषण गरिएका समालोचनाहरू पनि छन् । कुनै प्रभावपरक र प्रवृत्तिपरक, पुस्तक परिचय/पुस्तक समीक्षा, समीक्षात्मक र सामान्य समालोचानात्मक लेखहरू पनि

[१९] घनश्याम कँडेल, **नेपाली समालोचना**, ललितपुर : साझा प्रकाशन, २०५५, पृ. क ।
[२०] रामचन्द्र ढुङ्गाना, **सङ्क्षिप्त नेपाली कोश**, ललितपुर : साझा प्रकाशन, २०५७, पृ. ५११ ।
[२१] मुक्तराज उपाध्याय, **नेपाली सहित्यमा अभिव्यक्ति पत्रिकाको योगदान**, पूर्ववत्, पृ. ४१ ।
[२२] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, पूर्ववत्, पृ. १५७ ।
[२३] घनश्याम कंडेल, **नेपाली समालोचना**, पूर्ववत्, पृ. 'ग' ।

रहेका छन् । **हाम्रो सिर्जना** पत्रिकाका विभिन्न अङ्कहरूमा विभिन्न राष्ट्रियस्तरका समालोचकहरूले समालेचना गरेका लेखहरू समावेश गरिएका छन् । यस पत्रिकामा विशेष गरी पूर्णप्रसाद अधिकारी, डी.आर. पोखरेल, धनेश्वर भट्टराई, नारायणप्रसाद खनाल, गणेशप्रसाद खराल, धर्मराज डङ्गोल, भागवतशरण न्यौपाने, भवनाथ सडौला, महादेव अवस्थी, सुधा त्रिपाठी आदि समालोचकका समालोचना विशेष उल्लेख्य छन् । एघारौं अङ्क आनन्ददेव भट्ट अभिनन्दन अङ्कको रूपमा रहेको छ र यसमा धेरै समालोचना छन् । **हाम्रो सिर्जना** पत्रिकामा जे-जति समालोचनाहरू प्रकाशित छन् ती सबै समालोचनाहरूको योगदान विशेष महत्त्वका देखिन्छन् । यहाँ **हाम्रो सिर्जना**मा रहेका समालोचनाको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

### ४.४.२ समालोचनात्मक लेखहरूको विश्लेषण

**हाम्रो सिर्जना** पत्रिकामा विभिन्न अङ्कमा सैद्धान्तिक, प्रायोगिक र कृतिपरक समालोचना बढी छन् । तीमध्ये अनिरुद्र तिमसिनाद्वारा लिखित *नेपाली साहित्यमा 'तेस्रो आयाम' : एक सिर्जनात्मक आन्दोलन* (अङ्क १, २०६२) शीर्षकको लेखमा 'तेस्रो आयाम' का प्रवर्तकहरू ईश्वरवल्लभ, वैरागी काइँला र इन्द्रबहादुर राईले औपचारिक रूपमा आयमेली लेखनको प्रारम्भ वि.सं. २०२० सालमा दार्जीलिङ्बाट **तेस्रो आयाम** पत्रिकाको प्रकाशन मार्फत घोषणाका साथ भएको सन्दर्भ उल्लेख गर्दै तेस्रो आयामको समीक्षा गरिएको छ । समालोचक तिमल्सिनाको लेखमा *विषय उठान, तेस्रो आयामको परिचय के हो ?, आयमेली आन्दोलनका सिद्धान्तका प्रमुख प्रभाव स्रोत, घनत्व, होलियोग्राफ, जेस्टाल्टवाद, सामूहिक अवचेतन र आद्यस्वरूप, तेस्रो आयामका मूल विशेषताहरू, आयामेली आन्दोलनको सामूहिक कोरस : भाषिक संरचना र आयामेली लेखनको सारांश वस्तुता र सम्पूर्णता हो* उपशीर्षकमा तेस्रो आयामको समीक्षा गरिएको छ । अनिल श्रेष्ठको *मर्स्याङ्दी खण्डकाव्यले उठाएको सौन्दर्यबोध* (अङ्क ५ र ६, २०६४/०६५) शीर्षकको लेखमा कवि नारायण पोखरेलको चौथौ काव्य कृतिको रूपमा **मर्स्याङ्दी** खण्डकाव्यमा प्रकृतिप्रेमका प्रचुरताहरू पाइएको र उनी छन्दमा कविता लेख्ने कवि भएको कुरा उल्लेख गरिएको छ । अर्का समालोचक उपेन्द्र पागलद्वारा लिखित *आत्मस्वीकृतिका विकीर्ण बिम्बहरू* (अङ्क ८ र ९, २०६६) शीर्षकको समीक्षात्मक लेखमा समालोचना जस्तो साहित्यको विधामा आफ्नो लोप हुनै लागेको लेखन सिपलाई विभिन्न कालखण्डमा समालोचक उपेन्द्र पागललाई हौसला, पुरस्कृत र उठान गरिएको सन्दर्भ उल्लेख गरिएको छ । कपिल

अज्ञातद्वारा लिखित *रविकिरण निर्जीवको नैबन्धिक आयाम* (अङ्क ७, २०६५) शीर्षकको लेखमा राष्ट्रिय व्यक्तित्वसँगै प्रतिस्पर्धा गर्न सक्षम सामाजिक परिवेशमा उम्रिएका दुई शिखर व्यक्तित्व रामबाबु घिमिरे र रविकिरण 'निर्जीव' मध्ये एक निर्जीव आत्मपरकताभन्दा वस्तुपरकमय बेकनको बाटो समात्ने प्रगतिशील फाँटका आधा दर्जन जति कविता, काव्य, उपन्यास र निबन्धका प्रणेताका रूपमा देखापरेको उल्लेख गर्दै उनका निबन्धहरूको सरसर्ती अध्ययन गर्दा नैबन्धिक लेखनका विशेष तीन विधि (१) व्याख्या-विश्लेषणत्मक विधि (२) आख्यानात्मक विधि र (३) मिथकीय विधि रहेको उल्लेख गरिएको छ ।

कपिलदेव लामिछानेद्वारा लिखित *वैचारिक तुलिकामा ओमर खैयाम र आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको समीक्षात्मक लेखमा आनन्ददेव भट्टको **ओमर खैयामलाई जवाफ** पुस्तकको समीक्षा गरिएको छ । ओमर खैयाम विश्वविख्यात नाम भएको र उनी खास गरी रुवाइ (रुवाइयात) का कारणले भएको कुरा उल्लेख गर्दै ओमर खैयामलाई जबाफ कृतिको समीक्षा गरिएको छ । त्यसै गरी काशीनाथ अधिकारीको *राजनीतिमा आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको समीक्षात्मक लेखमा समालोचक अधिकारीको विचारमा आनन्ददेव भट्ट प्रतिष्ठित लेखक, प्राध्यापक, बुद्धिजिवीभन्दा बढी एउटा असल मानिस र अनुकरणीय राजनीतिक कर्मी भएको भन्दै उनको राजनीतिक पक्षको समीक्षा गिरिएको छ । त्यसै गरी अर्का समालोचक केशवराज आमोदीको *प्रेरणाको प्रस्तुति : एक विहङ्गम दृष्टि* (अङ्क ७, २०६५) शीर्षकको समीक्षात्मक लेखमा युवाकवि गिरिधारी घिमिरे 'विशिष्ट' को प्रथम प्रकाशित पुस्तकाकार कृति **प्रेरणा** कवितासङ्ग्रहको समीक्षा गरिएको छ । छन्दमुक्त कविताको ओइरो लागिरहेको बेलामा कवि 'विशिष्ट'को लयात्मकतामा आधारित शास्त्रीय छन्दमा आबद्ध गरिएको यस सङ्ग्रहले लयवादीहरूको तृष्णा मेटिनेछ भन्ने सन्दर्भ उल्लेख गर्दै उक्त कवितासङ्ग्रह **प्रेरणा**को समीक्षा गरिएको छ । कृष्णप्रसाद घिमिरेद्वारा लिखित *आनन्ददेव भट्टको निबन्धयात्रा र फुटकर निबन्धको समीक्षा* (अङ्क ११, २०६८) शीर्षकको लेख-समीक्षामा आनन्ददेव भट्टका निबन्ध यात्रालाई तीन चरणमा वर्गीकरण गरी रेखाङ्कन गरिएको छ । तीन चरणहरू (क) प्रयास चरण (२०१५-२०२९), (ख) द्वितीय चरण (२०३०-२०५१) र (ग) तृतीय चरण (२०५२ देखि हालसम्म) विभाजन गरेर भट्टका निबन्धयात्रा र फुटकर निबन्धको समीक्षा गरिएको छ ।

*नेपाली उपन्यासको सय वर्ष : एक चर्चा* शीर्षकको लेख (अङ्क १, २०६२) मा समालोचक खेमनाथ कोइरालाद्वारा नेपाली उपन्यास विकासको क्रममा विगतको एक

शताब्दीभित्र नेपाली उपन्यासको कालक्रमिक विभाजन गरी प्रमुख मोड र प्रवृत्तिहरूसमेत उल्लेख गरी समीक्षा गरिएको छ । उनकै *साहित्यकार गोपालप्रसाद रिमाल* (अङ्क २, २०६२) शीर्षकको समालोचनात्मक लेखमा कवि गोपालप्रसाद रिमालको साहित्यिक व्यक्तित्वलाई पूर्णरूपमा गहिरिएर मूल्याङ्कन नगरिनुमा रिमाललाई केवल साहित्यिक वा राजनीतिक वा व्यक्तिगत दृष्टिले वा भावुकताका आधारमा लिनुले हो भन्दै उनको मूल्याङ्कन (क) जीवनी (ख) राजनैतिक व्यक्तित्व र (ग) साहित्यिक व्यक्तित्वलाई एकै पटक अँगालेर विविधि पक्षको चर्चा समीक्षा गरिएको छ । अर्का समालोचक गणेशप्रसाद खरालद्वारा लिखित *थारू बालगीतको सङ्क्षिप्त रूपरेखा* शीर्षकको अनुसन्धानात्मक लेखमा नेपालका नेपाली, भोजपुरी, नेवारी, मैथली आदि भाषासमान थारू भाषाको पनि समृद्ध लोकसाहित्य भएकोले यहाँ खरालले थारू बालगीतको समीक्षा गरेका छन् । समालोचक खरालकै *कबि बमबहादुर थारू र "आँसुका थोपाहरू", वनकाव्य एक चिनारी* (अङ्क ५ र ६, २०६४/०६५) शीर्षकको समालोचनात्मक लेखमा कवि बमबहादुर थारूले नेपाली र थारू भाषाको उत्थानमा पुऱ्याएको योगदान, उनका व्यक्तित्व कृतित्त्वको चर्चा गर्दै **आँसुका थोपाहरू** वनकाव्यको समीक्षा गरिएको छ । यसै गरी गङ्गाप्रसाद अधिकारीद्वारा लिखित *अवशिष्ट यात्रा उपन्यासभित्र झर्रोको खोजी* (अङ्क १०, २०६६) शीर्षकको समीक्षात्मक लेखमा पत्रकारिता व्सायमा संलग्न कृष्ण विनोद लम्साल साहित्य सिर्जनाको क्षेत्रमा स्थापित व्यक्तित्वका नेपाली साहित्यको विविध विधामा कलम चलाएका साहित्यकार हुन् र उनको **अवशिष्ट यात्रा** उपन्यासको यहाँ समालोचक अधिकारीद्वारा कृति समीक्षा गरिएको छ ।

अर्का समालोचक गङ्गाप्रसाद उप्रेतीद्वारा लिखित *सहकार्यमा प्रतिबिम्वित आनन्ददेव भट्टको पहिचान* शीर्षकको समीक्षात्मक लेखमा साहित्यकार, प्राज्ञ एवं राजनैतिक व्यक्तित्व आनन्ददेव भट्टको जीवनी, व्यक्तित्व र कृतित्त्वका सबै पक्ष समेटेर नेपाली साहित्य र राजनीतिमा उनले गरेका विविध पक्षको समीक्षा गरिएको छ । त्यसै गरी घनश्याम ढकालको *आनन्ददेव भट्ट सहकार्य र अनुभूति* (अङ्क ११, २०६८) शीर्षकको समीक्षाात्मक लेखमा आनन्ददेव भट्टको प्रस्ट बोल्ने, झुटो आश्वासन नदिने, बौद्धिक वर्गप्रति सहानुभूति सदैव राख्ने जस्ता सबल पक्षको साथै भट्ट सरका दुर्बल पक्षहरूको समेत समीक्षा गरिएको छ । वरिष्ठ समालोचक चूडामणि रेग्मी (चूमरे) द्वारा लिखित *डी.आर. लाई सम्झिएर घोत्लिँदा र 'खुल्ला आकासतर्फ' पढ्दा लागेका कुरा* (अङ्क ५ र ६, २०६४/०६५) शीर्षकको समीक्षात्मक लेखमा पत्रकार एवं समालोचक डी.आर. को व्यक्तित्व, क्षमता र सरल-कठोर पक्षको सरल ढङ्गले समीक्षा गरिएको छ । समालोचक, भाषाशास्त्री, साहित्यकार एवं वरिष्ठ

पत्रकार चूडामणि रेग्मीकै *झर्रो नेपाली आन्दोलन र यसका उपलब्धी* (अङ्क १०, २०६६) शीर्षकको अभिलेखमा झर्रो नेपाली आन्दोलनले खप्नुपरेको समस्या र हाल तल्लो तहदेखि उच्च तहसम्म झर्रो नेपाली भाषाकै प्रयोग भएको र झर्रो नेपाली आन्दोलन र यसका उपलब्धी शीर्षकमा समीक्षा गरिएको छ ।

जगदीशचन्द्र भण्डारीद्वारा लिखित *नारायणमान विजुक्छे अर्थात् हरिबहादुर श्रेष्ठका कथाहरूको पर्यवेक्षण* (अङ्क २, २०६२) शीर्षकको समीक्षात्मक लेखमा राजनीति र साहित्य दुवै क्षेत्रमा सक्रिय रहेका हरिबहादुर श्रेष्ठ अर्थात् नारायणमान बिजुक्छेका **जनताको साहित्य र साहित्यकार**, **राजनीतिक कार्यकर्ता बन्ने भाइबहिनीहरूलाई चिठ्ठी, साइन्स पढ्ने र डाक्टर बन्ने भाइबहिनीहरूलाई विदेशमा बस्ने दाजुको चिठ्ठी, आकाश बाँधिएको छैन** ( कवितासङ्ग्रह), **माँ भाय व माँ थकायगु लँपु** (नेपाल भाषा) आदि गरी पाँच ओटा साहित्यिक कृति प्रकाशित उनका समालोचना, नाटक, निबन्ध, कथा, नियात्रा, कविता आदि विधामा कलम चलाउने साहित्यकारका रूपमा विशिष्ट पहिचान रहेको र यहाँ समालोचक भण्डारीले उनको कथाहरूको समीक्षा गरेका छन् । यसै गरी अर्का समालोचक जीबेन्द्रदेव गिरीको *आनन्ददेव भट्टको ९७ सालमा जागृति र क्रान्तिको स्वर* (अङ्क ११, २०६८) शीर्षकको समीक्षात्मक लेखमा खण्डकाव्यात्मक स्वरूपको **९७ साल** कृतिको जागृति र क्रान्तिको उल्लेख गर्दै अन्याय र अत्याचारको विरुद्ध तानाशाही सरकारले होनाहार नेपाली पुत्रहरूलाई मृत्युदण्ड दिएकोप्रति आक्रोश पोख्दै **९७ साल** कृतिको कृति समीक्षा गरिएको छ । यसै गरी समालोचक लेखक झाँक्रीखोलेको *पालग र हामी बौलाहाहरू कवितालाई एकैसाथ हेर्दा* ( अङ्क ११, २०६८) शीर्षकको लेख समीक्षामा महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित **पागल** (वि.सं. २०१०) र कवि आनन्ददेव भट्टद्वारा रचित कविता **हामी बौलाहाहरू** (वि.सं. २०२६) कविहरूको लगभग एउटै कालखण्ड १६ वर्षको मात्र अन्तरमा लेखिएको र दुवै कविता कृतिमाथि उल्लिखित सन्दर्भहरू आत्मसात् हुन अनिवार्य हुन्छ भन्दै तुलनात्मक समीक्षा गरिएको छ ।

समालोचक एवं पत्रकार डी.आर. पोखरेलको *पूर्वाञ्चलको नयाँ आख्यान : 'दोसाँधमा घाम' पढेपछि* (अङ्क ४, २०६३) शीर्षकको समीक्षात्मक लेखमा कर्मठ एवम् सिर्जनशील व्यक्तित्व पुण्यप्रसाद खरेलको साहित्यिक यात्रा, उनको साहित्यिक योगदान र दोसाँधको घाम उपन्यासको समीक्षा गरिएको छ । **दोसाँधको घाम** उपन्यासमा एक प्रगतिशील क्रान्तिकारीको जन्म, उसैको उत्सर्ग र उसले झेल्नु-भोग्नु परेको कुरालाई समीक्षा गरिएको छ । पत्रकार डी.आर. पोखरेलको *पराजुलीका अन्तर्वार्ता माथि चहार्दा* (अङ्क ५ र ६,

२०६४/०६५) शीर्षकको समालोचनात्मक लेखमा २१६ पृष्ठको कलेवरमा फैलिएको ४१ वटा अन्तर्वार्ताहरूको सङ्ग्रह **फेरि चिन्तनका विम्बभित्र** भाषाशास्त्री एवं साहित्यकार र गीतकार कृष्णप्रसाद पराजुलीको अन्तर्वार्ताका दुई पक्ष प्रश्नकर्ता र उत्तरदाताको समीक्षा गरिएको छ । डी.आर. पोखरेलकै *सम्झनामा भारतीय जेल पढ्नै पर्ने कृति* (अङ्क ७, २०६५) शीर्षकको समीक्षात्मक लेखमा अनिल शर्माको संस्मरणात्मक कृति **संझनामा भारतीय जेल** उनको छैठौं कृति भएको र यसभित्र १८ वटा संस्मरणात्मक निबन्धहरूको सङ्ग्रह रहेकोमा यसमा **सम्झनामा भारतीय जेल** को समालोचना गरिएको छ । उनकै *चितवनको साहित्यिक पत्रकारिताको सङ्क्षिप्त रूपरेखा* (अङ्क ८ र ९ २०६६) शीर्षकको सोधखोज लेखमा साहित्यको माध्यमबाट सूचना प्रवाह गरी समाज परिवर्तन गर्ने र चितवनबाट प्रकाशित पत्र-पत्रिकाहरू र तिनीहरूको विकासक्रमको समीक्षा गरिएको छ । तेजविलास अधिकारीद्वारा लिखित *व्यावहारिक समालोचना : भट्टको वैचारिक चेतको आलोक* (अङ्क ११, २०६६) शीर्षकको समीक्षात्मक लेखमा व्यावहारिक समालोचक भट्टले स्वयंलाई अत्यन्त सन्तुलित, सार्वजनिक र वस्तुवादी भएको सन्दर्भ उल्लेख गर्दै उनको **व्यावहारिक समालोचना**को समीक्षा गरिएको छ ।

देवीचरण भण्डारी (सरोज) द्वारा लिखित *स्वतन्त्रता र कम्युनिष्टहरूका सन्दर्भमा केही कुरा* (अङ्क ११, २०६८) शीर्षकको लेखमा कवि एवम् समालोचक अनन्ददेव भट्टको **स्वतन्त्रता र कम्युनिष्टहरू** भन्ने पुस्तक वि.सं. २०४८ मा इन्जिनियर श्री रवीन्द्रनाथ रिमालको सम्पादकत्वमा/प्रकाशकत्वमा प्रकाशित यो पुस्तकमा भट्टसरले संसारका श्रमजीवीका महान् गुरु र योद्धा मार्क्स र एङ्गेल्समा समर्पण गर्दै उक्त पुस्तकको कृतिपरक समीक्षा गरिएको छ । त्यसै गरी देवीप्रसाद सुवेदीको *आनन्ददेव भट्टको समालोचनामार्गको रेखाङ्कन-हाम्रा प्रतिभाहरू* शीर्षकको समीक्षात्मक लेखमा **हाम्रा प्रतिभाहरू** पुस्तकभित्रका विविध पक्षहरूको उल्लेख गर्दै आनन्ददेव भट्टको साहित्यिक योगदान र हाम्रो प्रतिभा पुस्तकको समीक्षा गरिएको छ । धनेश्वर भट्टराईद्वारा लिखित *पारिजातको साहित्यिक यात्रा : मोड र प्रवृत्ति* (अङ्क ५ र ६, २०६४/०६५) शीर्षकको लेखमा पारिजातको सिर्जनायात्रा, सिर्जित रचाना र तिनमा निहित मूल्य, चिन्तन र प्रवृत्तिका हिसाबले समालोचक डी.आर. पोखरेलको विभाजन बढी तर्कसङ्गत र सान्दर्भिक देखिएको उल्लेख गर्दै समालोचक भट्टराईले पारिजातका कालगत र रचनागत विशिष्टतालाई आधार मानेर विभिन्न चरणमा विभाजन गरी समीक्षा गरेका छन् । समालोचक भट्टराईकै *महात्ताहीन उपन्यासमा विघटित मानवीय मूल्य र वीभत्स चित्रहरू* (अङ्क ७, २०६५) शीर्षकको समालोचनात्मक लेखमा

पारिजातको **महात्ताहीन** उपन्यासको कृतिपरक समीक्षा गरिएको छ । उनकै *डी.आर. को 'पारिजातको साहित्यिक मूल्याङ्कन' एक विश्लेषण* (अङ्क ८ र ९ २०६६) शीर्षकको समीक्षात्मक लेखमा चितवनको सरोफेरोमा मात्र नभएर एउटा साहित्यिक अनुसन्धानकर्ता, राजनीतिक विश्लेषक, दार्शनिक व्यक्तित्व, प्रगतिवादी स्रष्टा र समालोचकका रूपमा राष्ट्रिय व्यक्तित्वहरूकै लहरमा लाम लागिसकेको नाम डी.आर. पोखरेल भएको र उनकै समलोचनात्मक ग्रन्थ **पारिजातको साहित्यिक मूल्याङ्कन**को कृतिपरक समीक्षा गरिएको छ । धनेश्वर भट्टराईकै *१७ सालमा अभिव्यक्ति चेतनाका रूपहरू : एक विश्लेषण* (अङ्क ११, २०६८) शीर्षकको समीक्षात्मक लेखमा समालोचक भट्टराईले साहित्यकार, राजनीतिज्ञ आनन्ददेव भट्टको साहित्यिक, राजनीतिक योगदानको विश्लेषण गर्दै भट्टको **१७ साल** खण्डकाव्यको विश्लेषण गरिएको छ । समालोचकहरू धर्मराज डङ्गोल, प्रेम भण्डारी, विष्णु अधिकारी, इन्द्र चौधरी, सुसन गुरुङको *पश्चिम चितवनमा वनस्पति : सर्वेक्षण तथा विश्लेषण* (अङ्क ३, २०६३) शीर्षकको अनुसन्धानात्मक लेखमा सन् १९५० अगाडि कालापानी नामले चिनिएको चितवनमा औलो उन्मूलन पश्चात् यहाँको जनसङ्ख्या तीव्र गतिमा बृद्धि भइरहेको र प्राकृतिक प्रकोप तथा हेरफेरले वनस्पति जगत्मा धेरै-थोरै प्रभाव पारेको हुन्छ भन्ने कुरा प्रस्ट्याउन प्रथम चरण २०५२ र दोस्रो चरण २०५६ गरी दुईपटक बोटबिरुवाको अध्ययन गरिएको र त्यसको समीक्षा गरिएको उल्लेख छ । समालोचक धर्मराज डङ्गोलकै *थारू भाषामा बिरुवाको नामाकरण : एक चर्चा* (अङ्क ५ र ६ २०६४/०६५) शीर्षकको अनुसन्धानात्मक लेखमा समालोचक डङ्गोलले बोटबिरुवाको नाम र अर्थ सङ्कलन गर्ने क्रममा बोटबिरुवाको नामाकरणका आधार बिरुवाको नाम र अर्थ विभिन्न आधारमा राखिएको हुन्छ भन्ने समीक्षा गरिएको छ । धर्मराज डङ्गोल र रूपक डङ्गोलद्वारा लिखित *थारू गुराउ, परम्परागत ज्ञान र संरक्षणको बाटो* (अङ्क १०, २०६६) शीर्षकको समाजशास्त्रीय लेखमा कला र संस्कृतिको धनी जाति थारूको कुनै व्यक्तिलाई रोगलागेमा सो व्यक्तिलाई निको पार्नको लागि गुराउकहाँ लाने र बोलाएर उपचार गराउने चलन भएकोमा त्यस्तो थारू गुराउ, परम्परागत ज्ञान र संरक्षणको बाटोको समीक्षा गरिएको र खोज अनुसन्धान गरिएको छ ।

नरबहादुर खाँडद्वारा लिखित *राजनीतिको चेतनाको मुहान आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको राजनैतिक विशेष लेखमा नेपाली साहित्यको उत्थान गर्न र राजनीतिक चेतनाको मुहानको रूपमा आनन्ददेव भट्ट एक उज्ज्वल व्यक्तित्व भएको चर्चा गरिएको छ । यस लेखमा एक साधारण नागरिकको हैसियतको व्यक्तिले पद, प्रतिष्ठा र पैसाका पछि

नलागी जीवनभरि देश र जनताको सेवामा समर्पित व्यक्तित्व नै वास्तविक रूपमा जनताका मान्छे हुने र त्यस्तै व्यक्तित्वमध्येका एक हुन्- आनन्ददेव भट्ट भनिएको छ । समालोचक नारायणप्रसाद खनालद्वारा लिखित *हाम्रो सिर्जनाका दुई पुष्प : एक अवलोकन* (अङ्क ३, २०६३) शीर्षकको समीक्षात्मक लेखमा **हाम्रो सिर्जना** पत्रिकाका पहिलो र दोस्रो अङ्कमा प्रकाशित विभिन्न लेख-रचनाहरूको विधागत वर्गीकरण विश्लेषण गरिएको छ । अङ्क १ को सम्पादकीयमा 'महापण्डित राहुल सांकृत्यायन' र अङ्क २ मा 'चिनका महान् स्रष्टा लुस्युन' का जीवनीपरक परिचयहरू समेतको समीक्षा गरिएको छ । समालोचक खनालकै *कारुणिक कवि चेतकान्तको 'आँसुको चिनो' शोककाव्य एक चर्चा* (अङ्क ५ र ६ २०६४/०६५) शीर्षकको समालोचनात्मक लेख-रचनामा, चेतकान्त चापागाईका विभिन्न साहित्यिक कृतिहरूको योगदानको प्रसङ्ग उल्लेख गर्दै कवि चापागाईको **आँसुको चिनो** शोक-काब्यको कृतिपरक समालोचना गरिएको छ । समालोचक खनालकै *सुलोचनाको सेरोफेरोमा देवकोटाको भाषिक चिन्तन* (अङ्क १० २०६६) शीर्षकको समीक्षात्मक लेखमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको महाकाव्य **सुलोचना**को प्रकाशनले देवकोटाको दस दिने प्रयासमै पूरा गरिएको महाकाव्य र महाकविको आँशु कवित्वको चर्चा गर्दै **सुलोचना** महाकाव्यको भाषापरक समालोचना गरिएको छ । *कथाकारका रूपमा युद्धप्रसाद मिश्र* (अङ्क १, २०६२) शीर्षकको समीक्षात्मक लेखमा समालोचक पूर्णबहादुर अधिकारीले सुरुमा राम्रा र मिठा कविता लेखेर कविका रूपमा चिनिन पुगेका युद्धप्रसाद मिश्रको **अमरकथा** सङ्ग्रहको समीक्षा गर्दै उनलाई कथाकारको रूपमा पनि चित्रित गरिएको छ । समालोचक पूर्णबहादुर अधिकारीकै *डा. नरेन्द्र चापागाई स्मृतिग्रन्थभित्र रुमलिँदा* (अङ्क २, २०६२) शीर्षकको पुस्तक परिचयात्मक लेखमा श्री दधिराज सुवेदीबाट सम्पादित महत्त्वपूर्ण ग्रन्थ **डा. नरेन्द्र चापागाई स्मृतिग्रन्थ** पूस्तकको कृति समीक्षा गरिएको छ । पूर्णप्रसाद अधिकारीको *मोफसलको साहित्यिक पत्रकारिता सङ्गोष्ठीको सङ्क्षिप्त समीक्षा* (अङ्क ८ र९ , २०६६) शीर्षकको समालोचनात्मक लेखमा मिति २०६६ जेष्ठ ९ गतेका दिन वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको परिसरमा निर्मित अत्याधुनिक भवनमा भएको 'मोफसल साहित्यिक पत्रकारिता सङ्गोष्ठी' को समीक्षा गरिएको छ । समालोचक पूर्णप्रसाद अधिकारीकै *गुरूप्रसाद मैनाली व्यक्ति र कृति सङ्क्षिप्त आँकलन* शीर्षकको समीक्षात्मक लेखमा राजनीतिक साहित्यिक व्यक्तित्व आनन्ददेव भट्टकी धर्मपत्नी सुशीला भट्ट खरेलद्वारा लेखिएको **गुरूप्रसाद मैनाली व्यक्ति र कृति सङ्क्षिप्त आँकलन** समलोचनात्मक ग्रन्थ पुस्तक समीक्षा/कृतिपरक समालोचना गरिएको छ । त्यसै गरी पुष्करराज भट्टको *भट्टको 'नमस्कार'*

*निबन्धमा वर्गीयता* (अङ्क ११, २०६८) शीर्षकको समीक्षात्मक लेखमा आनन्ददेव भट्टद्वारा लिखित **नमस्कार** निबन्धको कृतिपरक समालोचना गरिएको छ । निबन्धमा आफ्नो पेसामा दक्ष नभए पनि, योग्यता नपुगे पनि दाउपेच लडाएर प्रधानाध्यापक बन्ने साथीको प्रसङ्गमा वर्गीयताको झलक राम्ररी पाइन्छ भन्ने चर्चा गर्दै उक्त निबन्धको समालोचना गरिएको छ ।

समीक्षक/समालोचक बद्री विशाल पोखरेलद्वारा लिखित *गफडीका गफमाथि, हावादारीका हरफ* (अङ्क ५ र ६ २०६४/०६५) शीर्षकको पुस्तक परीचय लेखमा चूडामणि रेग्मीको **गफडीको गफ,** हरिहर खनालको **हरिहर खनालका छोटा कथाहरू** र लीलानाथ सुवेदीको **संविधानसभाको निर्वाचन र नयाँ नेपालको निर्माण** जस्ता कृतिहरूको परिचय गराउँदै उक्त कृतिहरूको छोटो चर्चा गरिएको छ । यसै गरी समालोचक वासुदेव अधिकारीद्वारा लिखित *डायरी पठनमा देखापरेको प्रश्नचरो* (अङ्क ११, २०६८) शीर्षकको समीक्षात्मक लेखमा समालोचक अधिकारीले पढेका दुईवटा पछिल्लो अवधिको, दुईवटा बैतडीमा राजनीतिक काममा क्रियाशील हुँदाको अवधिको तथा एउटा अत्यन्त निजी व्यवहार तथा विषयको डायरी पठनको आलोकमा आनन्ददेव भट्टको वैचारिकता, मुलुक तथा जनताप्रतिको उत्सर्ग चेत, सामयिक स्थितिको विश्लेषण, निन्तर आत्मचिन्तन र आत्ममूल्याङ्कन निकै स्वादिलो र घतलाग्दो भेटेको उल्लेख गर्दै पठित पाँचवटा डायरीको समीक्षा गरिएको छ ।

*आनन्ददेव भट्टको सर्वोत्कृष्ट कृति 'जगत्को सृष्टि र सञ्चालन प्रक्रिया'* (अङ्क ११, २०६८) शीर्षकको समीक्षात्मक लेखमा समालोचक वीरबहादुर चन्दद्वारा यो संसारमा कलम चलाउने मान्छे धरै भएका तर मानिसको हित गर्ने मानिस सीमित भएको कुरा उल्लेख गर्दै मानवसमाजको लागि असल गर्ने व्यक्ति अनन्ददेव भट्ट भएको र उनैको सर्वोत्कृष्ट कृति **जगत्को सृष्टि र सञ्चालन प्रक्रिया**को कृतिपरक समीक्षा गरिएको छ । यसै गरी अर्का समालोचक विष्णुप्रसाद सापकोटाको *समालोचना विनाको माधवीको समालोचना* (अङ्क ८ र ९, २०६६) शीर्षकको समालोचनात्मक लेखमा समालोचक सापकोटाको आख्यानप्रतिको मोह अत्यधिक भएकोले पूर्वीय-पाश्चात्य साहित्यका चर्चित उपन्यासहरूको अध्ययन गर्ने क्रममा भरतपुर कारागारमा हुँदा **माधवी** को अध्ययन गरिएको र यस *समालोचनाविनाको माधवीको समालोचना* शीर्षकमा मदनमणि दीक्षितद्वारा लेखिएको पौराणिक नारीवादी उपन्यास **माधवी**को कृतिपरक समालोचना गरिएको छ । अर्का समालोचक विष्णुप्रसाद घिमिरेद्वारा लिखित *भट्टसरको नेपाली र नेपालका अन्य भाषाहरू माझको सम्बन्धलाई नियाल्दा* (अङ्क ११, २)०६८) शीर्षकको समीक्षात्मक लेखमा **नेपाली र नेपालका अन्य**

**भाषाहरू माभ्कको सम्बन्ध** वि.सं. २०४४ सालमा श्रीमती सुशीला भट्टबाट प्रकाशित पुस्तकाकार भएको र यस कृतिको 'समर्पण' उपशीर्षकमा 'अर्काको मातृभाषाको उन्नतिकै कदर गर्ने आफ्नो मातृभाषाको पूर्ण अधिकारको निम्ति समर्पित सचेत तथा विवेकी नेपालीहरूलाई' भन्ने सन्दर्भको चर्चा गर्दै समालोचक सापकोटाले उक्त कृतिको यस शीर्षकमा कृतिपरक समालोचना गरेका छन् । यसै गरी अर्का समालोचक भवनाथ सडौलाद्वारा लिखित *कृष्णचन्द्रसिंह प्रधान : निबन्ध यात्रा र प्रवृत्ति* (अङ्क २, २०६२) शीर्षकको समीक्षात्मक लेखमा नेपाली सहित्यको निबन्ध विधामा कृष्णचन्द्रसिंह प्रधानले पुऱ्याएको योगदान, उनको जीवनी व्यक्तित्व र कृतित्वको समीक्षा गरिएको छ । समालोचक सडौलाकै *कृष्णप्रसाद पराजुली : जीवनी र व्यक्तित्व* (अङ्क ५ र ६ २०६४/०६५) शीर्षकको समालोचनात्मक लेखमा नेपाली भाषसाहित्यको संरक्षण, संवर्द्धन एवम् समुन्नतिमा निरन्तर साधनारत स्रष्टाहरूको सूचिमा अग्रस्थानमा रहेका साहित्यकार कृष्णप्रसाद पराजुलीको समालोचक सडौलाद्वारा यस शीर्षकमा उनको जीवनी र व्यक्तित्वको समालोचना गरिएको छ । अर्का समालोचक भगवतशरण न्यौपानेको *मानवता र मुक्तिका कवि गोपाल जोशी : एक विहङ्गावलोकन* (अङ्क ३, २०६३) शीर्षकको व्यक्तित्व परिचय कृति समीक्षात्मक लेखमा गोकुल जोशीको साहित्य क्षेत्रमा चहकिएको योगदानको चर्चा गर्दै उनका साहित्यिक कृतिहरूको चर्चा गर्दै र जोशीको कृतित्व एवम् व्यक्तित्वको उठान गर्ने स्रष्टाहरू जनकप्रसाद हुमागाई, गोविन्द भट्ट, गङ्गाप्रसाद उप्रेती आदिको व्यक्तित्वको समेत समीक्षा गरिएको छ । समालोचक भागवतशरण न्यौपानेकै *चियो चर्चो केही चिट्ठी-पत्रहरूको* (अङ्क ११, २०६८) शीर्षकको समीक्षात्मक लेखमा समालोचक न्यौपानेले आनन्ददेव भट्ट र गोविन्द भट्ट एवम् मोदनाथ प्रश्रित बिच आदान-प्रदान भएका चिठी-पत्रहरूको सङ्क्षिप्त चर्चा गरिएको छ । समालोचक मणिराम शर्माको *कवि राजकृष्ण कँडेलको 'सम्झनाका छालहरू' एक अनुशीलन* (अङ्क ७, २०६५) शीर्षकको समीक्षात्मक लेखमा राजकृष्ण कँडेल अद्यतन चितवनको शैक्षिक र सामाजिक सेवा क्षेत्रमा लब्धप्रतिष्ठ तथा शाब्दिक सृजन परम्परामा अभिज्ञात नाम भएको र उनीद्वारा लेखिएको *आनन्ददेव भट्टको समालोचना पद्धति : प्रतिभा पहिचान सन्दर्भमा* (अङ्क ११, २०६८) शीर्षकको लेखमा बौद्धिक, प्राज्ञिक एवम् राजनीतिक व्यक्तित्व आनन्ददेव भट्टको परिचयात्मक सन्दर्भको उठान गर्दै समालोचक-कवि आनन्ददेव भट्टका विविध कृतिहरूको प्रकाशनले नेपाली साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्दै **प्रतिभा पहिचान** ग्रन्थको कृतिपरक समालोचना गरिएको छ ।

समालोचक मेघनाथ खनाल (बन्धु) द्वारा लिखित *गुराँसलाई सुम्सुम्याउँदा सहकार्यमा प्रतिबिम्बित* (अङ्क ११, २०६८) शीर्षकको समीक्षात्मक लेखमा नाट्यशालारूपी संसारका हामी नाट्यपात्र हौं र हाम्रो अभिनय गर्नेको राम्रो चिनारी रहनेमा साहित्यकार आनन्ददेव भट्ट सफल व्यक्तित्वको उल्लेख गर्दै कवि भट्टको **गुराँस** कवितासङ्ग्रहको कृतिपरक समीक्षा गरिएको छ । त्यसै गरी अर्का समालोचक रमेश शुभेच्छुद्वारा लिखित *समय साहित्य कृतिमा आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको समीक्षात्मक लेखमा अङ्ग्रेजी र नेपाली दुवै भाषामा कलम चलाउन सक्ने बौद्धिक लेखक आनन्ददेव भट्टका सिर्जना र समालोचनाका दुई पाटाका साहित्यिक कृतिहरूको योगदानको चर्चा गर्दै यहाँ **समय साहित्य** समालोचनाको कृतिपरक समालोचना गरिएको छ । त्यसै गरी अर्का समालोचक रविमोहन सापकोटाको *संविधासभाको निर्वाचन र सञ्चारकर्मीहरूको भूमिका* (अङ्क ७, २०६५) शीर्षकको समालोचनात्मक लेखमा देशको मूल कानून निर्माण गर्न जनताद्वारा चुनिएका प्रतिनिधिहरूको सभाले समाज व्यवस्था सञ्चालन गर्ने आधार र स्रोत संविधान हुने भएकोले संविधान सभाद्वारा संविधान निर्माण गर्नुको मुख्य कारणसहित सञ्चारकर्मीको भूमिका सम्बन्धमा सङ्क्षिप्त चर्चा/समीक्षा गरिएको छ । समालोचक लक्ष्मीभक्त उपाध्यायद्वारा लिखित *कमरेड भट्ट कम्युनिष्ट निर्माण गर्ने मिसिन* (अङ्क ११, २०६८) शीर्षकको राजनैतिक विशेष लेखमा चितवन स्थित तत्कालीन वीरेन्द्र इन्टरकलेजको प्राचार्य रहँदाको अनुभवदेखि नै आनन्ददेव भट्ट साहित्यका माध्यमले, विचारले र आदर्शप्रतिको निष्ठाले कम्युनिष्ट उत्पादन गर्ने मिसिनको रूपमा स्थापित भएका व्यक्तित्व हुन् भन्ने चर्चा गरिएको छ । त्यसै गरी अर्का समालोचक शान्ता मानवी *सुशीला भट्टजीसँग केही क्षण* (अङ्क ११, २०६८) शीर्षकको लेखमा विदुषी सुशीला भट्ट (साहित्यकार, राजनीतिक व्यक्तित्व आनन्ददेव भट्टकी धर्मपत्नी) को जीवनीसम्बन्धी पढाइ, विवाह, विवाहका तीन महिनामा नै पतिको गिरफ्तारी, साहित्यतर्फ प्रवेश, सुशीलाजीका नजरमा आनन्ददेव र निष्कर्ष जस्ता शीर्षकमा सङ्क्षिप्त चर्चा परिचर्चा गरिएको छ । त्यसै गरी अर्का समालोचक सरोज ओलीको *केही आत्मपरक निबन्धहरू : एक विवेचना* (अङ्क ११, २०६८) शीर्षकको समीक्षात्मक लेखमा साझा प्रकाशनबाट प्रकाशित आनन्ददेव भट्टको **केही आत्मपरक निबन्धहरू** पुस्तकको कृतिपरक समालोचना गरिएको छ ।

समालोचक सुधा त्रिपाठीको *निरन्तर क्रान्तिको एउटा नाम आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको समीक्षात्मक लेखमा आनन्ददेव भट्ट जस्ता साहित्यिक व्यक्तित्व भएको, अरूको लोभ-लालच, ईर्ष्या, द्वेष केही नगर्ने, व्यक्तिलाई दिनसक्ने सही वस्तु पनि यिनै सत्मार्गका कुराहरू भएको र उनी दिन सक्ने भएको सन्दर्भ उल्लेख गर्दै आनन्ददेव भट्टको जीवनीपरक समालोचना गरिएको छ । यसै गरी अर्का समालोचक हरिहर सविताको *साहित्य दर्शनको अन्तरसम्बन्ध* (अङ्क ४, २०६३) शीर्षकको लेखमा समाजमा पैदा भएका प्रवृत्तिहरूलाई यसले प्रतिबिम्बित गर्दछ किनभने साहित्यमा नै सामाजिक प्रतिबिम्ब दर्पणमा झै छर्लङ्ग दृष्टिगोचर हुन्छ भने अर्कोतर्फ जुन साहित्यिक रचनामा फोटोग्राफीझैं केवलको वाह्य वर्णनमात्र हुन्छ त्यसले समाजलाई परिचालित गर्ने कुनै दर्शनको प्रकटीकरण हुँदैन त्यो जतिसुकै सफल चित्रण भए पनि उत्तम कलाकृति बन्दैन र उत्तम साहित्यले सदा बौद्धिकताको आग्रह गर्ने हुँदा साहित्य र दर्शनको अन्तरसम्बन्ध हुन्छ भन्ने समीक्षा गरिएको छ । त्यसै गरी अर्का समालोचक हरि सापकोटाद्वारा लिखित *मेरो सम्झनामा आनन्ददेव भट्ट* (अङ्क ११, २०६८) शीर्षकको राजनैतिक विशेष लेखमा आनन्ददेव भट्टको अभिव्यक्ति, गतिविधिहरू र क्रियाशीलतालाई अध्ययन गर्दा उनी लामो समयदेखि शिक्षा क्षेत्रमा कार्यरत रहेको र समयानुकूल साहित्यको सिर्जना समेत गर्दै आएकोले भट्ट एक बौद्धिक साहित्य सर्जक र राजनैतिक व्यक्तित्व भएको चर्चा गरिएको छ । समीक्षा समालोचना गर्ने क्रममा हरिहर सविताद्वारा लिखित *भट्टसरसँगको संस्मरण प्रलेसभित्र आँखा घुमाउँदा* (अङ्क ११, २०६८) शीर्षकको लेखमा प्रगतिशील लेखक सङ्घ (प्रलेस) को छैटौं महाधिवेशनबाट भट्ट सर र खगेन्द्र  सङ्ग्रौला अध्यक्षको प्रत्यासी उम्मेदवार भएकोमा वैचारिक हिसावले एमालेको तर्फबाट आनन्ददेव भट्टलाई र माओवादीको तर्फबाट खगेन्द्र सङ्ग्रौलालाई भोट हाल्ने ह्विप जारी गरिए तापनि लेखकले सोचे, अनुमान गरे जस्तो विशाल अन्तर नभएर प्रतिस्पर्धात्मक केही मतले भट्ट प्र.ले.स. को छैटौं अध्यक्ष निर्वाचित हुनुभएको, दुई साहित्यिक धरोहरहरूको व्यक्तित्व र उचाइको चर्चा गरिएको छ ।

यसप्रकार **हाम्रो सिर्जना** पत्रिकामा प्रकाशित समालोचनाहरू सैद्धान्तिक प्रायोगिक, कृतिपरक, विश्लेषणत्मक, प्रभावपरक, सूत्रसमालोचनात्मक आदि जे भए पनि नेपाली समालोचनामा यस पत्रिकाको योगदान विशेष देखिन्छ ।

### ४.४.३ समालोचनात्मक लेखहरूको स्वरूपगत प्रकार

**हाम्रो सिर्जना** पत्रिकाका सबै अङ्कमा प्रकाशित समालोचनात्मक लेखहरूको स्वरूपगत प्रकारलाई यसप्रकार देखाइएको छ :-

| क.सं. | समालोचकको नाम | शीर्षक | समालोचनात्मक स्वरूप र प्रकार | अङ्क | साल |
|---|---|---|---|---|---|
| १ | अनिरुद्र तिमल्सिना | नेपाली साहित्यमा तस्रो आयम | समसामयिक | १ | २०६२ |
| २ | अनिल श्रेष्ठ | 'मर्स्याङ्दी' खण्डकाव्यले उठाएको सौन्दर्यबोध | कृतिपरक समालोचना | ५ र ६ | २०६४/०६५ |
| ३ | उपेन्द्र पागल | स्वीकृतिका विकर्णबिम्बहरू | भावपरक | ८ र ९ | २०६६ |
| ४ | कपिल अज्ञात | रविकिरण निर्जीवको नैबन्धिक आयाम | व्यक्तिपरक | ७ | २०६५ |
| ५ | कपिलदेव लामिछाने | वैचारिक तुलिकामा 'ओमर खैयाम' र आनन्ददेव भट्ट | पुस्तक समीक्षा | ११ | २०६८ |
| ६ | काशीनाथ अधिकारी | राजनीतिमा आनन्ददेव भट्ट | विश्लेषणात्मक | ११ | २०६८ |
| ७ | केशवराज आमोदी | 'प्रेरणाको प्रस्तुति' : एक विहङ्गम दृष्टि | कृतिपरक | ७ | २०६५ |
| ८ | कृष्णप्रसाद घिमिरे | आनन्ददेव भट्टको निबन्ध यात्रा र फुटकर निबन्धको समीक्षा | समीक्षात्मक लेख | १ | २०६८ |
| ९ | खेमनाथ कोइराला | नेपाली उपन्यासको सय वर्ष : एक चर्चा | विश्लेषणात्मक लेख | १ | २०६२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | खेमनाथ कोइराला | साहित्यकार गोपालप्रसाद रिमाल | जीवनीपरक | २ | २०६२ |
| ११ | गणेशप्रसाद खराल | थारू बालगीतको सङ्क्षिप्त रूपरेखा | संस्कृतिपरक | १ | २०६२ |
| १२ | गणेशप्रसाद खराल | कवि बमबहादुर थारू र 'आँसुका थोपाहरू' वनकाव्य एक चिनारी | कृतिपरक | ५ र ६ | २०६४/६५ |
| १३ | गङ्गाप्रसाद अधिकारी | 'अवशिष्ट यात्रा' उपन्यासभित्र झर्रोको खोजी | पुस्तक चर्चा | १० | २०६६ |
| १४ | गङ्गाप्रसाद उप्रेती | सहकार्यमा प्रतिबिम्बित आनन्ददेव भट्टको पहिचान | प्रवृत्तिपरक | ११ | २०६८ |
| १५ | घनश्याम ढकाल | आनन्ददेव भट्ट सहकार्य र अनुभूति | जीवनीपरक | ११ | २०६८ |
| १६ | चूडामणि रेग्मी (चूमरे) | डी.आर.लाई सम्झिएर घोत्लिँदा र 'खुल्ला आकाशतर्फ' पढ्दा लागेका कुरा | स्रष्टापरक | ५ र ६ | २०६४/०६५ |
| १७ | चूडामणि रेग्मी (चूमरे) | झर्रो नेपाली आन्दोलन र यसका उपलब्धि | विश्लेषणात्मक | १० | २०६६ |
| १८ | जगदीशचन्द्र भण्डारी | नारायणमान बिजुक्छे अर्थात् हरिबहादुर श्रेष्ठका कथाहरूको पर्यवेक्षण | विश्लेषणात्मक | २ | २०६२ |
| १९ | जीवेन्द्रदेव गिरी | आनन्ददेव भट्टको '९७ साल' मा जागृति र क्रान्तिको स्वर | कृतिपरक | ११ | २०६८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | झाँक्रीखोले | 'पागल' र 'हामी बौलाहाहरू' कवितालाई एकैसाथ हेर्दा | कृतिपरक | ११ | २०६८ |
| २१ | डी. आर. पोखरेल | पूर्वाञ्चलको नयाँ आख्यान : 'दोसाँधको घाम' पढेपछि | कृतिपरक समालोचना | ४ | २०६३ |
| २२ | डी.आर. पोखरेल | पराजुलीका अन्तर्वार्ता भित्र चाहार्दा | विश्लेषणात्मक | ५ र ६ | २०६४/०६५ |
| २३ | डी.आर. पोखरेल | सम्झनामा भारतीय जेल : पढ्नै पर्ने कृति | कृतिपरक समालोचना | ७ | २०६५ |
| २४ | डी.आर. पोखरेल | चितवनको साहित्यिक पत्रकारिताको सङ्क्षिप्त रूपरेखा | विवरणात्मक | ८ र ९ | २०६६ |
| २५ | तेजविलास अधिकारी | व्यावहारिक समालोचना : भट्टको वैचारिक चेतको आलोक | व्यक्तिपरक | ११ | २०६८ |
| २६ | देवीचरण भण्डारी (सरोज) | 'स्वतन्त्रता र कम्युनिष्टहरू' का सन्दर्भमा केही कुरा | पुस्तक चर्चा | ११ | २०६८ |
| २७ | देवीप्रसाद सुवेदी | आनन्ददेव भट्टको समालोचनामार्गको रेखाङ्कन हाम्रा प्रतिभाहरू | पुस्तक समीक्षा | ११ | २०६८ |
| २८ | धनेश्वर भट्टराई | पारिजातको साहित्यिक यात्रा : मोड र प्रवृत्ति | जीवनीपरक समालोचना | ८ र ९ | २०६६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | धनेश्वर भट्टराई | महत्ताहीन उपन्यासमा विघटित मानवीय मूल्य र वीभत्स चित्रहरू | कृतिपरक समालोचना | ७ | २०६५ |
| ३० | धनेश्वर भट्टराई | डी.आर. को पारिजातको साहित्यिक मूल्याङ्कन एक विश्लेषण | पुस्तक सीमक्षा | ८ र ९ | २०६६ |
| ३१ | धनेश्वर भट्टराई | '९७ साल' मा अभिव्यक्त चेतनाका रूपहरू : एक विश्लेषण | कतिपरक समालोचना | ११ | २०६८ |
| ३२ | धर्मराज डङ्गोल, प्रेम भण्डारी | पश्चिम चितवनका वनस्पति : सर्वेक्षण तथा विश्लेषण | विश्लेषणात्मक | ३ | २०६३ |
| ३३ | धर्मराज डङ्गोल | थारू भाषामा बिरुवाको नामाकरण : एक चर्चा | विश्लेषणात्मक | ५ र ६ | २०६४/०६५ |
| ३४ | धर्मराज डङ्गोल र रूपक डङ्गोल | थारू गुराउ, परम्परागत ज्ञान र संरक्षणको बाटो | संस्कृतिपरक समालोचना | १० | २०६६ |
| ३५ | नरबहादुर खाँड | राजनीतिक चेतनाको मुहान : अनन्ददेव भट्ट | जीवनीपरक | ११ | २०६८ |
| ३६ | नारायणप्रसाद खनाल | सुलोचनाको सेरोफेरोमा देवकोटाको भाषिक चिन्तन | विश्लेषणात्मक | १० | २०६६ |
| ३७ | नारायणप्रसाद खनाल | कारुणिक कवि चेतकान्तको 'आँसुको चिनो' शोककाव्य : एक चर्चा | कृतिपरक समालोचना | ५ र ६ | २०६४/०६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८ | नारायणप्रसाद खनाल | हाम्रो सिर्जनाका दुई पुष्प : एक अवलोकन | पुस्तक समीक्षा | ३ | २०६३ |
| ३९ | पूर्णबहादुर अधिकारी | कथाकारका रूपमा युद्धप्रसाद मिश्र | स्रष्टापरक समालोचना | १ | २०६२ |
| ४० | पूर्णबहादुर अधिकारी | 'डा. नरेन्द्र चापागाई स्मृतिग्रन्थ' भित्र रूपलिँदा | पुस्तक समीक्षा (कृति) | २ | २०६३ |
| ४१ | पूर्णप्रसाद अधिकारी | मोफसलको साहित्यिक पत्रकारिता सङ्गोष्ठीको सङ्क्षिप्त समीक्षा | कृतिपरक | ८ र ९ | २०६६ |
| ४२ | पूर्णप्रसाद अधिकारी | गुरूप्रसाद मैनाली व्यक्ति र कृति : सङ्क्षिप्त आँकलन | कृतिपरक | ११ | २०३८ |
| ४३ | पुष्परराज भट्ट | भट्टको 'नमस्कार' निबन्धमा वर्गीयता | कृतिपरक | ११ | २०६८ |
| ४४ | बद्री विशाल पोखरेल | गफडीका गफमाथि हावादरीका हरफ | पुस्तक समीक्षा | ५ र ६ | २०६४/०६५ |
| ४५ | वासुदेव अधिकारी | डायरी पठनमा देखापरेको प्रश्नचरो | डायरी समीक्षा | ११ | २०६८ |
| ४६ | वीरबहादुर चन्द | आनन्ददेव भट्टको सर्वोत्कृष्ट जगत्को सृष्टि र सञ्चालन प्रक्रिया | कृतिपरक समालोचना | ११ | २०६८ |
| ४७ | विष्णुप्रसाद सापकोटा | समालोचनाबिनाको माधवीको समालोचना | कृतिपरक समालोचना | ८ र ९ | २०६६ |
| ४८ | विष्णुप्रसाद घिमिरे | भट्टसरको 'नेपाली र नेपालका अन्य भाषाहरू माझको सम्बन्ध' लाई नियाल्दा | पुस्तक परिचय | ११ | २०६८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४९ | भवनाथ सडौला | कृष्णचन्द्रसिंह प्रधान : निबन्धयात्रा र प्रवृत्ति | प्रवृत्तिपरक समालोचना | २ | २०६४/०६५ |
| ५० | भवनाथ सडौला | कृष्णप्रसाद पराजुली : जीवनी व्यक्तित्व | जीवनीपरक समालोचना | ५ र ६ | २०६३ |
| ५१ | भागवतशरण न्यौपाने | 'मानवता र मुक्तिका कवि गोपाल जोशी' : एक विहङ्गावलोकन | कृतिपरक समालोचना | ३ | २०६३ |
| ५२ | भागवतशरण न्यौपाने | चियो चर्चा केही चिठीपत्रहरूको | चिठीपत्र चर्चा | ११ | २०६८ |
| ५३ | विष्णुप्रसाद सापकोटा | 'बुद्धि प्रसाद र ऊ' पढेपछि | पुस्तक समीक्षा | २ | २०६२ |
| ५४ | मणिराम शर्मा | कवि राजकृष्ण कँडेलको 'सम्झनाका छालहरू' एक अनुशीलन | कृतिपरक समालोचना | ७ | २०६५ |
| ५५ | महादेव अधिकारी | अनन्ददेव भट्टको समालोचना पद्धति प्रतिभा पहिचानका सन्दर्भमा | कृतिपरक समलोचना | ११ | २०६८ |
| ५६ | मेघनाथ खनाल (बन्धु) | 'गुराँसलाई' सुम्सुम्याउँदा | कृतिपरक समालोचना | ११ | २०६८ |
| ५७ | रमेश शुभेच्छुक | 'समयसाहित्य' कृतिमा आनन्ददेव भट्ट | कृतिपरक समालोचना | ११ | २०६८ |
| ५८ | रविमोहन सापकोटा | संविधानसभाको निवााचन र सञ्चारकर्मीहरूको भूमिका | सामान्य समीक्षा | ७ | २०६५ |
| ५९ | लक्ष्मीभक्त उपाध्याय | कमरेड भट्ट कम्युनिष्ट उत्पादन गर्ने मिसिन | प्रवृत्तिपरक समालोचना | ११ | २०६८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६० | लीला उदासी | एकदिन मात्र भेटेका आनन्ददेव भट्ट | प्रवृत्तिपरक समालोचना | ११ | २०६८ |
| ६१ | शान्ता मानवी | सुशीला भट्टजीसँग केही क्षण | प्रवृत्तिपरक समालोचना | ११ | २०६८ |
| ६२ | सरोज ओली | केही आत्मपरक निबन्धहरू : एक विवेचना | कृतिपरक समालोचना | ११ | २०६८ |
| ६३ | सुधा त्रिपाठी | निरन्तर क्रन्तिको एउटा नाम आनन्ददेव भट्ट | स्रष्टापरक समालोचना | ११ | २०६८ |
| ६४ | हरिहर सविता | साहित्य र दर्शनको अन्तरसम्बन्ध | प्रवृत्तिपरक समालोचना | ४ | २०६३ |
| ६६ | हरिहर सविता | भट्टसरसँगको संस्मरण प्र.ले.स. भित्र आँखा घुमाउँदा | व्यक्ति चर्चा | ११ | २०६८ |
| ६५ | हरि सापकोटा | मेरो सम्झनामा आनन्ददेव भट्ट | जीवनीपरक समालोचना | ११ | २०६८ |

**हाम्रो सिर्जना** पत्रिकामा प्रकाशित समीक्षा समालोचनात्मक लेख-रचनाहरु विभिन्न प्रकारका रहेका छन् । प्रकारगत हिसाबले कृतिपरक समालोचना, विश्लेषणात्मक समालोचना, प्रवृत्तिपरक समालोचना, जीवनीपरक समालोचना, व्यक्ति चर्चा, स्रष्टापरक समालोचना, सामान्य समीक्षा, चिट्ठीपत्र चर्चा, पुस्तक परिचय, डायरी समीक्षा, संस्कृतिपरक समालोचना आदि रहेका छन् । सहित्यिक-सांस्कृतिक पत्रिका भएकोले अनुसन्धानात्मक तथा खोजमूलक लेख-रचनाहरुलाई विशेष स्थान दिइएको छ ।

## ४.४.४ निष्कर्ष

समालोचनात्मक लेखहरूको दृष्टिले **हाम्रो सिर्जना** पत्रिका विशेष उल्लेखनीय छ र यस पत्रिकामा सैद्धान्तिक, प्रायोगिक र नवीन किसिमका समालोचनाहरू रहेका छन् । वरिष्ठ समालोचक लगायत नव उदीयमान समालोचकहरूका समालोचनत्मक सामग्रीहरूलाई पनि

यस पत्रिकामा उत्तिकै स्थान दिइएको छ । **हाम्रो सिर्जना** पत्रिकामा सङ्ग्रहीत समालोचनात्मक लेखहरू उच्च बौद्धिकतायुक्त छन् । यहाँ भएका साहित्यिक रचनाहरूमा विश्लेषणात्मक लेखन, वस्तुवादी, भाषावादी तथा अन्तर्विषयक जस्ता समालोचना प्रणालीका आधारमा समालोचना गरिएको छ भने कतै समालोचकीय व्यक्तित्व र त्यहीँका मूल्य मान्यता स्पष्ट पारिएको छ । कतिपय समालोचनामा समालोचकीय व्यक्तित्व र त्यसका मूल्य-मान्यताहरू स्पष्ट पारिएको छ । आख्यानकार महादेव अवस्थीको *आनन्ददेव भट्टको समालोचना पद्धति प्रतिभा पहिचान*का सन्दर्भमा जस्ता कृतिपरक समालोचना छन् भने आख्यानकार डी.आर. पोखरेलका जीवनीपरक, प्रवृत्तिपरक र कृतिपरक विश्लेषण गरिएको छ । साथै कथा सङ्ग्रह र कवितासङ्ग्रहको एवम् विभिन्न विधाका कृतिपरक समालोचनाको साथै त्यस्ता समालोचनामा कृतिको विश्लेषण पनि गरिएको छ । शोककाव्यको सिर्जना परम्परामा **आँसु** खण्डकाव्यको जीवनवादी गम्भीर अर्थबोधको कृतिपरक समीक्षा गरिएको छ । यहाँ उल्लेख गरिएका समालोचनाहरूमा पूर्वीय वाङ्मयवादको सैद्धान्तिक विवेचनासमेत गरिएको छ । सूत्र समालोचना **हाम्रो सिर्जना** पत्रिकाको अर्को नयाँ प्राप्ति हो ।

**हाम्रो सिर्जना** पत्रिकामा रहेका समालोचनालाई हेर्दा स्थानीयताको परिधिमा भन्दा निकै माथि उठाउन खोजिएको आभास पाइन्छ । यस पत्रिकामा प्रकाशित समालोचनाहरू सङ्ख्यात्मक गुणात्मक दुवै दृष्टिले अगाडि छन् ।

## ४.५ हाम्रो सिर्जना पत्रिकामा प्रकाशित लोकसाहित्यको विश्लेषण

लोकमा प्रचलित साहित्यलाई लोकसाहित्य भनिन्छ । लोकसाहित्य अन्तर्गत विभिन्न विधाहरू पर्दछन् । लोकगीत, लोकगाथा, लोकनाटक, उखान-टुक्का, गाउँखाने कथा आदि लोकसाहित्य अन्तर्गत पर्दछन् । **हाम्रो सिर्जना** अनुसन्धानमूलक साहित्यिक-सांस्कृतिक त्रैमासिक पत्रिकामा लोकसाहित्य अन्तर्गत गणेशप्रसाद खरालद्वारा लेखिएको *थारू जनजीवनमा प्रचलित केही महत्त्वपूर्ण उखानहरू* र मोदनाथ मरहट्टाद्वारा लिखित *बिलाउँदै गएको श्रव्यसाहित्य असारे गीतका स्वरुहरू* क्रमशः अङ्क १, २०६२ र अङ्क २, २०६२ मा प्रकाशित गरिएको छ । उक्त लोकसाहित्यिक लेख-रचनाहरूको यहाँ विश्लेषण गरिएको छ । सङ्ख्यात्मक हिसाबले **हाम्रो सिर्जना** पत्रिकामा लोकसाहित्यिक लेख-रचनाहरू थोरै भए तापनि गुणात्मक हिसाबले उल्लेखनीय छन् ।

### ४.५.१ विषयप्रवेश

लोक र साहित्य शब्दको योगबाट लोकसाहित्य शब्द भनेको हुन्छ । लोकसाहित्य भन्नाले लोकमा प्रचलित साहित्य भन्ने बुझिन्छ । लोकसाहित्यको प्रयोग क्षेत्र विशेष गरी ग्रामीण परिवेश, श्रुतिपरम्परा र अलिखित साहित्यसम्म पुग्नुपर्ने हुन्छ । लोकसाहित्यका विविध विधाहरू लोकगीत, लोकगाथा, लोकनाटक, उखान-टुक्का, गाँउखाने कथा आदि छन् । नेपाली लोकसाहित्यको परम्परा खोज्दै जाँदा निकै पुरानो वेदका ऋचाजस्तै श्रुति परम्पराद्वारा एकपछि अर्कोमा मौखिकरूपमा सर्दै र सङ्ग्रहित हुँदै आएको लोकसाहित्य नै लेख्य साहित्यको जग पनि हो । लोकसाहित्य संस्कार, संस्कृतिका कुराहरूसँग समाज सापेक्ष रहेको हुन्छ ।

**हाम्रो सिर्जना** पत्रिकामा विभिन्न समयमा नेपाली सात्यिका विभिन्न पक्षसँग सम्बन्धित थोरै अनुसन्धानात्मक तथा समीक्षात्मक लोकसाहित्यसँग सम्बन्धित सामग्रीहरू यस पत्रिकामा प्रकाशित भएका छन् । यस पत्रिकाको प्रकाशनको आरम्भबाट दुईजना लेखकका लोकसाहित्यका दरै जातिमा प्रचलित केही महत्त्वपूर्ण उखानहरू र बिलाउँदै गएको श्रव्य साहित्य, असारे गीतका स्वरहरू विषयक सामग्रीहरू यस पत्रिकामा प्रकाशित छन् ।

### ४.५.२ लोकसाहित्यिक लेखहरूको विषयवस्तुगत विश्लेषण

गणेशप्रसाद खरालद्वारा लिखित *थारू-जनजातिमा प्रचलित केही महत्त्वपूर्ण उखानहरू* (अङ्क २, २०६२) शीर्षकको लेखमा बहुसांस्कृतिक विविधताको देश नेपालमा बसोबास गर्ने अनेक आदिवासीहरूमध्ये थारू एक प्रपुख जाती भएको र थारू भाषामा शब्द-शक्तिमूलक वर्गीकरण अन्तर्गत पूर्ण वाक्यात्मक र अपूर्ण वाक्यात्मक, सामान्य र प्रश्नोत्तरात्मक, लयात्मक दृष्टिले सामान्य र विशिष्ट, लयात्मक तथा आकारका दृष्टिले साना र लामा आकारका उखानहरू भएको कुरा उल्लेख गरिएको छ । उक्त शीर्षकको लेखमा डाक्टर खरालले प्रस्तावना, उखानको व्युत्पत्ति र अर्थ, उखानको परिभाषा र थारू उखानहरूको वर्गीकरण आदि उपशीर्षक समेतमा विभाजन गरी केही महत्त्वपूर्ण थारू जनजीवनमा प्रचलित उखानहरूको उदाहरणसहित उल्लेख गरेका छन् । यसै गरी मोदनाथ मरहट्टाद्वारा लिखित *बिलाउदै गएको श्रव्यसाहित्य, असारे गीतका स्वरहरू* (अङ्क २, २०६२) शीर्षकको लेखमा किताबमा लेख्यरूपमा मात्र नरहेर साहित्य युगानुरूप जनजीवनसँग ढलीमली भएर उकाली-ओराली, देउराली र चौतारीमा पनि हुन्छ भने टम्म मिलेका गैंडीखेतका गराहरूमा

अनि उराठलाग्दो भिरालो खोरियामा पनि पाइन्छ भन्ने कुरा उल्लेख गरिएको छ । साहित्य प्राचिनकालदेखि वर्तमानसम्म श्रव्य र लेख्य दुबै कित्तामा बाँडिएर अस्तित्ववान् छ । खास गरी गण्डकी अञ्चलका गोरखा, तनहुँ र लमजुङ्का ठुलाठुला फाँटहरूमा गाइँदै आएका असारे गीतका स्वर र शब्दहरू विस्तारै हराउँदै जान थालेका छन् । यी भेकमा गाइने असारे गीतका स्वर र भाकाहरूमा बेग्लै प्रकारको साङ्गीतेयता छ । बाग्मती अञ्चलका नुवाकोट, काभ्रे वा उपत्यकाका काँठतिर गाइने असारे गीतका भाकाभन्दा गण्डकी अञ्चलका असारे गीत भिन्दै छन् । अरू गीतमा पाइने स्थायीभाव र अन्तरा यी गीतमा पाइँदैनन् । मौखिक साहित्य जस्तै विरह, प्रेम, व्यङ्ग्य, भाव, चेतनापरक एवं परिवर्तनशील र गतिशील जस्ता प्रकारहरू एवं प्रवृत्तिहरू असारे गीतहरूमा पाइन्छन् भन्ने कुरा उल्लेख गरिएको छ । असारे गीतभित्रका केही पक्ष वा प्रवृत्तिलाई प्रकारगत रूपमा यसरी विभाजन गरिएको छ :-

(क) स्तुतिप्रधान

(ख) ऋतुप्रधान

(ग) विरहप्रधान

(घ) व्यङ्ग्यप्रधान

(ङ) प्रेमप्रधान

(च) चेतनाप्रधान

(छ) सवाल-जवाफ (प्रश्नोत्तरात्मक) सम्बन्धी विभिन्न प्रकारहरूमा विभाजन गरिएको छ ।

## ४.६ हाम्रो सिर्जना पत्रिकामा प्रकाशित अन्तर्वार्ता, विश्वसाहित्य र अन्य सन्दर्भहरूको विश्लेषण

**हाम्रो सिर्जना** पत्रिकामा कविता, कथा, निबन्ध, समालोचना, पत्रसाहित्य जस्ता प्रचलित साहित्यिक विधाको अतिरिक्त अन्तर्वाता, विश्वसाहित्य र अन्य सन्दर्भहरू पनि प्रकाशित छन् । व्यक्ति-व्यक्तित्व परिचय, लोकसाहित्य, अनुवाद साहित्य, विश्वसाहित्य, भाषिक लेखहरू र सांस्कृतिक लेखहरूले पनि यस पत्रिकामा स्थान पाएका छन् । यसप्रकार **हाम्रो सिर्जना** पत्रिकामा अन्तर्वार्ता, विश्वसाहित्य र अन्य सन्दर्भहरूको विश्लेषण गर्ने क्रममा अन्तर्वार्ता, व्यक्ति-व्यक्तित्व, अनुवाद साहित्य, विश्वसाहित्य, भाषिक लेख, संस्कृतिपरक लेख, विविध विषयसँग सम्बद्ध लेख र चित्रात्मकताको उल्लेख गरिएको छ । आफैं बोल्ने वस्तुको रूपमा रहेको चित्रात्मकतालाई यस पत्रिकामा अङ्क एकदेखि एघारौं अङ्कसम्ममा आइपुग्दा

अङ्क सात, आठ र नैलाई छाडेर सबै अङ्कहरूमा चित्रात्मकताको प्रयोग गरिएको छ । यस पत्रिकामा प्रकाशित चित्रहरू विशेषतः कविता र कथाहरूमा भावानुरूपको अमूर्त चित्रहरू रहेका छन् ।

### ४.६.१ विषयप्रवेश

**हाम्रो सिर्जना** पत्रिकामा विभिन्न साहित्यिक विधाका अतिरिक्त अन्य अन्तर्वार्ताहरू, व्यक्ति-व्यक्तित्व परिचय, अनुवादसाहित्य, बिश्वसाहित्य, भाषिक लेख र संस्कृतिपरक लेखहरू पनि प्रकाशित छन् । यस अन्तर्गत अन्तर्वार्ताहरूमा वरिष्ठ आख्यानकारहरू आनन्ददेव भट्ट, हरिबहादुर श्रेष्ठ, (क. रोहित), रामबाबु घिमिरे, कुन्ता शर्मा, बालकृष्ण पोखरेल, बालकृष्ण थापासँग सम्बन्धित भेटवार्ता तथा अन्तर्वार्ताहरू समावेश छन् भने बीचबीचमा कतिपय अङ्कहरूमा विभिन्न विषयक्षेत्रसँग सम्बन्धित लेखहरू पनि रहेका छन् । **हाम्रो सिर्जना** पत्रिकामा समावेश भएका यस प्रकरणसँग सम्बद्ध लेखहरू यसप्रकार रहेका छन् :-

(क) अन्तर्वार्ता

(ख) व्यक्तिव्यक्तित्व

(ग) अनुवादसाहित्य

(घ) विश्वसाहित्य

(ङ) भाषिक लेख

(च) संस्कृतिपरक लेख

(छ) विविध विषयसँग सम्बद्ध लेख

(झ) चित्रात्मक

**हाम्रो सिर्जना** पत्रिकामा अनुवाद साहित्यसँग सम्बद्ध विषयवस्तु पनि छन् । यस पत्रिकामा दुईजना लेखकका तीनवटा अनुवाद साहित्य सम्बन्धी लेख विशेष उल्लेख्य छन् । विभिन्न भाषाका साहित्यिक रचनाहरूको नेपालीमा गरिएको अनुवाद समेत समावेश गरिएकोले यस किसिमको सामग्रीले नेपाली आमपाठकहरूलाई विश्वसाहित्यका विभिन्न महत्त्वपूर्ण पक्षहरूको जानकारी गराउनमा सहयोग पुगेको छ ।

*व्यक्ति-व्यक्तित्व, भेटवार्ता, अन्तर्वार्ता र कविता, कला चर्चा*लाई पनि समावेश गरिएको छ । व्यक्ति-व्यक्तित्व अन्तर्गत एकजना साहित्यकारको व्यक्तित्वमाथि प्रकाश पार्ने काम भएको छ । उक्त प्रतिभा अध्यापक, प्रशासक, राजनीतिज्ञ र साहित्यिक स्रष्टा हुन् ।

**हाम्रो सिर्जना** पत्रिकाको प्रथम अङ्क २०६२ मा दुईजना व्यक्तिको व्यक्ति, व्यक्तित्व तथा व्यक्ति परिचय गरिएको छ । त्यसै गरी प्रकाशन यात्राका क्रममा सात जना व्यक्तित्वसँग फरक व्यक्तिबाट अन्तर्वार्ता लिइएको कुरालाई पनि राखिएको छ । यस किसिमको सामग्रीले विभिन्न धारणा बुझ्न र उनीहरूका साहित्यक जीवनका अनुभूतिहरू जान्न सहयोग पुगेको छ । स्थापित साहित्यकारहरूबाट नवीन प्रतिभाहरूलाई साहित्य सिर्जनाप्रति आकर्षित गर्ने काम भएको छ । त्यसै गरी चित्रकला र कविता, कला र कौशल, अनुभूति वृत्तमा कलाजस्ता कलाका विभिन्न क्षेत्रलाई समेटेर कला सम्बन्धी जानकारी राख्न चाहने पाठकहरूलाई सामग्री पनि मिलेको देखिन्छ ।

**हाम्रो सिर्जना** पत्रिकामा चित्रात्मकताको संयोजन पनि गरिएको छ । अङ्क सात, आठ र नौमा चित्रहरू छैनन् भने बाँकी अङ्कहरू अङ्क एक, दुई, तिन, चार, पाँच, छ, दश र एघार अङ्कहरूमा विशेषतः कविता र कथाहरूमा भावनुरूपका अमूर्त चित्रहरू पनि रहेका छन् । 'आनन्ददेव भट्ट अभिनन्दन अङ्क' मा आनन्ददेव भट्टसँग सम्बन्धित विविध फोटो चित्रहरू पनि राखिएका छन् ।

## ४.६.२ विविध सन्दर्भहरूको विश्लेषण

**हाम्रो सिर्जना** पत्रिकाको अङ्क एकदेखि नै विभिन्न स्तम्भहरू समावेश गरिएको छन् । माथि उल्लेख गरिएका स्तम्भहरूको र ती अन्तर्गतका लेखहरूको विश्लेषण यहाँ गरिएको छ ।

### ४.६.२.१ अन्तर्वार्ता

बालकृष्ण थापाको *मोफसलको साहित्य ओझेलमा परेको छ तर कमजोर छैन* (अङ्क २, २०६२) शीर्षकको लेखमा **हाम्रो सिर्जना**का सम्पादकसँगको कुराकानीमा मोफसलको साहित्य वास्तवमा कमजोर छैन, केवल यो ओझेलमा परेको छ भन्ने कुरा उल्लेख गरिएको छ ।

कुन्ता शर्माको *कुन्ता शर्मासँग भेटवार्ता* (अङ्क ३, २०६३) शीर्षकको भेटवार्तामा स्तरीय लेख रचना गर्ने स्रष्टाहरू जीवनको नजिक रहन्छ र स्तरीय स्रष्टा अन्तर्गत पर्दछन् र अहिलेका प्रसिद्ध साहित्यकारहरू मोफसलबाटै प्रभावित भएका, स्तरीय लेखकहरू मोफसलमै रहेका, मोफसलका लेखकहरूका रचनाहरूको चर्चा-परिचर्चा यथेष्ट रूपमा भएको छ र त्यस्ता लेख/रचनाहरूको प्रकाशनको समस्या रहेको कुरा यसमा उल्लेख गरिएको छ । त्यसै

गरी भाषाविद् बालकृष्ण पोखरेलको **हाम्रो सिर्जना** त्रैमासिकका लागि भाषाविद् बालकृष्ण पोखरेलसित हरिहर खनालको अन्तरङ्ग कुराकानी (अङ्क ३, २०६३) शीर्षकको वार्तामा नेपाली साहित्यमा घरिघरी चर्चामा आइरहने र बहसका विषय बनिरहने तेस्रो आयाम तरलवाद, लीलालेखन, आधुनिकतावाद, संरचनावाद, विखण्डनवाद र उत्तरआधुनिकतावादको साहित्यमा नयाँ-नयाँ प्रयोग हुन् र यी प्रयोग कुनै साहित्यको आत्मासित र कुनै शरीरसित सम्बन्धित छन् भन्ने उल्लेख गरिएको छ ।

*राधिका रायसित सङ्क्षिप्त भेट* (अङ्क ४, २०६३) शीर्षकको भेटवार्तामा चूडामणि रेग्मीले चलाइरहनु भएको झर्रोवादी आन्दोलनप्रति राम्रो लागेको, यस्तो साहित्यिक आन्दोलन चलिरहने र अव झर्रोवादी आन्दोलनमा मैले पनि सहयोग पुऱ्याउनु पर्छ भन्ने विचार व्यक्त गरिएको छ । त्यसै गरी रामबाबु घिमिरेको *निबन्धकार रामबाबु घिमिरेसितको भेटवार्ता* शीर्षकको (अङ्क ४, २०६३) लेखमा साहित्यको धरातल जीवन-जगत् हुनुपर्छ र जो जहाँ बसेर लेखे पनि नेपाली भाषामा लेख्नेको समग्रमा मूल्याङ्कन हुनुपर्छ भने राजधानीको वा भनौँ उपकार भन्ने चलन हुनुहुँदैन भन्ने सन्दर्भ उल्लेख गरिएको छ । त्यसै गरी *हाम्रो सिर्जनाको तर्फबाट हाम्रो सिर्जनाको त्रैमासिक पत्रिकालाई क.रोहितको अन्तर्वार्ता* (अङ्क ७, २०६५) शीर्षकको अन्तर्वार्तामा उत्कृष्ट साहित्यले अभिव्यक्ति शैली प्रदान गर्छ भन्ने कुरा उल्लेख गरिएको छ । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान र साझा प्रकाशन जस्तै एक स्वतन्त्र राष्ट्रियस्तरको प्रकाशनको आवश्यकता छ । नेपालमा के-कति नयाँ नयाँ साहित्यिक रचनाहरू प्रकाशित भएका छन् । भन्नेबारे थाहा नभएकोमा त्यो दुःखद स्थिति हो भन्ने कुरा उल्लेख गरिएको छ ।

हरिहर खनालको *हाम्रो सिर्जना त्रैमासिक लागि वरिष्ठ साहित्यकार श्री आनन्ददेव भट्टसित अर्को साहित्यकार हरिहर खनालले गरेको कुराकानी* (अङ्क ११, २०६८) शीर्षकको अन्तर्वार्ता लेखमा साहित्यकार एवं राजनीतिज्ञ आनन्ददेव भट्टको जीवनी, राजनीतिक पृष्ठभूमि, जीवनशैली, राज्यले गर्नुपर्ने कर्तव्य र आमजनता एवं मातृभूमिप्रति राज्य सञ्चालनको तहमा रहने वर्गले गर्नु गराउनुपर्ने सन्दर्भ उल्लेख गरिएको छ ।

### ४.६.२.२ व्यक्ति-व्यक्तित्व

**हाम्रो सिर्जना** पत्रिकामा व्यक्ति-व्यक्तित्व सम्बन्धी एउटा लेख समावेश भएको छ । बाबुराम पाण्डेद्वारा लिखित *प्रजातन्त्र सेनानी-अङ्ग्रेजबाबु श्रेष्ठ* शीर्षकको लेखमा अङ्ग्रेजबाबु

श्रेष्ठको व्यक्तित्वको बारेमा चर्चा चरिएको छ । पत्रकारिता, साहित्य, समाजसेवी, शिक्षाप्रेमी एवं लेखक अंङ्ग्रेजबाबु श्रेष्ठको व्यक्तित्वको उल्लेख गरिएको छ । अङ्ग्रेजबाबु श्रेष्ठ साहित्यमा अत्यन्त रुचि भएका व्यक्ति हुन् । उनमा कार्यकुशलता, अपूर्व वाक्पटुता, सौम्यताको साथै मुहारमा ताजा चमक पनि भएको सन्दर्भ उल्लेख गरिएको छ ।

### ४.६.२.३ अनुवादसाहित्य र विश्वसहित्य

**हाम्रो सिर्जना** पत्रिकामा अनुवादसाहित्य र विश्वसाहित्य स्तम्भअन्तर्गत यससँग सम्बद्ध आलेखहरू पनि प्रकाशित छन् । यसक्रममा गणेशप्रसाद खरालद्वारा लिखित *थारू र नेपाली भाषाका केही द्वित्व शब्द* (अङ्क ४, २०६३) शीर्षकको लेखमा थारू र नेपाली दुवै भारोपेली परिवार अन्तर्गतका नेपालमा प्रचलित दुई महत्त्वपूर्ण भाषाहरू भएको र दुवै भाषाको भाषिक व्यवस्था, शब्द निर्माण र व्याकरणिक प्रक्रियामा प्रायः समानता पाइने कुरा उल्लेख गरिएको छ । उक्त दुवै भाषामा प्रयुक्त विविध शब्दावली रूपगत दृष्टिले केही भिन्न देखिए पनि अर्थगत दृष्टिले खासै भिन्नता राख्दैनन् । अधिकांश थारू शब्द समानरूपी छन् भन्ने कुरा उल्लेख गर्दै द्वित्व प्रक्रिया र यसका प्रकारसहित थारू भाषामा द्वित्व शब्दको रचना विधान थारू द्वित्व शब्द र तिनको स्वरूप उदाहरणसहित प्रस्ट पार्दै थारू र नेपाली भाषाका द्वित्व शब्दहरूको संरचना-प्रक्रिया र स्वरूपलाई स्पष्ट पारेको देखिन्छ । खरालकै *नोन बोए के कहनी* (नुन छरेको कहानी) (अङ्क ८ र ९, २०६६) शीर्षकको लेखमा करिब ८० वर्ष पुरानो थारू भाषाको भाषिक स्वरूप थाहा पाउन र कृषि पेसामा समर्पित थारू जातिको सरल एवम् सहज प्रकृति र स्वभावलाई बुझ्न मद्दत मिल्ने भएकोले यस कथालाई नेपालीमा रूपान्तरण गरिएको कुरा उल्लेख गरिएको छ ।

बाबुराम पाण्डेद्वारा लिखित *जितिया पावनीको कथा* (अङ्क ४, २०६३) शीर्षकको लेखमा कलानाथ अधिकारीद्वारा वि.सं. २०१६ मा थारू भाषामा लिखित **जितिया-पावनी** कृतिको भावानुवाद गरिएको छ । यस लेखमा किंवदन्तीको रूपमा रहेको **जितिया-पावनीको** लोककथाको चर्चा गरिएको छ ।


### ४.६.२.४ संस्कृतिपरक लेख

**हाम्रो सिर्जना** पत्रिकामा संस्कृतिपरक लेख पनि रहेका छन् । यस पत्रिकाको पहिलो अङ्कमा मात्र एउटा संस्कृतिसम्बन्धी लेख राखिएको छ । यसै क्रममा विष्णुप्रसाद घिमिरे र

मङ्गलराम दराईद्वारा लिखित *दराई जातिका सांस्कृतिक विशेषता* (अङ्क १, २०६२) शीर्षकको लेखमा दराई भाषाका शब्दको व्युत्पत्ति, अरू नेपालीहरूका जस्तै राजवंशी, सूर्यवंशी, बुढा, खाजुवर, नरवंशी, राना जस्ता थरहरू भएको चर्चा गर्दै दराईहरूको शारीरिक रूपरङ्ग, भाषा, परिवार, घर, पोसाक र शृङ्गार, खानपान, धर्म र देवता, चाडपर्व, विविध संस्कार एवं निष्कर्ष शीर्षकमा दराई जातिको संस्कृति सम्बन्धी बयान गरिएको छ ।

### ४.६.२.५ भाषिक लेख

**हाम्रो सिर्जना** पत्रिकामा भाषिक लेखहरूको सङ्ख्या अत्यन्त कम छ । यस पत्रिकाको पहिलो अङ्कको होमर श्रेष्ठद्वारा लिखित *मेरो स्मृतिमा जर्मन भाषा* (अङ्क १, २०६२) शीर्षकको लेखमा जर्मन भाषासम्बन्धी विविध पक्षहरूको उल्लेख गर्ने क्रममा जर्मन वर्णमालाको एक झलक, जर्मन भाषाको विकास र इतिहास, आम्मकञ्चना (जर्मन लोककथा) अदिको चर्चा गरिएको छ । यहाँ स्वाध्ययन र अभ्यास गरिएको विषयलाई सरलीकरण गर्नको निम्ति अधोलिखित रेखाचित्रको उपयोग गरिएको छ ।




उक्त चित्रले इन्डोयुरोपेली भाषाको उद्गम र हाँगाबिँगाबारे एक झलक देखाएको छ ।

### ५.६.२.६ चित्रात्मकता

चितवनबाट प्रकाशित साहित्यिक पत्रिकाहरूमध्ये चित्रात्मकताको संयोजन गर्ने **हाम्रो सिर्जना** पनि एक हो । **हाम्रो सिर्जना** पत्रिकामा रहेका रचनाहरूमा चित्रात्मकताको संयोजन गरिएको छ । ती चित्रहरूले कथा र कविताको भावलाई स्पष्ट पार्ने काम गरेका छन् । त्यहाँ रहेका चित्रहरू प्रायः मूर्त र अमूर्त रूपमा रहेका छन् ।

**हाम्रो सिर्जना** पत्रिकाको प्रथम अङ्कको आवरण पृष्ठमा श्यामप्रसाद शर्माको दोस्रो अङ्कमा बहुआयामिक व्यक्तित्वका धनी आनन्ददेव भट्टको तेस्रो अङ्कमा कवि केवलपुरे किसानको, चौथो अङ्कमा एक अथक साधक चूडामणि रेग्मीको, पाँचौँ र छैटौँ अङ्कमा एक यशस्वी साधक : कृष्णप्रसाद पराजुलीको, सातौं अङ्कको आवरण लिङ्गे पिङ खेलिएको, आठौँ र नवौं अङ्कमा पञ्चे बाजाको झलक र यूरोप महाद्वीपको नक्सामा दुई पुस्तकका ठेली राखिएको, दशौं अङ्कमा लुम्बिनीको मायादेवी मन्दिर अशोक स्तम्भको छैवैमा साहित्य साधक चूडामणि रेग्मीको फोटो र एघारौँ अङ्क (आनन्ददेव भट्ट अभिनन्दन अङ्क)मा भट्ट दम्पतिको फोटो भएको दृश्य देखाइएको छ ।

### ४.६.३ विशेषाङ्कको महत्त्व

विषय, स्रष्टा, विधा, आयाम आदिमा केन्द्रित भएर प्रकाशित कृतिलाई विशेषाङ्क भनिन्छ । विशेषाङ्कको आफ्नै किसिमको महत्त्व रहेको हुन्छ । विशेषाङ्क प्रकाशित गर्नाले साहित्यकारको बारेमा एउटै अङ्कभित्र पाठकहरूले अध्ययन र सङ्ग्रह गर्न पाउँछन् । **हाम्रो सिर्जना** पत्रिकाले पनि विशेषाङ्कको पहल गरेको छ ।

वि.सं. २०६२ सालदेखि प्रकाशन आरम्भ गरेको **हाम्रो सिर्जना** पत्रिकाको एघारौं अङ्कलाई राजनीतिक, साहित्यिक व्यक्तित्व आनन्ददेव भट्टको अभिनन्दन गर्दै 'आनन्ददेव भट्ट अभिनन्दन अङ्क'को रूपमा प्रकाशित गरिएको छ । यसमा राजनीतिक, साहित्यिक शिखर पुरुष आनन्ददेव भट्टको कृतिको कृतिपरक समालोचना, प्रवृत्तिपरक समालोचना, समीक्षा, विवेचना र विश्लेषण गरिएको छ । यस अङ्कमा व्यक्तित्व, कृतित्व, विभिन्न विधाका बारेको दृष्टि आदि राजनीतिक, साहित्यिक पुरुष भट्ट सम्बन्धी लेखहरू पनि समावेश गरिएका छन् । यसमा अठासी वटा लेखहरू छन् । अठासी जना सहित्यकारका विभिन्न विधीका लेख

रचनाहरू भए तापनि सबैभन्दा बढी समालोचना विधाका लेख-रचनाहरू प्रकाशित छन् । यस अङ्कका लेखक, रचनाकारहरूमा चूडामणि रेग्मी, मोदनाथ प्रश्रित, सुधा त्रिपाठी, श्यामप्रसाद शर्मा, हंसपुरे सुवेदी, रमेश गोर्खाली, नारायणप्रसाद खनाल, गणेशप्रसाद खराल, धनेश्वर भट्टराई जस्ता व्यक्तिहरू रहेका छन् ।

### ४.६.४ सम्पादकीयमा अभिव्यक्त उद्देश्य

**हाम्रो सिर्जना** पत्रिकाको सम्पादक स्वयम्मा साहित्यिक मूल्यका देखिन्छन् । ती सम्पादकीयमा साहित्यसम्बन्धी विचार, दृष्टिकोण पनि प्रस्तुत गरिएका छन् । सम्पादकीयमा अभिव्यक्त प्रतिष्ठानको उद्देश्य, केही प्रमुख साहित्यिक दृष्टिकोण यसप्रकार छन् :-

क) साहित्य र संस्कृतिको यस माहौलमा हामी कहाँ उभिएका छौं र कहाँ उभिनुपर्ने हो, यही कुराको खोजी नै हाम्रो अभीष्ट प्राप्ति हो । (पहिलो अङ्क)

ख) *वर्तमानको आवश्यकता : सिर्जनशील एकता* शीर्षकको लेखमा सिर्जना-सौन्दर्यको संरक्षण र उन्नथका निम्ति आज समस्त सिर्जनशील हातहरूका बीच परस्पर सहयोग र सद्भावको आवश्यकता पनि खट्किएको विचार व्यक्त गरिएको छ । (दोस्रो अङ्क)

ग) सङ्घर्षविना सिर्जना सम्भव नहुने हुँदा राम्रो सिर्जनाको लागि कर्ताको मनोदशा, सामाजिक स्थिति, रुचि र ज्ञानको तह इत्यादि कुराहरूको निर्क्योल हुनुपर्‍यो र सामयिक, सापेक्षिक तथा ठोस विचार र दृष्टिकोणको पनि भूमिका निर्क्योल हुनुपर्‍यो ।

घ) केन्द्र परिधि सधैं अन्तर्विरोधी हुन्छन् भन्ने हामीले सुन्दै आएका छौं, तर साहित्यको क्षेत्रमा समेत केन्द्र र मोफसलका बीच यति ठुलो भिन्नता हुन्छ भन्ने कुरा भने थाहा दिइएन र अव लाकतन्त्रको स्थापना भइसकेको परिस्थितिमा पनि यो भिन्नता रहेको छैन भनेर आशा गरिएको छ । (चौथो अङ्क)

ङ)	साहित्य सर्जकहरूले युगीन चेतनालाई कलात्मक रूप दिन्छन्, बढो आकर्षक, रोचक, कोमल, संवेद्य, सुबोध्य र सुन्दर तुल्याएर समाजसामु पेस गर्छन् अनि भाषण सुन्न चाहनेहरूले पनि उही कथ्यको गीतमा भन्ने बुझ्नुपर्ने हुन्छ । (पाँचौ र छैटौं सयुक्त अङ्क)

च)	समाजपरक, जीवनीपरक, भविष्योन्मुखी, यथार्थवादी र वैज्ञानिक दृष्टिकोण एवम् सिर्जनधर्मिताले मात्र केन्द्र र मोफसलको दूरीलाई निमिट्यान्न पार्न सक्छ ।

छ)	मोफसलकै साहित्यसर्जकका लेख-रचना समाविष्ट गरी पाठकहरूको मनमस्तिष्कलाई केही खुराक दिन सके हामी उत्साहित हुनेछौं र आगमी दिनमा पनि शोधखोजमूलक र अन्य समसामयिक रचना लिएर उपस्थित हुने जमर्को

गर्नेछौं । (आठौं र नवौं सयुक्त अङ्क)

ज)	साहित्य अहिले अन्यौलमा छ । प्रगतिवादी साहित्य र परम्परावादी साहित्य छुट्याउन असजिलो भएको छ । वास्तवमा अहिलेको साहित्य मणि हराएको सर्प जस्तै अर्थात् वबेट्री नभएको रेडियो जस्तो भएको छ । न बच्छ न बिक्री हुन्छ, केवल डम्प भएर रहेको छ । (दशौं अङ्क)

झ)	चितवनको शिक्षा, साहित्य र राजनीतिको क्षेत्रमा पुऱ्याउनु भएको अमूल्य योगदानको कदर स्वरूप उहाँको अभिनन्दन पनि चितवनमा नै सम्पन्न हुने भएको छ । (आनन्ददेव भट्ट अभिनन्दन अङ्क)

## ४.६.५ निष्कर्ष

**हाम्रो सिर्जना** पत्रिकामा प्रकाशित अनुसन्धानात्मक वा इतर लेख-रचनाहरू नै यस पत्रिकाको आत्मा हो । यसलाई परिपुष्ट बनाउनमा विभिन्न स्तम्भहरूको आफ्नै किसिमको महत्त्व छ । यस्ता स्तम्भहरूले पत्रिकालाई विविधतामय बनाएका छन् । चितवनबाट प्रकाशित साहित्यिक पत्रिकाहरूमा यति धेरै व्यवस्थित र संयोजित हुनुमा चितवनबासीले मात्र नभएर सम्पूर्ण नेपाली एवं नेपाली भाषीहरूले गौरवान्वित हुने विषय हो । विधागत

स्तम्भका अतिरिक्त अन्तर्वार्ता स्तम्भले लेखकहरूलाई उत्खनन गर्ने तथा पुनः लेखाइमा फर्कन आग्रह गरेको छ भने अनुवाद साहित्यसामु परिचित गरएको छ । कविता, कलाचर्चा कलामा केन्द्रित विधा हो भने अर्कातिर स्तम्भ नभए पनि यसमा प्रयोग भएको चित्रात्मकता स्वयम्मा स्तम्भ नै बनेको छ । चितवनबाट प्रकाशित साहित्यिक पत्रिकामा **हाम्रो सिर्जना**को विशिष्ट योगदान र सर्वव्यापी पहिचान रहेको छ । यसका आवरण चित्रहरू पनि अमूर्त छन् र तिनले साहित्यिक सिद्धहस्त व्यक्तिहरूलाई पाठकसामु परिचित गराएका छन् । संस्कृतिमूलक लेख र भाषिक लेखले यस पत्रिकालाई विविधतामय बनाएको छ । यसप्रकार विविध विविधताहरूबाट **हाम्रो सिर्जना** पत्रिका बहुमुखी र बहुआयामिक बन्न पुगेको छ ।

# परिच्छेद : पाँच

# उपसंहार

# परिच्छेद : पाँच
# उपसंहार

साहित्यको विकासमा साहित्यिक पत्र-पत्रिकाहरूको योगदान महत्त्वपूर्ण हुन्छ । नेपाली साहित्यमा यस्ता साहित्यिक पत्रिकाहरूले विभिन्न मोड र प्रवृतिहरू पनि ल्याउका छन् । यसै सन्दर्भमा चितवनबाट साहित्यकार डी.आर पोखरेलको संवादकत्व, प्रकाशकत्वमा प्रकाशित **हाम्रो सिर्जना** पत्रिकाले पनि मोफसलमा रहेर राष्ट्रिय स्तरमा महत्त्वपूर्ण योगदान दिएको छ । भाषिक स्तरीयता र साहित्यको विकासका सन्दर्भमा पनि विभिन्न समय र स्थानबाट प्रकाशित अनेकौ पत्र-पत्रिकाहरूले गरेको अविस्मरणीय योगदानले ऐतिहासिक महत्त्व राखेको देखिन्छ । नेपाली साहित्यको बहुआयामिक विकासका सन्दर्भमा साहित्यिक पत्र-पत्रिकाले पुऱ्याउँदै आएको ऐतिहासिक महत्त्वको योगदानलाई हेर्दा यो कुरा प्रमाणित भैसकेको छ । यसै क्रममा **हाम्रो सिर्जना** पत्रिकाले पनि महत्त्वपूर्ण भूमिका खेलेको छ । वि.सं. २०५२ सालमा **सिर्जना** नामले प्रकाशित साहित्यिक क्षेत्रमा योगदान पुऱ्याउँदै आएको यस पत्रिकाले वि.सं. २०६१ मा विधिवत् दर्ता पश्चात् २०६२ बाट **हाम्रो सिर्जना** नामले प्रकाशित हुँदै आएको छ । **हाम्रो सिर्जना** पत्रिकाको प्रधान सम्पादकमा गणेशप्रसाद खराल रहेका छन् भने सह-सम्पादकमा विष्णुप्रसाद घिमिरे रहेका छन् । सम्पादक/प्रकाशकमा पत्रकार एवं समालोचक डी.आर. पोखरेल रहेका छन् । केही सल्लाहकारहरू पनि रहेका छन् । हालसम्म यस पत्रिकाका संयुक्ताङ्क समेत एघारवटा अङ्कहरू प्रकाशित भइसकेका छन् ।

नेपाली साहित्यका राष्ट्रिय व्यक्तिदेखि नवोदीयमान प्रतिभाहरूका रचनाहरूलाई अनुसन्धानमूलक साहित्यिक-सांस्कृतिक त्रैमासिक **हाम्रो सिर्जना** पत्रिकाको माध्यमबाट पाठकसामु पुऱ्याउने उद्देश्यले प्रकाशित यस पत्रिकामा साहित्यका सबैजसो विधाले स्थान पाएका छन् । संङ्ख्यात्मक रूपले बराबर नभए पनि गीत, कविता, कथा लेख/निबन्ध, समीक्षा/समालोचना, अनुवाद साहित्य, विश्वसाहित्य, अन्तर्वार्ता, व्यक्ति-व्यक्तित्व आदि विविध सामग्रीहरू पनि यस पत्रिकामा प्रकाशित छन् । **हाम्रो सिर्जना** पत्रिकामा वरिष्ठ र

स्थापित साहित्यकारहरूका लेख-रचनाहरू बढी प्रकाशित छन् । ती प्रकाशित रचनाहरू स्तरीय समेत छन् ।

समग्र साहित्यकै परिप्रेक्ष्यमा उन्नत र समृद्धशाली रहेको कविता विधाले **हाम्रो सिर्जना**मा उल्लेख्य भूमिका खेलेको छ । सङ्ख्यात्मक हिसाबले यस पत्रिकामा समीक्षा/समालोचना र लेख/निबन्ध अन्य विधाको तुलनामा वढी छन् । एघारौ अङ्कसम्ममा लेख निबन्धको सङ्ख्या सतहत्तर छ भने समीक्षा/समालोचना सतसठ्ठीवटा छन् । यस पत्रिकाले निबन्ध र समालोचना विधालाई झैँ कविता विधालाई पनि उतिकै योगदान दिएको छ । नेपाली कविता विधालाई समृद्धशाली बनाउन सहयोग पुऱ्याएको छ । **हाम्रो सिर्जना** पत्रिकामा अधिकांश कविताहरूमा वर्तमान मान्छेको जीवनभोगाइ, अनुभूतिहरू अभिव्यञ्जित भएका छन् । जीवनमा अस्तित्त्व रक्षाका लागि सङ्घर्ष, नेपालको उन्नति र प्रगतिको नारा भज्ने राजनीतिक दल तथा राजनीतिज्ञहरूप्रति व्यङ्ग्य, राष्ट्रप्रेमको भावना अधिकांश कवितामा भेटिन्छ । कवितामा जातीय संस्कृतिको माध्यमबाट माथि उठी युगीन चेतना दिइएको, देश युद्धको चक्रव्यूहमा होमिएका प्रसङ्गहरू, प्रजातन्त्रको धराशयी अवस्था तथा कमजोर राष्ट्रवादी भावनाका कारण सिमाना मिचिएको, देश रोइरहेको अवस्था देखाइएको छ भने गीत, गजल, मुक्तक, हाइकुमा प्रणयमूलक, वेदनापरक, प्रणयवेदनाको पोखाइ आदि अभिव्यक्त गरिएका छन् । अङ्क एकदेखि एघारौँ अङ्कसम्मका सवै अङ्कहरूमा कविताहरू प्रकाशित छन् तर सङ्ख्यात्मक हिसाबले सबैमा समान तथा बरावर छैनन् । यस पत्रिकामा गद्य र पद्य दुवै कविताहरू रहेको देखिन्छ र पद्य कविताको तुलनामा गद्यकविता वढी रहेको पाइन्छ । यहाँ कपिल अज्ञात, धनराज  गिरी, बावुराम पाण्डे, बालकृष्ण थापा आदि विभिन्न चर्चित व्यक्तित्वका कविताहरू रहेका छन् । यस पत्रिकामा प्रकाशित गीत, गजल र मुक्तकहरूले कविताको विधागत आयाम फराकिलो भएको छ । यस किसिमका समसामयिक युगबोध भएका कविताहरू प्रकाशित गरेर **हाम्रो सिर्जना** पत्रिकाले कविताको श्रीवृद्धिमा अहम् भूमिका खेलेको छ । **हाम्रो सिर्जना** पत्रिकामा हालसम्मका अङ्कहरूमा प्रकाशित कविताहरूमा पाइने प्रमुख विशेषता गुणात्मक, स्तरीय, उत्कृष्ट र नवीन चेतनाका कवितालाई स्थान दिनु हो भन्ने देखिन्छ ।

**हाम्रो सिर्जना** पत्रिकामा संङ्ख्यात्मक गुणात्मक दुवै हिसाबले निबन्धको स्थान कविताभन्दा माथि छ । लेख/निबन्धभित्र संस्मरण र विचार पनि समावेश गरिएको छ । यहाँ लेखकीय बौद्धिकताले पूर्ण निबन्धदेखि भावपरक निबन्धहरू, वैचारिक निबन्धहरू,

निबन्धकारको यात्रा वृत्तान्तमा संरचित यात्रा निबन्धहरू, राष्ट्रिय विसङ्गतिहरूप्रति लक्षित व्यङ्ग्यात्मक निबन्धहरू, प्राकृतिक वर्णनजस्ता विभिन्न किसिमका निबन्धहरू यस पत्रिकामा समावेश गरिएिका छन् । एघारौं अङ्क (आनन्ददेव भट्ट अभिनन्दन अङ्क) मा निबन्ध विधाले बढी प्रश्रय पाएको छ । यस अङ्कमा आनन्ददेव भट्टका निबन्धहरूको समेत उल्लेख गरिएको छ । सबै निबन्धहरू समसामयिक परिवेशलाई समेटिएकाले बढी ओजपूर्ण छन्. । यस अङ्कका निबन्धहरूमा समाजमा घट्ने र घटित घटनालाई वास्तविकतापूर्ण तरिकाबाट व्यक्त गरिएको छ । अहिलेका मानिसहरूमात्रको व्यवहार वा हार्दिकतालाई यान्त्रिकीकरणमा गरिएको परिवर्तन र मानव मुटुलाई पनि फलाम बनाउन उद्यत व्यङ्ग्यात्मक निबन्धहरू छन् । यहाँ ख्यातिप्राप्त निबन्धकार, मोदनाथ प्रश्रित, रमेश गोर्खाली, रविकिरण निर्जीव, शान्ता मानवी, हंसपुरे सुवेदी आदिका निबन्धहरू राखिएका छन् ।

साहित्यका विविध विधालाई आत्मसात् गर्दै सबैमा समान दृष्टिकोण राखी प्रकाशित हुने **हाम्रो सिर्जना**ले समीक्षा/समालोचना, पुस्तक परिचय आदिको क्षेत्रमा पर्याप्त भूमिका खेलेको देखिन्छ । अहिलेसम्म जम्मा सतसट्ठीवटा समीक्षा समालोचनाहरू यस पत्रिकामा रहेका छन् । यो सङ्ख्या निबन्धका तुलनामा केही कम देखिए तापनि बौद्धिकताले पूर्ण अनुसन्धनात्मक समालोचना जस्ता लेखहरूलाई **हाम्रो सिर्जना** पत्रिकाले स्थान दिइएको छ । एघारौं अङ्क आनन्ददेव भट्ट अभिनन्दन अङ्कको विशेषङ्मा खास गरी सामान्य समीक्षालाई भन्दा अनुसन्धानात्मक र कृतिपरक समालोचनालाई समावेश गरिएको छ । कुनै पनि परिचय र राम्रा र नराम्रा दुवै पक्षलाई तटस्थ भावनाले पठाकसामु राखिदिने कार्य यस पत्रिकाको समालोचनात्मक एघारौं अङ्क वरिष्ठ राजनीतिज्ञ एवं साहित्यकार आनन्ददेव भट्ट अभिनन्दन ग्रन्थका रूपमा प्रकाशित छ र यसमा आनन्ददेव भट्ट र उनका कृतिहरूमाथि समालोचना गरिएको छ । समालोचना गर्नेमा समालोचकहरू चूडामणि रेग्मी, डी.आर. पोखरेल, धनेश्वर भट्टराई, नारायणप्रसाद खनाल, महादेव अवस्थी, शान्ता मानवी, सुधा त्रिपाठी आदि जस्ता क्षेत्रीय, राष्ट्रिय व्यक्तित्वहरू रहेका छन् । **हाम्रो सिर्जना** पत्रिकामा कृतिपरक समालोचना, प्रायोगिक समालोचना, सैद्धिन्तिक समालोचना, कृतिपरक, प्रायोगिक समालोचनाहरू समावेश गरिएको छ ।

त्यस्तै प्रवृत्तिपरक, प्रतिक्रियापरक, सैद्धान्तिक कृतिपरक समालोचना पनि यस पत्रिकामा रहेका छन् । यस पत्रिकामा जीवनीपरक, प्रवृत्तिपरक समालोचना पनि रहेका छन् । लोकसाहित्यसँग सम्बन्धित रचनासमेत रहेका छन् र ती सङ्ख्यात्मक रूपमा थोरै भए पनि अनुसन्धानमूलक छन् ।

**हाम्रो सिर्जना** पत्रिकामा साहित्यको अर्को प्राचीन एवं चर्चित विधा कथालाई समावेश गरिएको छ । यसमा कथा/लघुकथा गरी जम्मा सत्रवटा कथाहरू समावेश गरिएको छ । सङ्ख्यात्मक हिसाबले थोरै भए तापनि गुणात्मक हिसाबले सबल देखिन्छन् । यहाँ रहेका बढीजसो कथाहरूमा पद र सत्ताको लोभमा आजको मान्छे जे पनि गर्न सक्छ भन्ने देखाइएको छ । जो भ्रष्ट छ, घुसखोर छ त्यही नै नैतिकवान्, क्रान्तिकारी, त्यागी र वलिदानी बन्ने आजको परिपाटीलाई छर्लङ्ग पारिदिएको छ । गरिबीको क्षेत्रबाट मुक्ति दिलाउने सङ्कल्प बोकेका नेताहरूको कृतघ्न व्यवहार युवाको अवस्था आदिको यहाँका कथामा पाइने उल्लेख्य कुराहरू हुन् । नवीन प्रयोगपरक, सूत्रात्मक, यौनवादी र समकालीन चेतना भएका कथा/लघुकथाहरू समावेश गरिनुले **हाम्रो सिर्जना** पत्रिकाको विशिष्टता रहेको छ ।

माथि उल्लिखित विधाभन्दा भिन्न स्तम्भहरूलाई पनि **हाम्रो सिर्जना** पत्रिकामा समावेश गरिएको छ । यी स्तम्भहरूको आफ्नै किसिमको महत्त्व रहेको छ । **हाम्रो सिर्जना** पत्रिकामा विधागत स्तम्भका अतिरिक्त अन्तर्वार्ता, अनुवाद साहित्य, विश्व साहित्य पनि राखिएको छ । यस कारण पाठक वर्गलाई विश्वसाहित्यसँग परिचित गराउन सहयोग भएको देखिन्छ । यसमा कविता, संस्कृतिवारे चर्चा जस्ता विभिन्न किसिमका लेखहरू पनि समावेश गरिएका छन् ।

निष्कर्षमा भन्नुपर्दा सामग्रीहरू पर्याप्त मात्रामा देखिएकोले यस अनुसन्धानमूलक तथा साहित्यिक पत्रिकाको उच्चता विशिष्ट रहेको छ । नेपाली साहित्यको समकालीन चेतनालाई ध्यानमा राखेर प्रकाशित यस **हाम्रो सिर्जना** पत्रिकाले नेपाली साहित्यको विकासमा अविस्मरणीय योगदान पुऱ्याउँदै आएको छ । **हाम्रो सिर्जना** पत्रिकामा प्रकाशित रचनाहरूको समग्रतालाई हेर्दा यसमा प्रयोगपरक रचनाहरूले बढी स्थान पाएको देखिन्छ । स्तरीय रचनाले गर्दा पत्रिका स्तरीय हुनपुगेको छ । यस पत्रिकाको आवरण पृष्ठमा पहिलो अङ्कमा श्यामप्रसाद शर्मा, दोस्रोमा आनन्ददेव भट्टको, तेस्रोमा केवलपुरे किसानको, चौथोमा चूडामणि रेग्मी, पाँचौ र छैटौं र संयुक्त अङ्कमा कृष्णप्रसाद पराजुलीको, सातौंमा लिङ्गे पिङको, आठौं र नवौं अङ्कमा पञ्चेवाजाको, दशौं अङ्कमा लुम्बिनीको र एघारौं अङ्कमा आनन्ददेव भट्टको दम्पतिको फोटो उद्धृत गरिएको छ ।

**हाम्रो सिर्जना** पत्रिकामा जानकारीमूलक रोचक सम्पादकीय पनि राखिएको छ । यसमा सम्पादकीय लेखहरू अत्यन्त सारगर्भित एवम् मर्मस्पर्शी रहेका छन् । **हाम्रो सिर्जना**

पत्रिकामा समाविष्ट लेख रचनाहरूको स्तरीयता तथा बौद्धिकताले पूर्ण सामग्री नै बढी समाविष्ट गरिएका छन् । यस्तैखाले सामग्रीहरू नै यस्ता अनुसन्धानमूलक तथा साहित्यिक पत्रिकाहरूमा समावेश गर्नु आवश्यक छ । निबन्ध/समालोचनाको संयुक्त रूपको बृहत्ग्रन्थ **आनन्ददेव भट्ट अभिनन्दन अङ्क** विशेषाङ्क प्रकाशित गरे जस्तै अन्य विधाहरूको समयसापेक्ष विशेषाङ्क प्रकाशित गर्ने तथा आनन्ददेव भट्ट जस्ता धेरै साहित्यिक त्यागी हस्तीहरूको अभिनन्दन गर्दै विशेषाङ्कहरू निकाल्नुपर्ने देखिन्छ । त्यस पछिका अङ्कहरूले शोधकर्तालाई सजिलो पर्न जान्छ । समीक्षा/समालोचना र निबन्ध विधा जत्तिकै अन्य विधामा पनि ध्यान पुऱ्याउन सक्ने हो भने यसले बौद्धिक वर्गलाई खुराक पुऱ्याउने देखिन्छ । यी विशेषताहरूका कारण **हाम्रो सिर्जना** बौद्धिक पाठकहरूप्रति बढी लक्षित देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची

# सन्दर्भग्रन्थ सूची


अधिकारी, पुष्प 'अञ्जलि', *चितवन साहित्यिक पत्र-पत्रिका हिजो र आज,* **कालिका यात्रा-२०६३,** चितवन : कालिका एफ.एम्. प्रा. लि., २०६३, पृ. १५७-१५८ ।

उपाध्याय, केशवप्रसाद, **साहित्यप्रकाश**, ललितपुर : साझा प्रकाशन, २०३४ ।

उपाध्याय, मुक्तराज, **नेपाली साहित्यमा अभिव्यक्ति पत्रिकाको योगदान**, काठमाडौ : अभिव्यक्ति छापाखाना, २०५१ ।

कँडेल, घनश्याम, **नेपाली सालोचना**, ललितपुर : साझा प्रकाशन ।

कोइराला, रामकला, **चितवन जिल्लाबाट प्रकाशित साहित्यिक पत्र-पत्रिकाहरूको विवरणात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, २०६१ ।

खनाल, केदारनाथ, *लोकसाहित्य र लोकगीत,* **मधूलिका**, २०६५, पृ. ५६ ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण**, चितवन : चितवन वाङ्मय प्रतिष्ठान्, २०५२ ।

———— **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,** ललितपुर : साझा प्रकाशन, २०६० ।

———— *पचासको दशकमा चितवनको कविता,* **चितवन महोत्सव स्मारिका,** चितवन : उद्योग वाणिज्य सङ्घ चितवन, २०५९, पृ. ४५ ।

ढुङ्गाना, रामचन्द्र, **सङ्क्षिप्त नेपाली कोश,** ललितपुर : साझा प्रकाशन, २०५७ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, ललिपुर : साझा प्रकाशन, २०४६ ।

थापा, प्रणीता, **नेपाली साहित्यमा गोधूलि पत्रिकाको योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली केन्द्रीय विभाग, २०६२ ।

पौडेल, विष्णुप्रसाद, **संस्कृत काव्यशास्त्र**, काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५७ ।

डी.आर., पोखरेल, **ज्ञानगुनका कुरा** (सं. शेषराज सिवाकोटी) भाग-१६०, काठमाडौं : ज्ञानगुन प्रकाशन ।

बराल, हरिप्रसाद, *वैचारिक आन्दोलको इतिहासमा मधूलिकाको देन,* **मधूलिका**, अङ्क २, २०६० ।

लुइँटेल, खगेन्द्रप्रसाद र अन्य, **नेपाली कवि र कविता**, काठमाडौ : विभुत्रृभु प्रकाशन, २०५८ ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा** भाग-४, ललितपुर : साझा प्रकाशन, २०५७ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, ललितपुर : साझा प्रकाशन, २०६३ ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली निबन्ध**, भाग-३, काठमाडौ : पाठ्यसामग्री पसल, २०५६ ।